# नेपाल उद्योग वाणिज्य महासंघको
# ५९ औं वार्षिक साधारण सभामा प्रस्तुत
# वार्षिक प्रतिवेदन

२८ चैत्र २०८१

# १)    कार्यकारी सारांश

नेपाल उद्योगवाणिज्य महासंघको ५९ औं वार्षिक साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत यस वार्षिक प्रतिवेदनमा एक वर्षको अवधिमा अर्थतन्त्रमा भएको उतार चढाव र आर्थिक विकास एवं सुधारका लागि महासंघले अवलम्बन गरेको नीति एवं कार्यक्रम एवं तिनको प्रभाव प्रस्तुत गरिएको छ ।

महासंघले आफ्ना गतिविधिहरुलाई मुख्यतया नीतिगत पैरवी, लगानी प्रवर्द्धन, अन्तराष्ट्रिय एवं राष्ट्रियस्तरमा सम्बन्ध विस्तार, सदस्यलाई दिइने सेवा एवं क्षमता अभिवृद्धि र महासंघको नीतिगत तथा कार्यगत सुधारमा केन्द्रित गरेको छ । यस अवधिमा नीजि क्षेत्रले निर्वाध काम गर्न पाउने वातावरण सुनिश्चित गरि लगानी प्रवर्द्धनका लागि कानुन सुधार र महासंघको संस्थागत अभिवृद्धिमा विधान संसोधनसम्मका बिषयमा महासंघले सफलतापूर्वक काम गरेको छ ।

निजी क्षेत्रलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार भित्र ल्याउने गरि भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान ऐन संशोधन विधेयकहरु राष्ट्रिय सभाले पारित गरि प्रतिनिधिसभामा पठाईसकेको अवस्थामा महासंघले यसलाई परिमार्जन गर्न विशेष पहल गऱ्यो । यी विषयलाई सरोकारवाला समक्ष बुझाउनुका साथै अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका दर्शाउन दुवै संसदका माननीय सदस्यज्यूहरु र गत वर्षको साधारण सभामा सबै दलका उच्च नेतृत्वलाई आमन्त्रण गरि प्रतिवद्धता लिइएको थियो ।

यस सम्बन्धमा प्राप्त पछिल्लो जानकारी अनुसार महासंघको निरन्तरको प्रयासपछि निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा ल्याउने विवादित प्रावधान हटाएर मिति २०८१ माघ ६ गते प्रतिनिधि सभाले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान विधेयकमा समेत उक्त प्रावधान हटाउन संसदको राज्य व्यवस्था समितिमा सहमति भैसकेको हुँदा सोही अनुरुप हुने विश्वास गरिएको छ ।

लामो समयदेखि अल्झिएको डेडिकेडेट फिडर र ट्रंकलाइन सम्बन्धि विवाद समाधानका लागि महासंघको आग्रहमा आयोग गठन भयो । उक्त आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्ले निर्णय पनि गरेको छ । करिब एक दशकदेखि अल्झिएको यस बिषयमा देखिएको जटिलता समाधान हुनेमा महासंघ विश्वस्त छ ।

सरकारसंगको निरन्तर नीतिगत पैरवीका क्रममा विद्यमान आर्थिक शिथिलताबाट सुधार गरि अर्थतन्त्र चलायमान बनाउनुका साथै मध्य र दीर्घकालीन रुपमा नयाँ चरणको आर्थिक सुधारका लागि महासंघले निरन्तर पैरवी गऱ्यो । २०८० असोज २५ गते राजधानीमा बृहद आर्थिक सम्मेलन आयोजना गरि तत्कालीन समस्या समाधान र दीर्घकालीन सुधारका लागि आयोग गठन हुनुपर्ने माग महासंघले गरेको थियो । उच्च सरकारी अधिकारीहरुको आग्रहमा महासंघले आयोगको खाका समेत तयार पारेर पेश गरेको थियो । सोही अनुरुप पूर्व अर्थ सचिव रामेश्वर खनालको अध्यक्षतामा आयोग गठन भएको छ भने महासंघ अध्यक्ष सहित निजी क्षेत्रको पनि प्रतिनिधित्व छ । यसले अन्तरिम प्रतिवेदन सरकारसमक्ष पेश गरिसकेको छ ।

स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्ने तर्फ महासंघको अर्को ध्यान केन्द्रित रह्यो । अघिल्लो वर्ष भारत, चीन र दुवइमा आर्थिक सम्मेलन आयोजना गरेको महासंघले यस बर्ष सम्माननीय प्रधानमन्त्री श्री केपी ओलीको चीन भ्रमणका क्रममा नेपाल चीन विजनेस समिट आयोजना गऱ्यो । विम्सटेक र भारत एवं अन्य मुलुकका विविध सम्मेलनमा सहभागिता जनाई नेपालमा लगानी आकर्षित गर्न महासंघले भरमग्दुर प्रयास गऱ्यो ।

कतारका अमीर अमीर शेख तमीम विन हमाद अल थानी र नेपालका तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा नेपाल र कतारका निजी क्षेत्र सम्मिलित नेपाल कतार संयुक्त वाणिज्य परिषद् स्थापनाका लागि महासंघ र कतार चेम्बर बीच सम्झौतापत्रमा हस्ताक्षर भयो भने सोही सम्झौता अनुसार प्रथम अध्यक्षस्तरिय बैठक दोहामा सम्पन्न भएको थियो ।

सोही अनुभवको आधारमा देशभित्र पैरवी गरि लगानी सम्मेलन २०८१ का क्रममा लगानी प्रवर्द्धन सम्बन्धि विभिन्न आठ वटा कानुन सुधारमा महासंघले प्रभावकारी भूमिका निर्वाह गऱ्यो । महासंघकै आग्रहमा द्धिपक्षीय लगानी सम्मेलनको खाका सरकारले तयार पारेको छ । हालै करिब ३० वटा भन्दा बढी कानुन महासंघको सक्रियतामा संसोधन गरिएको छ । देशभित्र छरिएको सानो पुँजीलाई परियोजनाहरुमा लगानी गर्न नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड नामक कम्पनी स्थापना भएको छ। जसमा महासंघ सदस्य एवं गैर सदस्यहरुको पनि लगानी छ । कार्यालय स्थापना गरि लगानीका सम्भावित क्षेत्रको खोजी भैरहेको छ ।

सदस्यहरुको सेवा प्रवाह सुधारका लागि सचिवालय सुदृढिकरणसंगै क्षमता विकासका विविध काम भएका छन । महासंघको अनुसन्धान एवं विकास कार्यलाई प्रभावकारी बनाउन विजनेस इन्टिलिजेन्स सिस्टम जडान गरिएको छ । उक्त प्रणाली प्रयोग गरि देशैभरका करिब दुईसय पचास संघसंस्थाहरुमा सर्वेक्षण गरिएको छ । उत्पत्तिको प्रमाणपत्र अनलाइन गर्न सफ्टवेयर बनिरहेको छ भने सरकारसंग पारदर्शिताका लागि अनलाइन अनिवार्य गर्न पैरवी भैरहेको छ ।

महासंघको विधान संसोधन संस्थागत सुधार र सवलीकरणमा महत्वपूर्ण कोशेढुंगा हो । महासंघको २०८० चैत्र २८ र २९ गते सम्पन्न ५८ औं वार्षिक साधारणसभाले पदाधिकारीलाई विधान संसोधनको जिम्मेवारी दिएको थियो । त्यसपछि पूर्व अध्यक्षहरु, पदाधिकारी समिति, स्थायी समितिमा छलफल गरि २०८१ असार २४ गतेको कार्यकारिणी समिति बैठकले दफाबार छलफल गरि मस्यौदालाई सर्वसम्मत रुपमा पारित गरि सदस्यहरु समक्ष पठायो । २०८१ मंसिर २५ गते आयोजित विशेष साधारण सभाले सर्वसम्मत रुपमा विधानको सातौ संशोधन पारित गऱ्यो । महासंघको विशेष साधारण सभाबाट पारित भएको विधानलाई मिति २०८१ फाल्गुन ५ गते नेपाल सरकारले स्वीकृति प्रदान गरे संगै नेपाल उद्योगवाणिज्य महासंघको विधान २०४९ (सातौ संशोधन) सोही मितिदेखि लागु भएको छ ।



यसै गरि महासंघमा रिक्त रहेको कोषाध्यक्ष पदमा दशौं कार्यकारिणी समितिको वैठकले वर्तमान कार्यकालको बाँकि अवधिका लागि कोषाध्यक्ष मनोनयन गर्ने अध्यक्ष चन्द्र प्रसाद ढकाललाई प्रदान गरेको अधिकार बमोजिम कार्यकारिणी समितिका सदस्य भरत राज आचार्यलाई मनोनयन गर्नुभएको थियो ।

## २) निजी क्षेत्रको पैरवी

निजी क्षेत्रले सम्मानित तवरबाट निर्वाध रुपमा काम गर्न पाउनु नैसर्गिक अधिकार हो । यसको सुनिश्चितता महासंघको पहिलो प्राथमिकता हो । सामाजिक न्याय सहितको खुला बजार अर्थतन्त्रमा निजी क्षेत्र आफ्ना गतिविधि कानुनसम्मत रुपमा संचालन गर्न स्वतन्त्र छ । गत बर्ष महासंघ र अन्तराष्ट्रिय वित्त निगमले सार्वजनिक गरेको प्रतिवेदन अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको उल्लेख छ । निजी क्षेत्रले ८६ प्रतिशत रोजगारी प्रदान गरेको छ ।

तर पनि निजी क्षेत्रमा वारम्बार प्रहार हुने गरेको छ । पछिल्लो दुई बर्षमा आर्थिक अवस्थामा आएको संकुचनसंगै विभिन्न कानुनहरुले निजी क्षेत्रलाई काम गर्न वाधा पारेको अवस्था छ । कानुनी सुधारका लागि महासंघले यस बर्ष विशेष पहल गरेको छ ।

## “दिगो आर्थिक विकासका लागि नीतिगत सुधार” अन्तरक्रिया :



दिगो आर्थिक विकासका लागि संसदमा विचाराधिन विधेयकहरुलाई निजी क्षेत्र मैत्री बनाउने उद्देश्यले महासंघले संसदका दुवै सदनमा प्रतिनिधित्व गर्ने सदस्यहरुको उपस्थितिमा २०८१ भाद्र २ गते **“दिगो आर्थिक विकासका लागि नीतिगत सुधार”** विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

संसदमा विचाराधिन भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेश्रो संशोधन) विधेयक २०७६, राष्ट्रिय मर्यादा सम्वन्धि विधेयक, २०७९, भन्सार विधेयक, २०८०, निर्माणमुखि सामाग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८०, औषधि तथा स्वास्थ्य सामाग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८०, विद्यालय शिक्षा विधेयक, २०८०, कृषि विधेयक लगायतका विधेयकहरुलाई निजी क्षेत्र मैत्री बनाउने उद्देश्यले संघीय संसदका दुवै सदनमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरु, उप प्रधानमन्त्री एवं अर्थ मन्त्री, उद्योगवाणिज्य तथा आपूर्ति मन्त्री, उर्जा जलश्रोत तथा सिचाई मन्त्री समेतको उपस्थितिमा सो अन्तरक्रिया कार्यक्रमको आयोजना भएको थियो ।

दुवै सांसदका एक सय पचहत्तर सांसदहरुको उपस्थिति रहेको सो कार्यक्रममा सांसदहरुले निजी क्षेत्रलाई काम गर्न वाधा नपुग्ने गरी नीति निर्माण गरिने प्रतिवद्धता जनाएका थिए ।




महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले निजी क्षेत्र फस्टाउने वतावरण बनाउन आग्रह गर्दै लगानी र उत्पादन निरुत्साहित नहुने प्रकृतीका कानुन बन्न सहयोग पुगोस् भनेर प्रस्तुत कार्यक्रम आयोजना गरि सुधारको पहल गरिएको वताउनुभयो ।



कार्यक्रममा उपप्रधान एवं अर्थमन्त्री बिष्णु पौडेलले सरकारले अर्थतन्त्रका समस्या समाधानका लागि विशेष प्रयास गरिरहेको जानकारी दिनुभएको थियो । उहाँले निजी क्षेत्रसंग निरन्तर सम्वाद गरी उद्यमी व्यवसायीका समस्या समाधानका लागि पहल गरिरहेको र यसको लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार आयोगले दिने प्रतिवेदनको आधारमा अगाडी बढ्ने वताउनुभयो ।

कार्यक्रममा उद्यमी व्यवसायीका तर्फबाट महासंघले संसदमा विचाराधीन निजी क्षेत्र सम्वद्ध करिब डेढ दर्जन कानुनहरुको सम्वन्धमा तिन महले सहितको दफावार सुझाव प्रस्तुत गरिएको थियो ।

माननीय उद्योगवाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नीतिगत सुधारका लागि लगानी सम्मेलनका बेला भएका लगानी सम्बन्धि कानुनमा गरिएको सशोधनले लगानीको वातावरण तयार भएको, विशेष आर्थिक क्षेत्र र अन्य ठाउँमा पनि मझौला र ठूला उद्योगहरुको दर्ता हुने क्रम बढेको, पहिले निजी क्षेत्र बजेटमा सुझाव दिने भूमिकामा मात्रै रहेकोमा हाल महासंघले निरन्तर कार्यक्रम आयोजना गरि कार्यपालिका र व्यवस्थापिकालाई झक्झकाई रहेको वताउनुभयो ।



माननीय उर्जामन्त्री दिपक खडकाले संसदमा बिचाराधीन विद्युत र जलस्रोत विधेयकलाई लगानीमैत्री बनाउने तयारी भैरहेको जानकारी गराउनु हुँदै निजी क्षेत्रको लगानी बढाउने र प्रसारणलाइन निर्माण लगायत क्षेत्रमा समेत निजी क्षेत्रको प्रवेशका बिषयमा सरकारले छलफल गरिरहेको वताउनुभयो ।



संघीय संसद प्रतिनिधि सभाको अर्थ समितिका सभापति माननीय सन्तोष चालिसेले बैंक वित्तिय संस्था लगायतका विधेयकहरुमा छलफल भैरहेको वताउँदै निजी क्षेत्रका सरोकारका विषयहरुमा गहन अध्ययन गरी निश्कर्षमा पुगिने विचार व्यक्त गर्नुभयो ।



राज्य व्यवस्था समितिका सभापति माननीय रामहरि खतिवडाले लगानी निरुत्साहित हुने नीतिका कारण निजी क्षेत्र समस्यामा पर्ने गरेको वताउनुभयो । लगानी विस्तार निजी क्षेत्रले गर्ने हुँदा उद्यमी व्यवसायीलाई निर्वाध काम गर्न सक्ने वातावरण बनाउनुपर्ने बताउनु भयो ।





कानुन न्याय तथा मानव अधिकार समिति सभापति माननीय विमला सुवेदीले निजी क्षेत्रलाई काम गर्न कानुन वाधक नहुने वताउनु भएको थियो ।



नेकपा माओवादीका प्रमुख सचेतक माननीय हितराज पाण्डेले सामाजिक न्याय सहितको निजी क्षेत्रका आर्थिक गतिविधिलाई अगाडि बढाउन आफ्नो पार्टि सधै तयार रहेको वताउनुभयो ।



शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति माननीय अम्मर बहादुर थापाले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि क्षेत्रको विकासमा समितिले काम गरिरहेको साथै यस

क्षेत्रको विकासको लागि निजी क्षेत्रको पनि सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको थियो ।



महिला तथा सामाजिक मामिला समितिका सभापति माननीय किरण कुमार शाहले निजी क्षेत्रले आर्थिक विकासका लागि निजी क्षेत्रले उठाएका विषयहरु सान्दर्भिक भएको र प्राप्त सुझावहरुको अध्ययन विश्लेषण गरी समाधान सम्बन्धमा क्रियाशिल रहने विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।



जनता समाजवादी पार्टि, नेपालका माननीय रेखा यादवले मुलुकको दीगो आर्थिक विकासको निम्ति नीतिगत स्थायित्वको महत्व माथि प्रकाश पार्नुभयो ।



राष्टिय स्वतन्त्र पार्टिका प्रवक्ता मनिष झाले परम्परागत रुपमै उद्यमी व्यवसायीको मान कम हुने गरेको, त्यसैगरी निजी क्षेत्रमा काम गर्ने वतावरण बनाउन निजी क्षेत्रलाई मर्यादाक्रममा समावेश गरि व्यवसायीको मनोबल बढाउनुपर्ने वताउनुभयो ।

अन्तमा: बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले नीतिगत स्थायित्वको महत्वको बारेमा प्रकाश पार्दै सहभागिहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।





निजीक्षेत्रमैत्री कानुन बनाउने सांसदहरूको प्रतिबद्धता



मन्त्री र सांसदलाई महासंघले भन्यो-

'अर्थतन्त्र सुधार्न लगानीको वातावरण बनाऔं'



परिवर्तनका लागि लगानी अभिवृद्धिको वातावरण आवश्यक



निजी क्षेत्रमैत्री वातावरण बनाउन सांसदहरुको प्रतिबद्धता

## निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने विधेयकमा परिमार्जन :

वर्तमान कार्यकारिणी समितिले कार्यभार सम्हाल्दा निजी क्षेत्रलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार भित्र ल्याउने गरि भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान ऐन संशोधन विधेयकहरु राष्ट्रिय सभाले पारित गरि प्रतिनिधिसभामा पठाईसकेको थियो । यस अवस्थामा निजी क्षेत्रलाई अख्तियारको क्षेत्राधिकारमा राख्ने संशोधित विधेयकको प्रावधानप्रति महासंघले गम्भिर असहमति जनायो ।

महासंघको सिङ्गो नेतृत्वनै तर्कसहित यसको विपक्षमा प्रस्तुत भई सबै राजनीतिक दल लगायत उच्च तहमा निरन्तर पैरवी गर्दै आयो । यो अभियानले निजी क्षेत्रलाई अख्तियारको दायरामा राख्न नपाउने विषयलाई स्थापित गरी उच्च नेतृत्व र राजनीतिक दलहरुलाई सहमत गराउन सफल भयो ।

यस विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउन मिति २०८१ भाद्र २ गते महासंघले दुवै संसदका करिब १ सय ७५ जना संघीय संसदका सदस्यहरुसंग दीगो आर्थिक विकासका लागि नीतिगत सुधार विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग विधेयकको साथै निजी क्षेत्रसंग सम्वन्धित संसदमा विचाराधिन वाफिया (BAFIA), विद्युत, राष्ट्रिय मर्यादा, भन्सार, विद्यालय शिक्षा कृषि लगायतका १२ भन्दा बढी विधेयकमा छलफल गरिएको थियो ।


निजी क्षेत्रलाई अख्तियारको दायरामा नल्याइने !

फलस्वरुप निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा ल्याउने विवादित प्रावधान हटाएर मिति २०८१ माघ ६ गते प्रतिनिधि सभाले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित गरेको छ । अख्तियार अनुसन्धान विधेयकमा समेत उक्त प्रावधान हटाउन संसदीय उपसमितिले सर्वसम्मत सहमती जुटाएको अवस्था छ । यसले पनि मुलुक भित्र नीतिगत सुधार गरी लगानी प्रवर्द्धन गर्न महासंघको बलियो उपस्थिति देखिएको छ ।

## डेडिकेटेड र ट्रंकलाइन विवाद समाधानमा पैरवी :

झन्डै पाँच वर्ष पहिलेदेखिको डेडिकेडेट र ट्रंकलाइन सम्बन्धी विवाद मिति २०८० भदौमा फेरि चर्कियो । विद्युत प्राधिकरणले सो विवादास्पद विषयमा सम्वन्धित उद्योगहरुको लाइन काट्ने भनेपछि मिति २०८० भदौ २५ गते महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई भेट गरी लाइन काट्नबाट रोकियो । पूनः यो विवादले चर्को रुप लिंदै जाँदा त्यसको चार महिनापछि ती उद्योगहरुको लाइन काटियो । महासंघ यस समस्याको दीर्घकालीन समाधानको लागि


FNCCI seeks immediate solution to dispute of power dues

BY A STAFF REPORTER
Kathmandu, Oct 20

The Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) has requested all concerned bodies to resolve the dispute related to the payment of dedicated feeders and trunk lines through negotiation.

Due to the row between the Nepal Electricity Authority and a few industries over the dues of dedicated feeders and trunk lines for a long time, power supply to the industries is frequently cut, affecting production and spoiling the investment environment.

"It is not good to cut the power supplied to the industries time and again, the NEA should immediately connect the lines cut on Thursday and find a solution to the problem through negotiation," said the FNCCI issuing a press statement on Friday.

The Nepal Electricity Authority cut the electricity supply of 34 industries on Thursday evening citing that they [illegible] under the dedicated and trunk lines.

According to the Authority, it was forced to disconnect the electricity supply to the industries after they did not pay the dues despite repeated notices.

On October 18, the Authority gave a 15-day deadline to 40 industries to pay their dues. Of them, only six came into contact and agreed to pay the dues in instalments, according to the NEA. Of the 40, Hetauda Cement and Udayapur Cement Industries are government-owned, and the Authority will try to coordinate with the government for reconciliation, it said.

FNCCI seeks immediate...

According to Authority officials, seven industries have obtained an interim order for non-payment of dues from the court. Raghupati Jute Mills, Reliance Spinning Mills, Aarihant Multi Fibers Limited, Aarihant Polypacks Limited, Maruti Cement, United Cement and Shivam Cement have obtained the interim court order.

According to the NEA, an industry, GB Textile which received two separate meters, paid Rs. 3.5 million and Rs. 1.4 million as the first instalment on Friday. After that, the NEA reconnected its power lines on Friday itself.

According to the FNCCI, there is a difference of opinion between the businessmen and the Nepal Electricity Authority regarding whether electricity was provided from different sources at different times and whether it was consumed or not.

"This issue has been entangled for a long time. Entrepreneurs are ready to pay additional electricity tariffs based on evidence of electricity consumption," read the press statement of FNCCI.

Earlier, a commission was formed under the chairmanship of former Supreme Court Justice Girish Chandra Lal to end the dedicated feeder and trunk line dispute forever. However, the report submitted by the commission has not been implemented, FNCCI said.

"The active role of the NEA is necessary to solve the problem related to the dedicated feeder and trunk lines for a long time through negotiations based on the report of the commission," FNCCI said.

अगाडी बढ्यो । मिति २०८० पुस ९ गते महासंघले प्रेस विज्ञप्तिनै प्रकाशित गरि यसको दीर्घकालीन समाधानका लागि उच्चस्तरीय न्यायिक आयोग गठनको माग गऱ्यो ।

यस लगत्तै विवाद समाधान गर्न २०८० पुस २४ गते सर्वोच्च अदालतका पूर्वन्यायधिश गिरिशचन्द्र लालको अध्यक्षतामा आयोग गठन भयो । आयोगले प्रतिवेदन पनि बुझायो । त्यसपछि पनि आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने नगर्ने धेरै बहस, छलफल भए । तर अन्ततः २०८१ कार्तिक २६ गते उक्त आयोगको प्रतिवेदन सार्वजनिक गर्दै सरकारले कार्यान्वयन गर्ने निर्णय गर्यो । यो विषय पनि अब समाधान उन्मुख रहेको छ ।

## ३) आर्थिक सुधारको नेतृत्व

आर्थिक सुधारका लागि महासंघले अनेक प्रयत्न गर्दा पनि सकारात्मक संकेत नदेखिएपछि महासंघको बाग्लुङको ढोरपाटनमा सम्पन्न तेस्रो कार्यकारिणी समितिको वैठकले दवाबमूलक कार्यक्रम आयोजना गर्ने निर्णयसंगै राष्ट्रिय बहस चलाउने निर्णय गऱ्यो । त्यसअघि महासंघले तत्कालिन प्रधानमन्त्री र अर्थमन्त्रीसंग भेट गरि समस्या समाधानको लागि पहल गरेको थियो । सरकारी पक्षबाट सबै ठिक भएको तर्क पेश भएकोमा यसको धेरैपटक चर्को विरोध जनाउन बाध्य हुनु परेको थियो ।

यसैको निरन्तरता स्वरुप २०८० असोज २५ गते राष्टिय आर्थिक बहस कार्यक्रम आयोजना गरियो । कार्यक्रममा अर्थतन्त्र सम्बद्ध विभिन्न क्षेत्र बीच समन्वयको अभाव, निजी क्षेत्रको नीति निर्माण तहमा सिमित पहुंच र अर्थतन्त्रमा संरचनात्मक सुधार गरी दीगो आर्थिक विकास हासिल गर्नको लागि महासंघले निजी क्षेत्रको समेत संलग्नतामा उच्चस्तरीय आयोगको गठन माग गरेको थियो । यसको टर्म अफ रिभरेन्स (टिओआर) मस्यौदा बनाएर तत्कालीन मुख्य सचिव, अर्थमन्त्री, प्रधानमन्त्रीज्यू सबैलाई बुझाईएको थियो । त्यसपछि तत्कालिन सम्माननीय प्रधानमन्त्रीज्यूले महासंघको आग्रहमा सर्वपक्षीय र सर्वदलीय भेला आयोजना गर्नुभएको थियो ।

पछि अर्थमन्त्रीको सय दिने कार्यक्रममा पनि यो विषयले प्रवेश पायो । सरकारले पूर्व अर्थ सचिव रामेश्वर खनालको अध्यक्षतामा ५ सदस्यीय आयोग गठन गर्‍यो । तर निजी क्षेत्रको प्रतिनिधित्व रहेन । जबकि सम्माननीय प्रधानमन्त्रीज्यूको सय दिने कार्यक्रमको सम्बोधनमा पनि प्रष्ट रुपमा निजी क्षेत्रको माग बमोजिम आयोग गठन भएको भन्ने उल्लेख थियो । फेरि महासंघको पैरवीले मिति २०८१ मंसिर ६ गतेको मन्त्रीपरिषद वैठकले महासंघ अध्यक्ष लगायत अन्य दुई संस्थाका अध्यक्षलाई समेत सो उच्चस्तरीय आयोगमा समावेश गरिएको थियो । उक्त आयोगले अन्तरिम प्रतिवेदन बुझाई अन्तिम प्रतिवेदन बुझाउने क्रममा रहेको छ ।

मिति २०८१ मंसीर ६ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार आयोगको सदस्य नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, नेपाल उद्योगपरिसंघको अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवाललाई समावेश गरेको थियो । उप प्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेलले मिति २०८१ मंसीर ८ गते अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा थप गरिएका सदस्यहरुलाई नियुक्ती पत्र र कार्यदेश प्रदान गर्नुहुदै आयोग अर्थतन्त्रका समस्या पहिचान र समाधानका उपाय पहिल्याउन समक्ष हुने विश्वास व्यक्त गर्नुभएको थियो । कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालले


आर्थिक

उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगमा निजी क्षेत्र समावेश

मुलुक बनाउने कार्यमा निजी क्षेत्रलाई समावेश गरेकोमा सरकारलाई धन्यवाद दिनु हुदै अर्थतन्त्रलाई सवल बनाउन समक्ष हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

## ४) लगानी प्रवर्द्धन

नेपालमा कुल गार्हस्थ्य उत्पादनको जम्मा ०.२ प्रतिशत मात्रै विदेशी लगानी छ । स्वदेशी लगानी निरन्तर निरुत्साहित हुदै गएको छ । महासंघले स्वदेश एवं विदेशमा लगानी विस्तारमा विशेष पहल गरेको छ ।

नेपालमा लगानीको आव्हान गर्दै यस अवधिमा विभिन्न देशमा ४ वटा वृहत लगानी सम्मेलन आयोजना गरिए । जस अर्न्तगत चीनमा दुई पटक नेपाल चीन विजनेस समिट आयोजना गरियो । सन् २०२३ सेप्टेम्बरमा आयोजना गरिएको समिटमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) र २०२४ डिसेम्बर ४ आयोजित दोस्रो समिटमा प्रधानमन्त्री केपी शर्मा ओली मुख्य अतिथि हुनुहुन्थ्यो । उक्त सम्मेलनमा महासंघले लगानी प्रवर्द्धनको लागि नेपालमा भएका सुधारको साथै अन्तर्राष्ट्रिय व्यापार पुर्वाधार निर्माण तथा भैरहवा र पोखरा विमानस्थलमा चीनबाट सिधा उडानको माग गरेको थियो ।




महासंघले चिनियाँ साझेदार संस्था सिसिपिआइटीसंगको सहकार्यमा आयोजना गरेको उक्त सम्मेलनमा चीनका वाणिज्य उपमन्त्री लियांग विशेष अतिथि हुनुहुथ्यो । दुवै कार्यक्रममा करिब डेढ सय चिनियाँ उद्यमी व्यवसायीको सहभागिता थियो ।

नेपालमा चिनियाँ लगायत विदेशी लगानी आकर्षित गर्न सरकार र निजी क्षेत्रले प्रतिवद्धता जनाएका छन् । २०८१ मंसिर १७ गतेदेखि २० गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा मिति २०८१ मंसिर १९ गतेका दिन नेपाल उद्योगवाणिज्य महासंघ, चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी) र चीनस्थित नेपाली दुतावासले संयुक्त रुपमा आयोजना गरेको नेपाल चीन बिजनेस समिटमा नीतिगत र व्यवहारगत सुधार गर्ने प्रतिवद्धता जनाउँदै लगानी विस्तार र व्यापार सहजीकरणका लागि आग्रह गरिएको थियो ।

द्विपक्षीय व्यापार प्रवर्द्धन, पर्यटन क्षेत्रको विकास र नेपालमा चिनियाँ लगानी आकर्षित गर्ने उद्देश्यले आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा लगानीको वातावरण सुधार हुँदै गइरहेको साथै नेपालमा धेरै क्षेत्र लगानी संभावना क्षेत्र भएकोले नेपालमा लगानीका लागि चीनियां लगानीकर्ताहरुलाई आग्रह गर्नुभएको थियो ।

नेपाल र चीनको परम्परागत आपसी सम्बन्धले नेपालको आर्थिक विकास सम्भव रहेको बताउँदै प्रधानमन्त्री ओलीले महासंघले लगानी, पर्यटन र निर्यात प्रवर्द्धनमा देश विदेशमा गरिरहेको पहल प्रसंशनीय रहको बताउनु भयो ।

सिसिपिआइटीको मुख्यालय बेइजिंगमा बुधबार आयोजित समिटलाइ सम्बोधन गर्दै चिनिया वाणिज्य उपमन्त्री लिंग जीले चीन र नेपालबीचको सम्बन्ध निकै पुरानो रहेको एवं आर्थिक गतिविधि पनि बढिरहेको बताउनुभयो । साथै नेपालमा चिनियाले लगानी बढाइरहेको र आगामी दिनमा पनि लगानी विस्तार हुने बताउनुभयो ।

चीन नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार रहेको बताउनुहुँदै उपमन्त्री जीले चीनको बाटो भएर अन्य मुलुकमा पनि व्यापार बढाउन पारबहन सहजीकरण गरिने बताउनुभयो । चीनले यही डिसेम्बरबाट अतिकम विकसित मुलुकका उत्पादनलाई दिएको भन्साररहित सुविधाले नेपाल लाभान्वित हुने बताउनुभयो ।

यो समिटको दोस्रो संस्करण हो । महासंघ र सिसिपिआइटीले २०२३ सेप्टेम्बरमा पनि यस्तै सम्मेलन आयोजना गरेको थियो । समिटमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले यो एक बर्षको अवधिमा व्यवसायिक वातावरण बनाउन भएको पहलबारे जानकारी गराउनुभएको थियो ।




सो अवसरमा अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघको आग्रहमा सरकारले लगानी सम्बन्धी आठवटा कानुन संशोधन गरेको  र यसबाट द्विपक्षीय लगानी सम्झौताको खाका पनि तयार भएको बताउनु भएको थियो ।

पहिलोपटक नेपालको क्रेडिट रेटिंग भएको र उक्त रेटिंग दक्षिण एसियामा भारत पछि सबैभन्दा राम्रो आएको जानकारी गराउँदै उहाँले यसले लगानीकर्ताहरु ढुक्क भएर लगानी गर्ने वातावरण तयार भएको बताउनुभयो ।

कार्यक्रममा महासंघ अध्यक्ष ढकालले जलविद्युत, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधि लगायतका सेवा क्षेत्रमा प्रसस्त सम्भावना रहेको बताउनुभयो । पछिल्लो समय पर्यटन पूर्वाधारहरु जस्तै केवलकार, थिम पार्क, रिसोर्ट लगायतमा विदेशी लगानीको बढि सम्भावना देखिएको उहाँले बताउनुभयो । नेपाल चिनियाँ पर्यटकका लागि आकर्षक गन्तव्य भएको बताउनुहुँदै अध्यक्ष ढकालले चीन सरकारले नेपाललाई प्राथमिकतामा राख्न पनि आग्रह गर्नुभयो ।


विदेशी लगानी बढाउन निरन्तर सुधारको प्रतिबद्धता

Nepal-China Business Summit promotes investment along with trade relations

BUSINESS

Nepal-China Business Summit held in Beijing

नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह

'विदेशी लगानी ल्याउन वातावरण सुधार गर्छौं'

नेपालमा विदेशी लगानी बढाउन नीतिगत सुधारको प्रतिबद्धता

अर्थबज

विदेशी लगानी बढाउन सुधारको प्रतिबद्धता

चीनबाट भैरहवा र पोखरा सिधा उडान गर्न प्रस्ताव

लगानीको वातावरण थप सुधार गर्न महासंघको आग्रहमा सरकारले उच्चस्तरिय आर्थिक क्षेत्र सुधार आयोग गठन गरेको र त्यसको एक जना सदस्यका नाताले मुलकभित्र व्यवसायिक वातावरण बनाउन पहल गर्ने प्रतिवद्धता पनि अध्यक्ष ढकालले जनाउनुभयो । उहाँले महासंघमा रहेको एफडीआई सहायता कक्षले निरन्तर लगानीकर्तालाई सघाउने प्रतिवद्धता पनि जनाउनुभयो ।

सिसिपिआइटीका उपाध्यक्ष झांग साओगांगले महासंघ पुरानो साझेदार संस्था रहेको बताउदै समिट द्विपक्षीय व्यापार अभिवृद्धिमा महत्वपूर्ण हुने बताउनुभयो । उहाँले सिसिपिआइटीले नेपालमा लगानी बढाउन र नेपालका उत्पादन आयात गर्न सहयोग गर्ने बताउनुभयो ।

उहाँले महासंघ र सिसिपिआइटीको सहकार्यमा आगामी दिनमा आर्थिक साझेदारीका विविध कार्यक्रम सञ्चालन गरिने पनि जानकारी गराउनुभयो ।

समिटमा १२० जना चिनिया व्यवसायीहरुको सहभागिता रहेको थियो । नेपालका तर्फबाट महासंघ, नेपाल उद्योगपरिसंघ, नेपाल चेम्बर अफ कमर्शसहित करिब ५० जना उद्यमी व्यवसायीले समिटमा सहभागिता रह्यो । समिटमा चीन सरकारका उच्च पदस्थ अधिकारी र प्रधानमन्त्रीको भ्रमण दलमा सहभागी नेपाली उच्च अधिकारीहरुको समेत सहभागिता थियो । उक्त समिट भन्दा पहिले बिजनेस टु बिजनेस बैठक पनि राखिएको थियो ।

महासंघले पछिल्लो दुई वर्षमा देशबाहिर आयोजना गरेको यो चौथो समिट हो । यस अघि बेइजिंग, नयाँ दिल्ली र दुवईमा महासंघका साझेदार संस्था सिसिपिआइटी, कन्फिडरेसन अफ इन्डियन इण्डष्ट्रि र दुवई चेम्बर्ससँगको सहकार्यमा सम्मेलन आयोजना गरिएको थियो ।

यसैगरी मिति २०८० जेष्ठ १८ गते भारतको नयाँ दिल्लीमा नेपाल भारत समिट आयोजना गरिएको थियो । सो सम्मेलनमा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) प्रमुख अतिथि तथा भारतीय वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयल विशिष्ट अतिथि हुनुहुन्थ्यो ।

यसैगरी महासंघले दुवई चेम्बर्ससंगको सह-आयोजनामा मिति २०८० मंसिर १४ गते दुवईमा नेपाल दुवई विजनेस फोरम सफलतापूर्वक सम्पन्न गऱ्यो । कोप २८ को समयमा विश्वभरकै सरकार र निजी क्षेत्रले चासो दिइएको उक्त कार्यक्रम दुवई चेम्बर्ससंग नयाँ सम्बन्ध स्थापित गरि आयोजना गरिनु आफैमा चुनौतिपूर्ण थियो । यद्यपी सो कार्यक्रम उपलब्धिपूर्ण रह्यो । नेपालका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को उपस्थिति रहेको उक्त कार्यक्रममा करिब एक सय ७० जना उद्योगी व्यवसायीको सहभागिता थियो ।

२०८० कार्तिक २० र २१ गते दक्षिण पूर्वी एशियाली मुलुकका चेम्बरहरुको संगठन एशिया प्रशान्त क्षेत्रीय उद्योगवाणिज्य परिसंघ (क्यासी) को सम्मेलन नेपालमा आयोजना गरियो । उक्त सम्मेलन आयोजना गर्न क्याम्बोडियाले असमर्थता जनाएपछि नेपालमा आयोजित सो सम्मेलनमा करिव ६० जना विदेशी सहित झन्डै २ सय उद्यमी व्यवसायीको सहभागिता रहेको थियो ।

मिति २०८१ वैशाख १२ गते काठमाडौंमा कतारका राजा अमीर शेख तमीम विन हमाद अल थानी र नेपालका तत्कालनि प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा नेपाल र कतारका निजी क्षेत्र सम्मिलित नेपाल कतार संयुक्त वाणिज्य परिषद् स्थापनाका लागि महासंघ र कतार चेम्बर बीच सझौतापत्रमा हस्ताक्षर भयो । सम्झौता अनुसार प्रथम अध्यक्षस्तरिय बैठक दोहामा सम्पन्न भएको थियो ।

भारतको नयाँदिल्लीमा २०२४ को अगष्ट ६ र ७ मा सम्पन्न बिमस्टेक बिजनेस समिट २०२४ मा विमस्टेक चेम्बर अफ कमर्श स्थापना गर्ने सहमति भएको छ । यसको प्रस्ताव महासंघले सन् २०२३ जुनमा कोलकतामा आयोजित बिमस्टेक विजनेस सम्मेलनमा राखेको थियो ।

## ५) लगानी सम्बद्ध नीतिगत सुधार

२०८१ वैशाख १६ र १७ गते नेपाल उद्योगवाणिज्य महासंघको सहआयोजनामा भएको तेश्रो लगानी सम्मेलनलाई लक्षित गरी सरकारले महासंघको आग्रहमा लगानी बाधकको रुपमा रहेका कानूनमा सुधार गर्न गठित कार्यदलमा महासंघको समेत सक्रिय प्रतिनिधित्व थियो । कार्यदलले दिएको सुझाव बमोजिम लगानी सम्मेलन अगावै निजी क्षेत्रको आग्रह अनुसार लगानी प्रवर्द्धनका लागि विभिन्न आठवटा कानुनमा शंसोधन भएको छ । सो


आर्थिक

महासंघद्वारा कानुन संशोधनको स्वागत

कानून कार्यान्वयनको लागि आवश्यक पर्ने नियमावली र कार्यविधिका लागि महासंघले पहल गरिरहेको छ ।

अन्तराष्ट्रिय लगानी सम्मेलनहरुमा लगानीकर्तासंग भएको छलफल अनुसार सम्वन्धित मुलुकहरुका बीच द्विपक्षीय लगानी सम्झौता भएमा लगानी प्रबर्द्धनको लागि थप सहज हुने भएको हुनाले महासंघले सम्वन्धित निकायमा सम्झौता खाका निर्माणको लागि निरन्तर माग गरे पछि Bilateral Investment Agreement (द्विपक्षीय लगानी सम्झौता) को खाका मन्त्रीपरिषदले पारित गरेको छ । धेरै मुलुकसंग तत्काल सम्झौता गर्ने गरि छलफल अगाडि बढेको छ । महासंघले यसमा सहजीकरण गरिरहेको छ ।

कुल गार्हस्थ्य उत्पादनको ०.२ प्रतिशतमात्रै विदेशी लगानी आइरहेको सन्दर्भमा महासंघको आग्रहमा गरिएको सुधारले लगानीको वातावरण बन्ने विश्वास महासंघले लिएको छ । महासंघको पहलमानै भएका स्टार्टअप नियमावली बनाउने, स्टार्टअपको परिभाषालाई औद्योगिक व्यवसाय ऐनमा समावेश गर्ने कार्य भएकोमा महासंघले सकारात्मक रुपमा लिएको छ । संशोधित कानुनी प्रावधानहरु कार्यान्वयन हुनेमा आशावादी भई यो सुधार दोस्रो पुस्ताको सुधारका लागि प्रस्थान विन्दु भएको महासंघले विश्वास लिएको छ ।

बदलिंदो राष्ट्रिय अन्तराष्ट्रिय परिवेश र शासन व्यवस्थामा संरचनात्मक परिवर्तन पश्चात पनि कतिपय पुराना कानुनहरु र कमजोर सार्वजनिक सेवा प्रवाह र सुशासनले गर्दा मुलुकको समग्र विकास पछि परेको महसुस गरी नेपाल उद्योगवाणिज्य महासंघले विगत लामो समयदेखि मुलुकको अर्थतन्त्र सुधारका लागि नीतिगत परिवर्तनमा गुणात्मक फड्कोको लागि आग्रह गर्दै आएको थियो । यसै वास्तविकतालाई मध्यनजर गर्दै सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिबृद्धि, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा सुधार, निजीकरण ऐन संशोधन लगायतका अध्यादेश मार्फत  विभिन्न ३० वटा भन्दा बढी कानुनहरुमा एकै पटक संसोधन एवं परिमार्जन गरेको छ । यसले अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास  सहित  सो ऐनहरुको प्रभावकारी कार्यान्वयनको लागि आवस्यक नियमावाली, कार्यविधिहरुको समयमै निर्माण गरी तत्कालै कार्यान्वयनमा जानको लागि आग्रह गर्दै छोटो समयमानै अर्थ वाणिज्य सम्वन्धि कानुनहरुको एकमुष्ट संशोधनको महासंघले स्वागत गरेको छ ।

नेपाल सरकारले मुलुकको अर्थतन्त्र सुधारका लागि छोटो समयमा मिहिनेतका साथ शुसासन र आर्थिक सुधार लक्षित केही कानुनमा अध्यादेश मार्फत  संसोधन एवं परिमार्जन गरि लगानी मैत्री वातावरण बनाउन गरेको पहलको नेपाल उद्योगवाणिज्य महासंघ स्वागत गरेको छ ।

यसै विषयमा मिति २०८१ माघ २ गते प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री के.पी.शर्मा ओली तथा नेपाल सरकारका मन्त्रीहरू एवं उद्योगी व्यवसायीहरूको उपस्थितिमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले सरकारको यस कदमको सराहना गर्नुभयो ।



अध्यक्ष ढकालले निजी क्षेत्रले लामो समय देखि उठाउँदै आएका आर्थिक मुद्धाहरूलाई सम्बोधन गर्नु मुलुकको गिर्दो अर्थतन्त्र सुधारका लागि थालिएको संवेदनशील प्रयासका रुपमा लिएको बताउनु भयो ।  साथै उहांले सरकारले ल्याएका अध्यादेशको सहज कार्यान्वयनका लागि आवश्यक हुने नियमावली तथा कार्यविधिहरु पनि छिटो र सहज रुपमा ल्याउन आग्रह गर्नु भएका थियो ।

व्यवसाय दर्ता गर्न अझै पनि विभिन्न निकाय धाउनु पर्ने अवस्था रहेकोले यसको सुधारको लागि एउटा एकिकृत अनलाइन सफटवेयर मार्फत एकद्धार प्रणालीबाट काम गर्ने व्यवस्था मिलाउन, युवाहरुले व्यवसाय दर्ता गरिसकेपछि परियोजना धितोमा निश्चित रकम कर्जा पाउने व्यवस्थाका लागि  पहल गर्न, राष्ट्रिय परिचयपत्रको प्राप्तिमा सहजकिरण गर्नु पर्ने धारणा महासंघका तर्फबाट राख्नु भयो ।

सोही कार्यक्रममा बोल्नु हुँदै प्रधानमन्त्री ओलीले निजी क्षेत्रको मर्यादाक्रमको विषयलाई सरकारले संवेदनशील रुपमा लिएको बताउनु भयो । साथै उहाँले निजी क्षेत्रलाई निर्वाध रुपमा काम गर्ने वातावरण बनाउन सरकारले इमान्दारी पूर्वक प्रयत्न गरिरहेको बताउनु भएको थियो ।

## महासंघ र कतार चेम्बर बीच संयुक्त वाणिज्य परिषद गठन :




२०८१ वैशाख १२ गते नेपाल र कतारका निजी क्षेत्र सम्मिलित नेपाल–कतार संयुक्त वाणिज्य परिषद् स्थापना गर्ने विषयमा समझदारी भएको छ । कतारका अमीर शेख तमीम विन हमाद अल थानी र नेपालका तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को उपस्थितिमा भएको उक्त सम्झौतामा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकाल र कतार चेम्बर अध्यक्ष शेख खलिफा बिन जसिम अल थानीले हस्ताक्षर गर्नुभएको थियो ।

नेपाल–कतार संयुक्त वाणिज्य परिषद्को उद्देश्य नेपाल कतार बीच व्यापार विस्तार, लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, प्रविधि हस्तान्तरण लगायतका विभिन्न विषयहरुमा नेपाल र कतारका निजी क्षेत्रहरु बीच सहकार्य र समझदारी बढाउने कार्य गर्ने रहेकोछ ।




यसै अवसरमा सन् २००५ मा नेपाल कतार बीच द्विपक्षीय आर्थिक एवं व्यापार विस्तार, लगानी प्रवर्द्धन, अपसी सहयोग एवं सहकार्य लगायतका विषयमा पहिलो पटक भएको समझदारी नविकरण भएको छ। नयाँ समझदारीपत्रमा महासंघ अध्यक्ष ढकाल र कतार चेम्बर अध्यक्ष शेख खलिफा विन जसिम अल थानीले हस्ताक्षर गर्नु भएको थियो ।



नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना

Nepal-Qatar Joint Business Council established

पत्रिका

नेपाल-कतार सहकार्यको नयाँ अध्याय

अर्थबजार

नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना गर्ने सम्झौता

नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थाप

नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना

## नेपाल कतार बिजनेस काउन्सिलको पहिलो अध्यक्षस्तरीय वैठक :



नेपाल कतार बिजनेस काउन्सिलको पहिलो अध्यक्षस्तरीय वैठक २०८१ असोज १७ गते कतारको दोहामा आयोजना भएको थियो । वैठकमा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकाल र कतार चेम्बरका अमीर सेख तमीम बिन हमाद अल थानी बीच आर्थिक सम्बन्ध विस्तार लगायतका बिषयमा छलफल भएको थियो ।

बैठकमा अध्यक्ष ढकालले नेपालको अर्थतन्त्रको वाह्य क्षेत्रमा स्थायित्व रहेको र कानुनहरुमा गरिएको सुधारले लगानीको अवसर जुटदै गएको वताउनुभयो । साथै उहाँले कतारका लगानीकर्ताहरुलाई नेपालमा जलविद्युत, पर्यटन, सूचना प्रविधि, सीप बिकास लगायतका क्षेत्रमा पर्याप्त सम्भावना रहेकोले लगानीका लागि आव्हान गर्नुभयो । यसैगरि कतार सरकारले आयोजना गरेको एसियन कोअपरेसन डायलगमा नेपालको निजी क्षेत्रको प्रतिनिधित्व गर्दै अध्यक्ष ढकालले सहभागिता पनि जनाउनुभयो । उहाँले कतार नेपालीको श्रमिक गन्तव्यको रुपमा मात्रै नभई कतारका लगानीकर्ताले नेपालमा लगानीको अवसर पनि खोजिरहेको बताउनु भएको थियो ।

कतार चेम्बर अफ कमर्शका अध्यक्ष खालिफा बिन जसिम बिन मोहमद अल थानीले कतारका लगानीकर्ता नेपालमा लगानीको अवसर खोजिरहेको उल्लेख गर्दै आफुहरूले लगानीकर्ताहरुलाई पनि प्रोत्साहित गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

कतारका अमीर सेख तमीम बिन हमाद अल थानी को गत अप्रिल २३ र २४ मा सम्पन्न नेपाल भ्रमणका क्रममा महासंघ र कतार चेम्बरबीच बिजनेस काउन्सिल स्थापना गर्ने सहमतिमा हस्ताक्षर भएको थियो ।

काउन्सिलको यस पहिलो अध्यक्षस्तरिय वैठकमा अध्यक्ष ढकाल र कतार चेम्बर अध्यक्ष थानीले आ आफ्नो नेतृत्वमा सदस्य नियुक्त गरि काउन्सिललाई छिट्टै पूर्णता दिने सहमति पनि भएको छ । त्यस लगत्तै नेपालमा कतार नेपाल बिजनेस सम्मेलन आयोजना गर्ने प्रस्ताव अध्यक्ष ढकालले राख्नुभयो । आगामी बर्ष उक्त कार्यक्रम आयोजना गर्ने सहमति पनि बैठकमा भयो ।

महासंघको ढोरपाटनमा सम्पन्न कार्यकारिणी समितिले महासंघको पहलमा एउटा लगानी कम्पनी स्थापना गरी देशभरको स-सानो लगानीलाई विभिन्न क्षेत्रमा प्रवाह गर्ने निर्णय गरियो । सो कम्पनी महासंघले सञ्चालन गर्ने नभइ शुरुमा प्रवर्द्धन गर्ने र यसको छुट्टै सञ्चालक समिति रहने गरी सबै संघसंस्थाका सदस्य एवं गैर सदस्य पनि लगानीकर्ता रहने गरी प्रवर्द्धन गरिएको छ । १० अर्ब रुपैयासम्म पुँजी रहने उक्त कम्पनीको अर्को उद्देश्य निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्नुका साथै स्थानीय पुँजी परिचालन गरी ठूला आयोजना सञ्चालन गर्न सकिने सन्देश दिनु पनि हो ।


नेपालमा अवसर खोज्दै कतारका लगानीकर्ता

कतारका व्यवसायी नेपालमा लगानी गर्न इच्छुक

## ६) विधान संशोधन




महासंघको ५८ औं वार्षिक साधारणसभाले पदाधिकारीलाई विधान संसोधनको जिम्मेवारी दिएको थियो । त्यसपछि पूर्व अध्यक्ष कुश कुमार जोशीको संयोजकत्वमा बनेको समितिले तयार पारेको विधान मस्यौदामा थप छलफल गरि अन्तिम रुप दिन २०८१ वैशाख ३१ गते पदाधिकारी समिति, जेठ २४ गते पूर्व अध्यक्षज्यूहरुसंग छलफल, २०८१ असार ६ गतेको स्थायी समिति वैठकमा दफाबार छलफल भयो । उक्त मस्यौदालाई कार्यकारिणी समितिको वैठकमा पेश गरियो ।

२०८१ असार २४ गतेको कार्यकारिणी समिति वैठकले दफाबार छलफल गरि मस्यौदालाई सर्वसम्मत रुपमा पारित गरि सदस्यहरु समक्ष पठायो । त्यसपछि, २०८१ असोज २ गते आठौं कार्यकारिणी समितिको वैठकले विधान संशोधनको लागि २०८१ मंसिर २५ गते विशेष साधारण सभा बोलाएको थियो । उक्त विशेष साधारण सभाले विधान सर्वसम्मत रुपमा पारित गर्‍यो । यसरी महासंघको विशेष साधारण सभाबाट पारित भएको विधानलाई मिति २०८१ फाल्गुन ५ गते नेपाल सरकारले स्वीकृत प्रदान गर्‍यो र सोही दिनदेखि नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (सातौं संशोधन) लागू भएको छ । विधानमा मुख्यता: अध्यक्ष प्रत्यक्ष रुपमा निर्वाचित हुने र कार्यकाल दुइ वर्षको हुने व्यवस्था गरिएको छ ।

वि.सं. २०७३ यता वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने व्यवस्था गरिएको थियो । नयाँ संसोधन अनुसार वर्तमान वरिष्ठ उपाध्यक्ष अध्यक्ष भएर कार्यकाल सकिएपछि हुने अर्को अध्यक्षको लागि वार्षिक साधारण सभाले प्रत्यक्ष निर्वाचनबाट अध्यक्षको चयन गर्नेछ ।

महासंघ कार्यकारिणी समितिमा तीन जना उपाध्यक्ष रहँदै आएकोमा सो संख्यालाई पाँच पुर्‍याइएको छ । यसैगरि एक जना वरिष्ठ उपाध्यक्ष रहनेछ । वरिष्ठ उपाध्यक्षको चयन पनि कार्यकारिणी समितिले गर्नेछ । जिल्ला नगर तर्फ एक जना उपाध्यक्ष थप गरि दुइ जना उपाध्यक्ष रहने व्यवस्था गरिएको छ ।

यसैगरि महिला उपाध्यक्ष रहने पनि व्यवस्था गरिएको छ । महिला उपाध्यक्षलाई कार्यकारिणी समितिले चयन गर्नेछ । तर यसका लागि कार्यकारिणी समितिमा कम्तीमा १२ जना महिला सदस्य रहेको हुनुपर्ने व्यवस्था गरिएको छ । महिला उपाध्यक्षको सभापतित्वमा महिला उद्यमी परिषद पनि गठन हुने व्यवस्था गरिएको छ ।



महासंघको नेतृत्व तहमा महिला सहभागिता बढाउन जिल्ला नगर, वस्तुगत र एसोसिएट तर्फ महिला सदस्य निर्वाचित हुने गरि आरक्षणको व्यवस्था गरिएको छ । महासंघ अन्तर्गतको नेपाल युवा उद्यमी फोरमका अध्यक्ष महासंघ केन्द्रिय कार्यकारिणी समितिमा पदेन सदस्यका रुपमा रहने लगायतको व्यवस्था पनि संशोधित विधानमा गरिएको छ ।

## सचिवालय सुधार :

महासंघका गतिविधि प्रभावकारी रुपमा सञ्चालन गर्न सचिवालय सुधारमा विशेष पहल भयो । प्रमाणमा आधारित सुझाव दिन अनुसन्धान र विकासका लागि बिजनेस इन्टिलिजेन्स सिस्टम सफ्टवेयर जडान गरिएको छ । नेपाल राष्ट्र बैंक लगायत संस्थागत अध्ययन अनुसन्धानका लागि सहकार्य शुरु भएको छ ।

महासंघको दैनिक कार्य सञ्चालनलाई प्रभावकारी बनाउन लेखा, प्रशासन शाखालाई अनलाइन बनाइएको छ । मुख्य गरी लेखा र अन्य गतिविधिमा गरिएको प्रभावकारी सुधारको फलस्वरुप करिव आठ वर्षदेखि रोकिएको कर छुटको प्रमाणपत्र प्राप्त भएको छ । यसबाट संगठनको साखः वृद्धि हुनुको साथै अन्य सदस्यहरुलाई पनि कर छुटको प्रमाणपत्र लिन सहज भएको छ ।

उत्पत्तिको प्रमाणपत्र जारी गर्ने कार्यको व्यवस्थापनका लागि सफ्टवेयर बनिरहेको छ । समन्वय र यस सम्बन्धि थप सुधारका लागि जिल्ला नगर उद्योगवाणिज्य उपाध्यक्ष सुरकृष्ण वैद्यको संयोजकत्वमा समिति गठन भएको छ । प्रमाणपत्र जारी गर्ने सबै जिल्ला नगर उद्योगवाणिज्य संघलाई अनिवार्य अनलाइन प्रणालीमा जोडिनु पर्ने व्यवस्था गरिएको छ । प्रमाणपत्र जारी गर्ने प्रक्रिया यसबाट थप पारदर्शी हुने विश्वास छ ।

वैदेशिक व्यापारसंग सम्वन्धित सबै अनुमति,सिफारीस लगायतका कागजातहरु एकद्धार प्रणालीमा आवद्ध भैसकेको परिप्रेक्ष्यमा उत्पत्तिको प्रमाणपत्रलाई पनि सो राष्ट्रिय  एकद्धार प्रणालीमा आवद्ध गराउनको लागि सम्वन्धित निकायमा पहल भैरहेको र छिटै यो प्रणालीमा आवद्ध हुने तयारीमा रहेको छ ।

यस्तै महासंघमा उद्यमीलाई सहयोग पुग्ने विशिष्टकृत केन्द्र स्थापना गर्न थालिएको छ । घरेलु तथा साना उद्योग केन्द्र स्थापना भएको छ । महिला उद्यमी विकास केन्द्र स्थापना गर्ने बारे अन्तर्राष्ट्रिय श्रम संगठनसंग छलफल भईरहेको छ ।

### महासंघद्वारा विजनेस इन्टेलिजेन्स सिस्टमको प्रारम्भः



नेपाल उद्योगवाणिज्य महासंघले मिति २०८१ भाद्र ४ गतेदेखि विजनेस इन्टेलिजेन्स सिस्टम (बीआईएस) को औपचारिक सुरुवात गरेको छ । महासंघका सदस्यहरुको डटावेस, अध्ययन अनुसन्धान र कार्यालय व्यवस्थापनमा यसको प्रयोग गरिनेछ ।

यस प्रणालीमा महासंघका सदस्यहरुले समेत प्रयोग गर्न सक्ने गरि सम्पूर्ण सदस्यहरुको जानकारी राखिनेछ। महासंघमा अप्रत्यक्ष प्रत्यक्ष गरि करिब ६ लाख व्यवसाय आवद्ध छन । ती सदस्यहरुको विवरण यस प्रणालीमा रहनेछ ।



यसैगरि नीतिगत सुझाव तयार पार्न वा अन्य आवश्यकता अनुसारको अध्ययन गर्न यस प्रणालीबाट सर्वेक्षण गर्न सकिने छ । नलेज प्ल्याटफर्मका रुपमा महासंघले गरेका अध्ययन र अन्य तथ्यांक र प्रकासन यस प्रणालीमा राखिनेछ । जुन सर्वसाधारणको पहुँचमा रहनेछ ।

यो प्रणालीको उदघाटन गर्नु हुँदै महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघको अध्ययन अनुसन्धान र नीतिगत पैरवीमा यसले सहजता प्रदान गर्ने वताउनुभयो ।

सो बीआईएस पोर्टल नेपाल उद्योगवाणिज्य महासंघका लागि एसिया फाउन्डेसन नेपालको प्राविधिक सहयोग र स्मार्ट सोलुसन्स टेक्नोलोजी प्रा.लि.ले तयार पारेको हो । यस पोर्टल मार्फत महासंघ सम्बद्ध र अन्य सहित करिव २५० संस्थासंग व्यवसायिक वातावरण सर्वेक्षण गरेको छ । यो महासंघको अध्ययन अनुसन्धान तर्फको महत्वपूर्ण दस्तावेज हुनेछ ।

### महासंघको कार्य संचालन रणनीति :



नेपाल उद्योगवाणिज्य महासंघले सदस्य सेवा प्रभावकारी बनाउने उद्देश्यले वस्तुगत, जिल्ला/नगर उवासंघ, द्विराष्ट्रिय उवासंघ एवं अन्य सदस्य बारे छलफल गरि कार्य संचालन रणनीति तयार भएको छ ।

चेम्वर प्रणालीको समिक्षा, महासंघको विद्यमान संरचना र भूमिका, विद्यमान प्रणाली भित्रका चुनौतीहरु, चेम्वर प्रणालीको प्रभावकारिता सुधार गर्न प्रवेश विन्दूहरु, वस्तुगत संघहरुले गरेका प्रारम्भिक अपेक्षा, नक्सांकन र अन्तराष्ट्रिय अभ्यास खासगरी जर्मनीको चेम्वर प्रणालीका उदाहरणका आधारमा रणनीति तयार भएको हो ।

## ६) उद्योग वाणिज्य प्रवर्द्धनका कार्यक्रमहरु

उद्योगवाणिज्य प्रवर्द्धनसंग सम्बन्धित क्रियाकलापहरु संचालन गर्न स्वदेशी तथा विदेशी संघ संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गरियो ।

## महासंघमा साना तथा मझौला उद्यम विकास केन्द्र स्थापना :



२०८१ मंसिर ३ गते नेपाल उद्योगवाणिज्य महासघमा लघु घरेलु तथा साना मझौला उद्यम विकास केन्द्र स्थापना भएको छ । केन्द्रको उद्घाटन राष्ट्रिय योजना आयोगका सचिव मधु मरासिनी, उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण राउत र महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले संयुक्त रुपमा गर्नुभएको थियो ।

केन्द्रले व्यवसाय सञ्चालनका लागि आवश्यक सीप, प्रविधि, र तालिम प्रदान गर्नेछ । साथै, उद्यमीहरूलाई सशक्त बनाउनका लागि बजार व्यवस्थापन, वित्तीय व्यवस्थापन, र व्यवसाय रणनीति सम्बन्धी सहायता पनि उपलब्ध गराउनेछ ।

लघु, घरेलु, साना तथा मझौला उद्यम विकास केन्द्रले व्यवसाय सञ्चालन, व्यवस्थापन, उत्पादन, र विपद व्यवस्थापनका लागि सल्लाहकारहरूको परामर्श सेवा पनि उपलब्ध गराउनेछ । यसले व्यवसाय सम्बन्धी समस्याहरू समाधान गर्न र कानुनी सल्लाह प्रदान गर्न मार्गदर्शन गर्नेछ । केन्द्रले उद्यमीहरूलाई व्यवसाय दर्ता, लाइसेन्स प्राप्ति, कर सम्बन्धी जानकारी, र सरकारी नियमहरूको पालना गर्न सहयोग गर्नेछ ।

## महासंघ र ट्रेड युनियन सम्मिलित फोरम स्थापना गर्ने सहमतिः



नेपाल उद्योगवाणिज्य महासंघ र ट्रेड युनियनले श्रम सम्बन्धी समस्या समाधान गर्न फोरम स्थापना गर्ने सम्बन्धमा २०८१/८/१३ गते महासंघ सचिवालयमा भएको बैठकमा सहमति भएको छ ।

बैठकमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पछिल्लो समय देशमा रोजगारदाता-श्रमिक सम्बन्ध सुधार हुँदै गएको, भविष्यमा आउन सक्ने कुनै पनि चुनौती समाधान गर्न रोजगारदाता र श्रमिकबीच सहकार्य र समन्वय हुनुपर्ने बताउनु भएको थियो ।

बैठकमा JTUCC का अध्यक्ष योगेन्द्र कुंवरले गत मंसिरमा भएको समझदारी पत्रमा समिक्षा गर्नका साथै आगामी दिनहरुमा आउन सक्ने चुनौतीहरुको दुईपक्षीय रूपमा न्यूनीकरणका उपायहरु पहिचान गर्दै जाने, सामाजिक सुरक्षा कोषलाई अझ सक्रिय पार्दै जानु पर्ने र यसका लागि श्रमिक र रोजगारदाता दुवै पक्षको भूमिकालाइ वढाउदै जान जरुरी रहेको बताउनु भयो ।

यस्तै GEFONT का अध्यक्ष विनोद श्रेष्ठले उद्योगपनि वचाउने र श्रम बजारलाई पनि व्यवस्थित गर्दै अगाडी बढने दृष्टिकोण स्थापित गर्न जरुरी रहेको बताउनु भयो । द्विपक्षीय समझदारी गरिएको बिषयलाई सम्झना गर्दै त्यस समझदारीमा उल्लेख गरिएका कार्यक्रमहरुलाई दुईपक्षीय कार्यसमिति निर्माण गरी अगाडी बढन जरुरी रहेको कुरा वताउनु भयो ।

महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठले गत मंसिरमा भएको समझदारीलाई छिट्टै कार्यान्वयन गर्नुपर्ने र दुवै पक्षको सहमतिमा क्षेत्रगत, उत्पादकत्व लगायतका

आधारमा न्यूनतम पारिश्रमिक निर्क्योल गरिनु पर्ने विषयमा छलफल बैठक आयोजना हुन पर्ने कुरालाई जोड दिनु भएको थियो ।

साथै सो कार्यक्रममा दुइपक्षिय रूपमा समाधान हुनसक्ने कुनै पनि समस्याहरु सरकारमा जानु भन्दा अगाडी दुई पक्षका बीच छलफल हुनका साथै अन्तरास्ट्रिय अभिसन्धीहरु पास गर्ने सम्बन्धमा द्धिपक्षीय छलफल जरुरी रहेको बिषयलाई पनि जोड दिईएको थियो ।

## एफएनसिसिआई इनोभेशन डायलगको आयोजना :

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नती हुने सर्न्दभमा महासंघले २०८१ मंसिर ३ गते (FNCCI Innovation Dialogue) कार्यक्रमको आयोजना गरेको थियो ।




उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण बहादुर राउत, राष्ट्रिय योजना आयोगका सचिव मधु कुमार मरासिनीको आतिथ्यमा सम्पन्न कार्यक्रममा "Preparing Businesses for LDC Graduation through Innovation" विषयलाई मुख्य आधार बनाई Innovation in MSMEs, Innovation in Startups / Innovative Financing तीन वटा क्षेत्रमा विज्ञहरुसंग छुट्टा छुट्टै समूहगत छलफल (Pannel Discussion) गरिएको थियो ।

स्तरोन्नती पश्चात भविष्यमा आईपर्न सक्ने चुनौतीहरुको सामना गर्न सरकार, निजी क्षेत्र तथा सम्बन्धी निकायहरुले अहिलेदेखि नै सहकार्य गर्नुपर्ने भएकोले यसको पूर्व तयारीको लागि आवश्यक रणनीत तय गर्नु पर्ने कुराममा जोड दिइएको थियो ।

कार्यक्रममा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले साना, मझौला, र लघु उद्यममा पर्ने प्रभाव कम गर्न सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्नेकमा जोड दिनु भइएको थियो ।

उहाँले नेपाली उत्पादनहरू बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको सामना गरिरहेको बताउँदै उच्च गुणस्तरका सामान उत्पादन गरी बजारको माग पूरा गर्न व्यवसायीहरूले ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । सरकारको भूमिका आवश्यक सहयोग सेवा उपलब्ध गराउनेमा महत्तवपूर्ण रहेको उहाँले बताउनुभयो ।

यस अवसरमा उद्योगसचिव कृष्णबहादुर राउतले पुराना कानुनमा परिमार्जन गरि व्यवसायी मैत्री बनाउने प्रयास भैरहेको वताउनुभयो । बौद्धिक सम्पत्ति सम्बन्धी कानुन परिमार्जन गरिरहेको उदाहरण प्रस्तुत गर्दै उहाँले नवप्रवर्तनमा सहयोग पुग्ने गरि नीतिगत सुधार गरिने जानकारी गराउनुभयो ।


विकासशील देशमा स्तरोन्नतिपछिका चुनौती सामना गर्न उद्यममा नवप्रवर्तन आवश्यक

स्तरोन्नति हुँदा नेपालको अन्तर्राष्ट्रिय सुविधा कटौती

स्तरोन्नतिको चुनौती सामना गर्न उद्यममा नवप्रवर्तन आवश्यक

त्यसैगरी, राष्ट्रिय योजना आयोगका सचिव मधु कुमार मरासिनीले नेपालले अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने हुँदा पछि तल झर्न नपर्ने गरि तयारी गर्नुपर्ने वताउनुभयो । चुनौति सामना गर्न निजी क्षेत्रले पनि पहल गर्नुपर्ने वताउनुभयो । महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सोचाइमा परिवर्तन गर्न आह्वान गर्दै स्तरोन्नतिपछिको प्रगतिलाई कायम राख्न नवप्रवर्तनशील र नयाँ दृष्टिकोण अपनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## विकासका लागि वित्त सम्वाद कार्यक्रमः

मिति २०८१ भाद्र ३ गते उप प्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेलको प्रमुख आतिथ्यतमा नेपाल सरकार अर्थ मन्त्रालय, संयुक्त राष्ट्र संघ र नेपाल उद्योगवाणिज्य महासंघले संयुक्त रुपमा विकासका लागि वित्त सम्वाद कार्यक्रम आयोजना गरिएको थियो । महासंघको पहलमा पहिलोपटक यस बिषयमा सम्वाद कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल अल्पविकसित समुहबाट स्तरोन्नतिको संघारमा रहेकाले थप लगानी आवश्यक रहेको विषयमा छलफल भएको थियो ।



कार्यक्रममा उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले विकासोन्मुख मुलुकहरुमा राजश्वको ठूलो अंश ऋणको साँवा ब्याज भुक्तानीमा खर्च हुने गरेको र विकासका लागि लगानी अभाव हुने गरेको साथै नेपाल पनि ती अन्य मुलुकभन्दा फरक नभएको हुँदा स्रोत जुटाउन सरकार, निजी क्षेत्र र बिकास साझेदारसंग सहकार्यका लागि आग्रह गर्नुभएको थियो ।

उहाँले आगामी महिना संयुक्त राष्ट संघमा हुने समिट फर फ्युचरमा साझा धारणा बनाउनु पर्ने र यस सम्वादले यसलाई साझा धारणा बनाउन मद्दत पुग्ने वताउनुभयो । त्यसैगरी उहँले निजी क्षेत्रको लगानी विस्तारका लागि सरकार वातावरण बनाउन तयार रहेको र विदेशी लगानी आकर्षित गर्न क्रेडिट रेटिंग गरिरहेको, नेपाल राष्ट्र बैंकले बिकासका लागि वित्तीय स्रोत जुटाउनेमा राष्ट्र बैंकको अप्रत्यक्ष भूमिका भएपनि सरकार र विकास साझेदारसंगको समन्वयमा वित्तीय समावेशिता हासिल गर्न प्रयासरत रहेको जानकारी दिनुभएको थियो ।




महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति भैरहेको समयमा विकासका लागि वित्तीय स्रोतको पहिचान सहित आगामी यात्रा तय गर्न सरकार र संयुक्त राष्ट संघसंगको सहकार्यमा यो कार्यक्रम आयोजना गरिएको धारणा राख्नु भएको थियो । कार्यक्रममा उहाँले प्रत्यक्ष वैदेशिक लगानी घटदै गएको, राजश्वमा कमी आइरहेको, वैदेशिक अनुदान पनि घटदै गैरहेको सन्दर्भमा बिकासका लागि लगानी जुटाउन सबै तहबाट प्रयास गर्नुपर्ने, महासंघले स्वदेश र विदेशमा लगानी


न्यून राजस्व र बढ्दो सार्वजनिक ऋणले विकास वित्त परिचालनमा समस्या

आर्थिक

'विकासोन्मुख देशको आर्थिक विकास झन् चुनौतीपूर्ण'

प्रवर्द्धनका विशेष कार्यक्रम आयोजना गरिरहेको वताउनुभयो ।

संयुक्त राष्ट संघका आवासीय संयोजक हाना सिंगरले नेपालको विकास आवश्यकता पुरा गर्न बार्षिक २३ अर्ब डलर आवश्यक रहेको हुँदा लगानी जुटाउन विशेष पहल आवश्यक रहने वताउनुभयो । उहाँले अतिकम बिकसित मुलुकबाट स्तरोन्नति हुने संघारमा रहेकाले नेपालका लागि सबै तिरबाट स्रोत जुटाउन आवश्यक रहेको धारणा राख्नु भएको थियो ।

कार्यक्रममा निजी लगानी, सार्वजनिक वित्त र दिगो लगानीका बिषयमा तीनवटा सत्रमा छलफल भएको थियो । जसमा सरकारी, निजी क्षेत्र र बिकास साझेदारका तर्फबाट करिब १५ जनाले आफ्नो प्रस्तुति गर्नुभएको थियो ।

## स्टार्टअप नेसन २०३० सम्मेलनको आयोजना :




नेपाल सरकार, उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजना तथा नेपाल उद्योगवाणिज्य महासंघ लगायत औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, ICIMOD र PUM नेदरल्यान्डस्को सहआयोजनमा २०८१ भाद्र ५ गते स्टार्टअप नेसन २०३० सम्मेलन सम्पन्न भएको थियो ।

सन् २०३० सम्म नेपालमा १० हजार स्टार्टअप प्रवर्द्धन गरी एक लाख रोजगारी सिर्जना गर्ने र देशलाई आत्मनिर्भर बनाउने, आयात प्रतिस्थापन गर्ने तथा देशको अर्थतन्त्रमा सघाउ पुऱ्याउने प्रमुख नाराका साथ उक्त सम्मेलन आयोजना गरिएको थियो ।



प्रधानमन्त्री के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम पश्चात स्टार्टअप उद्यम संवर्द्धन केन्द्र स्थापना र विकास गर्न सरकारले स्टार्टअप नीति, स्टार्टअप कर्जा प्रवाह कार्यविधि, उद्यम संवर्द्धन केन्द्र स्थापना र सञ्चालन कार्यविधि जस्ता कानुन निर्माण गरिसकेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा सरकारले १८३ वटा स्टार्टअपलाई व्यवसायको विस्तार गरी रोजगारी सिर्जना गर्न ३ प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गरिसकेको छ भने चालु आ.व. २०८१/८२ मा स्टार्टअप कर्जा प्रवाह प्रयोजनका लागि १ अर्ब बजेट विनियोजन गरेको छ । सोको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्ने छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले साना पुँजीबाट धेरै उद्योगहरू स्थापना गर्न युवालाई आग्रह गर्नु भएको थियो । उहाँले सानासाना पुँजीबाट उत्पादनवृद्धि हुने धेरै उद्योगहरू स्थापना र विस्तार गर्नुपर्ने साथै 'नवीन र सिर्जनशील सोचका साथ युवा र महिलाहरूले कामका लागि विदेश नगई स्वदेशमै रोजगारी र आयका अवसर खोज्न सकिने धारणा राख्नु भएको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कार्यक्रमको उद्घाटन सत्रमा मन्तव्य दिदैं नेपाल उद्योगवाणिज्य महासंघको पहलमा १० अर्ब रुपैयाँको लगानीमा लगानी कम्पनी स्थापना भएको र उक्त स्थापित लगानी कम्पनीले स्टार्ट अपमा पनि लगानी गर्ने जानकारी गराउनु भएको थियो । यो ठूलो कोषले देशलाई आवश्यक पर्ने ठूला विकास आयोजनामा लगानी गर्न सकिने साथै वर्षौंदेखि बन्द रहेका सरकारी स्वामित्वका उद्योगहरूमा लगानी गर्ने र यसले औद्योगीकरणमा मात्रै नभई देशभित्रै रोजगारी सृजना गर्न पनि सहयोग पुग्ने उहाँले बताउनु भयो ।



FNCCI unveils Rs 10 billion investment fund for start-ups

१० अर्बको कम्पनीमार्फत स्टार्टअपमा लगानी गरिँदै

## बजेट एवं मौद्रिक नीतिबारे छलफल

महासंघले बजेट र मौद्रिक नीतिमा निरन्तर छलफल गरिरहेको हुन्छ । यस बर्ष पनि बजेट र मौद्रिक नीति सार्वजनिक हुनु पूर्व र सार्वजनिक भैसकेपछि छलफल आयोजना गर्‍यो ।



मौद्रिक नीतिले लगानी प्रोत्साहन गर्नुपर्ने माग

'मौद्रिक नीति अर्थतन्त्रको सञ्जीवनी बुटी बनोस्'

निजी क्षेत्रको आग्रह

'Bring monetary policy to boost economic activities'

बजारमा माग बढाउन र अर्थतन्त्र चलायमान बनाउने बिषयमा महासंघले यस बर्ष विशष जोड दिएको थियो ।

विदेशी मुद्राको उच्च संचितिसंगै बैंकहरुमा अत्यधिक तरलता हुँदा पनि कर्जा प्रवाह नभएको सन्दर्भमा सरकारी नीतिले यसलाई सम्बोधन गर्नुपर्नेमा महासंघको जोड थियो ।

## नेपाल भारत संयुक्त व्यापार मञ्चको वैठक :




नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ) को दोस्रो बैठक २०८१ पौष २७ गते सम्पन्न भएको छ । दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले भएको बैठकमा नेपाल र भारतका प्रतिनिधिहरू सहभागि थिए ।

मञ्चको बैठकमा सहभागीहरुलाई स्वागत गर्दै नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र भारत बीच आर्थिक क्षेत्रमा अथाह सम्भावना रहेको उल्लेख

गर्दै दुवै क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधार तथा व्यवहारिक समाधान खोजेर अघि बढ्नु पर्ने बताउनु भएको थियो ।

सो अवसरमा उहाँले गैर भन्सार अवरोध हटाउने, नेपाली वस्तु निर्यातमा ब्यूरो अफ इन्डियन स्ट्यान्डड्र्स (बिआइएस) को प्रमाणीकरण प्रक्रियाले गर्दा देखिएको समस्या समाधानको लागि सहजिकरण गर्ने , भैरहवा र पोखरा विमानस्थलसंग भारतका शहर जोडने र नेपालका  जलविद्युत तथा अन्य निमार्णजन्य विकासको लागि आवश्यक विस्फोटक पदार्थहरू सहज आपूर्ती आवश्यक भएको बताउनु भयो ।



नेपाल भारत वाणिज्य सचिवस्तरिय वैठककै अंगकै रुपमा रहेको जेबिएफ बैठकमा नेपाल र भारतका प्रतिनिधिहरूले व्यापार, लगानी, ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधार विकास लगायतका विषयहरुमा छलफल गर्नु भएको थियो ।

यस्तै संयुक्त बैठकमा जलविद्युत र नवीकरणीय ऊर्जा, सौर्य, वायु लगायतका परियोजनामा सहकार्य गर्दै स्वच्छ ऊर्जा प्रवर्द्धन, पर्यटन र कनेक्टिभिटी, सडक, रेल र हवाई सम्पर्क सुदृढ गर्दै सीमापार व्यापार सहज बनाउने, व्यापार र सीमापार लगानी, कृषि र औषधीय वनस्पति, कृषि उत्पादनको कोटा हटाई उच्च बीउ तथा प्रविधि उपलब्ध गराउने, औषधीय वनस्पतिहरूमा अनुसन्धान र व्यवसायिकरणको सहकार्य, डिजिटल प्रविधि र स्टार्टअप सहयोग लगायतका विषयहरुमा आवश्यक सहजिकरण गर्ने सहमति भएको छ ।

सो अवसरमा दुवै देशले व्यापारमा देखिएका समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धता समेत जनाएका थिए । यसैबीच दोस्रो बैठकमा भएका सहमतिका विषयलाई शनिवार नै नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ । भारतीय वाणिज्य सचिव सुनिल वर्थवाल र नेपालका वाणिज्य सचिव गोविन्द वहादुर कार्कीलाई मञ्चका अध्यक्ष भवानी राणा र सन्थिल कुमारले सो सहमती हस्तान्तरण गर्नु भएको थियो ।

मञ्चको बैठकपछि आयोजित (जेबिएफ) सदस्य तथा दुवै देशका सरकारी निकायबीचको अन्तरक्रिया कार्यक्रममा बोल्दै उद्योगवाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबिएफको मिटिङमा भएका सहमतीलाई दुवै पक्षले कार्यान्वयनमा लैजानु पर्ने बताउनु भयो । उद्योगवाणिज्य तथा आपूर्ती मन्त्रालयका सचिव गोविन्द बहादुर कार्कीले मञ्चको बैठकबाट प्रस्तुत भएका विषयहरुको व्यवहारिक कार्यान्वियन आवश्यक रहेको बताउनु भयो ।

सो अवसरमा भारतका वाणिज्य सचिव सुनिल बर्थवालले जेबिएफमा उठेका एजेण्डा कार्यान्यवका लागि आफ्नो पक्षबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले दुई देशबीचको आर्थिक मुद्धाहरुमा यो वैठक महत्वपूर्ण रहेका बताउँदै यहाँ उठेका विषयहरुमा सहजीकरणको लागि आफ्नो तर्फबाट पहल गर्ने बताउनु भयो । मञ्चको अर्को बैठक भारतको नयाँ दिल्लीमा आयोजना गरिने सहमती भएको छ ।

## विशेष ग्राह्यता प्रणाली प्लस (GSP+) र अन्तर्राष्ट्रिय श्रम मापदण्डहरु विषयक कार्यशाला :

'सशक्त महिला; समृद्ध नेपाल' कार्यक्रमका साझेदार निकायहरु युरोपेली संघ, नेपाल सरकार, अन्तर्राष्ट्रिय व्यापार केन्द्र र अन्तर्राष्ट्रिय श्रम संगठन संगको सहकार्यमा २०८१ जेठ ९ गते नेपाल

उद्योगवाणिज्य महासंघद्धारा "विशेष ग्राह्यता प्रणाली प्लस (GSP+) र अन्तर्राष्ट्रिय श्रम मापदण्डहरु विषयक" कार्यशाला सम्पन्न गरेको छ ।



उक्त कार्यक्रममा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा निर्यात र रोजगारीमा पर्ने असर, जिएसपी प्लस सुविधा पाउनका लागि पुरा गर्नुपर्ने मापदण्ड सम्बन्धमा सरोकारवालाहरुसंग छलफल गरिएको थियो ।

कार्यक्रममा उपाध्यक्ष एवं रोजगारदाता परिषद्का उपाध्यक्ष ज्योत्सना श्रेष्ठले जिएसपी प्लस सुविधा लिन पारित गर्नुपर्ने अभिसन्धिको निजी क्षेत्रमा पर्ने प्रभावबारे धारणा राख्नु भएको थियो ।

नेपालका लागि यूरोपियन युनियनका राजदुत भेरोनिक लोरेन्जले EU GSP Plus मा आबद्ध हुनका लागि नेपालले श्रम स्वतन्त्रता र श्रम निरीक्षण संग सम्बन्धीत ILO महासन्धिहरूको अनुमोदन र तिनको कार्यान्वयन सुनिश्चित हुनु पर्ने धारणा राख्नु भएको थियो । त्यस्तै, नेपालका लागि अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका देशिय निर्देशक नुमान ओज्कानले आइएलओको मूल्याङ्कनले महिला रोजगारीमा असमान प्रभाव पर्ने संकेत गर्दै मर्यादित काम सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

## 'स्टार्टअप नीति २०८०' सम्बन्धमा छलफल :

२०८१ वैशाख २० मा बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको राष्ट्रिय स्टार्टअप उद्यम नीति-२०८० को कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा जोड दिइएको छ ।

२०८१ जेष्ठ १६ गते महासंघले आयोजना गरेको 'स्टार्टअप नीति २०८०' सम्बन्धी संवादमा वक्ताहरूले स्टार्टअपलाई बजेटमा सम्बोधन गर्न थालेको एक दशकपछि राष्ट्रिय स्टार्टअप उद्यम नीति-०८० बनेकाले अव यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताउनु भएको थियो ।



पन्ध्रौँ आवधिक योजना ९०७६/७७-०८०/८१० ले स्टार्टअप व्यवसायमा संलग्न हुने युवा उद्यमीलाई व्यवसाय सुरु गर्न आवश्यक प्रविधि एवं ज्ञान र सीप उपलब्ध गराउनुका साथै सहुलियतपूर्ण कर्जा प्रवाह गरी वित्तीय पहुँच सुनिश्चित गर्ने विषयमा जोड दिएको छ ।

वि.सं २०७६/७७ देखि नेपाल राष्ट्र बैंकले परियोजना धितोमा युवा उद्यमीलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले 'स्टार्टअप नीति २०८०' स्वीकृत हुनु निजी क्षेत्रका लागि ठूलो उपलब्धि भएको र अब प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको थियो ।

युवालाई रोजगारसम्बन्धी तालिम र 'फेलोसिप' उपलब्ध गराउनेदेखि स्टार्टअप उद्यमीको वित्तीय आवश्यकता सम्बोधन गर्न स्टार्टअप कोषको स्थापना गरिने बजेटमा उल्लेख गरिएको छ ।


स्टार्टअप उद्यमीलाई पर्याप्त सुविधा

महासङ्घद्वारा स्टार्टअप नीतिको स्वागत

स्टार्ट अप नीति पारित

काठमाडौं, (नेस)

स्टार्ट अप नीति पारित भएकोमा महासंघले खुसी व्यक्त गरेको छ। बुधबार महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अब स्टार्ट अप विस्तारमा महत्वपूर्ण कोसेढुंगा भएको बताउनुभयो। दुई वर्षअघि महासंघले मस्यौदा तयार पारी सरकारसमक्ष प्रस्तुत गरेको थियो। त्यसमा व्यापक छलफलपछि मन्त्रिपरिषद्ले पारित गरेको हो।

'स्टार्टअप नीति' जेठ २ गते मन्त्रिपरिषद्बाट पारित भएको थियो। उद्योग मन्त्रालयका सहसचिव जीवलाल भुसालले स्टार्टअपको परिभाषा र स्टार्टअप र लघु, घरेलु तथा साना उद्योग र स्टार्टअप उद्यमका अन्तरसम्बन्ध, स्टार्टअप वर्ष २०८० र स्टार्टअप कर्जाबारे विषयमा प्रकाश पार्नुभएको थियो।

## 'श्रमदान रोजगार मेला' मा महासंघको सहभागिता :

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली नागरिकको श्रमयात्रा र रोजगारीका बहुआयामिक आवश्यकतालाई एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा नेउवामहासंघ, नेपाल उद्योगपरिसंघ, नेपाल घरेलु तथा साना उद्योगमहासंघ, नेपाल चेम्बर अफ कमर्श, होटल संघ, नेपाल, नेपाल तालीम तथा रोजगार व्यवसायी महासंघको सह आयोजनामा प्रदेशस्तरीय २ दिने श्रमाधान रोजगार मेला आयोजना गरियो ।




पहिलो श्रमाधान मेला मिति २०८१ जेष्ठ १७ गते कोशि प्रदेशमा नेउवामहासंघ कोशी प्रदेशको संयोजनमा आयोजना भएको मेलामा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल ( प्रचण्ड) ले समुद्घाटन गर्नुको थियो ।

रोजगार दिने र रोजगार खोज्ने दुबै पक्षलाई लक्षित मेलामा विभिन्न स्टलहरु राखिएको थियो भने त्यहाँ थुप्रै रोजगारदाता तथा रोजगार खोज्ने व्यक्तिहरुको सहभागीता रहेको थियो । श्रमाधान मेलाको आयोजना विराटनगर, सुर्खेत, पोखरा, ललितपुर, धनगढी, बुटवल, जनकपुरमा पनि आयोजना गरिएको थियो ।

२०८१ जेठ १७ गते देखि ३० गतेसम्म सातै प्रदेशमा सञ्चालन भएको मेलामा रोजगारीको खोजी गरी रहेका व्यक्ति, रोजगारदाता, तालिम प्रदायक संस्था तथा वैदेशिक रोजगार सम्बन्धी सबै खालको जानकारी दिने व्यवस्था गरिनुका साथै 'मेलामा रोजगारीको खोजीमा रहेका व्यक्तिले रोजगारदातासम्म कसरी पुग्ने, अवसरको कसरी पहिचान गर्ने साथै रोजगारीको लागि आवश्यक सीपको बारेमा पनि जानकारी पाउन सकिन व्यवस्था गरिएको थियो ।

## उद्योगव्यवसायमैत्री वातावरण निर्माण सम्बन्धी अन्तरक्रियाः



आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र भन्सार विभागका महानिर्देशकहरूको उपस्थितिमा २०८१ जेठ २२ गते महासंघले उद्योगव्यवसायमैत्री वातावरण निर्माण र संचालनमा थप सहजिकरणका साथै अन्य समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले हरेक वर्ष परिवर्तन हुने नीतिका कारण लगानी निरुत्साहित हुँदै गएको बताउनु भएको थियो ।

साथै करका दरहरुमा हुने परिवर्तन र निजी क्षेत्रप्रतिको धारणाका कारण सरकारको राजश्व पनि अपेक्षित रुपमा उठन नसकेको, कृषिजन्य वस्तुको आयातमा लागेका अग्रिम आयकर, फलामे छडको अन्तशुल्कका बिषय आउन थालेको विवाद, नयाँ करका दरहरु लगायतका बिषयमा सरकार सम्वेदनशील हुनपर्ने लगायतका विषयमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक कमल भट्टराईले यो बिषय अन्तराष्ट्रिय स्तरमा पनि रहेको हुँदा लगानी निरुत्साहित नहुने गरि सुधार गर्दै जानुपर्ने धारणा राख्नु भएको थियो ।

राजश्व अनुसन्धान विभागका महानिर्देशक चक्र बुढाले राजश्व अनुन्धानले निजी क्षेत्रसंगको सहकार्यमा काम गर्न चाहेको वताउनुभएको थियो भने भन्सार विभागका महानिर्देशक ढुण्डीराज निरौलाले भन्सार सहजीकरणका लागि थप छलफल गरि सहजीकरण गरिने वताउनुभएको थियो ।

आन्तरिक राजश्व विभागका महानिर्देशक शिवलाल तिवारीले निजी क्षेत्र मैत्री कर प्रशासन बनाउन सरकार प्रयासरत रहेको र बजेटमा भएको व्यवस्था कार्यान्वयनमा जाने र कार्यान्वयनमा कही कतै समस्या भए सुधार गरिने वताउनुभयो ।

महासंघका उपाध्यक्ष हेमराज ढकालले वस्तुगत संघहरुले दिएका सुझाव कार्यान्वयनका लागि सरकारसंग आग्रह गर्नुभयो । कार्यक्रममा महासंघका सदस्य जिल्ला नगर, वस्तुगत, द्विराष्ट्रिय र एसोसिएट सदस्यहरुको सहभागिता रहेको थियो ।

## राजस्व चुहावट नियन्त्रण र भिसिटिएस सम्बन्धि अन्तरकृया :

राजस्व अनुसन्धान विभागको आयोजना तथा महासंघको समन्वयमा २०८१ माघ २२ गते "राजस्व चुहावट नियन्त्रण र भिसिटिएस सम्बन्धि" अन्तरकृया कार्यक्रम आयोजना गरिएको थियो ।

राजश्व अनुसन्धान विभागका महानिर्देशक चण्डि प्रसाद घिमिरेको उपस्थिति रहेको उक्त कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले हालै जारी अध्यादेशबाट यस विभागको कार्यक्षेत्र भित्र पर्ने



राजस्व चुहावट ऐन २०५२ का संशोधनमा समेटिएका विषयहरुले व्यवसायिक वातावरण निर्माण गर्न थप सहयोग पुग्न जाने विस्वास निजी क्षेत्रले लिएको बताउनु भयो ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डी प्रसाद घिमिरेले सरकार र निजी क्षेत्र दुबैको उद्धेश्य वैध व्यापारलाई प्रोत्साहन गरी अवैध र अनौपचारिक व्यापारलाई नियन्त्रण गर्ने भएकोले सरकार निजी क्षेत्रको सहकार्यबाट मात्रै त्यो कार्य सम्भव रहेको बताउनु भयो ।

## नेपाल अमेरिका व्यापार र लगानी विषयक कार्यक्रम आयोजना :




२०८१ भाद्र २४ गते महासंघ, तयारी पोशाक संघ, नेपाल अमेरिका चेम्बर अफ कमर्श, युएसएड र निर्यात महासंघले संयुक्त रुपमा आयोजना गरेको नेपाल अमेरिका व्यापार र लगानी अवसर र चुनौति बिषयक कार्यक्रमको आयोजना गरिएको थियो ।

अमेरिकाले सन २०१६ मा भुकम्पपछि ७७ वटा वस्तुमा दिएको भन्सार रहित सुविधा सन् २०२५ को डिसेम्बरबाट सकिने लागेकोमा भाद्र महिनाको अन्तिम सातामा आयोजना हुने व्यापार एवं लगामी सम्बन्धी सम्झौता (टिफा) परिषद्को वैठकमा उक्त सुविधाको निरन्तरता र हाल निलम्बनमा रहेको जिएसपी सुविधाको निरन्तरतालाई प्राथमिकता दिइनुपर्ने लगायतका विषयमा छलफल लागि उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

नेपाल र अमेरिकाबीच सन २०११ मा टिफा सम्झौता भएको थियो । यो सम्झौताको खाका भएको हुँदा द्धिपक्षीय लगानी र व्यापारका लागि थप सम्झौता गर्नका लागि यसले आधार तयार पार्ने अपेक्षा गरिएकोमा हालसम्म कुनै उपलब्धि हुन नसकेकोले हाल सुविधा गुम्ने अवस्था आएको हुँदा अमेरिकाको निर्यात घटन सक्नेमा कार्यक्रममा सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका थिए ।

## नवनियुक्त राजदूतसंग आर्थिक कुटनीतिमा विमर्श :

महासंघले विभिन्न १७ मुलुकका लागि नवनियुक्त नेपाली राजदूत र तीन महावाणिज्यदूतहरुसंग २०८१ कार्तिक २८ गते अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । उक्त अन्तरक्रिया कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघले लगानी, पर्यटन तथा निर्यात प्रवर्द्धनमा विभिन्न मुलुकमा रहेका नेपाली नियोगलाई निरन्तर सघाउने प्रतिवद्धता जनाउनुभएको थियो । उहाँले महासंघमा विदेशी लगानी सहायता कक्ष नै स्थापना गरि लगानी प्रवर्द्धनका लागि लगानीकर्ता र



सरकारबीच पुलको काम गर्न खोजिरहेको वताउनुभयो । त्यसैगरी उहाँले नेपालमा वातावरण वन्दै गएपनि लगानी प्रोत्साहित हुन नसकेको सन्दर्भमा नवनियुक्त राजदूतहरुलाई आर्थिक कुटनीतिलाई कार्य सम्पादनको मानकका रुपमा मानेर काम गर्न आग्रह गर्नुभएको थियो ।

नेपाल अतिकम विकसित मुलुकहरुबाट स्तरोन्नति हुने क्रममा रहेको हुँदा यसले अन्तराष्ट्रियस्तरमा पाइने सुविधा कटौतिले निजी क्षेत्रमा प्रभाव पर्ने भएकोले यस्तो प्रभाव कम गर्न नव नियुक्त राजदूतहरुको महत्वपूर्ण भूमिका रहने बताउनु भएको थियो ।

कार्यक्रममा विभिन्न देशका लागि प्रस्तावित नेपाली राजदूतहरुले आ-आफ्नो कार्यक्षेत्रबाट नेपालका लागि गर्न सक्ने कामको लागि महासंघसंग समन्वय गरेर काम काम गर्न सकिने धरणा राख्नु भएको थियो ।


आर्थिक कुटनीतिलाई बढावा दिन महासंघको राजदूतहरुलाई आग्रह

FNCCI seeks stronger economic partnerships through ambassadorial global networks

Waymo's robotaxis now open to anyone who wants a driverless ride in Los Angeles

आर्थिक कुटनीतिमा जोड दिने राजदूतहरुको प्रतिबद्धता

Ambassadors urged to focus on economic diplomacy

सो अवसरमा बेलायतका लागि प्रस्तावित राजदूत चन्द्र घिमिरे, भारतका लागि डा. शंकर शर्मा, चीनका लागि कृष्ण प्रसाद वली, दक्षिण अफ्रिकाका कपील श्रेष्ठ, पाकिस्तानका रीता धिताल, साउदी अरबका राजदूत नरेश ढकाल, स्पेनका राजदुत सनिल नेपाल, पोर्चुगलका प्रकाशमणी पौडेल र मलेसियाका लागि प्रस्तावित राजदूत नेत्र प्रसाद तिमल्सेना लगायतले निजी क्षेत्रसंग मिलेर काम गर्ने धारणा राख्नु भएको थियो ।

महासंघका बरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नवनियुक्त राजदूतहरुले आर्थिक कुटनीतिलाई केन्द्रविन्दुमा राख्नुपर्ने वताउनुभयो । कार्यक्रममा महासंघका पदाधिकारी लगायतको समेत सहभागिता रहेको थियो ।

## महासंघद्धारा आ.व २०८२।८३ को नीति तथा कार्यक्रमका लागि सुझाव प्रस्तुत :

महासंघले आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रमका लागि सुझाव पेश गरेको छ । महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई मिति २०८१ चैत्र ६ गते सुझाव पेश गर्नुभएको हो ।



महासंघले व्यवसाय दर्ता, नविकरण, राजश्व बुझाउने व्यवस्था एवं खारेजीका लागि प्रविधिको प्रयोग आवश्यक रहेको सुझाव दिएको छ । नागरिक एपमा बिजनेस आइकन राखि सोही मार्फत सम्पूर्ण व्यवसायिक सेवा दिन सकिने व्यवस्था आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा व्यवस्था गर्नुपर्ने सुझाव महासंघको छ । स्मार्ट सेवाका नाममा सम्पूर्ण सरकारी सेवा चुस्त दुरुस्त पार्नुपर्ने महासंघको सुझाव छ ।

सुझावमा पछिल्ला २ बर्षको अवधिमा विदेशी लगानी कुल गार्हस्थ्य उत्पादनको ०.२ प्रतिशतमा सिमित भएको हुँदा लगानीको श्रोत जुटाउन नेपालमा लगानी अभियान (INVESTMENT IN

NEPAL CAMPAIN) नामक कार्यक्रम ब्यापक रुपमा स्वदेश तथा विदेशमा सञ्चालन गरिनुपर्ने, लगानी बोर्ड र उद्योग विभागलाई एक अर्कामा गाभेर पुर्नसंरचना आवश्यक र वन स्टप सेन्टरको पूर्ण कार्यान्वयनका लागि लगानीकर्ताले एक ठाउँमा फाइल बुझाएपछि अन्यत्र जान नपर्ने गरि व्यवस्था गर्नुपर्ने, हरेक बर्ष आर्थिक ऐन ल्याएर राजश्व सम्बन्धि कानुनमा हठात परिवर्तन हुने क्रम रहेकोले यसको सट्टा एकिकृत कानुन संहिता निर्माण गरि सदनबाट पारित गर्नुपर्ने जस्ले सालबसाली बजेट मार्फत कार्यान्वयन हुने स्वेच्छाचारिता घटाइ नीतिगत स्थिरता कायम हुने साथै विभिन्न कानुनहरुले दिएको व्यवसायिक सुविधाको ग्यारेन्टी हुने हुँदा लगानी प्रोत्साहित हुने, सहकारी एवं लघु वित्तमा आएको समस्याका कारण साना मझौला उद्यमीसम्म सहज रकम प्रवाहका लागि पुर्नकर्जा लगायतका सुविधा उपलब्ध गराउनुर्ने, व्यवसायी, कर्जा सुरक्षण निगम, सरकार र बिकास साझेदारहरु समेतले जोखिम बेहोर्ने गरि एक करोड रुपैयासम्मको कर्जा परियोजना धितोमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, यसैगरि स्टार्ट अप नेपाल, साना उद्यमी बिकास कार्यक्रम र प्रविधिबाट समृद्धि कार्यक्रम अन्तर्गत उद्यमीहरुलाई सुविधा प्रदान गर्न पनि महासंघले सुझाव दिएको छ ।

## ७) अन्तरराष्ट्रिय मञ्चमा सहभागिता

अन्तरर्राष्ट्रिय मञ्चहरुमा महासंघको सहभागिता र उपस्थितिलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन विभिन्न द्विपक्षीय, बहुपक्षीय फोरमहरुमा महासंघको प्रतिनिधिमण्डलको सकृय सहभागिता रह्यो ।

### विम्स्टेक बिजनेस समिटः




कन्फेडेरेसन अफ इन्डियन इन्डष्ट्रिजले भारतीय विदेश मन्त्रालयसंगको सहकार्यमा सन् २०२४ अगष्ट ६ र ७ मा भारतको नयाँदिल्लीमा आयोजित बिमस्टेक बिजनेस समिट २०२४ मा महासंघले सक्रिय सहभागिता जनायो । बिम्स्टेकमा व्यापार सहजीकरण प्रवर्धन गर्दै इनल्याण्ड क्रस बोर्डर लिंकेज एण्ड ट्रेड इन्फ्रास्ट्रक्चर’ विषयक सत्रलाई महासंघ अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले सम्बोधन गर्नुभएको थियो ।

अध्यक्ष ढकालले बिम्स्टेक पूर्वाधार विकास कोष स्थापना गर्नुपर्ने, सदस्य राष्ट्रहरूलाई व्यापार सहजीकरण प्रवर्द्धन गर्न र सीमापार सम्बन्धको राम्रो विकास गर्न आवश्यक पूर्वाधारको विकास गर्नका लागि स्रोत साधन उपलब्ध गराउन क्षेत्रीय पूर्वाधार कोष आवश्यक रहेको बताउनु भएको थियो ।

बिमस्टेक क्षेत्रका सबै सदस्य राष्ट्रको विकास भएपछि मात्र अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो आवाज र उपस्थिति अझ बलियो हुने र अन्तर्राष्ट्रिय बैठकमा थप अधिकारका साथ सामूहिक रूपमा सम्झौता गर्न सक्ने धारणा राख्नु भएको थियो ।

साथै उहाँले नेपालको पूर्व-पश्चिम राजमार्गलाई भारत, बंगलादेश तथा म्यानमारसम्म जोडर क्षेत्रीय सञ्जालका लागि उपयोग गर्न सकिने बताउनु भयो । उहाँले नेपाल र भुटानजस्ता भूपरिवेष्ठित मुलुकका लागि सुख्खा बन्दरगाहको विकास गर्नुपर्ने र व्यापार लागत कम गर्न र समग्र संञ्जाल बढाउन ती बन्दरगाहको संञ्जाललाई सुधार गर्नुपर्ने, नेपालजस्ता भूपरिवेष्ठित मुलुकका लागि विद्यमान विमानस्थलको सहज सञ्चालनको आवश्यकता रहेकोले बिमस्टेकका सबै सदस्य राष्ट्रलाई क्षेत्रीय हवाई सम्पर्क अभिवृद्धि गर्ने विषयमा छलफल गर्नुपर्ने धारणा राख्नु भयो ।

बिमस्टेक राष्ट्रहरूबीचको व्यापार प्रक्रियालाई सरल बनाउनु पर्ने, व्यापार प्रक्रियामा सुधार गरेर विश्व बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन बिमस्टेक क्षेत्रमा महत्वपूर्ण पहल भइसकेको भए पनि धेरै काम गर्न बाँकी रहेको उल्लेख गर्दै उहाँले बिमस्टेकका सबै सदस्य राष्ट्रहरूबीच वार्ता गरेर समस्याहरुको समाधान खोज्नुपर्ने धारणा राख्नु भएको थियो ।

## विमस्टेक चेम्बरको गठन :




भारतको नयाँदिल्लीमा आयोजना गरिएको बिमस्टेक बिजनेस समिट २०२४ को अवसरमा महासंघ संस्थापक सदस्य रहने गरी बिमेस्टेक चेम्बर गठन भएको छ । सन् २०२४ को अगष्ट ६ र ७, नयाँदिल्लीमा आयोजित बिमस्टेक बिजनेस समिटको अवसरमा विमस्टेक राष्ट्रका प्रतिनिधिहरु र विमस्टेकका महासचिव इन्द्रमणि पाण्डे सम्मिलित बसेको वैठकमा नेपाल उद्योगवाणिज्य महासंघ नेपालको प्रतिनिधित्व गर्दै बिमस्टेक चेम्बर संस्थापक सदस्य रहने, विमस्टेक चेम्बरको सचिवालय नयाँ दिल्ली स्थित भारतीय उद्योगपरिसंघको कार्यालयमा स्थापना गरिने गरी विमस्टेक चेम्बर अफ कमर्श गठन हुने निर्णय भएको छ । विमस्टेक चेम्बरको स्थापना पछि यसले बिमस्टेक स्वतन्त्र व्यापार सम्झौताको गठन र कार्यान्वयनमा गति दिने अपेक्षा गरिएको छ । चेम्बरको अध्यक्षता वर्णानुक्रम अनुसार गरिने पनि बैठकले निर्णय गरेको छ ।




सो बैठकमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले आफूले गत वर्ष गरेको प्रस्ताव अनुरूप चेम्बर गठन हुन लागेकोमा खुसी व्यक्त गर्दै चेम्बर विधान बनाई तत्काल कार्यान्वयन गर्न पनि वैठकलाई आह्वान गर्नुभएको थियो ।

कार्यक्रममा महासंघका पूर्व अध्यक्ष भवानी राणाले "Women's Economic Empowerment: Inclusive Prosperity" विषयक सेसनमा समृद्ध बिमस्टेकका लागि महिला अधिकार, लैङ्गिक समानता र समावेशी आर्थिक सशक्तिकरण आवश्यक भएको धारणा राख्नु भएको थियो । महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले BIMSTEC Business Sumit मा आयोजित पर्यटन, शिक्षा, स्वास्थ्य लगायत सूचना प्रविधिको क्षेत्रमा BIMSTEC को भूमिका महत्वपूर्ण हुने धारणा राख्नु भएको थियो ।




त्यसैगरी अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन फोरमका सभापति एवं कार्यकारिणी समिति सदस्य मनोज पौडेलले ब्लू इकोनोमी र माउन्टेन इकोनोमी बीचको सहकार्यको महत्व एवं हिमालय र बङ्गालको खाडीलाई समेटेर बिमस्टेक क्षेत्रको अनुपम भौगोलिक लाभ बारे प्रकाश पार्नुको साथै आर्थिक वृद्धिका लागि

यस क्षेत्रको प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्न दिगो र नवीन अभ्यासको आवश्यकता माथि जोड दिनु भएको थियो ।

सो अवसरमा नेपाल उद्योगवाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले बिमस्टेक क्षेत्रमा साना तथा मझौला उद्यम प्रवर्द्धनका लागि विम्स्टेक एसएमई विकास केन्द्र स्थापना गर्नुपर्ने प्रस्ताव राख्नुभएको थियो ।

## महासंघ र नेसनल चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रिज, अफ मलेसिया बीच समझदारी :




नेपाल सरकारले २०८१ वैशाख १६ र १७ गते आयोजना गरेको तेश्रो लगानी सम्मेलनको अवसरमा वैशाख १६ गते नेपाल उद्योगवाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रिज, मलेसिया बीच दुई देश व्यापार तथा लगानी प्रवर्द्धनका साथै आर्थिक एवं व्यापारिक विस्तारको लागि समझदारी भएको थियो ।

## अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा सहभागिता :

सन् २०२४ जुन ३ देखि स्वीट्जरल्याण्डको जेनेभामा आयोजना भएको ११२ औं अन्तराष्ट्रिय श्रम सम्मेलनमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले रोजगारदाताको प्रतिनिधित्व गर्नुभएको थियो । १७६ भन्दा वढी मुलुकका सरकार, रोजगारदाता र ट्रेड युनियन प्रतिनिधिहरूको सहभागिता रहेको सो सम्मेलनलाई जुन ५ का दिन सम्बोधन गर्नुभयो ।



सो अवसरमा उहाँले नेपालका रोजगारताहरु र श्रमिक बीच सुमधुर श्रम सम्बन्ध विस्तार भईरहेको, सरकारले थालेको आर्थिक सुधार एवं भारत र चीनबीचको रणनैतिक बजारका कारण नेपालमा लगानीको सम्भावना बढेको धारणा राख्नु भएको थियो ।

सम्मेलनमा सहभागि रोजगारदाताहरुलाई नेपालमा लगानी बढाउन पनि आग्रह गर्दै उहाँले भारतसंग १० हजार मेगावाट विद्युत खरिद सम्झौता भएको र बंगलादेशसंग पनि यसबारे छलफल भैरहेको जानकारी दिँदै नेपालमा उत्पादित बिजुलीको बजार सुनिश्चित भएकाले यस क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो ।

यसैगरी भारत र चीन जस्ता उदीयमान अर्थतन्त्र सहितका धेरै जनसंख्या भएका छिमेकी मुलुक भएको हुनाले नेपालका हिलस्टेसनहरुमा पर्यटकीय पुर्वाधार विस्तारको सम्भावना रहेको साथै सूचना प्रविधि कृषिजन्य उद्योगलगायत उत्पादनमूलक क्षेत्रहरु पनि नेपालका संभावित लगानीका क्षेत्रहरु रहेको उहाँले वताउनुभयो । लगानी सहजीकरणका लागि सरकारले द्विपक्षीय व्यापार सम्झौताको खाका तयार गरेको, लगानी सहज बनाउने कानुनमा सुधार हुँदै गएको र दोहोरो कर हटाउन नीति अंगिकार गर्ने सरकारको योजना रहेको पनि सम्मेलनका सहभागिलाई जानकारी गराउनुभयो । सम्मेलनका क्रममा अध्यक्ष ढकालले अन्तराष्टिय श्रम संगठन (आइएलओ) र रोजगारदाताहरुको अन्तराष्टिय संगठन (आइओइ) का उच्च पदस्थ अधिकारीहरुसंग पनि भेटवार्ता गर्नुभएको थियो ।

## गैर नेपाली आवासीय संघ, अष्ट्रेलियाको कार्यक्रममा सहभागिता :




२०८१ असार २ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले अष्ट्रेलियाको मेलवर्नमा गैर आवासीय नेपाली संघद्वारा आयोजित कार्यक्रममा सहभागिता जनाउनु भयो ।–कार्यक्रममा उहाँले नेपालमा लगानीको वातावरण बन्दै गएकोले नेपालमा लगानी गर्नको लागि अष्ट्रेलियामा बसोबास गर्ने एनआरएनहरुलाई आग्रह गर्नुको साथै विदेशमा आर्जन गरेको ज्ञान, शीप र पूजीलाई नेपाल भित्र्याउन समेत आग्रह गर्नुभएको थियो । सो अवसरमा अध्यक्ष ढकालले नेपाल जलविद्युत, पर्यटन, सूचना प्रविधि, कृषि लगायतका क्षेत्रहरुमा लगानीको प्रशस्त संभावना रहेको उल्लेख गर्दै नेपाल सरकारले तेश्रो लगानी सम्मेलन २०२४ लाई लक्षित गरी आधा दर्जन भन्दा बढी कानूनहरु संशोधन गरी वैदेशिक लगानी तथा आन्तरिक लगानी अभिवृद्धिको वातावरण सिर्जना गर्न पहल गरेको जानकारी दिनुभयो ।

साथै उहांले महासंघले अघि सारेको १० अर्ब पूँजीको लगानी कम्पनीलाई प्रोत्साहन गर्ने विषय सरकारले आ.व. २०८०/८१ को बजेटमा समेत समावेश गरेको जानकारी गराउनु हुँदै नेपालको विभिन्न सम्भावित आयोजनाहरुमा लगानी गरिने पनि जानकारी गराउनुभएको थियो ।

## ओपेक फन्डका पदाधिकारीसंग वैठकः



अस्ट्रियाको राजधानी भियानामा २०८१ असार १३ गते ओपेक फन्डका अध्यक्ष अब्दुल हंमिद अलखलिफा र उपाध्यक्ष तारेक अलनासरसँग महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले भेटघाट गर्नुभएको थियो ।


नेपालमा लगानी गर्न ओपेक फन्डलाई आग्रह

नेपालमा थप लगानी गर्न ओपेक फन्डलाई ढकालको आग्रह

उहांले नेपालमा पर्यटन, उर्जा पूर्वाधार, कृषि, सूचना प्रविधि लगायतका क्षेत्रमा लगानीको ठूलो संभावना रहेकोले नेपालमा लगानी विस्तारका लागि ओपेक फण्डलाई आग्रह गर्नुभएको थियो । त्यसै गरी महासंघको पहलमा दुई पक्षीय लगानी (बिआइए) फ्रेमवर्क तयार भई मन्त्रीपरिषदबाट पारित समेत भइसकेकोले यसले वैदेशिक लगानीको सुरक्षा र लगानीको वातावरण निर्माणमा सहयोग पुग्ने धारणा राख्नु भएको थियो ।

## महासंघ र कोरिया इम्पोटर्स एसोसिएसनबीच समझदारी

नेपाल उद्योगवाणिज्य महासंघ र कोरिया इम्पोटर्स एसोसिएसन (कोइमा) बीच नेपाली उत्पादनको बजार प्रवर्द्धन एवं लगानी विस्तार गर्न समझदारीपत्रमा मिति २०८१ मंसीर ४ गते हस्ताक्षर भएको थियो । दक्षिण कोरियाको राजधानी सोलमा आयोजित एक कार्यक्रममा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकाल र कोइमा अध्यक्ष वुवागं कुवान किमबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

कोइमा दक्षिण कोरियामा औद्योगिक कच्चा पदार्थ र विशेषगरि त्यहाँ उत्पादन नहुने सामान आयात गरि औद्योगिक वातावरण प्रवर्द्धन र सर्वसाधारणलाई सुलभ रुपमा सामान उपलब्ध गराउन स्थापना भएको संस्था हो ।



यसबाट नेपाल र दक्षिण कोरियाबीचको व्यापार घाटा कम हुने विश्वास छ । नेपालबाट हाल फेल्ट, गलैचा, धागो लगायतका परम्परागत सामान बढि गैरहेको सन्दर्भमा कोइमासंगको सहकार्यबाट औद्योगिक कच्चा पदार्थ एवं अन्य समानका लागि पनि बजार खोज्न सकिने महासंघको विश्वास छ ।

नेपाल कोरिया दौत्य सम्बन्ध स्थापनाको ५० बर्ष र समझदारी पत्रमा हस्ताक्षर गर्न आयोजित कार्यक्रममा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र कोरियाबीच आर्थिक सम्बन्ध सुदृढ गर्न सकिने अपार सम्भावना रहेको वताउनु भयो ।



Nepal and South Korea sign TIPF agreement

आर्थिक

महासंघ र कोइकाबीच लगानी विस्तारसम्बन्धी समझदारी

नेपाली उत्पादनको कोरियामा बजार प्रवर्द्धन गर्न समझदारी

नेपाली उत्पादनले कोरियामा बजार पाउने

उद्योगवाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीको प्रमुख आतिथ्यतामा सोल स्थित नेपाली दुतावासद्धारा आयोजित 'नेपालमा व्यापार र लगानीका अवसरहरू' शीर्षकको उक्त कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले नेपालको ऊर्जाशील एवं युवा जनशक्ति, प्राकृतिक स्रोत, ठुला बजारसंगको समिप्यता कोरियाली लगानीकर्ताका लागि महत्वपूर्ण रहने वताउनुभयो ।

ढकालले नेपालको लगानी वातावरणमा भएका प्रगतिको जानकारी गराउँदै महासंघको सक्रिय संलग्नतामा हालै गरिएका सुधारहरूको चर्चा पनि गर्नु भयो ।

ढकालले कोरियाली व्यवसायिक समुदायलाई नेपालमा व्यापार र लगानीका अवसरहरूको खोजी गर्न निमन्त्रणा दिँदै महासंघको विदेशी लगानी सहायता डेस्कमार्फत पूर्ण सहयोगको आश्वासन दिनु भयो ।

## युएस चेम्बर अफ कमर्शको कार्यक्रममा सहभागिता :

२०८१ असोज ९ गते अमेरिकाको वासिंगटनमा युएस चेम्बर अफ कमर्शले आयोजना गरेको कार्यक्रममा नेपालमा लगानी गर्नको लागि अध्यक्ष चन्द्र प्रसाद ढकालले आग्रह गर्नुभएको छ ।

उहाँले नेपालमा उत्पादन गरि यहाँको बजारसंगै विश्व बजारमा बिक्रि गर्न सकिने सम्भावना तर्फ लगानीकर्ताको ध्यानाकर्षण गराउनुभएको थियो ।





FNCCI President Dhakal urges American businesses to invest in Nepal

FNCCI chief urges Americans to invest in Nepal

FNCCI President Dhakal urges American businesses to invest in Nepal

लगानीका लागि विश्व समुदायलाई अध्यक्ष ढकालको आग्रह

नेपालमा लगानी गर्न ढकालको अनुरोध

यसैगरि उहाँले अमेरिकी लगानीकर्ताहरुलाई भारतसंग भएको दश हजार मेगावाट बिजुली खरिद सम्झौता र हालै बंगलादेशसंगको समझदारीले जलविद्युतमा अपार सम्भावना देखिएको जानकारी दिनुभयो ।

नेपालको प्रकृति र संस्कृतिको मिश्रणले पर्यटकहरुलाई आकर्षित गर्ने बताउँदै पर्यटन पुर्वाधारमा लगानी गर्न पनि अध्यक्ष ढकालले आव्हान गर्नुभयो ।

## एशियन ट्रेड प्रमोशन फोरममा सहभागिता :

नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले २०८१ असोज ७ गते बैङ्ककमा आयोजित ३७औं




एशियन ट्रेड प्रमोशन फोरममा सहभागिता जनाउनु भयो ।

उहाँले नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा प्रस्तुत गर्दै पर्यटन पूर्वाधारमा थप लगानीको आवश्यकतामा जोड दिनु भएको थियो । उहाँले विदेशी लगानीकर्ताहरुलाई होटल, थीम पार्क र साहसिक पर्यटन गन्तव्यहरू जस्ता



नेपालको पर्यटनमा लगानीको प्रशस्त सम्भावना : अध्यक्ष ढकाल

'Investment expansion boosts job creation and security'

risingnepaldaily.com

FNCCI HIGHLIGHTS POTENTIAL OPPORTUNITIES TO INVEST IN NEPAL

क्षेत्रमा सम्भावनाहरु रहेको जानकारी गराउनु भएको थियो ।

त्यसैगरी उहाँले नेपालको सूचना तथा सञ्चार प्रविधि र चलचित्र उद्योगमा लगानीका अवसरहरु रहेको, हस्तकलाका उत्पादनहरू, संगीत, चलचित्र र डिजिटल कला जस्ता क्षेत्रहरूमा उल्लेखनीय वृद्धि भएको, र यसले आर्थिक विकासमा मात्र नभई नेपालको समृद्ध सांस्कृतिक सम्पदाको संरक्षणमा पनि योगदान पुऱ्याएको जानकारी दिनुभएको थियो ।

नेपालको जलविद्युत क्षेत्रको बढ्दो सम्भावना रहेको चर्चा गर्दै अध्यक्ष ढकालले भारतले आगामी दस वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्ने प्रतिबद्धता जनाएको र बंगलादेशमा देखिएका नयाँ अवसरहरू पनि उहाँले उल्लेख गर्नुभयो ।

## ८) उच्चस्तरीय भेटवार्ता एवं छलफल

### प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसंग भेट :

२०८१ साउन १ गतेका दिन महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, पदाधिकारी लगायतका कार्यकारिणी समितिका सदस्यहरुले नवनियुक्त प्रधानमन्त्री के.पी. शर्मा ओली एवं नवनियुक्त उप प्रधान तथा अर्थ मन्त्री विष्णु पौडेलसंग प्रधानमन्त्री निवास बालुवाटारमा भेटघाट गर्नुभएको थियो । उक्त भेटमा अध्यक्ष चन्द्र प्रसाद ढकालले मुलुकको अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रको मनोबल बढाउनु आवश्यक रहेकोले यसमा सरकारले विशेष पहल गर्नुपर्ने धारणा राख्नु भएको थियो ।



यसै गरी उहाँले मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत हिस्सा रहेको निजी क्षेत्रको विस्तारबाट मात्रै सुधार सम्भव रहेको, सर्वसाधारण र निजी क्षेत्रलाई दिइने सेवामा सुधार, उद्यमी व्यवसायीले मर्यादित रुपमा व्यवसाय गर्न पाउने वातावरणको सुनिश्चितता एवं नीतिगत र व्यवहारगत सुधारमार्फत लगानी अभिवृद्धिमा जोड दिईनुपर्ने धारणा राख्नु भएको थियो । यउहाँले अर्थतन्त्र सम्वद्ध निकायहरु बीचमा समन्वयको अभाव रहेकोले अर्थतन्त्रमा सुधारका लागि प्रधानमन्त्री नेतृत्वमा निजी क्षेत्र सम्मिलित आर्थिक सुधार आयोग वा अन्य कुनै संयन्त्र आवश्यक रहेको धारणा राख्नु भएको थियो । उक्त भेटमा नवनियुक्त प्रधानमन्त्री के.पी. शर्मा ओलीले निजी क्षेत्र विना अर्थतन्त्र सुधार हुन नसक्ने भएकोले सरकारले उद्यमी व्यवसायीलाई हरसम्भव सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएका थियो ।

### उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसंग भेट

२०८१ साउन २ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, पदाधिकारी लगायत कार्यकारिणी समितिका सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलले नवनियुक्त उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसंग भेटघाट गर्नु भएको थियो ।

भेटमा अध्यक्ष ढकालले अर्थतन्त्र अहिले समस्यामा रहेको र आर्थिक पुनरुत्थानको निमित्त निजी क्षेत्रको मनोबल बढाउनुपर्ने, अर्थतन्त्र सुधारका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिनु भएको थियो ।

आर्थिक निकायबीच समन्वय नभएको र अर्थतन्त्र सुधार गर्न निजी क्षेत्रको सहभागितामा आर्थिक सुधार आयोग वा अन्य कुनै संयन्त्र आवश्यक रहेको, डेडिकेटेड फिडर र ट्रंक लाइनको समस्या छिट्टै समाधान गर्नुपर्ने धारणा राख्नु भएको थियो ।



उक्त भेटघाटमा उपप्रधान एवं अर्थमन्त्री पौडेलले आर्थिक क्षेत्रका धेरै समस्या सम्बोधन गर्नुपर्ने भए पनि सबैभन्दा महत्वपूर्ण भनेको निजी क्षेत्रको विश्वास निर्माण गर्नु पर्ने धारणा राख्नु हुदै उद्योगी व्यवसायीलाई निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न आग्रह गर्नु भएको थियो ।

## गृहमन्त्री रमेश लेखकसंग भेट :

मिति २०८१ साउन २ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, पदाधिकारी एवं कार्यकारिणी समितिका सदस्यहरुको प्रतिनिधिमण्डलले नवनियुक्त गृहमन्त्री रमेश लेखकसंग सिंहदरबारमा भेटघाट गरेको थियो । उक्त भेटमा अध्यक्ष चन्द्र प्रसाद ढकालले निजी क्षेत्रको मनोबल वृद्धिको लागि निजी क्षेत्रलाई मर्यादाक्रममा राख्नुपर्ने साथै यसको लागि निरन्तर पैरवी गरिहेको वताउनुभयो ।



यसैगरी उहाँले उद्यमी व्यवसायीमाथि हुने धरपकडले निजी क्षेत्र हतोत्साही भएको तर्फ गृहमन्त्री लेखकको ध्यानाकर्षण गराउनुभएको थियो भने उपाध्यक्ष हेमराज ढकालले अनधिकृत आयात नियन्त्रणका लागि सरकारले पहल गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

गृहमन्त्री रमेश लेखकले वर्तमान सरकार निजी क्षेत्र र लगानी अभिवृद्धि प्रति निक्कै सम्वेदनशील भएको साथै सरकार गठन गर्दा भएको सहमतिमा समेत स्वदेशी र विदेशी लगानी प्रवर्द्धन गर्ने बिषय समावेश भएकोले कुनै समस्या भए आफूलाई सम्पर्क गर्न आग्रह गर्नु भयो । उहाँले निजी क्षेत्रलाई राष्ट्रको मर्यादाक्रममा समावेश गर्ने बिषयमा सरकारले अध्ययन गर्ने र निजी क्षेत्र मर्यादित हुनुपर्नेमा कुनै विवाद नरहेको वताउनुभयो ।

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीसंग भेट :

२०८१ साउन २ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, पदाधिकारी लगायतका कार्यकारिणी समितिका सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसंग भेटघाट गरेको थियो ।

भेटघाटमा महासंघका अध्यक्ष ढकालले निजी क्षेत्रको आत्मविश्वास बढाउने नीति ल्याउन मन्त्री भण्डारीलाई आग्रह गुर्नको साथै नेपालमा थप स्वदेशी लगानी आउनका लागि निजी क्षेत्रको विश्वास बढाउनुपर्ने, विदेशी लगानीकर्ताले लगानी गर्नुअघि बजारमा स्वदेशी लगानीको प्रवाह हेर्ने भएकाले स्वदेशी लगानी आवश्यक रहेकोमा जोड दिर्नु भएको थियो ।

उद्योगवाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले देशका व्यवसायी र उद्योगीले भोग्नुपरेको समस्याबारे आफूलाई जानकारी रहेको बताउँदै अर्थतन्त्रमा परेका समस्यालाई सम्बोधन गर्न आफूले सक्दो प्रयास गर्ने बताउनु भएको थियो ।



## रुसी संघ चेम्बर अफ कमर्श एन्ड इन्डस्ट्रिजसँग भेटवार्ता :

२०८१ वैशाख ११ गते नेपाल उद्योगवाणिज्य महासंघ र रुसी संघको उद्योगवाणिज्य संघका अध्यक्ष सर्गेई कातरिनको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसंग महासंघ सचिवालयमा भेटघाट भएको थियो । नेपाल उद्योगवाणिज्य महासंघ र रुसी संघको उद्योगवाणिज्य संघ बीच सन् २०११/७/२५ मा मस्कोमा सम्झौतामा हस्ताक्षर गरी महासंघ र रुसी संघको उद्योगवाणिज्य संघको औपचारिक सम्बन्ध स्थापना भएको हो ।




उक्त भेटमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र रुसबीचको सम्बन्धलाई थप निरन्तरता दिनुका साथै व्यापार तथा लगानी सम्बन्धलाई प्रवर्द्धन गर्न मद्दत पुग्ने, दुवै देशको आर्थिक वृद्धि र विकासका नयाँ बाटा खोल्ने, नेपालमा लगानीको लागि प्रचुर मात्रामा संभावनाहरु रहेकोले रुसी लगानीको लागि आव्हान गर्नु भएको थियो ।

यसैबीच, रुसी संघको चेम्बर अफ कमर्स एण्ड इण्डस्ट्रिजका अध्यक्ष सर्गेई काटिरिनले रुसी लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक रहेको साथै रुस ठूलो बजार भएकाले नेपाली व्यवसायीलाई आफ्ना उत्पादन रसिया निर्यात गर्न सहयोग गर्ने बताउनु भएको थियो ।

## अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) का देशीय प्रवन्धकसँग भेटघाट :



२०८१ वैशाख २७ गते महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको औपचारिक भ्रमणमा रहेका बंगलादेश, भुटान र नेपालका लागि अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) का देशीय प्रबन्धक मार्टिन होल्टम्यानसँग महासंघको सचिवालयमा भेट गर्नुभएको थियो । यसैबीच, होल्टम्यानले आइएफसी सधैं निजी क्षेत्रको विकासको साझेदार र विश्वभरको आर्थिक वृद्धि र दिगोपनलाई प्रवर्द्धन गर्न साझेदार भएकाले नेपालको विकास कार्यमा पनि आइएफसीले निरन्तर सहयोग र सहकार्य गर्ने बताउनुका साथै नेपालमा दिगो आर्थिक विकासमा महासंघसँग साझेदारी गर्न पाउँदा खुशी व्यक्त गर्नुभएको थियो । गत वर्ष आइएफसी र महासंघले संयुक्त रुपमा पहिलोपटक नेपालको अर्थतन्त्र र रोजगारीमा निजी क्षेत्रको भूमिका विषयक अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो ।

## अन्तर्राष्ट्रिय मुद्रा कोषका मिसन प्रमुखसंग भेटघाट :

२०८१ भाद्र २९ का दिन महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले अन्तर्राष्ट्रिय मुद्रा कोषका मिसन प्रमुखसंग महासंघको सचिवालयमा भेट गर्नुभएको थियो ।



उक्त भेटमा अध्यक्ष ढकालले नेपाली अर्थतन्त्र र सामाजिक संरचना बुझेर नीतिगत सुझाव दिन र नीति तयार पार्न कोषलाई पनि आग्रह गर्नुभयो ।

उहाँले नेपालमा हाल बैंकिङ प्रणालीमा उच्च तरलता देखिएको र ब्याजदर घटेको भए पनि निजी क्षेत्रबाट लगानीको माग कम रहेको बताउनु भएको थियो । साथै उहाँले महासंघले बैंकहरूलाई आफ्नै सर्तमा ऋण दिनका लागि लचिलोपन प्रदान गर्न आग्रह गर्दै अत्याधिक नियमनले बैंकिङ क्षेत्र र निजी व्यवसाय दुवैको विश्वासमा गिरावट ल्याउन सक्ने बताउनुभएको थियो ।

सो अवसरमा अध्यक्ष ढकालले उच्च विदेशी विनिमय संचिति, सकारात्मक भुक्तानी सन्तुलनको अवस्थामा पनि विदेशी लगानी आकर्षित हुन नसकेको अवस्थामा कोषले नेपालको प्रवर्द्धनमा सहयोग पुर्‍याउनु पर्ने सम्बन्धमा छलफल भएको थियो । भेटका क्रममा मिसन प्रमुख सरवत जाहाँले कोष नेपाललाई सहयोग गर्न आएको र कोषले निजी क्षेत्रलाई महत्व दिने विषयमा सदैव तयार रहेको बताउनु भएको थियो ।

## बेलायती राजदूतसँग भेट :



२०८१ जेष्ठ १८ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालका लागि बेलायती राजदूत रोब फेनसँग भेटवार्ता गर्नु भएको थियो । सो सो अवसरमा नेपालमा वैदेशिक लगानीको सम्भावना एवं दुई देश देशबीचको व्यापार तथा लगानी प्रवर्द्धन सम्बन्धमा छलफल भएको थियो । उक्त भेटमा अध्यक्ष ढकालले नेपालले लगानी सम्मेलन आयोजना गरेको र नेपालमा वैदेशिक लगानी भित्रिएमा निजी क्षेत्रले थप योगदान दिन सक्ने बताउनु भएको थियो ।



बेलायतबाट लगानी ल्याउन अध्यक्ष ढकालको आग्रह

नेपालमा बेलायती लगानी भित्र्याउन सहयोग गर्न आग्रह

उहाँले जलविद्युत, सूचना प्रविधि, पूर्वाधार र पर्यटन क्षेत्रमा लगानीका प्रशस्त सम्भावना रहेकोले लगानीको लागि आग्रह गर्नुभएको थियो ।

## कतारका राजदूतसंग भेटघाट :



२०८१ भाद्र २५ गते नेपालका लागि कतारका राजदूत Mishal Mohammed A.A.Al-Ansari संग सचिवलायमा भेटघाट गर्नुभएको थियो । भेटमा नेपाल कतार बीच द्विपक्षीय आर्थिक एवं व्यवसायिक सम्बन्ध विस्तारमा छलफल भएको थियो ।

अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालमा अन्तर्राष्ट्रिय लगानीको अभिवृद्धिको लागि वातावरण निर्माण भईरहेको साथै नेपाल सरकारले लगानीको वातावरण सिर्जना गर्नको लागि ऐन नियममा सामयिक परिमार्जन गरी लगानीको उचित वातावरण बनेको विषयमा जानकारी गराउनु भएको थियो । भेटमा कतारका राजदूतले नेपालमा लगानीसाथै द्विपक्षीय आर्थिक तथा व्यवसायिक वृद्धिको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनुभयो ।

## बार्सिलोना चेम्बर अफ कमर्शका अध्यक्षसंग भेटघाट :

२०८१ साउन ११ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले बार्सिलोना चेम्बर अफ कमर्शका अध्यक्ष जोसेप सान्ताक्रेउ बोन्जोचसँग महासंघमा भेट गर्नुभएको थियो ।



भेटमा अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालमा स्पेनको लगानीको लागि आव्हान गर्नुका साथै सहकार्य एवं नेपाली वस्तुको स्पेनमा निर्यात बढाउन सहयोग गर्नुपर्ने लगायतका विषयमा छलफल गर्नु भएको थियो ।

अध्यक्ष ढकालले नेपालको गार्हस्थ उत्पादनको वृद्धिदर ४ प्रतिशत देखि ६ प्रतिशतको हाराहारीमा रहेको र लगानी प्रवर्द्धनको लागि महासंघको पहलमा नेपाल सरकारले ८ वटा लगानी सम्वन्धि ऐन परिमार्जन गरेको, जस्ले विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्न र नेपालमा व्यापार सहजता सुनिश्चितताको लागि सहयोग पुग्ने धारणा राख्नु भएको थियो । यसैबीच, बार्सिलोना चेम्बर अफ कमर्सका अध्यक्ष जोसेप सान्ताक्रेउ बोन्जोचले महासंघ र बार्सिलोना चेम्बर अफ कमर्श बीच सहकार्य एवं साझेदारी हुने र नेपालमा लगानी वृद्धि साथै आर्थिक एवं व्यापारिक सम्बन्धमा विस्तार गर्ने कार्यमा आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने धारणा राख्नु भएको थियो ।



नेपालमा लगानीका प्रशस्त अवसर : ढकाल

FNCCI urges Spain to increase investment

स्पेनिस लगानीकर्तालाई नेपालमा लगानी बढाउन ढकालको आग्रह

उक्त भेटमा महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकालको सहभागिता रहेको थियो भने उहांले साझेदारी कायम गर्न सके दुवै चेम्बरका लागि फाइदा हुने बताउनु भएको थियो ।

## थाई ट्रेड सेन्टरका निर्देशक र वाणिज्य परामर्शदातासंग भेटघाट :



२०८१ साउन १४ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नयाँ दिल्लीस्थित थाई ट्रेड सेन्टरका निर्देशक र वाणिज्य परामर्शदाता सुछिरा पञ्चनासँग महासंघ सचिवालयमा भेट गर्नुभएको थियो ।



Bilateral trade relations need to be strengthened: FNCCI president

FNCCI stresses robust trade relations with Thailand

द्विपक्षीय व्यापार सम्बन्ध सुदृढ बनाउनुपर्छ : ढकाल

छलफलमा अध्यक्ष ढकालले थाईल्याण्डको उन्नत खाद्य प्रशोधन प्रविधिको सदुपयोग गरेर आफ्ना उत्पादनहरुमा विश्व बजारमा पुर्‍याउन सकिने साथै दुवै देश पर्यटकीय स्थलका लागि प्रख्यात भएकोले दुवै देशले थप पर्यटक भित्र्याउन तथा प्रवर्द्धनमा मिलेर सहकार्य गर्ने विषयमा धारणा राख्नु भएको थियो ।

भेटमा सुचिरा पञ्चनाले थाइ ट्रेड सेन्टरले आगामी वर्ष नेपालमा व्यापार मेला तथा गोष्ठी गर्ने योजना रहेको साथै व्यापार मेला तथा गोष्ठी आयोजना गर्न महासंघसँग सहयोगको अपेक्षा रहेको बताउनु भएको थियो ।

## अन्तर्राष्ट्रिय वित्त निगमका दक्षिण एशियाका क्षेत्रीय निर्देशकसंग भेटघाट :



२०८१ भाद्र २४ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले अन्तर्राष्ट्रिय वित्त निगमका दक्षिण एशियाका क्षेत्रीय निर्देशक इमाद फाखौरीसँग भेटघाट गर्नुभएको थियो ।

भेटघाटमा नेपालमा आर्थिक सुधारका लागि आधार तयार भएको र सरकार निजी क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारहरुको सहकार्यबाट आर्थिक गतिविधि प्रवर्द्धन गर्न सकिने धारणा राख्नु भएको थियो ।



वित्त/पुँजी बजार

अन्तर्राष्ट्रिय वित्त निगम निर्देशक र महासंघका अध्यक्षबीच भेटवार्ता

आर्थिक सुधारको आधार बनेः ढकाल

आर्थिक सुधारको आधार तयार हुँदै

'आर्थिक सुधारको आधार तयार हुँदैछ'

उहांले महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमले संयुक्त रूपमा प्रकाशित गरेको 'नेपालमा निजी क्षेत्रको अवस्था' शीर्षकको प्रतिवेदनको सहकार्यबारे पनि जानकारी गराउँदै उक्त प्रतिवेदन व्यवसायिक समुदाय र नीति निर्माताहरूका लागि महत्वपूर्ण भएको बताउनु भयो ।

उक्त भेटमा अन्तर्राष्ट्रिय वित्त निगमका दक्षिण एशियाका क्षेत्रीय निर्देशक इमाद फाखौरीले सार्वजनिक - निजी साझेदारीहरूमा थप जोड दिन आवश्यक रहेको र यसै समयमा नेपालले केही आर्थिक चुनौतीहरूको सामना गरिरहेको भए पनि देशका लागि धेरै अवसरहरू पनि रहेको बताउनु भएको थियो ।

## इजरायली राजदूतसंग भेटघाट :



मिति २०८१ फागुन १५ गते नेपालका लागि इजरायली राजदूत श्मुलिक आरी बाससंग बिहीबार महासंघमा भेटवाता अध्यक्ष ढकालले भेटघाट गर्नुभएको थियो । उक्त भेटका अवसरमा दुई देशबीच आपसी सम्बन्ध सुधार,आर्थिक विकास तथा व्यापार प्रवर्द्धनका विषयमा छलफल भएको थियो । साथै उहांले नेपालको कृषि क्षेत्रको विकास एवं नेपाली युवाहरुलाई रोजगारी प्रदान गर्ने विषयमा इजरायले लामो समयदेखि सहयोग गर्दै आएको उल्लेख गर्दै यो सम्बन्धलाई थप प्रभावकारी बनाउने गरि सहकार्य गर्न राजदूत बास समक्ष आग्रह गर्नु भयो ।

## थाई चेम्बरका प्रतिनिधिसंग भेटवार्ता :



नेपाल उद्योगवाणिज्य महासंघ अन्तर्गतको महिला उद्यमी विकास समितिको प्रतिनिधि मण्डलले थाइल्याण्ड स्थित थाई चेम्बर अफ कमर्शका प्रतिनिधहरूसंग बैंककमा २०८१ माघ ७ गते व्यवसायिक भेटवार्ता गरेको छ ।

प्रतिनिधि मण्डलले थाई चेम्बर अफ कमर्शका उच्च पदाधिकारी तथा त्यहाँका उद्योगी व्यवसायीहरुसंग द्विपक्षीय लगानी अभिबृद्धिका बारेमा छलफल गरेको थियो ।

सो टोलीमा महासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, केन्द्रीय सदस्य नरेश लाल श्रेष्ठ, किशोर आचार्य, केन्द्रीय सदस्य तथा महिला उद्यमी विकास समितिका सभापति कमला श्रेष्ठ र व्यापार तथा निकासि प्रवर्द्धन विकास समितिका सदस्य निराजन चलाउने लगायत सहभागी रहनु भएको छ ।

नेपाली व्यवसायीहरुलाई स्वागत गर्दै थाई चेम्बरका बोर्ड अफ ट्रेड बन्जरड चोल्भीजानले नेपाली महिला उद्यमीहरूको क्षमता अभिवृद्धि तथा अन्य सहकार्यका लागि थाई चेम्बर सकारात्मक रहेको बताउनु भएको थियो । सो अवसरमा थाइल्याण्ड स्थित नेपाली दुतावासका डेपुटी चिफ अफ मिशन प्रकाश भण्डारीको पनि सहभागिता रहेको थियो ।

## मुख्य सचिवसंग भेटघाट :



महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, लगायत उपाध्यक्ष, कार्यकारिणी समितिका सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलले २०८१ भाद्र १७ गते नेपाल सरकारका नवनियुक्त मुख्य सचिव एकनारायण अर्यालसंग भेटघाट गरेको थियो ।

सो अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले पछिल्लो समय अर्थतन्त्रमा सुधार देखिए पनि तिव्र र दिगो बिकासका लागि नीतिगत सुधार र स्थायित्व आवश्यक रहेको तर्फ मुख्य सचिवज्यूको ध्यानाकर्षण गराईएको थियो भने उहाँले महासंघको आग्रहमा नयाँ चरणको आर्थिक सुधारका लागि उच्चस्तरीय आयोग गठन भएको र उक्त आयोगले अर्थतन्त्र सुधारका लागि ठोस काम गर्नुपर्ने र यसमा महासंघले सक्रियतापुर्वक सघाउने बताउनु भएको थियो ।



# FNCCI team meets Chief Secretary Aryal

FNCCI delegates with newly appointed Chief Secretary Eaknarayan Aryal.



आर्थिक विकासका लागि नीतिगत सुधार आवश्यक



दिगो आर्थिक सुधारमा जोड

उहांले निजी क्षेत्रलाई पनि अख्तियारले हेर्ने गरि कानुनहरु बनेकोतर्फ मुख्य सचिवको ध्यानाकर्षण गराउनु हुँदै, यसले लगानी निरुत्साहित हुने भएकाले यो व्यवस्था हटाउन पहल गर्न पनि आग्रह गर्नुभयो ।

भेटमा मुख्य सचिव अर्यालले निजी क्षेत्रको महत्व आफूले बुझेको र लगानी प्रोत्साहित हुने गरि काम गर्ने प्रतिवद्धता जनाउनुभएको थियो । महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले छिटो छिटो नीति परिवर्तन हुन नहुनेमा जोड दिनुभयो भने उपाध्यक्ष हेमराज ढकालले अनधिकृत आयात रोक्न र उधारो उठाउने सम्बन्धि कानुन निर्माण गर्न पनि सरकारले पहल गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

## ९) सस्थागत सामाजिक उत्तरदायित्व :

### बाढी पिडितको लागि सहयोग :


बाढीपहिरो प्रभावितलाई निजी क्षेत्रको सहयोग घोषणा

महासंघद्वारा बाढी पीडितलाई सहयोग

२०८१ असोज १० गतेदेखिको अविरल बर्षाका कारण मुलुकका विभिन्न भागमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै महासंघले जिल्ला उद्योगवाणिज्य संघ मार्फत अति प्रभावित जिल्लालाई एक/एक लाख रुपैयाँका दरले राहत रकम प्रदान गर्ने निर्णय गरेको छ ।

महासंघका सदस्य जिल्ला उद्योगवाणिज्य संघहरु मार्फत उक्त रकम राहतका लागि पठाइएको थियो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महासंघले मुलुक विपतमा परेका बखत सधै अग्रभागमा रहेर सहयोग प्रदान गर्दै आएको छ ।

### प्यारालम्पिकमा काश्यपदक विजेता पलेशा गोवर्धनलाई सम्मान :



२०८१ भाद्र २१ शुक्रबार प्यारालम्पिकमा तेक्वान्दोमा काश्य पदक बिजेता पलेशा गोवर्धनलाई सम्मान गरिएको थियो । अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघबाट गोवर्द्धनलाई रु तीन लाख, प्रशिक्षक कविराज नेगीलामालाई रु. एक लाख पच्चीस हजार र व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई पचहत्तर हजार रुपैया सहित सम्मान गर्न पाउदा खुशी लागेको वताउनुभयो ।

यसैगरि अध्यक्ष ढकालले गोवर्धनले २०२४ पेरिस प्यारालम्पिक खेलमा तेक्वान्दोमा कांस्य पदक जितेर नेपाली खेलकुदको इतिहासलाई अन्तर्राष्ट्रिय मञ्चमा नयाँ मापदण्ड स्थापित गरेको हुँदा नेपालका लागि गर्वको क्षण भएको बताउनु भएको थियो ।

### भुकम्पपिडितलाई सहयोग :

जाजरकोट र रुकुम पश्चिममा गएको भुकम्पको राहतका लागि महासंघले करिब २० लाख रुपैया बराबरको सहयोग उपलब्ध गराएको छ । यस्तै टर्किको भुकम्पको राहतका लागि पनि महासंघले सहयोग उपलब्ध गरायो ।

## १०) अन्य गतिविधिहरु

### फर्निचर तथा फर्निसिङ व्यवसाय सम्बन्धी अन्तरक्रिया :

२०८१ जेठ ६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सचिव कृष्ण बहादुर राउतको उपस्थितिमा महासंघको सचिवालयमा फर्निचर तथा फर्निसिङ व्यवसायका सम्भावना एवं चुनौती विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।



कार्यक्रममा सचिव राउतले नेपाली फर्निचरका सामान आयातित फर्निचरसंग प्रतिस्पर्धा गर्न कठिनाई भैरहेको बेला एनएस चिन्हको प्रयोग गरी बिक्रीवितरण गर्न सके नेपाली उत्पादनको बजार राम्रो हने धारणा राख्नु भएको थियो । महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले फर्निचर उद्यमीलाई एनएस चिन्ह लिएर काम गर्न आग्रह गर्दै मुलुकलाई समृद्ध बनाउन आन्तरिक स्रोत साधनमा आधारित उद्यम व्यवसाय बढाउनु पर्नेमा जोड दिनुभएको थियो । उहाँले सरकारको उचित नीति भयो भने आन्तरिक मागलाई पुरा गर्दै नेपालले निर्यात समेत गर्न सक्ने ठूलो सम्भावना रहेको धारणा राख्नु भएको थियो ।

## सार्वजनिक निकायमा स्वदेशी वस्तुहरुको प्रयोग सम्बन्धी निर्देशिका :


स्वदेशी वस्तु प्रयोगमा प्रोत्साहन स्वागतयोग्यः महासंघ

स्वदेशी वस्तु प्रयोग निर्देशिका कार्यान्वयन गर्न निजीक्षेत्रको आग्रह

नेपाल उद्योगवाणिज्य महासंघले सार्वजनिक निकायमा स्वदेशी वस्तुहरुको प्रयोग अनिवार्य गर्ने नेपाल सरकारको निर्णय कार्यान्वयनका लागि सबै जिल्ला तथा नगर उद्योगवाणिज्य संघ तथा आफ्ना सम्पूर्ण सदस्यहरूलाई आग्रह गरेको छ ।

नेपाल उद्योगवाणिज्य महासंघको आग्रहमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१ मसिर २८ गते बैठकवाट "सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग गर्ने निर्देशिका २०८१ " पारित भएको र यो निर्णय स्वागत योग्य रहेको महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जानकारी दिनुभयो थियो ।

सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी स्थानीयस्तरमा उपलब्ध ग्रोत साधनको अधिकतम प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सिर्जना, आयात व्यवस्थापन तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न र सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई थप प्रभावकारी बनाउन सरकारले "सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका -२०८१ जारी गरेको हो ।

## लघु, साना तथा मझौला कृषि उद्यम गोष्ठी आयोजना :




२०८१ भाद्र २५ र २६ गते माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यता तथा कृषि मन्त्रालय, वाणिज्य मन्त्रालय, बैंक तथा विभिन्न सरोकारवालाहरुको संयुक्त उपस्थितिमा नेपाल बीउ तथा मल परियोजना, सिमिट नेपाल, नेपाल

उद्योगबाणिज्य महासंघ कृषि उद्यम केन्द्रको संयुक्त आयोजनामा कृषिमा आधारित लघु, साना तथा मझौला उद्यमीहरु र सरोकारवालाहरुको नेपालमा लघु, साना तथा मझौला कृषि उद्यमहरुको स्थिति, अवसर र चुनौती विषयक राष्ट्रिय कार्याशाला गोष्ठी सम्पन्न भएको छ ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल सरकार खासगरि कृषि मन्त्रालयले कृषि दशक मनाउँदै गर्दा कृषि विधेयकको तयारी गरिरहेको र त्यसको लागि यो कार्यक्रमको निष्कर्ष महत्वपुर्ण रहेको बताउनु भएको थियो । उहाँले कृषि दशक घोषणा भएपनि कन्ट्याक्ट फार्मिङ, जग्गाको व्यवस्थापन आधुनिकीकरण र उचित बजारको लागि धेरै कानुनहरुको संसोधन आवश्यक रहको रहेको बताउनु भएको थियो ।

कार्यक्रममा नेपाल उद्योगबाणिज्य महासंघ कृषि उद्यम केन्द्रका सभापति डि.बी बस्नेत लगायत कृषि मन्त्रालय, बाणिज्य मन्त्रालय, राष्ट्र बैंक र विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुले आफ्ना कुरा राख्नु भएको थियो ।

## अन्तर्राष्ट्रिय भन्सार दिवसमा आयोजित कार्यक्रम :

महासंघले उद्योगवाणिज्य संघ काठमाडौंसगंको सहकार्यमा २०८१ माघ १० गते ७३ औ अन्तर्राष्ट्रिय भन्सार दिवस तथा भन्सार जांचपास एवं व्यापार सहजीकरण अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।



सो अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले भन्सारका सबै गतिविधिहरुले उद्योगव्यापारमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले स्वस्थ्य व्यवसायिक वातावरण निर्माण गर्ने तर्फ निर्देशित हुन आवश्यक रहेको बताउनु भएको थियो ।

उहाँले भन्सार प्रशासनलाई अझ बढी निजी क्षेत्रमैत्री र सेवाग्राहीप्रति उत्तरदायी बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय प्रतिबद्धता (क्योटो कन्भेन्शन र टीएफए) अनुरुप नयाँ भन्सार विधेयक संसदमा पेश हुन लागेको विषय सराहनायोग्य रहेको धारणा राख्नु भएको थियो ।

भन्सार विभागमा महानिर्देशक हरिशरण पुडासैनीले राष्ट्रिय नीति उद्योगव्यवसायको प्रवर्द्धन भएको उल्लेख गर्दै व्यवसायीहरूको मनोबल उच्च राख्ने गरि भन्सार प्रशासनले काम गरिरहेको बताउनु भयो ।

## राष्ट्रिय कर दिवस २०८१ :

२०८१ मंसिर ५ गते राष्ट्रिय कर दिवस २०८१ को अवसरमा महासंघले “लगानीमैत्री वातावरण प्रवर्द्धनको लागि अन्तरनिकाय समन्वय” विषयको अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।



आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, उद्योगविभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशकहरु सहभागि हुनु भएको उक्त कार्यक्रममा कार्यकारिणी समितिका सदस्यहरु एवं विभिन्न वस्तुगत संघका पदाधिकारीहरु लगायत उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा बोल्दै अध्यक्ष ढकालले मुलुक सञ्चालन र विकासको मेरुदण्ड त्यो देशले परिचालन गर्ने राजस्वको आयतनमा निर्भर हुने भएकोले कुनै पनि मुलुकको सवल अर्थव्यवस्था र उन्नत समाज निर्माणको लागि आन्तरिक श्रोतको प्रभावकारी परिचालन अपरिहार्य रहेको बताउनु भयो ।

त्यसैगरी उहांले विगत केहि बर्षदेखि निजी क्षेत्र र सरकारको समेत अत्यन्त चासोको रुपमा रहेको लगानी प्रवर्द्धन सम्वन्धि विषयले समग्र कर प्रशासनलाई झकझकाई यस पटकको कर दिवसमा दिशा निर्देश गरेको हुँदा, यो मुद्धाले गति लिन थालेको आभास निजी क्षेत्रलाई भएको जानकारी दिनुभयो ।

कार्यक्रममा विभिन्न व्यक्तिहरुको जिज्ञासालाई सम्बोधन गर्नु हुँदै आन्तरिक राजस्व विभागका महानिर्देशक राम प्रसाद आचार्यले औद्योगिक र लगानीमैत्री वातावरण तयार गर्न सामुहिक प्रयासको आवश्यकता रहेको बताउनु भएको थियो ।

सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले अपेक्षित लगानीको वातावरण बन्न नसकेको अवस्थाको विश्लेषण गर्दै आफ्ना काम कार्वाहीहरुलाई पारदर्शी बनाई समिक्षा हुनु पने बताउनु भएको थियो ।

उद्योगविभागका महानिर्देशक राजेश्वर ज्ञवालीले अन्तरनिकाय समन्वयको सार नै औद्योगिक वातावरण प्रवर्द्धनको लागि हो भन्नु हुँदै विभागबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ उन्नत र परिष्कृत बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

यसै गरी राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डी प्रसाद घिमिरेले पछिल्लो समय कर प्रणाली सम्वन्धि नीतिहरु लगानीमैत्री बन्दै आएको बताउनु भयो । कार्यक्रमको समापन महासंघका उपाध्यक्ष सुर कृष्ण वैद्यले गर्नु भएको थियो ।

## महासंघ र नास्ट बीच छलफल :



नेपाल उद्योगवाणिज्य महासंघ र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) बीच देशको औद्योगिक विकासका लागि वैज्ञानिक सहकार्यका लागि २०८१ पौष २३ गते मंगलवार छलफल भएको छ ।

नाष्टका तर्फबाट महासंघसंग सहकार्यको निमित्त विभिन्न अनुसन्धान तथा विकास, प्रविधि नवप्रवर्तनका निम्ति सञ्चालित विद्यावारिधी शोधवृत्ति र छात्रवृत्ति, अनुसन्धान अनुदानमा सहकार्य गर्ने लगायतका विषयमा छलफल गरिएको छ ।



नास्ट र एफएनसीसीआई सहकार्य गर्ने

नास्टका उपकुलपति प्राध्यापक डा. दिलीप सुब्बाको नेतृत्वमा आएको टोलीले महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालसंग छलफल गर्नु भएको थियो ।

छलफलमा नवप्रवर्तन वृत्ति, युवा वैज्ञानिकहरुलाई अनुसन्धान सहयोग, ब्रेन पुलिङ्ग, स्नातकोत्तर शोध अनुदान, वैज्ञानिक संघ संस्था आर्थिक सहयोग, वैज्ञानिक यात्रा अनुदान, विद्धतवृत्ति जस्ता कार्यक्रमहरुको सञ्चालनमा औद्योगिक क्षेत्रले आर्थिक योगदान मार्फत साझेदारको भूमिका गर्न सक्ने विषय समावेश रहेका छन् ।

सो अवसरमा महासंघका अध्यक्ष ढकालले नास्टले महासंघसंग गर्न खोजेको सहकार्य स्वागतयोग्य भएको बताउँदै थप अध्ययन गरेर सहकार्य गर्न सकिने धारराण राख्नु भएको थियो ।

यस्तै नास्टका उपकुलपति प्रा.डा. सुब्बाले नास्टले दुइ संस्थाबीच  अनुन्धार र विकासका क्षेत्रमा सहकार्य गर्न सके देशको औद्योगिक विकासमा सकारात्मक  योगदान गर्न सकिने उल्लेख गर्नुभयो ।

## कोशी प्रदेशमा कृषि एक्स्पो :




नेपाली किसानहरूले उत्पादन गरेका वस्तुहरूको प्रवर्द्धन, बजारीकरण तथा किसानहरूलाई आधुनिक औजार, यन्त्र, उपकरण र खेती पद्दतिका बारेमा जानकारी दिने उद्देश्यका साथ नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश समितिको आयोजनामा मोरडको कटहरी गाउँपालिका-१ स्थित कृषि थोक बजार केन्द्रमा प्रथम कृषि एक्स्पो सम्पन्न भएको छ ।

२०८१ भाद्र २५ देखि ३० सम्म एक्स्पोमा १३० वटा स्टल राखिएका थिए । जसमा कृषि र पशुपालनसँग सम्बन्धित सरकारी कार्यालयका स्टलहरू, निजी क्षेत्रका नवीन कृषि उपकरण तथा किसानहरूका उत्पादनहरू प्रदर्शन गरिएका थिए ।

यस एक्स्पोमा नेपालका साथै भारतको बिहारबाट पनि विशेष सहभागिता रहेको थियो । बिहार व्यापार एशोसिएसनका पदाधिकारीहरू तथा बिहार कृषि विभागको समन्वयमा २० वटा स्टलसहितको उपस्थिति रहेको थियो ।

## “संङ्घीय संरचनामा लगानी प्रवर्द्धनः सम्भावना, चुनौती र निजी क्षेत्रको अपेक्षा” विषयका कार्यक्रममा सहभागिता :



संङ्घीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८१ फागुन १३ गते आयोजना गरेको “संङ्घीय संरचनामा लगानी प्रवर्द्धनः सम्भावना, चुनौती र निजी क्षेत्रको अपेक्षा” विषयका कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले नेपालमा लगानीको पर्याप्त सम्भावना भएपनि सोही अनुरुपको समग्र वातावरण नहुँदा राज्यले प्रतिफल पाउन नसकेको बताउनु भयो । उहाँले देश विकासका लागि लगानी प्रवर्द्धन आवश्यक रहेको र यसका लागि लागि सबै राजनीतिक दल, प्रशासन संयन्त्र र निजी क्षेत्र उत्तिकै जिम्मेवार हुनु पर्ने धारणा राख्नु भयो । “सरकार, राजनितिक दल, प्रशासन र निजी क्षेत्र हामी एउटै डुङ्गाका यात्री हौं । डुङ्गामा क्षति पुग्दा एउटा पक्ष सुरक्षित र अर्को असुरक्षित भन्ने हुँदैन् । यसकारण देशको अर्थतन्त्र बलियो बनाउन हामी सबै उत्तिकै जिम्मेवार छौं र हुनु पर्दछ ।” उहाँले भन्नु भयो ।

उहाँले २०७२ सालको संविधानले नेपाललाई एकात्मक प्रणालीबाट संघात्मक पद्धतिमा रुपान्तरित गरि शासन संचालनको स्वायत्तता, सहभागिता र जवाफदेहीताको परिकल्पना गरेपनि तीनै तहका सरकारहरु सोही अनुरुप चल्न नसकेको बताउनु भयो ।

अध्यक्ष ढकालले लगानी प्रवर्द्धनका लागि राजनीतिक एवं नीतिगत अस्थिरता, संघीय सरकारका तहहरूवीचको अन्तरसम्बन्ध र समन्वयको अभाव, निजी क्षेत्र प्रोत्साहन गर्ने कार्यक्रमको कमी, विकास आयोजनामा अवरोध मुख्य चुनौती रहेको बताउनु भयो ।

## ५ औं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनको आयोजना :

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल उद्योगवाणिज्य महासंघ तथा अन्य विभिन्न संघ संस्थाहरुको सहआयोजना एवं सहयोगमा मिति २०८१ फागुन २६–२७ गतेसम्म भएको दुई दिने ५औं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनको समुद्घाटन भएको थियो । उक्त कार्यक्रममा महासंघका अध्यक्ष  उद्घाटनका अवसरमा बोल्दै उहाँले रोजगारी सिर्जना र लगानीकर्ताहरुलाई आकर्षित गर्न राजनीतिक र नीतिगत स्थिरता आवश्यक रहेका बताउनु भयो ।




नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले औद्योगिक विकास र स्वदेश मै रोजगारी सिर्जनाको लागि औद्योगिक वातावरण निर्माण पहिलो प्राथमिकता हुनु पर्ने बताउनु भएको छ ।

अध्यक्ष ढकालले नेपालमा श्रम शक्तिको उपयोग गर्नका लागि सिर्जनात्मक रोजगारी बढाउने क्षेत्रको पहिचान तथा प्रवर्द्धन र वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान र पुँजीको यथोचित प्रयोग गर्नु पर्नेमा जोड दिनु भयो । नेपालको कूल रोजगारीको ८६ प्रतिशत बढि रोजगारी निजी क्षेत्रले सिर्जना गरेको उल्लेख गर्नुहुदै निजी क्षेत्रले कुनै उद्योगव्यवसायमा लगानी गर्दा त्यसबाट उसले मात्र फाइदा नलिई सरकार तथा स्थानीय बासिन्दालाई समेत फाइदा पुग्ने हुनाले विकास निर्माण,पूर्वाधार विकासमा सरकार,राजनीतिक दल तथा निजी क्षेत्रको एउटै धारणा बन्नु पर्ने बताउनु भयो ।

सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरद सिंह भण्डारी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी तथा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार तथा पूर्व अर्थमन्त्री डा। युवराज खतिवडा लगायतले नेपालको श्रम बजार, चुनौती तथा रोजगारीका अवसरका बारेमा धारणा राख्नु भएको थियो ।

विभिन्न प्रदेशका प्रदेशका मुख्यमन्त्रीहरु नेपाल उद्योगवाणिज्य महासंघका,नेपाल उद्योगपरिसंघ, नेपाल  चेम्बर अफ कमर्श ,महिला उद्यमी महासंघ नेपाललगायत रोजगारदाता संगठनका अध्यक्ष तथा प्रतिनिधिहरु तथा विकास नियोगका प्रतिनिधिहरुको सहभागिता रहेको सम्मेलनमा विभिन्न विषयमा सोमबार मंगलबार  विभिन्न सेशनहरु सञ्चालन हुनेछन ।

# परिषद्/प्रदेश/समिति/फोरमहरूको प्रतिवेदन

## उद्योगवाणिज्य परिषद :

### प्रस्ताव समितिको वैठक :



नेपाल उद्योगवाणिज्य महासंघको ५८ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव समितिको पहिलो बैठक महासंघका उपाध्यक्ष तथा प्रस्ताव समितिका संयोजक श्री सुरकृष्ण वैद्यज्यूको संयोजकमा मिति २०८१ बैशाख ३० गते बस्यो । वैठकमा महासंघको ५८ औं वार्षिक साधारण सभामा लिखित रुपमा आएको बुटवल उद्योगवाणिज्य संघ, हस्तकला महासंघ, जिल्ला/नगर उद्योगवाणिज्य संघ, वस्तुगत संघ र अन्य संघसंस्थाबाट आएका प्रतिवेदनलाई छलफल गरी अगाडी बढाउने, जिल्ला/नगर उद्योगवाणिज्य संघबाट प्राप्त पत्रहरु उपर छलफल गरी अगाडी बढ्ने, जिल्लामा भएका उद्योगी व्यवसायीहरुको समस्याहरुलाई समाधानको लागि सरोकारवाला निकायसंग समन्वय तथा पहल पैरबी गर्न जिल्ला/नगरका समस्याहरुलाई प्राथमिकताका साथ अगाडी बढाउने, छनौट विषयलाई कार्यान्वयन तर्फ अघि बढाउने र परिणाममुखी बनाउने, आर्थिक वर्ष २०८१/०८२ को बजेटमा प्रस्ताव समितिबाट आएको राजश्व र करका समस्याहरु बजेटमा सम्बोधन गर्ने सुझावको रुपमा समावेश गर्ने लगायतका विषयमा छलफल भएको एवं निर्णय भएको थियो ।

### उद्योगवाणिज्य परिषदको तेश्रो वैठक :



मिति २०८१ साल भाद्र २५ गते भएको उद्योगवाणिज्य परिषदको तेश्रो वैठकमा बेलबारी उद्योगवाणिज्य संघ र लम्किचुहा उद्योगवाणिज्य संघलाई महासंघको नगरस्तरीय उद्योगवाणिज्य संघको साधारण सदस्यता दिने विषयमा बैठकमा छलफल हुंदा बेलबारी उद्योगवाणिज्य संघ र लम्किचुहा उद्योगवाणिज्य संघलाई महासंघको नगरस्तरीय सदस्यताको लागि महासंघको सदस्यता समितिमा सिफारिस गरि पठाउने, उद्योगवाणिज्य संघ इटहरीलाई “ग” वर्गबाट “क” वर्गमा स्तरोन्नतीको लागि सिफारिस गरि पठाउने साथै परिषद्का सदस्यहरुले आफनो प्रदेश जिल्ला/नगरमा आई परेको व्यवसायीक समस्याहरुका वारेमा छलफलमा आएका विषयहरुलाई बुदागत रुपमा टिपोट गरी कार्यकारिणी समितिको बैठकमा समाधानको लागी पेश गर्ने लगायतका विषयमा छलफल एवं निर्णय भएको थियो ।

### उद्योग वाणिज्य परिषद्को चौथो वैठक

नेपाल उद्योगवाणिज्य महासंघको उद्योगवाणिज्य परिषद्को चौथो वैठक मिति २०८१ मंसीर १५ गते आयोजना भएको थियो । वैठकमा महासंघको सदस्यताको लागि प्राप्त नगरसतरीय उद्योगवाणिज्य संघको सदस्यता सम्बन्धमा लगायतका विषयमा छलफल भएको थियो । वैठकले महासंघमा प्राप्त

निवेदनमा बांसगढी उद्योगवाणिज्य संघ, मध्यविन्दु उद्योगवाणिज्य संघ र रामपुर उद्योगवाणिज्य संघलाई महासंघको नगर उद्योगवाणिज्य संघको सदस्यता प्रदान गर्ने सम्बन्धमा कार्यकारिणी समितिको वैठकमा सिफासिर गर्ने निर्णय गरेको थियो ।



वैठकमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ मंसिर ६ गतेको निर्णयानुसार प्रचलित ऐनमा समसामयिक रुपमा परिवर्तन गरी संशोधन गर्न एवं अन्य विषयमा नयां विधेयक बनाउने सम्बन्धमा यकिन गरी तत्काल प्रक्रिया अगाडी बढाउने निर्णय एवं माननीय उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८१ मंसिर १३ गते महासंघ लगायत निजी क्षेत्रका संघ संस्थासंग भएको बैठकको निर्णय अनुसार निजी क्षेत्रसंग सरोकार राख्ने औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, खानी तथा खनिज पदार्थ ऐन २०४२, औद्योगिक सम्पत्ति सम्बन्धित बिधेयक, निकासी पैठारी (नियन्त्रण) विधेयक, कम्पनी विधेयक, नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, साझेदारी ऐन, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन विधेयक, नियमावली माथि महोदयको संघ र अन्तरगतका उद्योगप्रतिष्ठान, व्यवसायको कुनै संशोधन सुझाव भए तीन महले सुझाव महासंघमा उपलब्ध गराई दिन आग्रह गरिएको थियो । त्यसैगरी जिल्ला/नगर स्तरीय उद्योगवाणिज्य संघहरुका समसामयीक समस्या एवं समाधानहरु सम्बन्धमा पनि वैठकमा छलफल भएको थियो ।

**नवनिर्वाचित टिमको सम्मानमा स्वागत बधाई कार्यक्रम:**

नेपाल उद्योगवाण्जिय महासंघको जिल्ला नगर परिषद्का तर्फबाट २०८१/०८/२६ गते गैडाकोट उद्योगवाणिज्य संघ, कोहलपूर उद्योगवाणिज्य संघ, म्याग्दी उद्योगवाणिज्य संघ, उद्योगवाणिज्य संघ गोलबजार, बेलवारी उद्योगवाणिज्य संघ, तिलोतमा उद्योगवाणिज्य संघ, पोखरा उद्योगवाणिज्य संघ, लम्कीचुवा उद्योगवाणिज्य संघ, लेखनाथ उद्योगवाणिज्य संघ, सोलुखुम्बु उद्योगवाणिज्य संघ, बर्दीबास उद्योगवाणिज्य संघका नवनिर्वाचित अध्यक्ष



लगायत कार्यसमिति सदस्यहरुको सम्मानमा महासंघ सचिवालयमा स्वागत कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल र उपाध्यक्ष श्री सुरकृष्ण वैद्यले महासंघको पिन र खादा लगाई दिनु भइ बधाई तथा स्वागत गर्नुभएको थियो ।

**सांगठनिक रणनीतिक योजना कार्यशालामा सहजकर्ता (ToFs)को प्रशिक्षण कार्यक्रम सम्पन्न**

महासंघका सदस्य जिल्ला/नगर उद्योगवाणिज्य संघ सदस्यको सांगठनिक क्षमता अभिवृद्धि, गर्ने उद्देश्य सहित GIZ को प्राविधिक सहयोगमा नेपाल उद्योगवाणिज्य महासंघद्धारा संगठनात्मक रणनीतिक योजना विषयक कार्यशालाको प्रशिक्षण कार्यक्रम यही २०८१ आषाढ १२ गते देखि १४ गते सम्म (२०२४ जुन २६ देखि २८ तारिख सम्म) होटल बाराही पोखरामा नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष एवं उद्योगवाणिज्य परिषदका सभापति श्री सुरकृष्ण वैद्यज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त कार्यक्रममा नेउवामहासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री अमृत भट्टचन, पोखरा उद्योगवाणिज्य संघका अध्यक्ष श्री पवन कुमार प्रजापती उपस्थित हुनु भै प्रदेश

महासंघ र जिल्ला तथा नगर उद्योगवाणिज्य संघहरुको संस्थागत विकासको लागि यस कार्यक्रमले ठूलो महत्व राख्ने धारणा राख्नु भएको थियो ।



उक्त प्रशिक्षण कार्यक्रमको मुख्य उद्देश्य महासंघ अन्तरगतका प्रदेश महासंघ, महासंघका जिल्ला/नगर उद्योगवाणिज्य संघ सदस्यको सांगठनिक क्षमता अभिवृद्धि, व्यवसायीक कर र शिप मूलक तालिमको सम्वन्धित प्रदेशमै प्रशिक्षक उपलब्ध भई तालिम कार्यक्रम सञ्चालको लागि सहयोग पुग्ने रहेको थियो ।

उक्त कार्यशाला गोष्ठीका प्रशिक्षकहरुमा GIZ का श्री दिप्ती खकुरेल, श्री दिलिप गुरु र श्री उर्मिला पुरकोटे साथै महासंघ र सातवटै प्रदेश महासंघका कार्यकारी निर्देशकहरु, जिल्ला तथा नगर उवासंघका कार्यकारी अधिकृत गरी १८ जना गरी जम्मा २१ जनाको सहभागिता रहेको थियो ।

## उद्योगवाणिज्य परिषद्को पांचौ वैठक :



महासंघको उद्योगवाणिज्य परिषद्को पांचौ वैठक मिति २०८१ फागुन २२ गते आयोजना भएको थियो । वैठकमा महासंघमा नयां सदस्यताको लागि प्राप्त भएका जिल्ला/नगर उद्योगवाणिज्य संघका सम्बन्धमा साथै विविध एवं समसामयिक विषयमा छलफल भएको थियो ।

वैठकले महासंघमा सदस्यताको लागि दिएको निवेदनहरु मध्ये रामपुर उद्योगवाणिज्य संघ, बांसगढी उद्योगवाणिज्य संघ, मध्यविन्दु उद्योगवाणिज्य संघ, भीरकोट उद्योगवाणिज्य संघ र उद्योगवाणिज्य संघ-भेरी लाई महासंको नयां सदस्यताको लागि सिफारिश गर्ने निर्णय गरेको थियो भने बर्दिया उद्योगवाणिज्य संघलाई “ग” वर्ग बाट “ख” वर्गमा स्तरोन्ती गर्न सिफारिश गर्ने साथै “मोरङ्ग व्यापार संघ” को नाम परिवर्तन गरी “मोरङ्ग उद्योगव्यापार संघ” बनाउन सिफारिश गर्ने निर्णय गरेको थियो ।

**नेपाल उद्योगवाणिज्य महासंघ**

**जिल्ला तथा नगर स्तरीय उद्योगवाणिज्य संघको वार्षिक साधारण सभा, अधिवेशन एवं कार्यक्रमको आयोजना**

| | | |
|---|---|---|
| २०८१/०१/०९ | वितामोड उद्योगवाणिज्य संघको सपतग्रहण कार्यक्रम | प्रमुख अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री उमेश डालमीया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री गोकुल श्रेष्ठ |
| २०८१/०१/२२ | बाग्लुग उद्योगवाणिज्य संघको ६० औं वार्षिक साधारण सभा कार्यक्रम | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>अतिथि–श्री संजिव वहादुर कोइराला, नि वर्तमान अध्यक्ष,नेउवामहासंघ गण्डकी प्रदेश |

| | | |
|---|---|---|
| २०८१/०१/२३ | सुन्दरहरैंचा उद्योगवाणिज्य संघको पदस्थापना तथा शपथ ग्रहण कार्यक्रम | प्रमुख अतिथि– श्री चण्डी राज ढकाल, पूर्व अध्यक्ष नेउवामहासंघ<br>विशेष अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि – श्री ज्योत्सना श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि – श्री राजेन्द्र रावत, अध्यक्ष, नेउवामहासंघ |
| २०८१/०१/२८ | त्रियुगा उद्योगवाणिज्य संघको आठौं वार्षिक सधारण सभा कार्यक्रम । | विशेष अतिथि –श्री प्रयास कार्की, नेउवामहासंघ का.का सदस्य<br>विशेष अतिथि –श्री अमरेश चन्द्र बैदार, नेउवामहासंघ का.का सदस्य |
| २०८१/०१/२९ | तुलसीपुर उद्योगवाणिज्य संघको २९ औं वार्षिक साधारण सभा १६ औ अधिवेशन कार्यक्रम । | विशिष्ट अतिथि–श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि– श्री किशोर कुमार आचार्य, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०२/१७ | कोशी प्रदेश श्रमाधान रोजगार मेला समुद्घाटन समारोह कार्यक्रम । | विशेष अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष नेउवामहासंघ<br>श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश<br>अतिथि – श्री अभिनास बोहरा, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०२/१७ | काभ्रे उद्योगवाणिज्य संघको ४२ औं वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रम । | विशेष अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा<br>श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश, उज्जवल प्रसाद कसजू, श्री तारा बहादुर कार्की,<br>श्री बेद बहादुर श्रेष्ठ, श्री मञ्जु कुमार कोजु |
| २०८१/०२/२६ | धुलिखेल उद्योगवाणिज्य संघको ३२ औं वार्षिक साधारण सभा समुदघाटन कार्यक्रम । | प्रमुख अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि–श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा<br>श्री मञ्जु कुमार कोजु, श्री वेद बहादुर श्रेष्ठ, श्री तारा बहादुर कार्की |
| २०८१/०३/८ | इटहरी उद्योगवाणिज्य संघको २५ औं साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री चण्डी राज ढकाल, पूर्व अध्यक्ष नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष,नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश<br>नेउवामहासंघका आमन्त्रित का.का सदस्य |

| | | |
|---|---|---|
| | | अतिथिहरु<br>श्री गोकुल श्रेष्ठ, श्री प्रयास कार्की, श्री अमरेश चन्द्र वैदार, श्री शिव प्रसाद धिमिरे |
| २०८१/०४/२६ | कैलाली उद्योगवाणिज्य संघको ५० औं वार्षिक साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>अतिथि –श्री जंग बहादुर मल्ल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०५/०६ | दमक उद्योगवाणिज्य संघको ३४ औं स्थापना दिवस समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि– श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश , नेउवामहासंघ<br>अतिथि– श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०५/०७ | दमक उद्योगवाणिज्य संघघको ३४ औं स्थापना दिवस समापन समाराह कार्यक्रम । | प्रमुख अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री उमेश डालमीया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०५/०८ | उर्लाबारी उद्योगवाणिज्य संघको ३६ औं वार्षिक चुनावी साधारण सभाको समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि–श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश , नेउवामहासंघ<br>विशेष अतिथि – श्री नरेन्द्र खड्का, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि – श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री उमेश डालमीया, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि – श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०५/२२ | बारा उद्योगवाणिज्य संघको २१औं वार्षिक साधारण सभा तथा १४ औं अधिवेशन कार्यक्रम । | विशिष्ट अतिथि –श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री अशोक कुमार तेवानी, अध्यक्ष, नेउवामहासंघ मधेश प्रदेश<br>विशिष्ट अतिथि –श्री सुवोध गुप्ता, का.का सदस्य, नेउवामहासंघ |
| २०८१/०५/२८ | पोखरा उद्योगवाणिज्य संघको ७० औं वार्षिक साधारण सभा तथा ३५ औं महाधिवेशन समुदघाटन कार्यक्रम । | विशिष्ट अतिथि –श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री अन्नद राज मुल्मी, पूर्व अध्यक्ष, नेउवामहासंघ |

| | | |
|---|---|---|
| | | नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरु<br>श्री युवराज राजभण्डारी, श्री जीवन ज्योति श्रेष्ठ |
| २०८१/०५/२९ | पाल्पा उद्योगवाणिज्य संघको ७० औं साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरु<br>श्री वेद बहादुर श्रेष्ठ, श्री केशव भण्डारी,<br>श्री तारा बहादुर कार्की, श्री नरेश लाल श्रेष्ठ |
| २०८१/०५/२९ | गुलरिया उद्योगवाणिज्य संघको २३ औं वार्षिक साधरण सभा तथा १० औं अधिवेशन कार्यक्रम । | विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री जम्सेर अलिमिया, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री अव्दुल वहित मन्सुरी, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री किशोर आचार्य, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०५/३१ | बुटवल उद्योगवाणिज्य संघको ७१ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्विनी प्रदेश<br>अतिथि– श्री मोहन प्रसाद श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री भिष्म प्रसाद न्यौपाने, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री वेद बहादुर श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री केशव प्रसाद भण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०६/०१ | सिद्धार्थ उद्योगवाणिज्य संघको ७१ औं स्थापना दिवस कार्यक्रम । | विशिष्ट अतिथि –श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्विनी प्रदेश<br>अतिथि – श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री मोहन प्रसाद श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री भिष्म प्रसाद न्यौपाने, का.का सदस्य नेउवामहासंघ |

| | | |
|---|---|---|
| | | अतिथि– श्री राजेश कुमार अग्रवाल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०६/०४ | ललितपुर उद्योगवाणिज्य संघको ४५ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ |
| २०८१/०६/१२ | लेखनाथ उद्योगवाणिज्य संघको २८ औं वार्षिक साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि–श्री अनन्द मुल्मी, निवर्तमान अध्यक्ष, नेउवामहासंघ |
| २०८१/०७/०७ | कञ्चनपूर उद्योगवाणिज्य संघको ३३ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री कुश कुमार जोशी, पूर्व अध्यक्ष नेउवामहासंघ<br>अतिथि– श्री जंग बहादुर मल्ल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री पुष्प कुवर, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०७/२६ | नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको दोस्रैं गण्डकी स्तरिय औद्यैंगीक व्यापार मेला तथा कृषि महोत्सव २०८१ समुदघाटन समारोह कार्यक्रम । | विशिष्ठ अतिथि : श्री चन्द्रप्रसाद ढकाल अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ठ अतिथि :श्री सुरकृष्णा बैद्य उपाध्यक्ष<br>विशिष्ठ अतिथि : श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री युवराज राज भण्डारी, अतिथि : श्री किशोर कुमार आचार्य, अतिथि : श्री तारा बहादुर काकी, श्री भक्त बहादुर हमाल |
| २०८१/०८/०१ | नेपालगंज उद्योगवाणिज्य संघको ३२ र ३३ औं वार्षिक साधारण सभा कार्यक्रम । | अतिथि –श्री अव्दुल वहित मन्सुरी, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०८/०१ | सुर्खेत उद्योगवाणिज्य संघको ४१ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि–श्री निरक केशी, कोषाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि–श्री पदम व शाही, अध्यक्ष, नेउवामहासंघ कर्णाली प्रदेश |
| २०८१/०८/०१ | रत्ननगर उद्योगवाणिज्य संघको २५ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि – श्री अनिल कृष्ण श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री कृष्ण कटुवाल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०८/२० | सिद्धार्थ उद्योगवाणिज्य संघको ९ औं लुम्विनी महोत्सव समुघाटन कार्यक्रम । | अतिथि– श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री जम्शेर अलि मिया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री राजेश कुमार अग्रवाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री भिष्म प्रसाद न्यौपाने, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/०१ | सिद्धार्थ उद्योगवाणिज्य संघको ९ औं | विशिष्ट अतिथि – श्री हेमराज ढकाल, |

| | | |
|---|---|---|
| | लुम्विनी महोत्सव समापन कार्यक्रम | उपाध्यक्ष, नेउवामहासंघ |
| २०८१/०९/०१ | उद्योगवाणिज्य संघ कृष्णनगरको ११ औं वार्षिक साधारण सभा एवं अधिवेशन कार्यक्रम | अतिथि – श्री जम्सेर अलि मिया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री केशव प्रसाद भण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/०३ | बुटवल उद्योगवाणिज्य संघको महोत्सव | विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री उज्जल कसजु, श्री राजेश कुमार अग्रवाल, श्री जम्सेर अलि मिया, श्री केश भण्डारी |
| २०८१/०९/०५ | गोरखा उद्योगवाणिज्य संघको ४९ औं वार्षिक साधारण सभा तथा १७ औं अधिवेशन कार्यक्रम | विशेष अतिथि– श्री जिवन ज्योती श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री तारा बाहादुर कार्की, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/०५ | उद्योगवाणिज्य संघ खैरहनी महोत्सव | अतिथि – श्री अनिल कुमार श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/१६ | संङ्खुवासभा उद्योगवाणिज्य संघको १७ औं वार्षिक साधारण सभा | विशिष्ट अतिथि – श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि – श्री अविनाश बोहोरा, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि – श्री नरेन्द्र खड्का, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि – श्री शिव घिमिरे, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि – श्री प्रवल जंग पाण्डे, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/२० | नुवाकोट उद्योगवाणिज्य संघको १९ औं वार्षिक साधारण सभा | श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेपाल उद्योगवाणिज्य महासंघ, बागमती प्रदेश<br>श्री पशुपति देव पाण्डे, का.का सदस्य नेउवामहासंघ<br>श्री अमरेश चन्द्र वैदार, का.का सदस्य नेउवामहासंघ<br>श्री सविन श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/२० | नवलपरासी उद्योगवाणिज्य संघको ३८ औं वार्षिक साधारण सभा | विशिष्ट अतिथि–श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्विनी प्रदेश |
| २०८१/०९/२४ | मकवानपूर उद्योगवाणिज्य संघको ५८ औं वार्षिक साधारण सभा एवं अधिवेशन कार्यक्रम | अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेपाल उद्योगवाणिज्य महासंघ, बागमती प्रदेश<br>अतिथि –श्री कृष्ण कटुवा, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/२४ | भक्तपूर उद्योगवाणिज्य संघको ३७ औं वार्षिक साधारण सभा उदघाटन समारोह | विशेष अतिथि–श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री मन्जु कुमार कोजु, का.का सदस्य नेउवामहासंघ |

| | | |
|---|---|---|
| | | अतिथि– श्री कमला श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/०९/२५ | तनहु उद्योगवाणिज्य संघको महोत्सव | विशिष्ट अतिथि–श्री अनन्द राज मुल्मी |
| २०८१/०९/२५ | सुनसरी उद्योगवाणिज्य संघको धरान एक्स्पो–२०८१ समुद्घाटन समारोह कार्यक्रम | विशिष्ट अतिथि– श्री नविन रिजाल, का. का सदस्य नेउवामहासंघ |
| २०८१/०९/२६ | धादिङ उद्योगवाणिज्य संघको ३१ औं वार्षिक साधारण सभा एवं ११ औं अधिवेशन कार्यक्रम । | विशेष अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ |
| २०८१/०९/२८ | म्याग्दी उद्योगवाणिज्य संघको ८ औं म्याग्दी महोत्सवको उद्घाटन कार्यक्रम । | अतिथि– श्री अमृत चन्द्र भटचन, नेउवामहासंघ गण्डिकी प्रदेश |
| २०८१/०९/२९ | अर्घाखांची उद्योगवाणिज्य संघको छैंठौ अर्घाखांची कृषि एवं पर्यटन तथा औद्यैगिक महोत्सव–२०८१ कार्यक्रम । | विशिष्ट अतिथि– श्री जम्सेर अलि मिया, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/०८ | म्याग्दी उद्योग वाणिज्य संघको ८ औं म्याग्दी महोत्सवको समापन कार्यक्रम । | प्रमुख अतिथि – श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ |
| २०८१/१०/१० | नेपालगंज उद्योगवाणिज्य संघको प्रादेशिक महोत्सव कार्यक्रम । | विशिष्ट अतिथि– श्री अव्दुल वहित मन्सुरी, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/१० | पोखरा उद्योग वाणिज्य संघको राष्ट्रिय औद्यैगिक व्यापार मेला एवं आईटी महोत्सव २०८१ कार्यक्रम । | विशिष्ट अतिथि– श्री अमृत चन्द्र भटचन, नेउवामहासंघ गण्डिकी प्रदेश<br>विशिष्ट अतिथि– श्री अमरेश चन्द्र वैद्यँर, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/१० | देउखुरी उद्योगवाणिज्य संघको सातौं देउखुरी कृषि, पर्यटन तथा व्यापार महोत्सव–२०८१ कार्यक्रम । | विशिष्ट अतिथि– श्री जम्सेर अलि मिया, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/१२ | उद्योगसंगठन मोरङको विराट एक्स्पो २०८१ कार्यक्रम । | विशिष्ट अतिथि– श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश<br>अतिथि– श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/१५ | जलेश्वर उद्योगवाणिज्य संघको सपथ ग्रहण तथा पदभार ग्रहण कार्यक्रम । | प्रमुख अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>**नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा**<br>श्री तारा बहादुर कार्की, श्री अमरेश चन्द्र बैदार, श्री प्रयास कार्की, |
| २०८१/१०/१६ | रामेछाप उद्योगवाणिज्य संघको कृषि, पर्यटन औद्योगिक मेला प्रदर्शनी –२०८१ | प्रमुख अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री डि वी वस्नेत, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि – श्री तारा बहादुर कार्की, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि – श्री अमरेश चन्द्र बैदार, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि– श्री वेद वहादुर श्रेष्ठ, का.का सदस्य, नेउवामहासंघ |
| २०८१/१०/१९ | बेलवारी उद्योगवाणिज्य संघको ५ औं वार्षिक साधारण सभा | विशिष्ट अतिथि– श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश |

| | | |
|---|---|---|
| २०८१/१०/२१ | नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको भवन शिलान्यास तथा सातौं प्रदेश सभाको समुद्घाटन कार्यक्रम । | विशिष्ट अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री नरेन्द्र खड्का, श्री प्रयास कार्की, श्री गोकुल श्रेष्ठ, श्री अमरेश चन्द्र बैदार |
| २०८१/१०/२३ | नेपालगंज उद्योगवाणिज्य संघद्धारा आयोजित प्रँदेशिक महोत्सव २०८१ समापन समारोह कार्यक्रम । | प्रमुख अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ठ अतिथि – श्री अव्दुल वहित मन्सुरी, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१०/२४ | धादिङ उद्योगवाणिज्य संघको ११ औं अधिवेसनबाट निर्वाचित कार्यसमितिको पदभार ग्रहण कार्यक्रम । | प्रमुख अतिथि –श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ठ अतिथि – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री तारा बहादुर कार्की, श्री वेद वहादु श्रेष्ठ, श्री सविन श्रेष्ठ, श्री अरनिको राजभण्डारी |
| २०८१/१०/२६ | नेउवामहासंघ लुम्बिनी प्रदेशको सातौ प्रदेश सभा समुद्घाटन समारोह | प्रमुख अतिथि- श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि- श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि- श्री जमशेर अलि मिया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि |
| २०८१/१०/२८ | नेउवामहासंघ गण्डकी प्रदेशको आठौ प्रदेश सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ |
| २०८१/१०/२९ | सिन्धुली उद्योगवाणिज्य संघको ३४ औं वार्षिक साधारण सभा एवम् १५ औं अधिवेशन कार्यक्रम । | विशिष्ट अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री अमरेश चन्द्र वैदार, श्री कृष्ण कटुवाल, श्री वेद बहादुर श्रेष्ठ, श्री तारा बहादुर कार्की, श्री प्रयास कार्की |
| २०८१/१०/३० | सुन्दरहरैचा उद्योगवाणिज्य संघ सुन्दरहरैचा विराट एक्स्पो–४ | अतिथि– श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि –श्री प्रयास कार्की, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/०२ | दाङ जिल्ल उद्योगवाणिज्य संघको छैंठौं कृषि पर्यटन तथा व्यापार महोत्सव– | विशिष्ट अतिथि – श्री कृष्ण प्रशाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश |

| | | |
|---|---|---|
| | २०८१ | नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री किशोर कुमार आचार्य, श्री जम्सेर अलि मिया, श्री उज्वल कसजु, श्री केशब भण्डारी |
| २०८१/११/०६ | स्याङ्जा उद्योगवाणिज्य संघको सातौं स्याङ्जा महोत्सव–२०८१ | – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ तारा बहादुर कार्की, |
| २०८१/११/०६ | दोलखा उद्योगवाणिज्य संघको तेस्रो वृहत दोलखा महोत्सव–२०८१ उद्घाटन कार्यक्रम । | विशिष्ट अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>अतिथि– श्री सविन श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री मञ्जु कुमार कोजु, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/१० | नवलपुर उद्योगवाणिज्य संघको आठौं नवलपुर महोत्सव–२०८१ | – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ |
| २०८१/११/१० | बुटवल उद्योगवाणिज्य संघको ७२ औं स्थापना दिवस कार्यक्रम | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/१२ | कञ्चनपुर उद्योगवाणिज्य संघको मेला | अतिथि – श्री जंग बहादुर मल्ल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/१२ | देवचुली उद्योगवाणिज्य संघको पाचौं देवचुली महोत्सव | प्रमुख अतिथि – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश<br>अतिथि – श्री अनिल कृष्ण श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री कृष्ण कटुवाल, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/१३ | उद्योगवाणिज्य संघ खैरहनीको १३ औं वार्षिक साधारण सभा तथा १८ औं स्थापना दिवस | विशिष्ट अतिथि – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि – श्री अनिलकृष्ण श्रेष्ठ, श्री कृष्ण कटुवाल, श्री डि वी वस्नेत, श्री तारा ब कार्की |
| २०८१/११/१५ | उर्लाबारी उद्योगवाणिज्य संघको कृषि औद्यैंगिक तथा पर्यटन महोत्सव २०८१ को समुदघाटन समारोह कार्यक्रम । | विशिष्ट अतिथि– श्री राजेन्द्र रावत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश<br>विशेष अतिथि– श्री उमेश डाल्मीया, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री नरेन्द्र खड्का, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि – श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/१८ | खैरहनी उद्योगवाणिज्य संघ १३ औं साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि- श्री सुर कृष्णि वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका अतिथि का.का सदस्यज्यूहरुमा श्री अनिल कुमार श्रेष्ठ, श्री कृष्ण कटुवाल, श्री |

| | | |
|---|---|---|
| | | वेद बहादुर श्रेष्ठ, श्री डि वी वस्नेत |
| २०८१/११/२३ | सिद्धार्थ उद्योगवाणिज्य संघ, रुपन्देहीको ६६ औं वार्षिक साधार सभा तथा अधिवेशन कार्यक्रम | अतिथि - श्री राजेश कुमार अग्रवाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि - श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ |
| २०८१/११/२८ | वीरगञ्ज उद्योगवाणिज्य संघको ४९ औं वार्षिक साधारण सभा | विशिष्ट अतिथि - श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि- श्री सुवोद कुमार गुप्ता, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१२/०२ | प्यूठान उद्योगवाणिज्य संघको २७ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन कार्यक्रम । | प्रमुख अतिथि - श्री किशोर आचार्य, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१२/०३ | नेउवामहासंघ मधेश प्रदेशको छैंठौ प्रदेश सभा | विशिष्ट अतिथि - श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि - श्री सुवोद कुमार गुप्ता, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि - श्री अमरेश चन्द्र वैदार, का.का सदस्य नेउवामहासंघ |
| २०८१/१२/०४ | ललितपुर उद्योगवाणिज्य संघको ५८ औं स्थापना दिवस कार्यक्रम । | प्रमुख अतिथि- श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि- श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि - श्री सविन श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री कमला श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |

## वस्तुगत परिषदः

नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्बाट मिति २०८१ वैशाखदेखि हालसम्म विभिन्न गतिविधिहरु सम्पन्न भएका छन् । परिषद्ले यस अवधिमा नीतिगत सुधारका क्षेत्रमा केन्द्रीत भई सदस्यहरुलाई प्रभावकारी सेवा प्रवाह गर्न बढी केन्द्रीत गरयो भयो भने परिषद्को नियमित बैठकमार्फत पनि महासंघबाट प्रवाह गरिने सदस्यता सेवालाई प्रभावकारी बनाउन पर्याप्त छलफल, समिक्षा गरि सोही अनुसार कार्यक्रम तय गरियो । परिषद्बाट आफ्ना सवै वस्तुगत सदस्यहरुसंग नियमित जोडिएर उनीहरुसंग सम्वाद गर्ने, गुनासा सुन्ने एउटा संयन्त्र वनाई कार्य प्रारम्भ भयो ।

**नीतिगत सुधारमा केन्द्रीतः**

यस अवधिमा परिषद्बाट नेपाल सरकारले ल्याएका नीति, नियमावली, निर्देशिकामाथि बढी केन्द्रीत भई काम गरयो । यस क्रममा पौष ११ गते उद्योगमन्त्रालयमा राखिएको 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग गर्ने निर्देशिका २०८१'को कार्यान्वयन सम्बन्धमा सरोकारवाला निकायहरुहरुसंग राखिएको छलफल कार्यक्रममा महासंघ र वस्तुगत संघका प्रतिनिधिहरुको सक्रिय सहभागिता रहयो ।

मंसिर २८ गते महासंघ सचिवालयमा वस्तुगत संघहरुको उपस्थितिमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐन,२०७६, विशेष आर्थिक क्षेत्र ऐन २०७३ र खानी तथा

खनिज पदार्थ विधेयक २०८१ का विषयमा छलफल भयो । उक्त छलफल र सदस्यहरुबाट आएका सुझावका आधारमा महासंघकातर्फबाट नेपाल सरकारमा सुझाव समेत पेश गरिएको थियो ।



त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली २०४० को मस्यौदा उपर राय प्रतिक्रिया पठाउन गरेको अनुरोध अनुसार सुझाव संकलन गरी पठाउने कार्य भयो ।

असार २० गते महासंघ सचिवालय टेकूमा सरोकारवाला निकायहरु, उद्यमी व्यवसायीहरु बीच खाद्य स्वच्छता तथा गुणस्तर नियमावली २०८१ को मस्यौदामाथि छलफल भयो । नेपाल सरकार कृषि मन्त्रालयले उक्त नियमावलीको मस्यौदा निर्माण सम्पन्न गरेकाले सोही मस्यौदामा गरिएको प्रावधानका सम्बन्धमा सरोकारवालाहरुको राय सल्लाह लिने कार्य भयो ।



कार्यक्रममा महासंघका कानूनी सल्लाहकार लिलामणी पौडेलले चालु नियमावली र मस्यौदा नियमावलीमा रहेका प्रावधानका भिन्नतामाथि थप प्रष्ट पार्नु भएको थियो । महासंघको वस्तुगत परिषद्का सभापति हेमराज ढकालको सभापतित्वमा भएको उक्त छलफल कार्यक्रममा महासंघको कार्यकारिणी समितिका सदस्यहरु, वस्तुगत परिषद्का पदाधिकारी एवं सदस्यहरु, खाद्य उत्पादन, प्रशोधनसंग जोडिएका उत्पादक, वितरक तथा त्यससंग आवद्ध वस्तुगत संघका पदाधिकारीहरुको सहभागिता थियो ।

छलफल आएका सुझावहरु समेतलाई समेटेर मस्यौदा नियमावली माथि महासंघकोतर्फबाट सुझाव पेश गर्ने कार्य पनि भयो । महासंघले यसअघि खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१, छुर्पीको मापदण्ड तयारी गर्दा पनि यस्तै प्रकाकार कार्यक्रमको आयोजना गरि सुझाव संकलन गरी नेपाल सरकारका सम्बन्धित निकाय समक्ष पेश गरेको थियो ।

त्यसैगरी औषधि व्यवस्था विभागले दुई वर्ष अगाडिदेखि पशु औषधि व्यवसायी तालीम लिई बसेका तालीम प्राप्त व्यक्तिहरुलाई काठमाडौं केन्द्रबाट गत जेष्ठ १९ गते लिएको पशुपंछी औषधि व्यवसायी मान्यता परिक्षा, सो परिक्षाको प्राप्त नतिजा र त्यसबाट उत्पन्न समस्या समाधानमा महासंघबाट गम्भीर पहल भयो ।

विभागले संचालन गरेको परिक्षाबाट उत्पन्न समस्याका कारण व्यवसाय संचालन सम्बन्धी इजाजत पत्र (लाइसन्स) नै नविकरण नहुने कुराले सिंगो व्यवसाय नै प्रभावित हुने, हजारौ व्यवसायी आफ्नो व्यवसायबाट पलायन हुने र व्यवसायिक वातावरण नै विग्रनेतर्फ औषधि व्यवस्था विभागको गम्भीर ध्यानाकर्षण समेत गराइएको थियो । औषधि विधेयकको मस्यौदामाथि छलफल गरी सुझाव दिने कार्य पनि भयो ।

चोरी पैठारीले गर्दा अधिकांश वस्तुगत संघ अन्तरगतका उद्योगप्रतिष्ठान व्यवसायमा संकट आउने अवस्था सृजना भएको विषय निकै पेचिलो रुपमा उठ्यो । सो सम्बन्धमा महासंघले सदस्य वस्तुगत संघहरुसंग चोरी पैठारीबाट स्वदेशी उद्योगव्यवसायमा परेका समस्याका विषयमा लिखित दस्तावेज पठाउन अनुरोध गरि पत्राचार गरयो र प्राप्त सुझावलाई नेपाल सरकारका सम्बन्धीत निकायमा

पठाई चोरी पैठारी नियन्त्रण गर्न आग्रह गरियो । सो सम्बन्धमा महासंघका अध्यक्ष सहित पदाधिकारीहरुबाट नेपाल सरकारका अधिकारीहरुसंगको भेटमा पनि यी कुराहरु जोडदार रुपमा उठाउन थालियो ।

नेपाल सरकारबाट स्वदेशी उद्योगर किसानको हितका लागि मिति २०८० फागुन ३ देखि सहज परिस्थिति नहुन्जेलसम्मका लागि दुध तथा दुग्ध पदार्थ आयात बन्द गर्ने निर्णय गरिएको पृष्ठभूमीमा पछिल्लोपटक भारतबाट आउने दुध तथा दुग्ध पदार्थमा आधारित उत्पादन नेपाली बजारमा प्रतिबन्ध लगाइएकोले अन्य नेपाली वस्तुहरुको भारत निर्यातमा गैह्र भंसार अवरोध लगाई अप्ठ्यारो पारेकाले भारतबाट आयात गरिने दुग्ध पदार्थमा लगाइएको प्रतिवन्ध खुला गर्न पहल भैरहेको भन्ने सम्बन्धमा महासंघले कृषि मन्त्रीलाई पत्र लेखी दुध तथा दुग्ध पदार्थ आयातमा गरिएको सरकारको यसअघिको निर्णयलाई यथावत राखी हाल अन्य नेपाली वस्तुहरुको भारत निर्यातमा उत्पन्न समस्या समाधानमा नेपाल सरकारबाट दुई देश बीच सघन सम्वादमार्फत पहल गर्न आग्रह गरयो ।

**वस्तुगत संघका नवनिर्वाचित टिमलाई महासंघमा स्वागत**

नेपाल उद्योगवाणिज्य महासंघले आफ्ना सदस्य वस्तुगत संघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा फागुन १९ गते एक स्वागत तथा बधाई कार्यक्रमको आयोजना गरयो । सो अवसरमा नवनिर्वाचित अध्यक्षहरुले आआफ्ना क्षेत्रका चुनौती तथा महासंघबाट गरिएको अपेक्षाहरु समेत आफनो मन्तव्य मार्फत राखेका थिए । वस्तुगत परिषद्ले आयोजना गरेको सो कार्यक्रममा १६ वटा वस्तुगत संघका नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान गरिएको थियो ।



सिमेन्ट उत्पादक संघ, कम्प्युटर महासंघ नेपाल, नेपाल हस्तकला महासंघ, फ्लोरीकल्चर एसोसिएसन नेपाल, नेपाल हर्व्स तथा हर्वल उत्पादक संघ, नेपाल विप्रेशक संघ, नेपाल भेनियर संघ, रेष्टुरेन्ट एण्ड वार एसोसिएसन नेपाल, स्टक ब्रोकर्श एसोसिएस अफ नेपाल, निर्यात परिषद नेपाल, नेपाल पश्मिना उद्योगसंघ, नेपाल मसलन्द तथा शैक्षिक सामाग्री उद्योगसंघ, नेपाल उनी फेल्ट उत्पादक तथा निर्यातक संघ, नेपाल बीउ व्यवसायी संघ,ग्यास विक्रेता महासंघ नेपालका नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमुख अतिथि महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले खादा लगाई सम्मान सहित बधाई दिनु भयो ।



नवनिर्वाचित टिमलाई स्वागत गर्दै अध्यक्ष ढकालले महासंघको पछिल्लो विधान संशोधनले वस्तुगतसंघबाट महासंघमा प्रतितिधित्व गर्नका लागि थप अवसर सिर्जना गरेको बताउनु भयो । उहांले नवनिर्वाचित टिमको कार्यकालको सफलताको कामना पनि गर्नुभयो ।

सभापतिको आशनबाट महासंघका वस्तुगत परिषद्का सभापति हेमराज ढकालले महासंघले वस्तुगत संघहरुका क्षेत्रगत समस्याहरुलाई सम्बोधन गर्न महासंघले निरन्तर पहल गरिरहेको बताउनु भयो ।

महासंघका उद्योगउपाध्यक्ष सुरकृष्ण वैद्यले अर्थतन्त्र चलायमान बनाउन र देशमा रोजगारी वातावारण सिर्जनाको लागि महासंघले सकृय रुपमा भूमिका निर्वाह गरेको बताउनु भयो ।

यसैगरी महासंघका एशोसिएट उपाध्यक्ष ज्योत्सना श्रेष्ठले देशको आर्थिक विकासका लागि अर्थतन्त्र चलायमान हुन आवश्यक रहेको उल्लेख गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि वस्तुगत संघहरु थप सकृय रहनु पर्ने बताउनु भयो ।



सो अवसरमा अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) को सहयोगमा महासंघले तयार गरेका वस्तुगत संघहरुका लागि कार्य सञ्चालन विधि र कार्यस्थलमा आधारित तालिम सञ्चालन निर्देशिकाको विमोचन समेत गरिएको थियो ।

वस्तुगत संघहरुको दैनिक कार्य संचालनलाई प्रभावकारी पार्दै उनीहरुले आफना सदस्यहरुलाई दिने सेवालाई चुस्त र परिणाममुखी बनाउने कार्यमा सहयोग पुर्‍याउन वस्तुगत संघहरुका लागि स्तरीय कार्य संचालन विधि (Standard Operating Procedure-SOP) निर्माण गरिएको हो ।

**सदस्यका साथ महासंघः**

परिषद्बाट आफ्ना सवै वस्तुगत सदस्यहरुसंग नियमित जोडिएर उनीहरुसंग सम्वाद गर्ने, गुनासा सुन्ने एउटा संयन्त्र वनाई कार्य प्रारम्भ भयो । यसका लागि परिषद्ले पहिलो पटक महासंघको बोर्डमा वस्तुगत क्षेत्रबाट प्रतिनिधित्व गर्ने १४ जना कार्यकारिणी समितिका सदस्यहरुलाई मुख्य संयोजक बनाई विभिन्न १४ वटा समूह बनायो । “सदस्यका साथ महासंघ” अन्तरगत १२४ वटा सदस्य वस्तुगत संघहरुलाई ती समूहमा राखी सदस्यहरुसंग नियमित रुपमा छलफल वार्ता गर्ने कार्य प्रारम्भ गरयो । यो परिषद्मा पहिलो पटक गरिएको अभ्यास हो । तत्पश्चात आ-आफ्ना जिम्मेवारी अनुसार समूहका संयोजकबाट देहाय अनुसार बैठक आयोजना भयो ।

## Service (I) समूहका वस्तुगत संघहरुसंग छलफलः



Service (I) को बैठक भदौ ७ गते शुक्रवार महासंघ सचिवालयमा सम्पन्न भयो । समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य भक्त बहादुर हमालको सभापतित्वमा बैठक सम्पन्न भएको थियो ।

बैठकमा Service(I) मा परेका सदस्य संघहरुकातर्फबाट सेवा क्षेत्रलाई महासंघले महत्व दिएर समूहगत रुपमै छलफल थालेकामो खुशी प्रकट गरेर र यसको निरन्तरतामा जोड दिए । विज्ञापन व्यवसायलाई दीगो वनाउन सरकारमा दवाव दिनुपर्ने, विज्ञापन व्यवसायलाई मर्यादित र दीगो बनाउन संघको पहलमा भएको त्रिपक्षीय सहमती कार्यान्वयनमा महासंघले पनि सहयोग गर्नुपर्ने, वैदेशिक रोजगारीमा देखिएका विकृतीहरुलाई नियमन र नियन्त्रण गर्न व्यवसायीले दिएका सुझाव कार्यान्वयनमा महासंघले सहयोग गर्नुपर्ने, निर्यातमा गोदामले बढाएको शुल्क घटाउन सहयोग गर्नुपर्ने सुझावहरु आएका थिए ।

त्यसैगरी बैठकमा सदस्यहरुका ससाना इस्यूलाई पनि महासंघले मिहिनसाथ हेरेर सहयोग गर्नुपर्ने, महासंघका पदाधिकारीले सदस्य संघका पदाधिकारीहरुसंगको भेटघाटलाई पहिलो प्राथमिकता दिनुपर्ने, कुरियर, फ्रेट, ढुवानी, भंसार एजेन्ट व्यवसाय नीतिगत सुधार, ढुवानी व्यवसायमा लागेका भ्याट खारेज गर्नुपर्ने, ढुवानी ऐन आवश्यक भैसकेकाले उक्त ऐन ल्याउन महासंघको भूमिका आवश्यक रहेको, भिसिटिएसलाई सहज र सरल रुपमा कार्यान्वयनमा लैजान हेल्प डेस्क खडा गर्नुपर्ने, भंसार छलेर सामान ल्याउने काममा अहिले सरकारी कर्मचारी नै सक्रिय रहेकाले यो कुरा सरकारसम्म पुरयाउनु पर्ने, भंसार छलेर चोरबाटोबाट सामान ल्याउने काम भैरहेको, कमजोर पूर्वाधार सुधार विकासमा सरकारलाई दवाव दिनुपर्ने, ससाना सिपमुलक कामलाई पनि अर्थतन्त्रको गतिविधिसंग जोड्न महासंघले काम गर्नुपर्ने सुझाव दिएका थिए ।

बैठकमा समन्वयकर्ता हमालले विषय प्रवेश गराउँदै समूहमा राखेर छलफल गराउनका उद्देश्यमाथि प्रष्ट पार्नु भयो । बैठकमा आनका अध्यक्ष सुदिप थापा, कुरियरका अध्यक्ष दूर्गा प्रसाद सुवेदी, वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, भंसार एजेन्ट महासंघका अध्यक्ष भरतराज घिमिरे,ढुवानी व्यवसायी महासघका अध्यक्ष माधव प्रसाद नेपाल, नेफाका वरिष्ठ उपाध्यक्ष राजेन्द्र संग्रौला, शौन्दर्यकला व्यवसायी संघका अध्यक्ष एवं कार्यकारिणी समितिका सदस्य कमला श्रेष्ठले आआफना धारणा एवं सुझाव राख्नु भएको थियो ।

## Health & Education समूहका वस्तुगत संघहरुसंग छलफल:

Health & Education समूहको पहिलो बैठक भदौ ९ गते आइतवार महासंघ सचिवालयमा सम्पन्न भयो । समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य कमला श्रेष्ठको सभापतित्वमा बैठक सम्पन्न भएको थियो । बैठकमा Health & Education मा रहेका सहभागी संघहरुकातर्फबाट महासंघले स्वास्थ्य र शिक्षा क्षेत्रले पनि महत्व दिएर छुट्टै समूह नै बनाई छलफल चलाउनु सराहनीय भएको र आफूहरुलाई बल्ल महासंघसंग जोडिएको महशुस भएको धारणा राखिएको थियो ।



सरकारी निकाय बीच समन्वय नहुदा आयुर्वेदिक औषधिका उत्पादनहरुले विभिन्न समस्या झेल्नु परेको, स्वास्थ्य सेवा बिभागका यस सम्बन्धमा सहयोग गर्न सहायता कक्ष स्थापना गरिनु पर्ने, सामाजिक सुरक्षा कोषमा क्षतिपूर्तिका विषयमा रहेका केही प्रावधानहरु संशोधन गरिनुपर्ने, श्रमिक आपूर्ति व्यवसायमा लागेका व्यवसायीहरुका लागि टिडियस अहिले समस्याका रुपमा रहेकाले यो फिर्ता गर्ने व्यवस्था गर्न पहल हुनुपर्ने, आन्तरिक र वाह्रय औषधि उद्योगलाई समान व्यवहार गरिनुपर्ने, कम्तिमा ५ वर्षमा ओषधि उत्पादनहरुको मूल्यांकन गर्ने व्यवस्था गरिनुपर्ने, अटोमोवाइल्समा एक्सपाएरी विसर्जन गर्ने नीति आवश्यक रहेको, उच्च शिक्षा सम्बन्धी कानूनमा शैक्षिक शुल्कको विमा गर्ने तथा ३ प्रतिशत शिक्षा सेवा करलाई विदेशमा समस्या परेका विद्यार्थीहरुको हितमा प्रयोग गर्न १ प्रतिशत रकम प्रयोग गर्ने व्यवस्था गरिनुपर्ने, राज्यले ल्याउने नीति नियम उद्योगव्यवसाय फस्टाउने भन्दा पनि नियन्त्रण गर्ने अभिप्रायले ल्याउने हुदा यसमा महासंघले सरकारलाई उद्योगव्यवसाय फस्टाउने नीति ल्याउन दवाव दिनुपर्ने धारणाहरु आएका थिए । बैठकमा महासंघ सचिवालयकातर्फबाट स्वास्थ्य र शिक्षा समूहमा परेका संघहरुको इस्यूहरु प्रस्तुत गरिएको थियो ।

बैठकमा शौन्दर्यकला व्यवसायी संघका अध्यक्ष कमला श्रेष्ठ, औषधि उत्पादक संघका महेश प्रसाद प्रधान, नेपाल औषधि व्यवसायी संघका कोषाध्यक्ष सम्राटमान जोशी,नेपाल केमिकल एण्ड मेडिकल सप्लायर्स एसोसिएसनका बिनोद कुमार माानन्धर, नेपाल श्रमिक आपूर्तिकर्ता संघका अध्यक्ष भरत प्रसाद संग्रौला, नेपाल आयुर्वेदिक औषधि उत्पादक संघ र नेपाल शैक्षिक परामर्श संघका कोषाध्यक्ष आशिव कार्की सहभागिता थियो ।

**Tourism समूहका वस्तुगत संघहरुसंग छलफल:**



Tourism समूहको दोस्रो बैठक भदौ ११ गते मंगलवार महासंघ सचिवालयमा सम्पन्न भयो । बैठकमा वस्तुगत परिषद्का सभापति हेमराज ढकाल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो भने समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य राज कुमार कार्कीको सभापतित्वमा बैठक सम्पन्न भएको थियो । बैठकमा महासंघ सचिवालयकातर्फबाट पर्यटन समूहमा परेका संघहरुको इस्यूहरु प्रस्तुत गरिएको थियो ।

बैठकमा सहभागी संघहरुकातर्फबाट टिकटमा भ्याट लगाउंदा समग्र पर्यटन उद्योगमै असर गरेकाले यसलाई हटाउन पहल गर्नुपर्ने, हामीले लक्चरी टुरिष्टलाई भन्दा पनि हामीले मेडियम खालका पर्यटन ल्याउन जोड दिनुपर्ने, पर्यटक भित्र्याउनेहरुलाई पनि निर्यातलाई सरह अनुदान दिइनु पर्ने,रेष्टुरेन्ट व्यवसायका लागि भाडा सम्झौता गर्दा घरधनीसंग कम्तीमा ९ वर्ष, त्यसपछि अर्को ९ वर्ष र त्यस पछि स्वतः अर्को १८ वर्ष थप हुने गरी करार सम्झौता मोडालिटी ल्याउनु पर्ने सुझाव राख्नु भएको थियो ।

त्यसैगरी पर्यटन बोर्डबाट मुलुकको पर्यटन विकासमा काम गर्न नसकिने हुदा हालको संरचनामै परिवर्तन गर्नुपर्ने,मौद्रिक नीतिमा किन पर्यटन क्षेत्र समेटिन नसेकोको केन्द्रीय बैंकको ध्यानाकर्षण गराउनु पर्ने, पर्यटन यातायातमा हालको विमा नीति वाधक वनिरहेकाले यसमा संशोधन गरी प्रिमियम जति पनि तिर्न व्यवसायीहरु तयार छन् तर व्यवसायीहरुलाई दुःख नदिने नीति ल्याउन जोड दिनुपर्ने, भारतीय गाडीले होटलको गेटमा लेराएपछि आन्तरिक सेवामा यहीका यातायातले दिन पाउनु पर्ने व्यवस्था कडाईका साथ लागू गरिनुपर्ने लगायतका सुझाव पनि सहभागीबाट आएका थिए ।

बैठकमा रेबानका अध्यक्ष शंघर्ष बिष्ट, नाटाका अध्यक्ष कुमारमणी थपलिया, नाराका अध्यक्ष शिव प्रसाद घिमिरे, नेपाल पर्यटन यातायात(एनटीभीए)का अध्यक्ष बेदराज बास्तोला, होटल व्यवसायी महासंघका अमृत भुजेलको सहभागिता थियो ।

## Trading समूहका वस्तुगत संघहरुसंग छलफल:

Trading समूहको पहिलो बैठक भदौ १२ गते मंगलवार महासंघ सचिवालयमा बस्यो । बैठकमा वस्तुगत परिषद्का सभापति हेमराज ढकाल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो भने समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य डा. सुवोध कुमार गुप्ताको सभापतित्वमा बैठक सम्पन्न भएको थियो ।

बैठकमा सहभागी संघहरुकातर्फबाट मोवाइल व्यवसायमा ग्रे मार्केट नियन्त्रण गर्न अविलम्व एमडीएमएस प्रणाली लागू गरिनुपर्ने, व्यवसायीक एकता हुनुपर्ने, खुला बोर्डरकाकारण चोरी पैठारी प्रमुख समस्या भएकाले भंसार न्यून गरियो भने समस्या समाधान हुने हुदा महासंघले यसमा लवी गर्नुपर्ने, अटोमोवाइल्समा कमर्सियललाई विना धितो ऋण नदिने हुदा यसमा महासंघले लवी गरिदिनु पर्ने, इन्धनबाट चाल्ने गाडीहरुको भविष्य हेर्दा यससंग जोडिएको जनशक्तिलाई हेरेर यसका लागि



अहिलेदेखिने योजना वनाइनु पर्ने, पार्टसपूर्जाको अवैध आयातलाई नियन्त्रण गर्न राज्यको प्रभावकारी संयन्त्र हुनुपर्ने, भंसार ऐनको दफा ५७ को ५ र ९ खारेज गरिनुपर्ने, सिलाई व्यवसाय प्रवर्द्धनमा आवश्यक जनशक्ति विकासमा राज्यको सहयोग हुनुपर्ने लगायतका सुझाव राखिएको थियो । बैठकमा महासंघ सचिवालयकातर्फबाट यस समूहमा रहेका संघहरुका चुनौती एवं समस्या र सुझाव समेटिएको प्रस्तुती गरिएको थियो ।

बैठकमा नाडा अटोमोवाइल्स एसोसिएसनका सहकोषाध्यक्ष पंकज अग्रवाल, नेपाल मोवाइल इम्पोटर्स संघका उपाध्यक्ष संजय अग्रवाल, नेपाल हिमालय सिमापार वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गंगा बहादुर घिमिरे, नेपाल खाद्य तथा किराना व्यवसायी संघका अध्यक्ष देवेन्द्र भक्त श्रेष्ठ, नेपाल कपडा तथा सिलाई व्यवसायी संघका अध्यक्ष उद्धव ब. थापामगरको सहभागिता थियो ।

## Manufacturing (II) समूहका वस्तुगत संघहरुसंग छलफल:

Manufacturing (II) समूहको पहिलो बैठक भदौ १३ गते बुधवार महासंघ सचिवालयमा बस्यो । बैठकमा वस्तुगत परिषद्का सभापति हेमराज ढकाल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो भने समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य शिव प्रसाद घिमिरेको सभापतित्वमा बैठक सम्पन्न भएको थियो । बैठकमा महासंघका उपाध्यक्ष सुरकृष्ण श्रेष्ठको पनि उपस्थिति थियो ।



बैठकमा सहभागी संघहरुकातर्फबाट महासंघले अगाडी बढाएको मोडालिटीको प्रशंसा गर्दै कपडा उद्योगमा ५० प्रतिशत विद्युत छुटको सुविधा यथावत गरिनुपर्ने, बजारमा आन्तरिक खपतको ८० प्रतिशत कपडा अवैध रुपमा आएकाले सरकारले बेलैमा नियन्त्रण गर्नुपर्ने, सुनचांदी व्यवसायलाई मर्यादित र स्वच्छ व्यवसायको रुपमा चलाउने वातावरण सरकारले बनाउनुपर्ने, सुनमा कायम कोटा अविलम्व बढाउनु पर्ने, सुनमा भारतीय भंसार महशुलसंग केही प्रतिशतमात्र बढी हुने गरी भंसार महशुल कायम गरिनुपर्ने, उपभोग गर्ने जनशक्ति नै घटीरहेको अवस्था नै हाम्रा लागि चिन्ताको विषय हो र निर्यात बढाउन सरकारको स्थायी नीति हुनुपर्ने, धागो लगायतको उत्पादनका लागि बजार विस्तार र विविधिकरण गर्न राज्यले सहयोग गरिदिनुपर्ने, सार्क देशहरुमा हाम्रो व्यापार विस्तार गर्न काम गर्नुपर्ने लगायतका सुझाव राखिएको थियो ।

बैठकमा नेपाल सुनचांदी व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष दियेशरत्न शाक्य, नेपाल कपडा उद्योगसंघका अध्यक्ष शैलेन्द्र लाल प्रधान, नेपाल कागज उद्योगसंघका अध्यक्ष भरतकुमार तोदी,

नेपाल धागो उत्पादक संघका सदस्य अंकुर न्यौपानेको सहभागिता थियो । बैठकमा महासंघ सचिवालयकातर्फबाट पर्यटन समूहमा परेका संघहरुको इस्यूहरु प्रस्तुत गरिएको थियो ।

**Agro Manufacturing समूहका वस्तुगत संघहरुसंग छलफल:**

Agro Manufacturing समूहको पहिलो बैठक भदौ १४ गते शुक्रवार महासंघ सचिवालयमा बस्यो । बैठकमा वस्तुगत परिषद्का सभापति हेमराज ढकाल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो भने समूहका समन्वयकर्ता एवं कार्यकारिणी समितिका सदस्य हरिबहादुर कार्कीको सभापतित्वमा बैठक सम्पन्न भएको थियो । बैठकमा महासंघको कृषि उद्यम केन्द्रका सभापति डि.बि. बस्नेत, महिला उद्यमी विकास समितिका सभापति कमला श्रेष्ठको पनि सहभागिता थियो ।



बैठकमा सहभागी संघहरुकातर्फबाट आन्तरिक मागका लागि अफ सिजनमा अपुग वार्षिक १५/२० लाख मे.ट्रिक टन धान भारतबाट आयात गरिनु पर्ने, अग्रिम आयकरको समस्या ठूलो रहेकाले यसलाई हटाउन महासंघले सहयोग गर्नुपर्ने, खाद्यान्नको सही तथ्यांक नहुदा समस्या भएकाले सही तथ्यांक तयार गर्ने काम गर्नुपर्ने खांचो रहेको, उखुमा उन्नत जातको विरुवामा आवश्यक रहेको, चिनीमा अवैधा आयात नियन्त्रण गरिनुपर्ने, कृषकलाई समयमा मल विउ उपलव्ध गराइनुपर्ने, वनस्पति घयू तेलमा ल्याव टेष्टको समस्या रहेको पहिला खाद्य गुण नियन्त्रणले ल्याव टेष्ट गर्दै आएको पछिल्लो पटक भंसारले गर्न थाल्दा समस्या भैरहेको, सरकारी निकाय बीच नै समन्वय र विश्वासको कमीले समस्यामा उद्योगीहरु परेको, कच्चा माल बोकेर आउने गाडीहरु नमान्ने र गन्तव्य पुग्न लामो समय लाग्ने, समयमा नपुग्दा डिटेन्सन चार्ज लगायतका कारण उद्योगसंचालनमै समस्या भैरहेको, ह्याचरीमा आत्मनिर्भर भैसकेको उद्योगसरकारको उद्योगसंरक्षण गर्ने नीति नै नहुदा धराशायी अवस्थामा पुगेको, चोरी पैठारी प्रमुख समस्या रहंदा उद्योगचलाउनै नसक्ने अवस्था भएको,ह्चारीमा रोगव्याधी नियन्त्रणमा सहयोग हुन पर्ने, विद्युत उपभोगमा सहयोग हुनुपर्ने, बाजो जग्गा उत्पादनमा लगाउने राज्यको नीति नभएसम्म देश उभो लाग्दैन, १५ देखि २० प्रतिशत महंगो भएपनि स्वदेशी उत्पादन नै उपभोग गर्ने नीति लागू गरिनुपर्ने लगायतका सुझाव राखिएको थियो । बैठकमा महासंघ सचिवालयबाट सम्बन्धित क्षेत्रका संघहरुका चुनौती एवं सुझावहरु समेटिएको प्रस्तुती गरिएको थियो ।

बैठकमा नेपाल ह्याचरी उद्योगसंघका अध्यक्ष लक्ष्मीदास मानन्धर, नेपाल दाना उद्योगसंघका मुकुन्द प्रसाद सिलवाल,नेपाल दाना उद्योगसंघका उपाध्यक्ष दिप प्रसाद धमला, नेपाल दाल, चामल, तेल उत्पादक संघ र मैदा उद्योगसंघका अजय पराजुली,नेपाल चिनी उद्योगसंघ र नेपाल वनस्पती घ्यू तेल उत्पादक संघका दिवाकर पाण्डेको सहभागिता थियो ।

**वस्तुगत संघहरुको भेला सम्पन्न**

वस्तुगत परिषद्ले मंसिर २२ गते काठमाडौंमा सदस्य वस्तुगत संघहरुको भेला आयोजना गरयो । महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको मुख्य आतिथ्यता र परिषद्का सभापति हेमराज ढकालको सभापतित्वमा भेला आयोजना भएको थियो । भेलामा नेपाल उद्योगवाणिज्य महासंघको विधान शंसोधन, विभिन्न ऐन कानुन संशोधन र विविध विषयमा छलफल भएको थियो ।



भेलामा राखिएका विषयमा माथि परिषद्का सदस्य एवं वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरुले आआफना धारणा एवं सुझाव राख्नु भएको थियो ।

भेलामा सहभागीहरुबाट विशेष त अर्थतन्त्र सुस्ताउंदा निजी क्षेत्रमा नैराश्यता उत्पन्न भएकाले अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रहरु जस्तो घरजग्गा व्यवसाय, निर्माण क्षेत्रलाई चलायमान बनाउन नीति कार्यक्रम ल्याउन महासंघले सरकारमा दरिलो पैरवी गर्नुपर्ने, ऋणको पुनरतालिकीकरणमा पहल गर्नुपर्ने, सार्वजनिक खरिद ऐनका विषयमा महासंघले पनि सहयोग गर्नुपर्ने, नेपाली उत्पादनको उपभोग बढाउने वातावरण वनाउनु पर्ने, वन तथा खानी ऐनका कतिपय प्रावधानले व्यापार व्यवसाय गर्न नै समस्या भएकाले तीनको संशोधनमा पहल हुनुपर्ने, नेपाली वस्तुहरुको निर्यातमा भारतले लगाउंदै आएका गैर भंसार अवरोधहरु हटाउन पहल गर्नुपर्ने, पर्यटन ऐन संशोधनमा महासंघले नेतृत्व लिनुपर्ने, नेपाली उत्पादन र वाहिरबाट आउने सामानले पनि अनिवार्य रुपमा  एन. एस. छाप लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिनुपर्ने लगायतका सुझावहरु आएका थिए । त्यसैगरी महासंघको मस्यौदा विधानका विषयमा पनि विभिन्न सुझावहरु आएका थिए ।



कार्यक्रमलाई महासंघका अध्यक्ष ढकाल, वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरु सुरकृष्ण श्रेष्ठ, ज्योत्सना श्रेष्ठले पनि संवोधन गर्नु भएको थियो । उहांहरुले सदस्यहरुका सुझाव अनुसार नै महासंघको गरिमालाई उच्च बनाउने गरी काम गर्ने प्रतिवद्धता जनाउनु भयो ।



भेलाको अन्त्यमा परिषद् सभापति ढकालले भेलाबाट आएका सुझावहरुले परिषद्लाई आगामी दिनमा थप प्रभावकारी वनाएर लैजान सहयोग पुग्ने विश्वास प्रकट गर्नुभयो । समग्र उद्योगव्यवसाय नै मन्दीबाट ग्रसित भएकाले उद्योगव्यवसायलाई चलायमान बनाउन वर्तमान नेतृत्व र टिम सशक्त ढंगले अगाडी बढेको भन्दै सक्रिय सहभागिताका लागि सबैमा धन्यवाद दिनु भयो । भेलामा ८० जना उद्यमी व्यवसायीको सहभागिता थियो ।

**आवागमनमा सहजीकरण गरिदिन आग्रह**

असोज १० गते बिहीवार रातिदेखि परेको अविरल वर्षाका कारण काठमाडौं लगायत देशका अधिकांश ठाउंमा ठूलो जनधनको क्षति भयो । अविरल वर्षाबाट स्थल पूर्वाधारमा भएको क्षति तथा रुकावटका कारण दुध, पानी, औषधि, फलफूल तरकारी लगायतका अत्यावश्यक वस्तुहरुको सहज आपूर्तिमा समस्या भैरहेको गुनासाहरु मुलुकभरबाट आएकाले गृहमन्त्रालयमा पत्राचार गरी अत्यावश्यक खाद्य सामग्रीहरु बोकेका गाडीहरुको सहज आवागनमा सहयोगका लागि त्यस मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरि सहयोग हुन अनुरोध गरियो ।

त्यसैगरी परिषद्ले वस्तुगत संघहरुलाई पत्राचार गरी अविरल वर्षाबाट भएको क्षतिको विवरण पठाउन आग्रह गर्दै प्राप्त विवरणहरु अनुसार क्षतिपूर्ति दिन गृहमन्त्रालयमा पहल समेत गरयो ।

## परिषद्को बैठकः

परिषद्को बैठक हरेक तीन तीन महिनामा आयोजना गरियो । यस बीचमा परिषद्का तीन वटा बैठक सम्पन्न भएका छन् । चौथो बैठक असार १७ गते, पांचौं बैठक भदौं २५ गते र छैटौं बैठक मंसिर २३ गते सम्पन्न भयो । जस अनुसार ती तीनै वटा बैठकमा महासंघको वस्तुगत सदस्यताका लागि आवेदन दिएका संघहरुको सदस्यताका विषयमा छलफल भई महासंघको सदस्यता समितिलाई राय सल्लाह दिने कार्य मुख्य रुपमा भयो ।

महासंघको सदस्यता समितिले महासंघले दिने सदस्यता विवाद रहित रुपमा दिन सकियोस भन्ने अभिप्रायले सम्बन्धित परिषद्बाट राय सल्लाह लिएर मात्र निर्णय लिने प्रक्रियाको थालनी गरेपछि परिषद्मा वस्तुगत सदस्यताका लागि आवेदन दिएका संघ संस्थाको सदस्यताका विषयमा विषयमा छलफल भई राय सल्लाह पठाउने कार्यको प्रारम्भ हुन थाल्यो ।

त्यसैगरी परिषद्का बैठकमा महासंघको कार्यकारिणी समितिको बैठकमा वस्तुगत परिषदकातर्फ उठाइनु पर्नेविषयमा पनि छलफल गरिन थालियो । परिषद्का सबै बैठकमा कार्य समितिका बैठकमा वस्तुगत क्षेत्रबाट उठाउनु पर्ने विषयहरुका छलफल भई साझा धारणा राख्ने अभ्यासको थालनी गरियो ।

यस बीचमा २० वटा वस्तुगत संघहरु महासंघको वस्तुगत क्षेत्रतर्फका सदस्य भएका छन् । महासंघको वस्तुगत परिषद्को शिफारिशमा ती संघहरुले महासंघको वस्तुगत सदस्यता प्राप्त गरेका हुन ।

यो बीचमा नयां सदस्यता पाउने वस्तुगत संघहरुमा १) नेपाल होस्टल एसोसिएसन २) एसोशिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूसन अफ नेपाल ३) नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ ४) नेपाल यार्सागुम्वा संघ ५) फोरम फर हेल्थ एण्ड टेक्नीकल साइन्स, ६) नेपाल कागज उत्पादक संघ, ७) उर्जा उत्पादक संगठन, नेपाल ८) नेपाल किवी उत्पादक तथा व्यवसायी संघ ९) नेपाल बेसार संघ १०) नेपाल कोदो तथा फापर संघ ११) नेपाल छुर्पी व्यवसायी संघ १२) नेपाल ओखर उत्पादक तथा व्यवसायी संघ १३) नेपाल राष्टिय पुस्तक बिक्रेता तथा प्रकाशन संघ १४) नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ १५) नेपाल सुन्तला तथा कागती संघ १६) प्लाष्ट नेपाल फाउण्डेशन १७) नेपाल सिङगिङ बाउल संघ १८) नेपाल कृषि तथा पशुपंक्षी व्यवसायी संघ १९) नेपाल वितरक महासंघ २०) एएसी ब्रिक उत्पादक संघ रहेका छन् ।



यो संगै महासंघको वस्तुगत सदस्य संख्या १ सय ४२ पुगेको छ ।

## पशुपंछी औषधि व्यवसायी प्रतिनिधिमण्डलसंग भेटवार्ताः

परिषद् सभापति ढकालको नेतृत्वमा पशुपंछी व्यवसायी संघले राखेका मागहरुका सम्बन्धमा छलफल गर्ने उद्देश्यले औषधि व्यवस्था विभागका महानिर्देशक नारायण प्रसाद ढकाललाई भदौं ११ गते भेटी समस्या समाधानका लागि आग्रह सहित महासंघको पत्र पेश गरिएको थियो ।



महासंघको पत्र वुझ्नु हुदै महानिर्देशक ढकालले एक जना अधिकृत स्तरका कर्मचारीलाई सम्बन्धित क्षेत्रका व्यवसायीसंग बैठक सहित समस्या समाधानमा पहल गर्न जिम्मेवारी दिनु भयो ।

**महासंघको रणनीति तयारी पूर्व सदस्य संघहरुसंग छलफल**



नेपाल उद्योगवाणिज्य महासंघले प्रदान गर्ने सेवा प्रभावकारी बनाउन रणनीति तयारी पूर्व आफना सदस्य संघहरूसंग छलफल गरीरहेको छ । महासंघले सदस्य सेवा प्रभावकारी बनाउने उद्देश्य सहित उक्त रणनीति तयार गर्न लागेको हो । महासंघले जेठ ३१ गते महासंघका सदस्य वस्तुगत र द्धिराष्ट्रिय उद्योगवाणिज्य संघहरूसंग एक कार्यशाला कार्यक्रमको आयोजना गरेको थियो । कार्यशालामा महासंघका पदाधिकारी, कार्यकारिणी समिति सदस्य र वस्तुगत र द्धिराष्ट्रिय उद्योगवाणिज्य संघका पदाधिकारी एवं प्रतिनिधिहरु गरी करिव ७० जनाको सहभागिता थियो ।

कार्यशालामा चेम्वर प्रणालीको समिक्षा, महासंघको विद्यमान संरचना र भूमिका, विद्यमान प्रणाली भित्रका चुनौतीहरु, चेम्वर प्रणालीको प्रभावकारिता सुधार गर्न प्रवेश विन्दूहरु, वस्तुगत संघहरुले गरेका प्रारम्भिक अपेक्षा नक्सांकन र अन्तराष्ट्रिय अभ्यास खासगरी जर्मनीको चेम्वर प्रणालीका उदाहरणमाथि छलफल गरिएको थियो ।

कार्यशालाको प्राविधिक शत्र अगाडीको शुभारम्भ सत्रलाई वस्तुगत परिषद्का सभापति हेमराज ढकाल, र महासंघका महानिर्देशकले संवोधन गर्नु भएको थियो । कार्यशालाको प्राविधिक शत्रमा जीआइजेडका सल्लाहकार दिप्ती खकुरेल, परामर्शदाताहरु डा. हेमन्त दवाडी र दिलिप गुरुङले स्रोत व्यक्तिको रुपमा भूमिका निर्वाह गर्नु भएको थियो । सो अवसरमा वस्तु तथा सेवा, साझेदारी, पैरवी र अनुसन्धानका क्षेत्रमा महासंघ र सदस्यहरुले एक आपसबाट गरेका अपेक्षाका विषयमा कार्यशाला केन्द्रीत थियो ।

**चिया निकासीमा रहेको समस्या समाधानमा पहलः**

नेपाली चिया निकासीमा रहेको समस्या समाधानमा महासंघले पहल गरयो । सो सम्बन्धमा महासंघबाट २०८१ वैशाख ११ गते एक विज्ञप्ति प्रकाशित गरी एकसाता देखि गुणस्तर परिक्षणका नाउंमा निर्यातका लागि पठाइएका नेपाली चिया भारतको पश्चिम वंगालको पानीटंकीमा रोक लगाइएको घटनाप्रति दुःख व्यक्त गर्दै तत्काल निकासी खुलाउन भारतीय सरकार, नेपाल स्थित भारतीय राजदूतावासलाई आग्रह गरयो । समस्याबाट उत्पन्न परिस्थितिबाट निकास दिन निर्यातमा रहेको अवरोध खुलाउन आग्रह गर्दै नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजूलीको नेतृत्वमा आएको चिया उद्यमीहरुले वैशाख १० गते महासंघका वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकाललाई भेट गरेको थियो । चिया उद्यमीहरुले समस्या समाधान गरिदिन प्रधानमन्त्रीलाई पनि भेटी ध्यानाकर्षण गराएका थिए । केही दिनको प्रयास पछि रोकिएको चिया निर्तात भएको थियो । महासंघको आग्रहको केही दिनपछि नै रोकिएको चिया निर्यात खुला भएको थियो ।

**फर्निचर महासंघको प्रतिनिधिमण्डलबाट भेटवार्ताः**

वैशाख १० गते नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघका अध्यक्ष युवराज पौडेलको नेतृत्वमा आएको पदाधिकारीहरुको प्रतिनिधिमण्डलले महासंघको वस्तुगत परिषद्का सभापति श्री ढकाललाई भेटी फर्निचर व्यवसायी महासंघले केही दिनभित्र काठमाडौंमा नेपालभरिका फर्निचर

तथा फर्निसिङ व्यवसायीलाइे भेला गरि प्रशिक्षण र सरकारी पदाधिकारीहरुसंग अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने योजना राखेकाले त्यसमा सहयोग गरिदिन आग्रह गर्नुभयो ।

### फुटवेयर प्रतिनिधिमण्डलबाट भेटवार्ताः

फुटवेयर म्यानुफयाक्चरर्स एसोसिएन अफ नेपालका अध्यक्ष रुद्र प्रसाद न्यौपानेका नेतृत्वमा सो संघका पदाधिकारी सम्मिलित प्रतिनिधिमण्डलले जेठ २९ गते महासंघको वस्तुगत परिषद्का सभापति हेमराज ढकाललाई भेटवार्ता गर्नु भएको थियो । सो अवसरमा प्रतिनिधिमण्डलका तर्फबाट भारत लगायतका मुलुकबाट अत्याधिक मात्रामा चोरी पैठारी बढ्न जांदा स्वदेशी जुत्ता उद्योगहरु संकटमा पर्न थालेकोको तर्फ ध्यानाकर्षण गराउनु भयो । सो अवसरमा चोरी पैठारीबाट समस्यामा परेका क्षेत्रहरुलाई समेटी महासंघमा सरकारका सरोकारवाला निकायहरुलाई समेत राखेर छिट्टै एउटा वृहद कार्यक्रम राखिदिन आग्रह गरिएको थियो । भेटवार्तामा प्रतिनिधिमण्डलकातर्फबाट उठाईएका विषयहरुलाई संबोधन गर्नुहुदै सभापति ढकालले महासंघले छिट्टै कार्यक्रम आयोजना गर्ने र यसका गाम्भीर्यतालाई मनन गरी सरकारका निकायहरुमा पनि गम्भीर रुपमा कुरा उठाउने विश्वास दिलाउनु भयो । भेटवार्तामा परिषद्का सल्लाहकार सुमित केडियाको पनि सहभागिता थियो ।

### औषधि विधेयक सम्बन्धमा सरोकारवाला संस्थाहरुको छलफल/अन्तरक्रियाः

केमिकल एण्ड मेडिकल सप्लायर्स एसोसिएसन अफ नेपाल(केमसन)ले मिति २०८१ पौष १४ गते आइतवार, ललितपुरमा औषधि ऐन २०३५ को मस्यौदा उपर सरोकारवाला संघ/संस्थाहरुको उपस्थितिमा छलफल अन्तरक्रिया आयोजना गरयो ।




नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालको समुपस्थितिमा केमसनका संघका अध्यक्ष एवं महासंघको कार्यकारिणी समितिका सदस्य भक्त बहादुर हमालको सभापतित्वमा कार्यक्रम भएको थियो ।

छलफल अन्तरक्रिया कार्यक्रममा नयां मस्यौदामा औषधिका अतिरिक्त सौन्दर्य प्रशासन सामग्रीहरुलाई समेत समेटिको र निरीक्षण, अनुगमन लगायत सम्पूर्ण जिम्मेवारी औषधि व्यवस्था विभागलाई दिने गरी मस्यौदा आएकाले देहायका कुराहरुमा यस क्षेत्रको गम्भीर चासो राखिनु पर्ने सुझाव सहभागीहरुबाट आएको थियो ।

- औषधि व्यवस्था विभागको हालको सांगठनिक संरचना तथा जनशक्तिले नयां ऐनको प्रभावकारी कार्यान्वयन असम्भव भएकाले विभागको पुनरसंरचना गरेर मात्र औषधि ऐनको मस्यौदा लेखन, शंसोधन, कार्यान्वयन लगायतलाई अगाडि बढाउनु पर्ने,
- विद्यमान औषधि ऐन २०३५ देशभित्र औषधिको इतिहास भएकाले संशोधन गरिंदा हामीले यसको इतिहासलाई समेत संरक्षण गर्दै संशोधन गर्न सुझाव दिनु पर्ने,
- सरोकारवाला संघ/संस्थाका प्रतिनिधिहरु सम्मिलित प्रतिनिधिमण्डलले साझा सुझाव तयार गरि अविलम्व स्वास्थ्य मन्त्रीलाई भेटेर मस्यौदा ऐनमा आएका प्रावधानहरु माथि आफ्ना चासोका विषयहरु स्पष्ट पार्नु पर्ने,
- यसको नेतृत्व नेपाल उद्योगवाणिज्य महासंघलाई गराएर लैजानु पर्ने,

- अहिलेको मस्यौदा ऐनलाई कार्यान्वयनमा लैजान Food, Drugs and Cosmetic Administration को अवधारणा पनि ऐनमा संगै ल्याउनु पर्ने,
- सबै प्रकारका औषधि र शौन्दर्य प्रशाधनसंग जोडिएका उद्योगव्यवसायलाई नियन्त्रण गर्ने दण्डित गर्ने जुन प्रावधानहरु मस्यौदामा समेटिएका छन् तीनको मिहिन ढंगले अध्ययन गरी ठोस सुझाव तयार गर्नुपर्ने,

बैठककै निरन्तरता स्वरुप गठित समितिले स्वास्थ्य मन्त्री प्रदीप पौडेललाई भेटी नयां औषधि विधेयकका विषयमा आफना साझा चासो सहित ध्यानाकर्षण गरायो । साथै समितिले छिट्टै पूर्ण सुझाव सहितको तीन महले बुझाउने प्रतिवद्धता समेत मन्त्री समक्ष गरेको थियो ।

**समृद्धिका लागि नीतिगत सुधारमा सहभागिताः**

समृद्धिका लागि नीतिगत सुधार र निजी क्षेत्रको उच्च मनोबल आवश्यक विषयक असार २८ गते काठमाडौंमा आयोजित आर्थिक बहसमा सभापति श्री हेमराज ढकालले भाग लिनुभयो । उक्त कार्यक्रममा सभापति ढकाल सहित अर्थविद तथा पूर्व अर्थ सचिव रामेश्वर खनाल,नेपाल चेम्वर अफ कमर्सका पूर्व अध्यक्ष राजेन्द्र मल्ल,नेपाल निर्माण व्यवसायी महासंघका पूर्व अध्यक्ष रमेश शर्मा, पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत श्री दिपकराज जोशी हुनुहुन्थ्यो । बैठकमा नीतिगत स्थिरता, निजी क्षेत्रको मनोवल अभिवृद्धि लगायतका विषयमा जोड दिइएको थियो ।

**Entrepreneur Summit 2024 लाई संवोधन**

नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्का सभापति श्री हेमराज ढकालले नेपालको उदीयमान प्राविधिक कम्पनी स्विभ्टले नेपालको स्टार्टअप इकोसिस्टमलाई नयां उचाइमा पुऱ्याउने उद्देश्यले असोज १९ गते आयोजना गरेको उद्यमी शिखर सम्मेलन नेपाल २०२४ (Nepal’s First Ever Entrepreneur Summit 2024) लाई संवोधन गर्नुभयो ।

हङकङ, सिंगापुर, भारत र नेपालका प्रमुख व्यक्तित्वहरूलाई एकै मञ्चमा ल्याएर भेन्चर क्यापिटालिस्ट, एन्जल लगानीकर्ता, वित्तीय संस्थाहरू, व्यवसायिक नेताहरू र उद्यमशीलता समुदायका प्रतिनिधिहरूले नेपालको उद्यमशीलताको भविष्यबारे छलफल गरेका थिए । सो अवसरमा परिषद् सभापति ढकालले नेपालमा उद्यमशीलता विकासका लागि निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था नेपाल उद्योगवाणिज्य महासंघले खेलेको भूमिकलाई प्रष्ट पार्नु भएको थियो ।

## विदेशी प्रतिनिधिमण्डलसंग भेटवार्ताः

### परिषद्का सभापति ढकालसंग ताहोटा ल फर्म चीनको प्रमण्डलबाट भेटवार्ता

नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष एवं वस्तुगत परिषद्का सभापति हेमराज ढकालसंग चीन स्थित ताहोटा ल फर्मका सिनियर साझेदार चुन्यानमा (Chunyan Ma  Senior Partner of Tahota Law Firm) को नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डलले भाद्र १८ गते महासंघ सचिवालयमा भेटवार्ता गऱ्यो ।



### नेपालको निजी क्षेत्रसंग काम गर्न यूएईस्थित मस्र्क बैंक तयार

नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष एवं वस्तुगत परिषद्का सभापति हेमराज ढकालसंग संयुक्त अरव इमिरेट्स स्थित मस्र्क बैंक पीएससीका नेपालस्थित प्रमुख देशिय प्रतिनिधि हेमाकुमारी अधिकारी (Ms. Hema Kumari Adhikari, Chief Country Representative, Mashreq Bank Psc) र सहायक उपप्रमुख विकास खनाल (Mr. BIkas Khanal, Deputy Chief Country Representative, Mashreq Bank Psc) ले भाद्र १८ गते महासंघ सचिवालयमा औपचारिक भेटवार्ता गर्नु भयो ।



## अन्तराष्ट्रिय सहभागिताः

### अष्ट्रेलियाको साताव्यापी अध्ययन भ्रमण

नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकाल गत असोज १० देखि १६ गतेसम्म नेपालको निजी क्षेत्रको प्रतिनिधित्व गर्दै Australia Awards-South Asia & Mongolia ले व्यवस्थापन गरेको **Australian Professional Opportunity (APO) program** अन्तर्गत **Learning Visit on Australia's Timber Harvesting in and around Adelaide and Melbourne** कार्यक्रमका लागि अष्ट्रेलियाको साताव्यापी भ्रमणमा सहभागी हुनु भयो ।

सो कार्यक्रम अन्तरगत भ्रमणका दौरानमा विशेष गरी दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण र हरित विकासमा विश्वव्यापी अग्रणी अष्ट्रेलियासंग द्विराष्ट्रिय सहयोग प्रवर्द्धनमा समेत महत्वपूर्ण प्रयास भयो । भ्रमणका दौरानमा अष्ट्रेलियाली समकक्षीहरूसंग भेटवार्ता हुदा नेपालको वन उद्योगलाई बढाउने र दिगो आर्थिक वृद्धिमा योगदान पुऱ्याउने नया अवसरहरू खोजी गर्ने दिशामा पनि छलफलहरु भए । भ्रमणका दौरानमा अष्ट्रेलियाले वन विकास र वनलाई उद्योगर अर्थोपार्जनसंग जोडेर गरिएका सफल कार्यक्रमहरुको अवलोकन, अन्तरक्रियाहरु गरिएका थिए ।

नेपालबाट गएको प्रतिनिधिमण्डामा नेपाल सरकार, निजी क्षेत्र तथा सामुदायिक वन विकासमा आवद्ध संस्थाका पदाधिकारी प्रतिनिधिहरुको सहभागिता थियो ।

### दुबईमा अर्गानिक एक्स्पोलाई संवोधन

नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकाल दुबईमा आयोजना भएको Middle East Organic and Natural Expo मा सहभागी भई मंसिर २ गते आयोजित एक्सो उद्घाटन समारोहलाई संवोधन समेत गर्नुभयो ।



आफ्नो संवोधनमा सभापति ढकालले नेपालको कृषि क्षेत्रमा लगानी गरी उत्पादित ताजा तरकारी, फलफूल लगायतका उत्पादनलाई मध्यपूर्व लगायतका बजारमा लगी फाइदा

उठाउने कार्यमा सहभागी हुन अन्तराष्टिय लगानीकर्ताहरुलाई आव्हान गर्नुभयो । उक्त मेलामा नेपालबाट सरकार, निजी क्षेत्र र कृषि क्षेत्रमा आवद्ध विभिन्न संघ संस्था उद्यमी व्यवसायीहरुको सहभागिता थियो ।

### CII 29th Partnership Summit 2024 लाई दिल्लीमा संवोधन

नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्का सभापति श्री हेमराज ढकालले मंसिर १७ र १८ गते भारतको नयां दिल्लीमा आयोजना भएको CII 29th Partnership Summit 2024 महासंघकोतर्फबाट भाग लिई सम्मेलनलाई संवोधन गर्नुभयो । सम्मेलन भारतीय उद्योगपरिसंघले आयोजना गरेको थियो ।




सो अवसरमा सभापति ढकालले क्षेत्रीय आर्थिक व्यावसायिक सहकार्यमा जोड दिंदै यस क्षेत्रका राष्टहरु बीच लगानी अभिवृद्धि र विकासका अनुभवको आदान प्रदानमा जोड दिनुभयो । साथए (उहांले सीआईआई र नेपाल उद्योगवाणिज्य महासंघको बीचको संस्थागत सहकार्यको पनि संस्मरण गर्नुभयो । नयां दिल्लीमा रहंदा श्री ढकालले त्यहांका सरकारी व्यवसायिक नेतृत्वहरुसंग आपसी भेटवार्ता पनि गर्नु भएको थियो ।

### चाइना साउथ एशिया फेयरमा सहभागीः




चीनको कुनमिङमा आयोजना भएको 8th China-South Asia Exposition and The 28th China Kunming Import and Export Fair मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी भागलिनु भयो । महासंघका उपाध्यक्ष ढकालको नेतृत्वमा महासंघका पूर्व अध्यक्ष चण्डिराज ढकाल, उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, मेला समितिका सभापति उमेश डालमिया, कार्य समितिका सदस्यहरुको सहभागिता थियो । मेलाको अवसरमा आयोजना भएको China-South Asia Business Forum को बैठकलाई पनि उपाध्यक्ष ढकालले संवोधन गर्नुभयो ।




### सार्क उवासंघको कार्यक्रममा सहभागिताः

नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति हेमराज ढकाल साउन १८ देखि २० गतेसम्म श्रीलंकाको कोलम्वोमा आयोजना भएको सार्क उद्योगवाणिज्य संघको ८३ औं कार्य समिति बैठक एवं २७ औं साधारण सभा बैठकमा भाग लिनु भयो ।



साउन १८ गते कोलम्वोमा आयोजना भएको सार्क व्यापार मेलालाई सभापति ढकालले संवोधन गर्नु भएको थियो ।

**MCCI MSME INTERNATIONAL CONFERENCE 2024 लाई मुख्य वक्ताको रुपमा संवोधनः**

परिषद्का सभापति श्री ढकाल असार १३ गते भारतको कोलकत्तामा Merchants' Chamber of Commerce and Industry and supported by the Ministry of Micro, Small, and Medium Enterprises, Government of India ले आयोजना गरेको MCCI MSME INTERNATIONAL CONFERENCE 2024 मुख्य वक्ताको रुपमा भाग लिनु भयो । सम्मेलनमा श्री ढकालले Empowering MSMEs is vital for sustainable development विषयमा आफ्नो धारणा राख्नु भएको थियो । उक्त शत्रमा सभापति ढकाल सहित India-Bangladesh CCI and FBCCI का पूर्व अध्यक्ष Mr. Abdul Matlub Ahmad, Federation of Chambers of Commerce and Industry of Sri-Lanka का अध्यक्ष Keerthi Gunawardane, हुनुहुन्थ्यो ।

**विभिन्न कार्यक्रममा सहभागिताः**

यस बीचमा वस्तुगत परिषद्कातर्फबाट विभिन्न कार्यक्रममा सहभागिता रहयो । सरकार, विभिन्न संघ संस्था, निजी क्षेत्रका उद्योगवाणिज्य संघहरुले आयोजना गरेका कार्यक्रममा सक्रियतापूर्वक सहभागिता रहयो । परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालले सरकारका विभिन्न निकायहरु, सदस्य संघ/संस्थाहरुले आयोजना गरेका बैठक, छलफल, नीतिगत सम्वाद,वार्षिक साधारण सभा, अन्तरक्रिया, राष्ट्रिय/अन्तराष्ट्रिय सभा सम्मेलन गरी करिव बाह्न दर्जन कार्यक्रममा सहभागी भई निजी क्षेत्रका आवाजहरुलाई सशक्त रुपमा उठाउने कार्य भयो ।

## रोजगारदाता परिषद

- **परिषदको सातौ बैठकः**

  रोजगारदाता परिषदको सातौ वैठक मिति २०८१/१/१८ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा ILO संग भएको Build strong inclusive participation of youth, women, employers and their respective stakeholders for prosperous development in Nepal परियोजना सम्झौता, परियोजना क्रियाकलाप, Convention 87, 81 र Protocol 29 का अप्ठायार बुँदाहरुमा नेपाल सरकारलाई सुझाव वुझाईएको, साथै ILO र महासंघ मिलेर आयोजना हुने GSP + ILS Workshop र ILS reporting अस्थाई committee वनाउने तथा GESDI फोकल पर्सन तोक्ने र प्रदेशहरुलाई फोकल पर्सन तोक्न पत्राचार गर्ने बारेमा छलफल तथा निर्णय गरिएको थियो ।

- नेपाल सरकारद्वारा संघीय संसदमा पेस भएको आ.ब. २०८१/०८२ का बजेट र सो साथ संलग्न अर्थ विधेयक मार्फत गरिएका संसोधित व्यवस्थाका सम्बन्धमा मिति २०८१।०२।२० गते महासंघका एसोशिएट सदस्यहरुको बैठक महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापती ज्योत्सना श्रेष्ठको सभापतित्वमा बस्यो । उक्त बैठकमा विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्नु हुने एशोशिएट सदस्यहरुले नया वजेटमा भएका व्यवस्था तथा अर्थ विधेयकले गरेका परिमार्जिन र नया करका दरहरुले विभिन्न उद्योगव्यवसायमा पर्ने प्रभावका वारेमा छलफल भई माईन्यूट तयार गर्ने निर्णय भएको थियो ।

- **GSP+ and ILS कार्यशालाः**

  २२ मे २०२४ का दिन महासंघ र ILO ले संयुक्त आयोजना गर्न गएको GSP+ and ILS विषयक १ दिने कार्यशालाको तयारीका सम्बन्धमा २०८१/१/१८ गते दुबै संस्थाका प्रतिनिधिहरुको बैठक नेउवामहासंघमा बस्यो । यो विषका लागि लक्षित गरिएका सहभागी जस्तै, नेपाल सरकार, रोजगारदाता (बिशेष गरी निर्यात संग संबन्धीत व्यवसायी र तिनका संगठन), विदेशी नियोग, पत्रकारहरुलाई पत्राचार, कार्यक्रमको मोडालीटी, मोडरेसन, होटल आदि बिषयहरुमा छलफल गरिएको थियो । उक्त तयारी बैठकमा महासंघका तर्फबाट उपाध्यक्ष एवम

रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठ, रोजगारदाता परिषदका उपसभापति अरनिको राजभण्डारी, कानून न्याय तथा संसदीय मामिला समितिका सभापति डा. रामशरण थपलिया उपस्थित हुनु हुनुहुन्थ्यो भने ILO बाट कार्यक्रम अधिकृत बिना थापा, कार्यक्रम व्यवस्थापक अक्साना लुप्कानु राष्ट्रिय कार्यक्रम संयोजक कृपा वस्नेत हुनुहुन्थ्यो ।

- **१३५ औं मे दिवस**

JTUCC द्वारा मिति २०८१/१/१९ मा आयोजना गरेको १३५ औं मे दिवसको शुभकामना कार्यक्रममा नेउवामहासंघको पनि उपस्थिती रहेको थियो । काठमाण्डौको भृकुटिमण्पमा आयोजना गरिएको बृहत कार्यक्रमको प्रमुख अतिथी प्रधानमन्त्रि पुष्पकमल दाहाल प्रचण्ड हुनुहुन्थ्यो भने महासंघबाट अध्यक्ष चन्द्र प्रसाद ढकाल, रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठ र उपाध्यक्ष हेमराज ढकाल सहभागी हुनुहुन्थ्यो । उक्त शुभकामना कार्यक्रमलाई सम्बोधन गर्नुहुदै महासंघका अध्यक्ष ढकालले रोजगारदता र श्रमिक संगठनका बिच सामाजिक संबादको समुचित प्रयोग मार्फत बिगत केही बर्षयता नेपलको श्रम सम्बन्धमा सुधार हुदै आएको, श्रम विवादको संख्यामा कमि हुदै गएको बिषयलाई जोड दिदै भविश्यमा आउन सक्ने अप्ठयारा परिस्थितीहरुको सामना गर्न रोजगारदाता र श्रमिक संगठनहरु मिलेर जानुको विकल्प नरहेको बताउनु भएको थियो । साथै, औद्योगिक विकास, आपसी सहयोग र सहकार्यलाई अझ प्रगाढ वनाउने उदेश्यले महासंघ र संयूक्त ट्रेड युनियन समन्वय केन्द्रका विच मिति २०८०/८/२४ मा समझदारी पत्रमा हस्ताक्षर भएको र अब छिटै दुबै पक्षका पदाधिकरीहरु बसेर सम्झौताको मर्मानुसार रणनीति तथा कार्यक्रमहरु तयार पारेर अगाडी बढ्ने कार्यक्रम रहेको बारे जानकारी गराउनु भयो ।

- **GSP + र ILS प्राविधिक कार्यशाला**:

सन २०२६ देखी नेपाल अतिकम विकसीत देशवाट विकासोन्मुख देशमा स्तरोन्नती हुादै गर्दा नेपालले यूरोपेली मुलुकहरुमा आफ्ना उत्पादनहरु निर्यात गर्दा अबसर तथा चुनौतीहरु, विशेष ग्राहता प्रणाली (Generalized Scheme of Preference (GSP +) र International Labour Standards) सम्वन्धमा जानकारी गराउने उद्देश्यले महासंघ र अन्तराष्ट्रिय श्रम संगठन नेपाल कार्यालय मिलेर महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठको अध्यक्षतामा मिति २०८१ जेष्ठ ९ (22 May 2024) का दिन एक दिने प्राविधिक कार्याशाला (Technical Workshop) आयोजना गरिएको थियो । कार्याशालामा युरोपीयन युनीयनका तर्फबाट नेपालका लागि महाबणिज्यदूत, उद्योग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा उपसचिवहरु, निजी क्षेत्र, निर्यातकर्ता सदस्य संघहरु र ILO को सहभागिता रहेको थियो ।



- **श्रमाधान रोजगार मेला २०८०/८१**:

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा नेपाल उद्योगवाणिज्य महासंघ सहआयोजक रहेको प्रदेश स्तरीय २ दिने श्रमाधान रोजगार मेला २०८०/८१ को उद्घघाटन २०८१ जेष्ठ १७ गते कोशि प्रदेशबाट भएको थियो । कोशी प्रदेशका लागि मेला आयोजना गर्न जिम्मेबारी पाएको नेउवामहासंघ कोशी प्रदेशद्धारा आयोजित मेलाको प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घघाटन गर्नु भयो भने सो उद्घघाटन समारोहमा नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले पनि सम्बोधन गर्नु भएको थियो ।

रोजगार दिने र रोजगार खोज्ने दुबै पक्षलाई लक्षीत मेलामा बिभिन्न स्टलहरु राखिएको थियो भने त्यहाँ थुप्रै रोजगारदाता तथा रोजगार खोज्ने व्यक्तिहरुको सहभागीता रहेको थियो । मेला सहआयोजकका तर्फबाट मेला तयारी बैठकमा नेपाल उद्योगवाणिज्य महासंघका तर्फबाट उपाध्यक्ष एवम रोजगारदाता परिषदका सभापती ज्योत्सना श्रेष्ठको सक्रिय सहभागीता रहेको थियो ।

- **सशक्त महिला, समृद्ध नेपाल परयोजना प्रारम्भीक बैठकःतथा कर्मचारी अभिमूखिकरण कार्यक्रमः**



६ मे देखी ०५ नोभेम्बर २०२४, ६ महिनाका लागि यस महासंघ र ILO नेपाल बिच भएको सशक्त महिला, सबृद्ध नेपाल परियोजना सम्झौता अनुसार उक्त परियोजनाको मासीक बैठक तथा २ दिनको कर्मचारी अभिमुखिकरण कार्यशाला महासंघका उपाध्यक्ष एवम रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठ को सभापतित्वमा यहि मिति २०८१ जेष्ठ २८ र २९ गते काठमाण्डौमा सम्पन्न भयो । तालिमको उदघाटन सत्रमा ILO बाट Oxana Lipcanu र Andre Bongestabs ले शुभकामना राख्नु भएको थियो भने नेउवामहासंघको तर्फबाट रोजगरादाता परिषदका सभापति ज्योत्सना श्रेष्ठले नेपालमा महिला सशक्तिकरणका सम्बन्धमा धेरै पहिला देखि कार्यक्रम हुने गरेको भए पनि स्याहार अर्थतन्त्रका भ्रखर भ्रखर कुरा हुन थालेको छ । यसका लागि अन्तराष्ट्रिय श्रम संगठनलाई धन्यबाद छ, किनकी यो बिषय एकदमै गम्भिरछ र यसका राम्रो अभिलेख हुन सके यसले अर्थतन्त्रमा पुऱ्याएको योगदानको महत्व रहने छ भन्ने कुरा व्यक्त गर्नु भयो । तालिममा महासंघ संगै महासंघ मधेश प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका परियोजना संयोजकहरुको सहभागिता रहेको थियो ।

- **परिषदको आठौ बैठकः**

रोजगारदाता परिषदको आठौ वैठक मिति २०८१/३/१८ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा ILO संग भएको Empower Women prosperous Nepal र OSH परियोजना सम्झौता, परियोजना क्रियाकलापहरुहरु संचालन, रोजगारदाता परिषदको Strategic Planning Workshop गर्नुपर्ने, formalization साथै न्यूनतम वेतन र रणनीतिक कार्याशालालाई मुख्य एजेन्डा बनाएर लैजानुपर्ने जस्ता विषयहरुमा छलफल भएको थियो । छलफलमा ILO को सहयोगमा वनिने समग्र विनियमावलीका साथै महत्वपूर्ण ५ वस्तुगत क्षेत्र संग सम्बन्धीत विनियमावली वनाउन सदस्यहरुका बिच छलफल र निर्णय गरिएको थियो ।

- Orientation on formalization of the informal economy for FNCCI and exploring of extension of FNCCI services to informal business to promote formalization विषयमा 2nd July 2024 मा नेउवामहासंघ सचिवालयमा अनौपचारी क्षेत्र श्रम निरीक्षण कार्यबिधिका बारेमा छलफल गर्न वैठक वस्यो । वैठकमा क्षिइ का कार्यक्रम अधिकृत शौरभ शाहले प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणका साथै अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई औपचारिकीकरण गर्ने योजना रहेको र सर्वप्रथम कृषि, निर्माण र यातायात क्षेत्रलाई प्राथमिकतामा राखिएको कुरा उल्लेख गर्नुभएको थियो । उक्त छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तर्फबाट परामर्षदात पूर्व सचिव महेश दहाल, रोजगारदाता परिषदका सभापति ज्योत्स्ना श्रेष्ठ, उपसभापति, अरनिको राजभण्डारी र महासंघका कानूनी सल्लाहकार लिलामणि पौडेल लगायतको सहभागिता रहेको थियो ।

- **व्यवसायजन्य स्वास्थ्य र सुरक्षा परियोजना प्रारम्भीक बैठकःतथा कर्मचारी अभिमूखिकरण कार्यक्रमः**

६ मे देखी ५ नोभेम्बर २०२४, ६ महिनाका लागि यस महासंघ र ILO नेपाल बिच भएको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा परियोजना सम्झौता अनुसार उक्त परियोजना भित्रको सबैका लागि स्वास्थ्य र सुरक्षा कार्यक्रमले परियोजना संचाली २ जिल्लाहरुका कर्मचारीका लागि मिति २०८० अषाढ २ मा झापामा एक दिने अभिमुखिकरण गऱ्यो । त्यस लगत्तै अर्को दुई दिन २०८० अषाढ ३ र ४ गते सोहि परियोजना क्रियाकलाप अर्न्तगत कृषिमा आधारित व्यवसायजन्य स्वास्थ्य र सुरक्षा मापदण्डका विषयमा प्रदेश स्तरीय छलफल आयोजना गरी मापदण्डलाई अन्तिम रुप दिने कार्य सम्पन्न गरियो । नेउवामहासंघको तर्फ कार्यकारिणी समिति सदस्यहरु उमेश डालमिया, नरेन्द्र खड्का र गोकुल श्रेष्ठका साथमा ILO का राष्ट्रिय कार्यक्रम संयोजक बन्दना अर्यालको सहभागिता रहेको थियो ।

- **निजी क्षेत्रमा स्याहार अर्थतन्त्रको सान्दर्भिकता बिषयक प्रदेश स्तरिय तालिम**

नेपाल उद्योगवाणिज्य महासंघ रोजगारदाता परिषदको आयोजना तथा प्रदेश नेउवामहासंघको आतिथ्यतामा **निजी क्षेत्रमा स्याहार अर्थतन्त्रको सान्दर्भिकता** सम्बन्धी प्रदेश स्तरीय ३ दिने तालिम कार्यक्रम कर्णाली, सुदुरपश्चिम र मधेश प्रदेशमा सम्पन्न भयो । निजी क्षेत्रमा स्याहार अर्थतन्त्रको निकै महत्व रहेको र यो मर्यादित कामसंग सम्बन्धित रहेको छ ।



साथै Care Economy ले देशको अर्थतन्त्रलाई नै माथि पुऱ्याउने भएकोले निकै सार्न्दभिक रहेको कुरा जस्ता विषयमा प्रस्तुतीकरण भएका थिए । यसको उदेश्य निजी क्षेत्रका तर्फबाट स्याहार म्यानुल बनाउनु रहेको छ । यस कार्यक्रमको सहजकर्ताको भूमिका आस्था भट्टले निभाउनु भएको थियो भने कर्णाली प्रदेशमा महासंघका उपाध्यक्ष एवम रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठ, सुदुर पश्चिम प्रदेशमा महिला उद्यम विकास समितिका सभापति कमला श्रेष्ठ र मधेश प्रदेशमा उपाध्यक्ष शुरु कृष्ण वैद्यको प्रमुख आतिथ्यता रहेको थियो ।



कार्यक्रममा तिन ओटै प्रदेशका विभिन्न जिल्ला उद्योगवाणिज्य संघका प्रतिनिधिहरु, वस्तुतगत संघका प्रतिनिधिहरु र एशोसिएट सदस्यका प्रतिनिधिहरु गरेर जम्मा १५० जनाको सहभागिता रहेको थियो ।

- अनौपचारिक व्यवसायलाई औपचारिककरण गर्न श्रम मन्त्रालयको नेतृत्वमा यहि मिति भाद्र ३ गते देखी ६ गते सम्म कम्बोडिया भ्रमण भएको । भ्रमणमा सरकारका अन्तर मन्त्रालयका प्रतिनिधि, ILO, ट्रेडयूनियन र रोजगारदाताको तर्फबाट रोजगारदाता परिषदका सभापति ज्योत्स्ना श्रेष्ठको सहभागीता रहेको थियो ।



- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा आयोजित व्यवसाय र मानव अधिार पञ्चवर्षिय योजनाको शुभारम्भ कार्यक्रममा नेउवामहासंघ रोजगारदाता परिषदकी सभापति ज्योत्स्ना श्रेष्ठको सहभागिता रहेको थियो ।



- **परिषदको नवौ बैठकः**

  रोजगारदाता परिषदको नवौ वैठक मिति २०८१/५/२६ गते नेउवामहासंघ सचिवालयमा वस्यो । बैठकमा रोजगारदाता परिषदको रणनीतिक योजना निर्माण गर्ने, महासंघद्वारा तयार पारिएको चिया र अलैचि क्षेत्रको OSH Guideline को प्रमाणिकरण कार्याशाला गर्ने, श्रम, रोजगार तथा सामाजिक मन्त्रालय, सामाजिक सुरक्षा कोष, लगायत अन्य ठाउंमा हुने विभिन्न वैठकहरुमा रोजगारदाता परिषदवाटनै प्रतिनिधि तोक्ने व्यवस्थाका लागि पहल गर्ने, परिषद वा समितिहरुमा विज्ञको आवश्यक रहेको र विज्ञ रहने व्यवस्थाका लागि कार्यकारिणी समितिमा प्रस्ताव लैजाने, १२ वटा कम्पनीहरुको सदस्यताका लागि आवेदन आएको र आवेदन उपर रेखदेख गरी मापदण्ड पुगेकालाई सदस्यताका लागि सिफारिश गर्नुपर्ने जस्ता विषयहरुमा छलफल भएको थियो ।

- **द्विपक्षीय बैठक**

  नेउवामहासंघ, रोजगारदाता परिषद र संयूक्त ट्रेड यूनियन समन्वय केन्द्र बीच यहि मिति २०८१/८/१३ गते नेउवामहासंघ सचिवालय टेकूमा द्विपक्षीय वैठक वस्यो । बैठकमा अध्यक्ष चन्द्र प्रसाद ढकालले स्वागत गर्दै हाल औद्योगिक वातावरण सुमधुर हुदै गएको र आगामि दिनका issue हरु collective भएर जाने आशा र विश्वास राखेको कुरा बताउनु भयो । गत मंसीर महिनामा भएको MoU revive गर्न जरुरी रहेको र आगामी दिनका समस्यालाई minimize गर्दै जानु पर्नेका साथै सामाजिक सुरक्षा कोषलाई अझ active गर्दै जानु पर्ने, यसका लागि श्रमिक र रोजगारदाता दुवै पक्षको भूमिका वढाउन जरुरी भएको, Sector wise न्यूनतम वेतनको छलफल हुनुपर्ने, ILO का अभिसन्धीहरु पास गर्न र कुनै पनि समस्याहरु सरकारमा जानु भन्दा अगाडी द्विपक्षीय छलफल गरेर जाने र छिट्टैनै नेउवामहासंघ र JTUCC बीच एक Strategic Planning workshop गर्ने निर्णय हुनुका साथै श्रम बजारलाई सुरक्षित र मर्यादित बनाउन द्विपक्षीय संयन्त्र निर्माणको घोषणा गर्दै वैठक समाप्त भएको थियो ।

- रोजगारदाता **परिषदको दशौं बैठकः**

  रोजगारदाता परिषदको दशौं वैठक मिति २०८१/८/१६ गते नेउवामहासंघ सचिवालयमा वस्यो । बैठकमा सामाजिक सुरक्षाको कार्यविधिउपर अझ संसोधन गर्न वाकि रहेको देखिएकाले सो विषयमा प्रदेशस्तरिय छलफल चलाई सुझाव पठाउन आवश्यक रहेको, आगामी हुने ILO Conference मा C87 पास गर्न सरकारले छलफल चलाईरहेको तर यसको व्यवस्थाले उद्योगप्रतिष्ठानमा धेरैनै असर गर्ने भएकाले यसलाई मनन गर्न जरुरी रहेको जस्ता विषयमा छलफल भएको थियो ।

- **रोजगारदाता परिषदको एघारौ बैठकः**

  रोजगारदाता परिषदको एघारौ वैठक मिति २०८१/९/२१ गते नेउवामहासंघ सचिवालयमा वस्यो । बैंठकमा सशक्त महिला सम्बृद्ध नेपाल (EWPN) परियोजना पहिलो संस्करण सम्पन्न गरेको बताउदै सोही परियोजनाको दोस्रो संस्करणलाई अझै परिणाममुखी बनाउने भन्दै महासंघले ILO संग बिशेष २ वटा क्रियाकलापहरुः महासंघ र परियोजना संचालन भएका स्थानीय उद्योगवाणिज्य संघहरुमा “महिला उद्यम सहायता कक्ष संचालन (Women entrepreneurship help desk)” तथा लैंगक हिंसामा परेका तर जिविकोपार्जका लागि जागिर वा व्यवसाय गर्न ईच्छुक महिलाहरुका लागि “wage referral” का वारेमा प्रस्ताव गरेको कुरा प्रष्ट पार्नका साथै महासंघले यि दुईवटा बिषयलाई कसरी प्रभावकारी संचालन गर्न सक्छ भन्ने बारे बैठकमा छलफल गरिएका थिए । छलफलले यि बिषयहरु महत्वपूर्ण र आवश्यक रहेकाले महासंघ रोजगारदाता परिषदले महासंघ पदाधिकारी र ILO संग आवश्यक बिषयमा

थप छलफल गर्न पर्ने अवस्थामा छलफल गरेर आफ्ना प्रदेश च्याप्टर र स्थानीय संघहरुलाई क्रियाशिल गराई यि अन्य परियोजना क्रियाकालापहरुलाई तत्काल अगाडी वढाउने निर्णय भएको थियो ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट श्रम ऐन २०७४ मा संशोधनका लागि कार्यदल गठन गरी छलफल गरिरहेको छ । जसमा नेउवामहासंघले पनि सबै प्रदेश र आफ्ना सदस्यहरुबाट सुझाव संकलन गरी महासंघ सचिवालयमा छलफल गरी यसउपर सुझाव दिनको लागि तिनमहले सुझाव तयार गरी श्रम मन्त्रालयमा पठाउने तयारीमा रहेको छ । उक्त कार्यदलमा महासंघबाट कानून न्याय तथा संसदीय मामिला समितिका सभापति डा. रामशरण थपलियाले प्रतिनिधित्व गरिरहनुभएको छ ।
- आगामी फाल्गुण १६ र १७ गते निजी क्षेत्रसंगको सहकार्यमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले **राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१** आयोजना गर्न गईरहेको छ । उक्त सम्मेलनको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशकको रणनीतिक कार्ययोजना उपर पृष्ठपोषण लिने, आन्तरिक र वैदेशिक रोजगारीका क्षेत्रमा देखा परेका चुनौतीहरुको विश्लेषण गरी आगामी नीतिगत र कानुनी परिमार्जनका लागि सुझाव लिने, श्रम तथा रोजगारयोग्य वातावरण सिर्जनाका लागि अन्तर-तह/अन्तर-निकाय समन्वय र सहकार्य स्थापना गर्ने उदेश्य रहेको छ ।

**अन्य बैठक तथा छलफलहरुमा परिषदका सभापति, उपसभापतिहरु, सदस्यहरु र सचिवालयको प्रतिनिधित्व यस प्रकार रहेको छ ।**

| कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरु | प्रतिनिधित्व |
|---|---|---|---|---|
| अनौपचारिक क्षेत्रको निदान/व्यवस्थापन सम्वन्धी कार्यदलको वैठक | श्रम मन्त्रालय | श्रम मन्त्रालय | अनौपचारिक क्षेत्रको निदान/व्यवस्थापन | गोकर्णराज अवस्थी |
| सामाजिक सुरक्षा कोषको वैठक | सामाजिक सुरक्षा कोष | सामाजिक सुरक्षा कोष सचिवालय | सामाजिक सुरक्षा कार्यविधि चौथो संशोधन सम्वन्धी छलफल | ज्योत्स्ना श्रेष्ठ |
| बाल श्रम ऐन २०५६ लाई संशोधन सम्बन्धी वैठक | श्रम मन्त्रालय | श्रम मन्त्रालय | बाल श्रम ऐन २०५६ लाई संशोधन सम्बन्धी | डा. रामशरण थपलिया |
| श्रम समन्वय समिति वैठक | श्रम, रोजगार तथा सामाजिक सुरक्षा विभाग | श्रम, रोजगार तथा सामाजिक सुरक्षा विभाग | श्रम विवाद सम्बन्धमा | अरनिको राजभण्डारी |
| **राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१** | श्रम मन्त्रालय | श्रम मन्त्रालय | आगामी फाल्गुन १६ र १७ गते हुने रोजगार सम्मेलनका विषयमा छलफल | ज्योत्स्ना श्रेष्ठ |

| मिति | कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरु | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| ४-१४ जुन २०२४ | 112th International Labour Conference: | ILO | Switzerland | | चन्द्र प्रसाद ढकाल |
| २०८१/१/१६ | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कार्यक्रम | श्रम मन्त्रालय | श्रम मन्त्रालय | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी जानकारी गराउने उदेश्यले एक दिवसीय कार्याशाला | सचिवालय |
| २०८१/१/२० | C ८१, ८७ सम्बन्धी छलफल | श्रम मन्त्रालय | हिमालय होटल | अर्न्तराष्ट्रिय श्रम संगठनको कन्भेन्सन ८१, ८७ लगायतका विषयलाई नेपाल सरकारले पास LDC Graduation संगै पास गर्नुपर्ने भएकाले यसै विषयमा श्रम | ज्योत्सना श्रेष्ठ<br>अरनिको राजभण्डारी<br>वावुकाजी कार्की |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मन्त्रालयद्वारा छलफल आयोजना । | |
| २०८१/१/२१ | रोजगार मेला सम्बन्धी वैठक | श्रम मन्त्रालय | श्रम मन्त्रालय | विभिन्न प्रदेशमा हुने रोजगार मेला सम्बन्धी छलफल गर्ने उदेश्यले विभिन्न मितिमा वैठक आयोजना | ज्योत्सना श्रेष्ठ |
| २०८१/२/२१ | DWCP | श्रम मन्त्रालय | होटल स्क्वायर | DWCP को त्रिपक्षीय हस्ताक्षर भए पश्चात १ वर्षको अवधीमा भए गरिएका र आगामी योजना गरिएका क्रियाकलापहरुका सम्बन्धमा समिक्षा भएको । | ज्योत्सना श्रेष्ठ, अरनिको राजभण्डारी, वावुकाजी कार्की |
| २०८१/२/२४ | सीप मेला सम्बन्धी कार्यक्रम | काठमाडौं महानगरपालिका | टुंडीखेल | काठमाडौं महानगरपालिकाद्वारा आयोजित सीप मेलाको समापन समारोह । | ज्योत्सना श्रेष्ठ |
| २०८१/२/२९ | श्रमाधान रोजगार मेला | वाग्मती प्रदेश र FNCSI | ललितपुर | | ज्योत्सना श्रेष्ठ |
| | सीप मेला सम्बन्धी कार्यक्रम | काठमाडौं महानगरपालिका | टुंडीखेल | काठमाडौं महानगरपालिकाद्वारा आयोजित सीप मेलाको समापन समारोह । | ज्योत्सना श्रेष्ठ |
| २०८१/९/१९-२० | बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन सम्बन्धमा छलफल कार्यक्रम | श्रम मन्त्रालय | धुलिखेल | | सचिवालय (हरि पौडेल) |

## प्रदेश

## कोशी प्रदेश




- मिति २०८१ बैशाख ७ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशबाट श्रम बजार सम्बन्धी सूचना प्रणाली ःःए को संस्थागत विकासको लागि झापा उद्योगसंघमा झापाका विभिन्न उद्योगप्रतिष्ठानका प्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा झापा उद्योगसंघका अध्यक्ष श्री यमबहादुर श्रेष्ठ, नेपाल उद्योगवाणिज्य महासंघ कोशीका उपाध्यक्ष श्री कुमारमणि पोखरेल, का.का.सदस्य श्री प्रकाश शिवाकोटी, कार्यकारी निर्देशक श्री राधारमण भण्डारी लगायत विभिन्न उद्योगका संचालक तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



- मिति २०८१ बैशाख ९ गते विर्तामोड उद्योगवाणिज्य संघको पदस्थापन कार्यक्रममा यस महासंघका तर्फबाट उपाध्यक्ष श्री कुमारमणि पोखरेलको सहभागिता रहेको थियो । कार्यक्रममा उपाध्यक्षज्यूले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

- मिति २०८१ बैशाख १३ गते आर्थिक कारोबार कोशी प्रदेशले आयोजना गरेको कोशी प्रदेशको योगदान, सम्भावना, अवसर र चुनौती सम्बन्धी भएको बहश कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत प्यानलिष्टका रुपमा सहभागी भई आफ्नो धारणा राख्नु भएको थियो ।
- मिति २०८१ बैशाख १४ गते उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको आयोजनामा खाद्य प्रणाली समिक्षा तथा योजना तर्जुमा गोष्ठीमा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत एंव कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम)को सहभागिता रहेको थियो ।
- मिति २०८१ बैशाख १८ गते कम्पनी रजिष्टारको कार्यालय, इटहरीले आयोजना गरेको कोशी प्रदेश स्तरीय लगानीकर्ता शिक्षा तथा प्रचार प्रसार सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस महासंघका उपाध्यक्ष श्री भीम पौडेल सहभागी भई राय सुझावहरु राख्नु भएको थियो ।
- मिति २०८१ बैशाख १९ गते नेपाल महिला उद्यमी संघ मोरङको आयोजनामा महिला उद्यमीहरुबाट उत्पादन गरेका हरेक किसिमका बस्तुहरुलाई जर्गेना र प्रोत्साहन गर्ने लक्ष्यका साथ एक दिने प्रदर्शनीमा यस महासंघका तर्फबाट का.का. सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।
- मिति २०८१ बैशाख २१ गते उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको आयोजनामा प्रदेश सरकारको आगामी वर्षको नीति तथा कार्यक्रमलाई उद्योगमैत्री बनाउनका साथै आर्थिक वर्ष २०८१/८२ को बजेट पूर्व तयारीका सम्बन्धमा सरोकारवालाहरुसंगको छलफल तथा परामर्शका लागि राखिएको कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो ।
- मिति २०८१ बैशाख २१ गते शुक्रवार कोशी प्रदेश योजना आयोगले कोशी प्रदेशको दोश्रो आवधिक योजना (२०८१।८२ देखि २०८५।८६) तर्जुमा कार्यका लागि क्षेत्रगत सुझाव संकलन गर्ने प्रयोजनार्थ नीजि क्षेत्रको सुझाव संकलन गर्ने क्रममा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यस महासंघका कोषाध्यक्ष श्री सुवाष आचार्य एवं कर तथा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवाल सहभागी भई बुंदागत रुपमा राय सुझाव प्रस्तुत गर्नु भएको थियो ।



- मिति २०८१ बैशाख २२ गते शनिवारका दिन अर्थ मन्त्रालय राजश्व परामर्शको बैठकमा नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश कोषाध्यक्ष श्री सुवाष आचार्य, राजश्व समितिका सभापति श्री देवकी नन्दन अग्रवाल र का.का. सदस्य श्री वीरेन्द्रकुमार साह, श्रवणकुमार अग्रवालको सहभागिता रहेको थियो । उक्त अवसरमा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवालले यस महासंघका तर्फवाट बुंदागत रुपमा राय सुझाब प्रस्तुत गर्नु भएको थियो ।
- मिति २०२८१ वैशाख २३ गते भएको सुन्दर दुलारी उद्योगवाणिज्य संघको पदस्थापन तथा शपथ ग्रहण कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई शुभकामना मन्तव्य राख्नु भएको थियो ।

- मिति २०८१ वैशाख २६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विराटनगरमा आयोजनामा भएको वाणिज्य नीतिको मस्यौदा तथा नेपाल व्यापार एकिकृत रणनीति लगायतका विषयमा भएको अन्तरक्रिया कार्यक्रममा यस महासंघको प्रतिनिधित्व रहेको थियो ।
- मिति २०८१ बैशाख २७ गते विराटनगर महानगरपालिकाकाले अव्यवस्थित पार्किङ्गलाई व्यवस्थापन गर्ने सम्वन्धमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा यस महासंघका का.का. सदस्य श्री देवकीनन्दन अग्रवाको सहभागिता रहेको थियो ।



- मिति २०८१ जेठ १ गते कोशी प्रदेश प्रदेश सभाले आयोजना गरेको अर्थ समितिको बैठकमा यस महासंघका उपाध्यक्ष श्री भिम पौडेल, कोषाध्यक्ष श्री सुवाष आचार्य, राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवाल, का.का. सदस्य श्री भविष श्रेष्ठ, कार्यकारी निर्देशकको सहभागिता रहेको थियो । उक्त अवसरमा प्रदेश सरकारले ल्याउने बजेटमा महासंघको तर्फबाट वुंदागत रुपमा राय सुझाव प्रस्तुत गरिएको थियो ।



- मिति २०८१ जेठ ७ गते यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशबाट श्रम बजार सम्बन्धी सूचना प्रणाली च्ःब को संस्थागत विकासको लागि विभिन्न उद्योगप्रतिष्ठानका मावन संशाधन विभागका प्रमुखहरुसँग कार्यकारी सदस्य श्री वीरेन्द्र कुमार साहको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा श्रम बजार सूचना प्रणालीको सफ्टवेयरको प्रयोग सम्बन्धी तालिम समेत दिइएको थियो ।
- मिति २०८१ जेठ ९ गते विराटनगर महानगरपालिकाको आयोजनामा भएको राजश्व परामर्श समितिको बैठकमा यस महासंघका कर तथा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवाल सहभागी भई राय सुझावहरु राख्नु भएको थियो ।



- मिति २०८१ जेठ १३ गते यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशबाट श्रम बजार सम्बन्धी सूचना प्रणाली च्ःब को संस्थागत विकासको लागि विभिन्न उद्योगप्रतिष्ठानमा कामदारको माग र आपूर्तिका लागि निर्माण गरिएको सफ्टवेयरको सार्वजनिक गरिएको थियो । नेपाल उद्योगवाणिज्य महासंघ कोशीका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा, नेपाल सरकारको समृद्धि परियोजनाका योजना प्रमुख श्री सरोज प्रसाद गुरागाई, श्रम, रोजगार तथा सामाजिक सुरक्षा कार्यलय विराटनगरका कार्यलय प्रमुख पुष्प कटुवाल, हेल्भेटासका टिम लिडर संदिप पौडेल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा कार्यालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, विराटनगर महानगरपालिका, दुहबी नगरपालिका, बुढीगंगा, कटहरी, जहदा गाउँपालिकाका रोजगार संयोजकहरु, सामी, रेमी लगायत इन्स्योर परियोजनाका प्रतिनिधि एंव सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, विराटनगर महानगरपालिकाका रोजगार सुचना अधिकृतहरुको सहभागितामा भएको उक्त कार्यक्रममा समृद्धि परियोजनाका प्रमुख श्री सरोज प्रसाद गुरागाईले

यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतलाई सफ्टवेयर तथा सफ्टवेयर संचालनका लागि आवश्यक डिजिटल उपकरण हस्तान्तरण गर्नु भएको थियो ।

- मिति २०८१ जेठ १६ गते श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयको आयोजना र नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको संयोजनमा हुन गईरहेको श्रमाधान रोजगार मेलाको पूर्वसन्ध्यामा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त पत्रकार सम्मेलनमा अध्यक्षज्यूले श्रमाधान मेलाको तयारीका विषयमा जानकारी गराउनु भएको थियो ।
- मिति २०८१ जेठ १७ र १८ गते नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र विराटनगर महानगरपालिकाको आयोजना तथा यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको संयोजनमा श्रमाधान रोजगार मेलाको आयोजना गरिएको थियो ।



- आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आ.व. २०८१।८२ का लागि प्रस्तुत गर्ने बजेटमा आवश्यक राय सुझावका लागि गठन गरेको उपसमितिमा यस महासंघको पनि प्रतिनिधित्व रहेको थियो । उद्योग, कृषि तथा सहकारी मन्त्रालय, वन, पर्यटन तथा वातावरण मन्त्रालयले आयोजना गरेको बैठकमा पटक पटक सहभागी भई प्रदेशको आर्थिक विकासका लागि अपनाउनु पर्ने विषयमा महासंघको तर्फबाट राय सुझावहरु दिइएको थियो ।



- यसै गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले मिति २०८१ जेठ १८ गते आ.व. २०८१।८२ को बजेटका सन्दर्भमा सरोकारलावाहरुसंग राखिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा यस महासंघका सहभागिता रहेको थियो ।
- मिति २०८१ जेठ २० र २१ गते प्रादेशिक व्यापार रणनीति वारे अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । कोशी प्रदेशको विराटनगरमा महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कृषि उत्पादनको बजारीकरण र मूल्य अभिवृद्धिमा रहेका समस्याले कृषि क्षेत्र आकर्षक रुपमा विकास हुन नसकेको बताउनु भएको थियो । पूर्व सचिव श्री पुरुषोत्तम ओझाले प्रादेशिक कृषि व्यापार रणनीतिको खाका प्रस्तुत गर्दै कोशी प्रदेशमा कृषि व्यवसायको संभावना धेरै रहेको वताउनु भएको थियो । यसैगरी यहि विषयमा जेठ २१ गते झापाको विर्तामोडमा महासंघका उपाध्यक्ष श्री कुमारमणी पोखरेलको अध्यक्षतामा चिया उद्योगी संग अन्तरक्रिया गरिएको थियो भने झापाको दमकमा डेरी उद्योगीहरुसंग अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।



- मिति २०८१ जेठ २५ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश, महिला उद्यमी विकास समितिको आयोजनामा आर्थिक विकासमा महिलाको योगदान विषयमा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम विराटनगरमा भएको थियो । महिला उद्यमी समितिका सभापति श्री सरु केसीको अध्यक्षतामा भएको



उक्त कार्यक्रममा महिलाहरुले आर्थिक क्षेत्रमा गरेका कार्यहरुका विषयमा २ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो भने महिला उद्यमीले भोगेको समस्या र पछि उद्यमी हुँदै ४० जनालाई रोजगारी दिएको कथा समेत उक्त कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

- मिति २०८१ जेठ २५ गते इष्टर्न ट्राभल मार्ट २०२४ को समुद्घाटन कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो । अध्यक्ष राउतले कोशी प्रदेशको पर्यटन विकासमा प्रदेश सरकारले लगानी गर्नुपर्ने कुरा राख्नु भएको थियो । कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा नेपाल तथा भारतका पर्यटन व्यवसायीहरुको सहभागिता रहेको थियो ।



- लेखामान बोर्ड काठमाण्डौंले मिति २०८१ जेठ २७ गते विराटनगरमा आयोजना गरेको Exposure Draft on Nepal Financial Reporting Standards २०२४ सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस महासंघबाट कोषाध्यक्ष श्री सुवाष आचार्य सहभागी हुनु भएको थियो ।
- मिति २०८१ जेठ ३२ गते शुक्रवार नेपाल उद्योगवाणिज्य महासंघ कृषि उद्यम केन्द्रका सभापति श्री डिवि बस्नेतको नेतृत्वमा भारतको गुलाबबागमा मकै खेतीको अध्ययन गर्न आएको टोलिलाई यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले विराटनगरबाट शुभकामना मन्तव्य दिंदै विदाई गर्नु भएको थियो ।



- मिति २०८१ आषाढ २ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयले आयोजना गरेको प्रदेश विपत व्यवस्थापन कार्यकारी समितिको बैठकमा यस महासंघका का.का. सदस्य श्री राजन श्रेष्ठ सहभागी हुनु भएको थियो ।
- मिति २०८१ असार ८ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशले कोशी प्रदेशका जिल्ला नगर उद्योगवाणिज्य संघहरुलाई रणनीति योजना निर्माण सम्वन्धी कार्यशाला गोष्ठिको आयोजना गरिएको थियो । उक्त अवसरम महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले प्रदेशमा रहेका उद्योगवाणिज्य संघहरुले खेल्नुपर्ने भूमिकाका विषयमा रणनीति योजनाको सिकाईबाट उद्योगवाणिज्य संघको प्रवर्द्धनमा टेवा पुग्ने उल्लेख गर्नु भएको थियो । कार्यक्रममा नेपाल उद्योगवाणिज्य महासंघका केन्द्रिय अध्यक्ष श्री चन्द्रप्रसाद ढकाल, पूर्व अध्यक्ष श्री चण्डीराज ढकाल, उपाध्यक्षहरु श्री सुरकृष्ण वैद्य, श्री हेम राज ढकाल, केन्द्रिय सदस्य श्री अविनाश बोहरा, श्री नरेन्द्रकुमार खड्का, श्री गोकुल श्रेष्ठ, श्री प्रयास कार्की, श्री अमरेश वैदावार, श्री दिपक नेपाल लगायत कोशी प्रदेशमा रहेका उद्योगवाणिज्य संघका अध्यक्षज्यूहरुको सहभागिता रहेको थियो ।




- मिति २०८१ असार ८ गते उद्योगवाणिज्य संघ इटहरीको २५ औं वार्षिक साधारण सभामा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत विशिष्ठ अतिथिका रुपमा सहभागि हुनु भई शुभकामना मन्तव्य राख्नु भएको थियो ।

- मिति २०८१ असार ९ गते आईतवारका दिन नेपाल राष्ट्र बैंकले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा महासंघका कोषाध्यक्ष श्री सुवाष आचार्य र राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवालको सहभागिता रहेको थियो ।



- मिति २०८१ आषाढ ९ गते कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको आयोजनामा भएको आर्थिक कोरिडोर प्राविधिक तथा समन्वय समितिको बैठक तथा अन्तरक्रिया कार्यक्रममा यस महासंघका कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम) को सहभागिता रहेको थियो ।



- मिति २०८१ असार १२, १३ र १४ गते जिआईजेड र नेपाल उद्योगवाणिज्य महासंघको आयोजनामा पोखरामा गरिएको उद्योगवाणिज्य संघहरुको रणनीति योजना सम्बन्धी कार्यशालामा यस महासंघकी का.का. सदस्य श्री सरु केसी तथा कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।
- मिति २०८१ आषाढ १२ भएको मनमोहन प्राविधिक विश्वविद्यालयले आयोजना गरेको रोजगार समितिको बैठकमा यस महासंघका का.का. सदस्य श्री राजन श्रेष्ठको सहभागिता रहेको थियो । कार्यक्रममा सदस्य श्रेष्ठले राय सुझावहरु राख्नु भएको थियो ।



- मिति २०८१ असार १४ गते भएको उद्योगसंगठन मोरंगको ५१ औं वार्षिक साधारण सभामा महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई शुभकामना मन्तव्य राख्नु भएको थियो।
- मिति २०८१ असार २२ गते भएको NYEF को पांचौं साधारण सभामा महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई शुभकामना मन्तव्य राख्नु भएको थियो ।



- मिति २०८१ श्रावण १५ देखि १६ गतेसम्म यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको नेतृत्वमा का.का. सदस्य श्री भविष श्रेष्ठ तथा कार्यकारी निर्देशक श्री राधारमण भण्डारी(श्याम) सहित विहारका डपुटी चिफ मिनिस्टर माननीय विजयकुमार सिंहा र माननीय कृषि मन्त्री मंगल पाण्डेसंग भेटघाट तथा छलफल कार्यक्रम गरिएको थियो । उक्त अवसरमा अध्यक्ष श्री राजेन्द्र राउतले यहि २०८१ भाद्र २७ देखि ३० गते सम्म हुने कृषि एक्स्पोमा सहभागिताका लागि अनुरोध गर्नु भएको थियो ।




- मिति २०८१ श्रावण २५ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा इलामको फिक्कलमा भएको कृषि क्षेत्रको विद्यमान अनुदानहरुले त्यस क्षेत्रको रुपान्तरणमा खेलेको भुमिका बारे संवाद कार्यक्रममा यस

महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहित उद्योग, कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ अधिकृत, सूर्योदय नगर पालिकाका प्रमुख, लगायत कृषि विज्ञहरुबाट कृषि क्षेत्रको विद्यमान अनुदानका विषयमा वृहत अन्तरक्रिया गरिएको थियो ।

- मिति २०८१ श्रावण २८ गते विर्तामोडमा कृषि एक्स्पोको प्रचार-प्रसारका क्रममा यस महासंघका अध्यक्ष राजेन्द्र राउतको नेतृत्वमा इलामको सूर्योदय नगरपालिका र उद्योगवाणिज्य संघ बिर्तामोडमा त्यहाँका उद्योगवाणिज्य संघ, विभिन्न वस्तुगत संघ, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, कृषि व्यवसायी तथा कृषकसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।



- मिति २०८१ श्रावण २९ गते कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिकमत कार्कीज्यूले कोशी प्रदेश सरकारको १०० दिन पुगेको अवसरमा आयोजना गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो । उक्त अवसरमा अध्यक्षज्यूले कोशी प्रदेशको आर्थिक विकासका लागि गर्नु पर्ने सुधारका विषयमा वुंदागत प्रस्तुती गर्नु भएको थियो ।
- मिति २०८१ भाद्र १ गतेका दिन कृषि एक्स्पोको तयारीका सिलसिलामा भारतको पूर्णीयामा उद्योगी व्यवसायीहरुसंग राखिएको छलफल कार्यक्रममा महासंघका का.का. सदस्य श्री भविषकुमार श्रेष्ठ र कार्यकारी निर्देशकको सहभागिता रहेको थियो ।



- मिति २०८१ भाद्र ४ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश र बिहार इन्डस्ट्रिज एसोसिएसन पटनासँग भगिनी सम्बन्ध स्थापित गरिएको छ । महासंघका अध्यक्ष श्री राजेन्द्र राउत र बिहार इण्डष्ट्रिज एसोसिएशनका अध्यक्ष केपिएस केसरी वीच भारतको पटनामा उक्त सम्झौता गरिएको थियो ।



- मिति २०८१ भाद्र ४ गते विहारका कृषि मन्त्री माननीय मंगल पाण्डे लगायत पटनाको कृषि मन्त्रालय तथा विभागका सचिव तथा वरिष्ठ अधिकृतहरुसंग राखिएको छलफल कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई भाद्र २७ गते देखि हुने कृषि एक्स्पोमा सहभागी हुन अनुरोध गर्नु भएको थियो ।
- मिति २०८१ भाद्र ६ गते दमक उद्योगवाणिज्य संघ ३४ औं स्थापना दिवसका अवसरमा दोश्रो उद्योगवाणिज्य कप अन्तरवस्तुगत संघ फूटसल प्रतियोगिता कार्यक्रमको प्रमुख अतिथि भई यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले एक समारोह वीच उक्त प्रतियोगिताको उद्घाटन गर्नु भएको थियो ।
- मिति २०८१ भाद्र ८ गते उर्लाबारी उद्योगवाणिज्य संघको ३६ औं चुनावी साधारण सभामा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत विशिष्ठ अतिथिका रुपमा सहभागी भई शुभकामना मन्तव्य राख्नु भएको थियो ।



- मिति २०८१ भाद्र २७ देखि ३० गतेसम्म नेपाल उद्योगवाणिज्य महासंघले कृषि एक्स्पो २०८१ को आयोजना गरिएको थियो । महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त एक्स्पोको समुद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीज्यूबाट भएको थियो । कार्यक्रममा विशिष्ठ अतिथि माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारी पूर्वमुख्यमन्त्रीहरु माननीय राजेन्द्र राई, उद्धव थापा, केदार कार्कीज्यू, अतिथि कोशी प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्री रामराना मगर, आन्तरीक मामिला तथा कानून मन्त्री लिलाबल्लभ अधिकारी, सामाजिक विकास मन्त्री पांचकर्ण राई, खानेपानी, सिंचाई तथा उर्जा मन्त्री एकराज कार्की, राज्यमन्त्री सिर्जना राई, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष राजेन्द्र अधिकारी, लोकसेवा आयोगका अध्यक्ष श्री महेन्द्र गुरागाई, विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइराला, नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष श्री हेमराज ढकाल, उपाध्यक्ष श्री ज्योत्ना श्रेष्ठ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय कोशी प्रदेशका प्रमुख सचिव श्री केदारनाथ शर्मा, मोरंगका प्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रसाद भट्टराई, कोशी प्रदेशका प्रहरी प्रमुख डिआइजी श्री कुवेरचन्द्र खापुंग, कोशी प्रदेश शसस्त्र प्रहरीका डिआइजी शम्भु सुवेदी, राष्ट्रिय अनुसन्धान विभाग कोशी प्रदेशका अनुसन्धान निर्देशक श्री ईन्द्र लामा, पूर्वान्चल विश्वविद्यालयका उपकुलपति श्री विजुकुमार थपलिया, नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशका पूर्व अध्यक्ष एवं केन्द्रिय सदस्य श्री नरेन्द्रकुमार खड्का, निवर्तमान अध्यक्ष श्री टिकाराज ढकाल, नेपाल उद्योगवाणिज्य महासंघका केन्द्रिय सदस्यज्युहरु, विभिन्न राजनैतिक पार्टीका प्रमुख तथा प्रतिनिधि, विभिन्न ट्रेड युनियनका प्रमुख तथा प्रतिनिधिज्यु, कटहरी गाउंपालिकाका अध्यक्ष श्री देवराज चौधरी, सहजका टिम लिडर श्री रिमा श्रेष्ठ, जिल्ला नगर उद्योगवाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष श्री लिलाबल्लभ घिमिरे, नेपाल पत्रकार महासंघ मोरंग शाखाका का.वा. अध्यक्ष श्री तारा आचार्य एंव अन्य गण्यमान्य अतिथिहरुको सहभागिता रहेको थियो । पूर्व प्रधानमन्त्री एंव नेकपा समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपाल, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड"ले उक्त एक्सपो अवलोकन गरी कृषि क्षेत्रको प्रबर्द्धनबाट नै देशको विकासले गति लिन सक्ने बताउनु भएको थियो । एक्स्पोका मुख्य आकर्षणहरु नविनतम् औजार, यन्त्र तथा प्रविधिको प्रदर्शनी, उन्नत जातका पशुपंक्षि प्रदर्शनी, पर्यावरण-मैत्री ज्ञान, शिप र प्रविधि, कृषि विज्ञसंग छलफल तथा सेमिनार कार्यक्रम, नयाँ नयाँ अनुसन्धान र परियोजनाहरूको प्रस्तुती, बजार तथा व्यापारका अवसरहरु, पशुपंक्षी तथा कृषि उपज प्रतियोगिता, खेत देखी भान्साको अनुभव तथा फुड फेस्टिवल एवं जिल्ला बाहिरबाट मेला अवलोकन गर्न आउने कृषकका लागि निःशुल्क खाना तथा आवासको व्यवस्था गरिएको थियो । एक्स्पो अवधिभर कृषि, पशुपंक्षी, कष्टम हाइरिंग, क्लाईमेट चेन्ज, जैविक मल तथा विषादी बनाउने र प्रयोग विधि लगायतका विषयमा नेपाल तथा भारतका विज्ञबाट संवाद कार्यक्रम राखिएको थियो । यसैगरी

कृषि व्यवसायी बीच विटुवी कार्यक्रम समेत राखिएको थियो । उक्त एक्स्पोलाई नेपाल कृषि बजार विकास कार्यक्रम (सहज)ले सहयोग गरेको थियो ।

- मिति २०८१ असोज ११ गते प्रदेश सरकार उद्योगकृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय कृषि विकास महाशाखा सिंहदरबार काठमाडौंको आयोजनामा कृषि विकास रणनीति ब्म्क कार्यान्वयनको वर्तमान अवस्था एवं परिमार्जन विषयहरूको एक दिने प्रादेशिक अन्तरक्रिया कार्यक्रममा यस महासंघबाट कार्यक्रम संयोजक  सञ्जीव पौड्यालको सहभागिता रहेको थियो ।
- मिति २०८१ असोज १३ गते नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभाग विराटनगर भन्सार कार्यालयको आयोजनामा भन्सार कार्यालयको वर्तमान अवस्था भोग्नुपरेका नीतिगत र व्यवहारिक समस्या र सुधारका उपाय लगायत भन्सार प्रशासनसँग सम्बन्धित समसामयिक जानकारी सहितको अन्तरक्रिया कार्यक्रममा यस महासंघबाट कर तथा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवालको उपस्थिति रहेको थियो ।



- मिति २०८१ असोज १८ गते स्थानीय उत्पादनको प्रवर्धनको लागि Weekend बजारको आयोजना गरेको कार्यक्रममा यसमा महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो । कार्यक्रममा कार्यकारी निर्देशकले सम्बन्धित विषयमा आवश्यक सुझावहरु राख्नु भएको थियो ।
- मिति २०८१ कार्त्तिक ५ गते प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरको आयोजनामा त्तगबष्तिथ परियोजना अन्तर्गत Provincial Project Steering Committee (PPSC) र इन्स्योर परियोजना अन्तर्गतको प्रोजेक्ट स्टेरिङ कमिटीको बैठकमा यस महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम) को सहभागिता रहेको थियो ।
- मिति २०८१ कार्त्तिक ५ प्रदेश सरकार उद्योगकृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगरको आयोजनामा कोशी प्रदेश लगानी सम्मेलन २०८१ को तयारी सम्बन्धी लगानीका क्षेत्रहरू पहिचानका लागि सरोकारवालाहरूसँग छलफल कार्यक्रममा यस महासंघबाट अध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो ।
- मिति २०८१ कार्त्तिक १३ नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले आयोजना गरेको प्रदेश परियोजना कार्यान्वयन, समन्वय तथा अनुगमन समिति बैठकमा यस महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।
- मिति २०८१ कार्त्तिक २८ जीवन विकास समाजको आयोजनामा नेपालका कस्टम हाइरिङ सेन्टर बीच अनुभव नवप्रवर्तन आधुनिक प्रविधि लगायतका विषयमा सम्पन्न भएको एकदिन राष्ट्रिय कार्यशाला गोष्ठीमा यस महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।



- मिति २०८१ मंसिर १ गते विराटनगर महानगरपालिकाको आयोजनामा सम्पन्न भएको महानगर रोजगार मेला २०८१ मा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको उपस्थिति रहेको थियो ।
- मिति २०८१ मंसिर ५ गते नेपाल रिन्यूअल इनर्जी प्रोग्रामले आयोजना गरेको इलेक्ट्रिकल अपलाइनसेसहरुको मार्केट एसेसमेन्ट कार्यक्रममा यसमा महासंघका कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।
- मिति २०८१ मंसिर ५ गते प्रदेश सरकार उद्योगकृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको आयोजनामा सम्पन्न भएको Framework For Agriculture Disasters Management Strategic Action Plan तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठीमा यस महासंघबाट अध्यक्ष श्री राजेन्द्र राउत तथा कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको उपस्थिति रहेको थियो



- मिति २०८१ मंसिर ७ गते नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय विराटनगरको आयोजनामा सम्पन्न भएको कर दिवस एवं कर सप्ताह २०८१ को अन्तरक्रिया कार्यक्रममा यसमा यस महासंघबाट कर तथा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवालको सहभागिता रहेको थियो ।
- मिति २०८१ मंसिर ९ गते नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय विराटनगरको आयोजनामा नेपाल सरकार उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगलाई अर्थतन्त्रका समग्र पक्षको अध्ययन गरी विद्यमान आर्थिक समस्या समाधान गर्दै समतामूलक दिगो उच्च आर्थिक वृद्धि रोजगारी सिर्जना अर्थतन्त्रको संरचनात्मक परिवर्तन गरी औद्योगिक उत्पादनशील र दिगो अर्थतन्त्र निर्माण गरिबी निवारण एवं समृद्ध नेपाल निर्माणका लागि आर्थिक सुधारको खाका सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस महासंघबाट उपाध्यक्ष श्री कुमारमणि पोखरेलको सहभागिता रहेको थियो .
- मिति २०८१ मंसिर २० गते देखि २३ गतेसम्म उडान मिडिया एण्ड कम्यूनिकेशन प्रा.लि. ले लुधियाना एक्जिबिसन सेन्टर लुधियानामा आयोजना गरेको इन्डिया एग्री एक्स्पो २०२४ मा यस महासंघको सिफारिसमा कोशी प्रदेशबाट १८ जना कृषि क्षेत्रका उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।
- मिति २०८१ मंसिर २१ गते पूर्वाञ्चल विश्वविद्यालय कला/कानुन/शिक्षा शास्त्र संकायको आयोजनामा Envisioning Early Childhood Development Ecosystem In Nepal विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा यस महासंघका उपाध्यक्ष श्री कुमारमणि पोखरेलको उपस्थिति रहेको थियो ।
- मिति २०८१ मंसिर २४ गते प्रदेश सरकार पर्यटन वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशको आयोजनामा कोशी प्रदेशको जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना मस्यौदा परिमार्जन सम्बन्धी परामर्शको गोष्ठीमा यस महासंघबाट कार्यक्रम संयोजक सञ्जीव पौड्यालको सहभागिता रहेको थियो ।
- मिति २०८१ मंसिर २४ गते राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको पुनस्थापना सहायक सामग्री सेवा पहुँच विषय अन्तरक्रिया तथा सहायक सामग्री

वितरण कार्यक्रममा यस महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको उपस्थिति रहेको थियो ।

- मिति २०८१ पौष ३ गते विराटनगर महानगरपालिकाको आयोजनामा भएको प्रतिस्पर्धी लाभ पहिचान सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत, का.का.सदस्य श्री सरु केसी कार्यकारी निर्देशक राधारमण भण्डारी लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा अध्यक्षज्यूले आफ्नो सुझावहरु राख्नु भएको थियो ।



- मिति २०८१ पौष ३ गते प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको आयोजनामा अन्तर्राष्ट्रिय आप्रवासन दिवस डिसेम्बर १८ को सचेतनामूलक र्‍यालीमा यसमा महासंघबाटे सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष ५ गते यस महासंघले आफ्ना सदस्यहरुलाई व्यवसायिक विकास सेवा (द्यम्क) दिने उद्देश्यले (१) नेपाल उद्योगवाणिज्य महासंघ कोशी, आध्यान्त फण्ड मेनेजमेन्ट लि. र उपाय बिजनेश सोलुशन २) नेपाल उद्योगवाणिज्य महासंघ कोशी, आध्यान्त फण्ड मेनेजमेन्ट लि. र डाइनो टेक प्रा.लि. बीच दुई बेग्ला बेग्लै सम्झौता गरेको थियो । उपाय बिजनेश सोलुशनसंगको सम्झौतामा महासंघ कोशीका अध्यक्ष श्री राजेन्द्र राउत, आध्यान्त फण्ड मेनेजमेन्ट लि.का कार्यक्रम तथा साझेदारी प्रमुख श्री निश्चल सिंह भण्डारी र उपाय बिजनेश सोलुशनका प्रमुख कार्यकारी अधिकृत श्री शोभा श्रेष्ठ तथा डाइनो टेक प्रा.लि. संगको सम्झौतामा महासंघ कोशीका अध्यक्ष श्री राजेन्द्र राउत, आध्यान्त फण्ड मेनेजमेन्ट लि.का कार्यक्रम तथा साझेदारी प्रमुख श्री निश्चल सिंह भण्डारी र डाइनो टेक प्रा.लि. का अध्यक्ष श्री प्रदिप सिग्देलले हस्ताक्षर गर्नु भएको थियो ।



- मिति २०८१ पौष ९ गते विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वित्तीय व्यवस्थापन महाशाखाले आयोजना गरेको स्थानीय राजस्व परामर्श समितिको बैठकमा यस महासंघबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष ११ गते मण्डला एग्री फ्रेस लिमिटेडको आयोजनामा एक दिने पोस्ट हार्वेस्ट व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीमा यस महासंघका सल्लाहकार डा. अविनाश बोहरा र कार्यकारी निर्देशक राधारामण भण्डारी (श्याम)को सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष १५ गते एभिन्यूज टेलिभिजनले आयोजना गरेको “राष्ट्रिय अर्थतन्त्र तिव्र दबाब र प्रभाव । अब निकास के ?” बहस कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत प्यानल छलफलमा बसी बहस गर्नु भएको थियो । एभिन्यूजका अध्यक्ष श्री भास्करराज राजकर्निकारले सहजीकरण गर्नु भएको उक्त कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की प्रमुख अतिथि रहनुभएको थियो ।



- मिति २०८१ पौष १६ गते संखुवासभा उद्योगवाणिज्य संघको १७ औं वार्षिक साधारण सभा तथा अधिवेशनमा यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशका उपाध्यक्ष श्री भीम पौडेलको विशेष अतिथिका रुपमा सहभागिता रहेको थियो । कार्यक्रममा उपाध्यक्ष पौडेलले शुभकामना मन्तव्य राख्नु भएको थियो .
- मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको आयोजनामा माननीय मुख्यमन्त्री हिक्मत कार्कीको संयोजकत्वमा गठित प्रदेश लगानी सम्मेलनको समितिमा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहसंयोजक, निर्वतमान अध्यक्ष श्री टिकाराज ढकाल सदस्य रहनु भएको साथै उपाध्यक्ष श्री कुमारमणि पोखरेल प्रदेश लगानी सम्मेलनको विषयगत क्षेत्रको समितिमा रहनुभएको जानकारी गराउँदछु । साथै उक्त समितिबाट गरिने बैठकमा वहाँहरुको प्रतिनिधित्व हुँदै आएको छ ।
- मिति २०८१ पौष २१ र २२ गते राष्ट्रिय व्यवसायिक पहल (ल्यक्ष) को आयोजनामा व्यवसाय तथा मानव अधिकार सम्बन्धी प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया साथै क्षमता अभिबृद्धि तालिममा यस महासंघकी का.का. सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष २३ गते राष्ट्रिय व्यवसायिक पहल (ल्यक्ष) को आयोजनामा व्यवसाय तथा मानव अधिकार सम्बन्धी प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा यस महासंघकी का.का. सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष २४ गते उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको समन्वय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आपूर्ति क्षेत्रसंग सम्बन्धित कानूनहरु पुनरावलोकन गर्न राय सुझावहरु संकलन गर्ने तथा उपभोक्ता हित संरक्षण सम्बन्धी सचेतना अभिबृद्धि गर्ने उद्देश्यले आयोजना गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा केन्द्रिय सदस्य डा. अविनाश बोहरा, यस महासंघका का.का. सदस्य श्री श्रवणकुमार अग्रवाल, देवकीनन्दन अग्रवाल, कार्यकारी निर्देशक राधारमण भण्डारी (श्याम)को सहभागिता रहेको थियो ।
- मिति २०८१ पौष २५ गते नेपाल उद्योगवाणिज्य महासंघको आयोजना ग्ल्मए नेपालको सहयोग तथा नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको संयोजकत्वमा जिम्मेवार व्यवसायिक अभ्यासलाई मजबुत बनाउने उद्देश्यले नेपाल सरकारले कार्यान्वयनमा ल्याएको Business and Human Rights Action Plan, (BHR NAP) बारेमा व्यवसायीहरूलाई जानकारी गराउन अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । अध्यक्ष राउतले उद्योगव्यवसायमा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न आवश्यक रहेको बताउनु भएको थियो । उहाँले नेपालमा पनि व्यवसायिक गतिविधिहरूबाट मानिसमा उत्पन्न हुने सामाजिक, वातावरणीय र अन्य प्रकारका प्रभावलाई हटाउनु पर्नेमा जोड दिदैं, उद्योगव्यवसायले श्रमिकको अधिकार, महिला तथा बालबालिकाहरूको अधिकार, बालश्रम रोकथाम, वातावरण संरक्षण र सामाजिक न्याय प्रवर्द्धनमा सहयोग पुऱ्याउनु पर्ने बताउनु भयो । अधिवक्ता एवं प्राध्यापक पुष्पा पोखरेलले उद्योगव्यवसायमा मानव अधिकारको संरक्षण र सम्मानतर्फ विश्वव्यापी रुपमा घटनाहरू विकसित हुदै गएको जानकारी दिदै नेपालमा पनि त्यसको परिपालना आवश्यक बन्दै गएको बताउनु भएको थियो । नेपाल उद्योगवाणिज्य महासंघकी उपनिर्देशक सीता घिमिरेले



व्यवसायभित्र अधिकारको संरक्षण, श्रमिक कामदारको सम्मान र अधिकार हनन्का घटनामा उपचार पाउने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिनु भएको थियो ।

- मिति २०८१ माघ २ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशमहिला उद्यम विकास समितिकी सभापति श्री सरु केसीको अध्यक्षता बैठक महिला उद्यम समितिको बैठक बसेको थियो । मेची उद्योगवाणिज्य संघमा सम्पन्न उक्त बैठकमा त्यस क्षेत्रका ढाका उद्योगीहरुलाई नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश महिला उद्यम समितिले आयोजना गर्न गईरहेको ढाका उत्सव २०८१ का बारेमा जानकारी गरिएको थियो ।
- मिति २०८१ माघ ३ र ४ गते आध्यान्त फण्ड मेनेजमेन्ट प्रा.लि.ले लगानी प्राप्ति, व्यवसाय विस्तार र वित्तीय व्यवस्थापनका लागि महत्वपूर्ण ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजना गरेको "लगानी तयारी सत्र" कार्यक्रममा यस महासंघका उपाध्यक्ष श्री कुमारमणि पोखरेलको सहभागिता रहेको थियो ।
- मिति २०८१ माघ ४ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको आयोजनामा भएको पौष्टिक तत्व स्तोरन्नती गरिएको चामल (Fortified Rice) का सम्बन्धमा नीजि क्षेत्रका चामल उद्योगी/व्यवसायीहरुसंग राखिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा यस महासंघका का.का सदस्य श्री श्रवण कुमार अग्रवालको सहभागिता रहेको थियो ।




- मिति २०८१ माघ ४ गते यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा स्विस विकास नियोग (SDC) का पदाधिकारीहरु तथा कोशी प्रदेशमा SDC बाट संचालित सहज र रेमी परियोजनाका टिम लिडरसंग छलफल कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले महासंघले गरेका विभिन्न कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भएको थियो ।



- विर्तामोड उद्योगवाणिज्य संघले २०८१ माघ ८ गतेदेखि १९ गतेसम्म विर्तामोड क्षेत्रको व्यवसायिक प्रवर्द्धन गर्नका लागि विर्तामोड अन्तराष्ट्रिय औद्योगिक व्यापार महोत्सवको आयोजना गरेको थियो । २०८१ माघ ८ गतेको समुद्घाटन कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको विशेष अतिथिका रुपमा सहभागिता रहेको थियो । कोशी प्रदेशका मुख्यमन्त्री माननीय मुख्यमन्त्री हिक्मत कार्कीले समुद्घाटन गर्नुभएको उक्त कार्यक्रममा अध्यक्ष राउतले शुभकामना मन्तव्य राख्नु भएको थियो



- मिति २०८१ माघ ९ गते नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशको आयोजना तथा स्टेप अप परियोजना आसमान नेपालको सहकार्यमा साना तथा मझौला व्यवसायीहरूको व्यापार प्रवर्द्धन तथा श्रम संसार वेभ पोर्टल सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेश कार्यसमिति सदस्य राजन श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मुलुकको आर्थिक एवं सामाजिक विकासमा लघु, घरेलु तथा साना उद्योगव्यवसायले

टेवा पुऱ्याएको बताउँदै यी व्यवसायहरूले न्यूनतम श्रोत साधनमा नयाँ नयाँ रोजगारीका अवसरहरूको सिर्जना गरी अर्थतन्त्रको विकासमा योगदान पुऱ्याए पनि व्यवसायीहरूको व्यवसाय विकास अपेक्षित रूपमा हुन नसकेको बताउनु भएको थियो । इक्यान कोशी प्रदेशका पूर्व अध्यक्ष चार्टड एकाउन्टेन्ट मनोज अधिकारीले व्यापार प्रवर्धन, विद्यमान कर तथा कर नीति सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । स्टेप अप परियोजनाको तर्फबाट युवराज बास्तोलाले श्रमसंसार वेभ पोर्टल सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा आसमान नेपालका परियोजना संयोजक गणेश दाहालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

- मिति २०८१ माघ १० गते विराटनगर भन्सार कार्यालयले ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा “Customs Delivering on its Commitment to Efficiency, Security & Prosperity” नाराका साथ सरोकारवालाहरुका बीच आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा यस महासंघका का.का. सदस्य एंव कर तथा राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवाल र का.का. सदस्य श्री श्रवण अग्रवालको सहभागिता रहेको थियो । उक्त अवसरमा का.का. सदस्य श्री देवकीनन्दन अग्रवालले बुँदागत रुपमा राय सुझाव राख्नु भएको थियो ।



- मिति २०८१ माघ १० गते कोशी प्रदेशमा दिगो रुपमा पर्यटन प्रवर्द्धन गरी प्रदेशमा रहेको पर्यटनको अवसर र संभावनाको उपयोग गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बढाउन कोशी प्रदेश सरकारले घोषणा गरेको “कोशी प्रदेश पर्यटन वर्ष २०८२” लाई व्यवस्थित रुपमा संचालन गर्नका लागि माननीय मुख्यमन्त्री हिकमत कार्कीको संयोजकत्वमा गठित मूल समितिको बैठकमा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत, का.का. सदस्य श्री राजन श्रेष्ठ, भविष कुमार श्रेष्ठको सहभागिता रहेको थियो । उक्त अवसरमा अध्यक्ष राउतले कोशी प्रदेश पर्यटन वर्ष २०८२ लाई सफल बनाउन महासंघबाट पूर्ण सहयोग रहने प्रतिवद्धता जनाउनु भएको थियो ।



- मिति २०८१ माघ १२ गते उद्योगसंगठन मोरंगले आयोजना गरेको द्यष्चबत भ्हउय २०२५ मा यस नेपाल उद्योगवाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउत अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो । संघिय उप प्रधानमन्त्री एवं अर्थ मन्त्रि विष्णु पौडेलको प्रमुख आतिथ्यतामा भएको उक्त समारोहमा अध्यक्षज्यूले एक्स्पोको सफलताका लागि शुभकामना दिनु भयो । उद्योगसंगठन मोरंगका अध्यक्ष श्री राकेश सुरानाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्की र विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइरालाले मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा महासंघका कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको थियो ।



- मिति २०८१ माघ १३ गते ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसर पारेर भन्सार कार्यालय विराटनगरले आयोजना गरेको कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई



शुभकामना मन्तव्य राख्नुका साथै भंसार क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा बुँदागत रुपमा रायसुझावहरु दिनु भएको थियो ।



- मिति २०८१ माघ १३ गते भारतको जोगवनीमा रहेको जेनिथ पब्लिक स्कुलले भारतको गणतन्त्र दिवसको अवसरमा आयोजना गरेको अब्दुल कादिर हरधन बेनर्जी मेमोरियल इन्डो- नेपाल भेटरान फ्रेन्डसिप टेनिस प्रतियोगितामा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत प्रमुख अतिथिका रुपमा सहभागी भई शुभकामना मन्तव्य दिनुका साथै विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गर्नु भएको थियो ।



- संघीय प्रतिनिधि सभा, अर्थ समितिका समापति माननीय सन्तोष चालिसे सहितको संसदीय अनुगमन टोलीसंग मिति २०८१ माघ १४ गते भंसार कार्यालय विराटनगरमा आयोजना गरिएको कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले भंसार कार्यालयको वर्तमान् अवस्था, भोग्नु परेका नीतिगत र व्यवहारिक समस्या र सुधारको उपाय लगायत भंसार प्रशासनसंग सम्बन्धित समसामयिक विषयमा रायसुझाव दिनुभएको थियो । कार्यक्रममा महासंघका कोषाध्यक्ष श्री सुवाष आचार्य र राजश्व समितिका सभापति श्री देवकीनन्दन अग्रवालको समेत सहभागिता रहेको थियो ।




- नेपाल कृषि बजार विकास कार्यक्रम (सहज)ले आयोजना गरेको डेरी उद्योगहरुबाट उत्पादित दुग्धजन्य नविनतम उत्पादनहरुको प्रदर्शनी तथा स्वाद परिक्षण कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत र का.का. सदस्य एंव क्षेत्रीय होटल संघका अध्यक्ष श्री राजन श्रेष्ठको सहभागी भई मन्तव्य राख्नु भएको थियो ।
- उद्योगसंगठन मोरङ्गले आयोजना गरेको विराट एक्स्पोमा भारतसंगको खुला सिमानाका चुनौती-नेपालले बंगलादेश र चीनसंगको व्यापार प्रवर्द्धनका लागि प्राथमिकताका क्षेत्रहरु पहिचान सम्बन्धमा भएको विषयगत छलफल कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द राउतको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त अवसरमा अध्यक्षज्यूले नेपालले भारत, चिन र बंगलादेशसंगको व्यवसाय प्रवर्द्धनमा देखिएका अवसर र चुनौतीका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो ।

## मधेश प्रदेश

- मिति २०८१ जेष्ठ १० गते PHD Chamber of Commerce New Delhi तथा नेपाल उद्योगवाणिज्य महासंघ मधेश प्रदेश द्वारा बीरगंजको भिष्वा होटेलमा आयोजना गरिएको Multimodel Logistics & Connectivity Summit 2024 कार्यक्रममा Consul General India Birgunj का श्री देवी सहाय मीनाज्यू "Consul General of Nepal Kolkata का श्री इश्वर राज पौडेलज्यू, Nepal Fright Forwarad Association का Vice President श्री नरेश कुमार अग्रवाल ज्यू ,NICCI का अध्यक्ष श्री अभिशेख चौधरीज्यू Investment Board of Nepal का कार्यकारी प्रमुख श्री सुनिल भट्टज्यू लगायतका साथै बीरगंज उद्योगवाणिज्य संघका पदाधिकारी ज्यूहरु, जिल्ला नगर

उद्योगवाणिज्य संघका अध्यक्षज्यूहरुका साथै बीरगंजका उद्योगिव्यावसायीहरुको उल्लेखीय सहभागिता रहेको थियो सो कार्यक्रममा नेपाल उद्योगवाणिज्य महासंघ- मधेश प्रदेश द्वारा बीरगंज घोषणा पत्र समेत जारि गरिएको थियो ।

- मिति २०८१ जेष्ठ १६ गते शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेश द्वारा बर्दिबासमा आयोजना गरिएको शिक्षालय र औधोगिक प्रतिष्ठानमा औधोगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण कार्यक्रममा नेउवामहासंघ - मधेश प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०८१ जेष्ठ १८ गते श्रम रोजगार तथा सामाजिक मन्त्रालय सिंहदरवार, प्रदेश सरकार तथा स्थानीय सरकारको आयोजना तथा CNI, FNCCI, HAN, FNCSI, FCAN को सह आयोजना तथा आतिथ्यतामा माननीय मन्त्रि डोल प्रसाद अर्यालज्यूको प्रमुख आतिथ्यतामा भएको श्रमाधान मेला २०८१ जेष्ठ १९ र २० गते जनकपुरधाम उद्योगवाणिज्य संघको सभाहलमा सम्पन्न भएको थियो, सो कार्यक्रममा नेउवामहासंघ मधेश - प्रदेशका जिल्ला नगर उपाध्यक्ष श्री जितेन्द्र महासेठ तथा प्रदेशका जिल्ला नगर अध्यक्षहरुको सहभागिता रहेको थियो ।
- मिति २०८१ जेष्ठ २४ र २५ गते निर्वाचन आयोग , नेपाल द्वारा आयोगका पदाधिकारी , आयोगका कर्मचारी एबम प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारीहरुको सभागीतामा भएको छलफल कार्यक्रममा नेउवामहासंघ मधेश प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०८१ जेष्ठ २७ गते मधेश प्रदेशको उद्योगवाणिज्य तथा पर्यटन मन्त्रालय द्वारा आयोजना गरिएको पर्यटन क्षेत्र संग सम्बन्धित सरोकारबालाहरु संग छलफल तथा अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेशका पर्यटन मन्त्रि माननीय युवराज भट्टाराई, अर्थ मन्त्रि माननीय भारत साह उद्योगसचिव श्री राजिव पोखेल होटेल एशोसिएशन नेप्पल्का अध्यक्ष श्री विजय कुमार झुन्झुन्वाला को उपस्थितिमा पर्यटन संग सम्बन्धित मास्टर प्लान बनाउने, प्रदेश प्रदेश बीच B2B कार्यक्रम संचालन गर्ने, मदेश प्रदेशको आध वटै जिल्लाहरुमा होम स्टे बनाउने, पर्यटन बिकास बोर्ड गठन गर्ने, होटेल कराइतटेरिया बानाउने सम्बन्धि गहन छलफल गरिएको थियो । सो कार्यक्रममा नेउवामहासंघ-मधेश प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०८१ जेष्ठ ३२ गते शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेश द्वारा आयोजना गरिएको TVET Profile निर्माण सम्बन्धि अन्तरक्रिया कार्यशाला गोष्ठी कायक्रममा नेउवामहासंघ-मधेश प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०८१ असार ०९ गते आर्थिक करिडोर प्राविधिक तथा सम्वन्वय समिति (ECTCC ) द्वारा मधेश प्रदेशको भुमि व्यवस्था, करी तथा सहकारी मन्त्रालयको तालिम हलमा आयोजना गरिएको कार्यक्रममा नेउवामहासंघ-मधेश प्रदेशको सहभागिता रहेको थियो ।
- २०८१ श्रवन १६ गते बीरगंजमा नेपाल उद्योगवाणिज्य महासंघ मधेश प्रदेशको सहभागिता तथा अन्तरास्ट्रिय श्रम संगठन (ILO) को आयोजनामा भएको निजि क्षेत्र स्याहार अर्थतन्त्र ( Care Economy ) को सान्दर्भिकता विषयमा विश्यना प्रदेश स्तरीय रोजगारदाता तालिम कार्यक्रममा कार्यक्रमको अध्यक्षता प्रदेश महासंघका अध्यक्ष श्री अशोक कुमार टेमानी , प्रमुख अतिथि नयूवामहसंघ्का उपाध्यक्ष श्री शुर कृष्ण बैद्य, कृषि उद्यम केन्द्रका सभापति श्री डी. बि. बस्नेत ज्यू , प्रदेश महासंघका न्वार्तामान अध्यक्ष श्री गणेश प्रसाद लाठज्यू, अन्तरास्ट्रिय श्रम संगठन ( ILO) नेपालका Technical Expert in Inclusive growth का अक्साना लिप्कानो, बीरगंज उद्योगवाणिज्य संघका अध्यक्ष श्री अनिल अग्रवालज्युका साथै प्रदेश रोजगारदाताहरुको सक्रिय सहभागिता रहेको थियो ।

- मिति २०८१ भदौ १३ गते  नीति तथा योजना आयोग मधेश प्रदेश द्वरा आयोजना गरिएको प्रदेश र स्थानीय तहबाट प्रप्त सुझावको आधारमा मधेश प्रदेशको दोस्रो आवधिक योजना आ व २०८१/२०८५/२०८६ को परिमार्जित मस्यौदा मा रहेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा नेउवामहासंघ-मधेश प्रदेशको सहभागिता रहेको थियो

- मिति २०८१ भदौ १६ गते रास्ट्रीय योजना आयोग काठमाडौँ द्वारा आयोजना गरिएको प्रदेश जलवायु परिवर्तन सम्बन्धि वित्तीय खाका सचेतना कार्यशाला कार्यक्रममा नेउवामहासंघ-मधेश प्रदेशको सहभागिता रहेको थियो ।

- मिति २०८१ आश्विन ०४ गते Strengthening Provincial Social Dialogue Mechanism in Madhesh Province कार्यक्रमको अध्यक्षता नेपाल उद्योगवाणिज्य महासंघ - मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानी द्वारा गरिएको थियो साथै प्रमुख अतिथिको रुपमा नेपाल उद्योगवाणिज्य महासंघका एसोसिएट उपाध्यक्ष तथा रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठ रहनु भएको थियो  । कार्यक्रमको विशिष्ठ अतिथिको रुपमा मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ उपसचिव श्री रन्जीत यादव रहनु भएको थियो तथा ट्रेड युनियनबाट कारखाना  श्रमिक संघका राष्ट्रिय अध्यक्ष श्री अमृत लाल जोशी रहनु भएको थियो । सो छलफल कार्यक्रमको कार्यक्रम संचालन नेपाल उद्योगवाणिज्य महासंघका सह निर्देशक श्री हरि पौडेल द्वारा गरिएको थियो । सो कार्यक्रममा मधेश प्रदेश मन्त्रालयका अधिकृतहरु , रोजगारदाताहरु तथा ट्रेड युनियनको उल्लेखीय सहभागिता रहेको थियो ।

- मिति २०८१ आश्विन २० गते नेउवामहासंघ मधेश प्रदेशको Startup and Innovation Committee द्वारा मधेश प्रदेशको बीरगंजमा Startup Entrepreneur Conference 2024 संचालनको लागि गरिएको Zoom Meeting गरियो । सो मिटिंगमा प्रदेश महासंघका उपाध्यक्ष श्री जितेन्द्र महासेठ द्वारा मधेश प्रदेश सरकारले Startup को लागि प्रदेश सरकारले माइलेज दिनुपर्ने, सभापति अनुप अग्रवाल द्वारा यस कर्फ्रेंस बात Investment Summit, Trade Summit, Investment Summit जस्ता कार्यक्रमलाई बढावा मिल्ने बताउनु भयो ।सो मिटिंगमा प्रदेश महासंघका श्री गणेश प्रसाद लाठ, पण्डित प्रसाद जयसवाल,बिरेन्द्र शाह, बासुदेव लाल कर्ण,श्रवन यादव, ओम प्रकाश खनाल, मोहन शर्मा, यशोधा गजुरेलको सभागिता रहेको थियो ।

- मिति २०८१ कार्तिक २४ गते नेपाल उद्योगवाणिज्य महासंघ - मधेश प्रदेश द्वारा मधेश प्रदेशको बीरगंजमा आयोजना गरिएको Startup and Entrepreneur Conference 2024 कार्यक्रम गरिएको थियो । सो कार्यक्रमको अध्यक्षता श्री अशोक कुमार टेमानीज्यू द्वारा गरिएको थियो ।सो कार्यक्रमको प्रमुख अतिथि मधेश प्रदेशका माननीय मुख्यमन्त्री सतिश कुमार सिंहज्यू , विशिष्ट अतिथि उद्योगवाणिज्य तथा पर्यटन मन्त्रि माननीय सकिल अलि मियाँज्यू , प्रदेश नीति आयोगका उपाध्यक्ष माननीय सोहन साहज्यू  , सो कार्यक्रमका Key Note Speaker श्री अपूर्व चमरियाज्यू , औधोगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक ई. उमेश गुप्ता , नेउवामहासंघका Startup and Innovation Forum का सभापति श्री जुना माथेमाज्यू, कारखानाका निर्देशक श्री पवित्र गौतम , ICIMOD का अनु जोशीज्य , HELVETAS Nepal का टीम लिडर श्री हरि बहादुर गुरुङ , NYEF Birgunj का अध्यक्ष श्री पंकज अग्रवालज्यू को सभागिता रहेको थियो । सो कार्यकममा मधेश प्रदेश तथा अन्य प्रदेशबाट समेत नव उद्यमीहरुका साथै उद्यमी संग सम्बन्धित विद्यार्थीहरुको उलेख्य सहभागिता रहेको थियो ।

- मिति २०८१पौष ०८ गते नेपाल उद्योगवाणिज्य महासंघ- मधेश प्रदेशको कार्यसमितिको छैठौ बैठक प्रदेश महासंघको सचिवालयमा बस्यो सोहि दिन मधेश प्रदेशका माननीय मुख्यमन्त्रि सतिश कुमार सिंहज्यूद्वारा  मधेश प्रदेश कृषि उद्यम केन्द्रको स्थापना गरिएको थियो  सो कार्यक्रममा नेउवामहासंघ मधेश प्रदेशका कार्य समितिका साथै मधेश प्रदेशका उद्योगवाणिज्य तथा पर्यटन मन्त्रि माननीय सकिल अलि मियाँज्यू , प्रदेश नीति आयोगका उपाध्यक्ष माननीय सोहन साहज्यू का साथै प्रदेशका सम्पूर्ण जिल्ला तथा नगर उद्योगवाणिज्य संघका अध्यक्षहरुका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।
- मिति २०८१ माघ २१ गते बीरगंजमा नेपाल उद्योगवाणिज्य महासंघ - मधेश प्रदेशका पदाधिकारीहरु तथा जिल्ला तथा नगर उद्योगवाणिज्य संघका अध्यक्षज्युहरु द्वारा पर्सा जिलाका प्रहरी उपरीक्षक श्री गौतम मिश्रज्यू संग भेटघाट गरियो सो बैठकमा पर्सा जिल्लाका व्यापार संग सम्बन्धित समस्याहरुमा गहन छलफल गरिएको थियो ।
- मिति २०८१ माघ २२ गते उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालय को वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग द्वारा बीरगंजमा व्यापार व्यवसायसंग सम्बन्धित नियम कानुन कार्यान्वयनमा देखिएका समस्या तथा समाधान सम्बन्धि १ ( एक) दिने अन्तरक्रिया कार्यक्रम भएको थियो सो कार्यक्रममा प्रदेश महासंघका पदाधिकारीहरु , जिल्ला नगरउवासंघका अध्यक्षहरु तथा समितिका सभापतिहरुको सक्रिय सहभागिता रहेको थियो ।
- मिति २०८१ माघ २२ गते PHDCCI का India Nepal Centre, Consulate General of India Birgunj Nepal तथा जनकपुरधाम उद्योगवाणिज्य संघको संयुक्त आयोजनामा गरिएको INDIA NEPAL Tourism summit 2025 मा रामायण सर्किट लगायत यस क्षेत्रका सडक, हवाई यातायात, रेल मार्ग को सहजीकरणका साथै यस क्षेत्रको समग्र विकासका लागि गहन छलफल गरिएको थियो । सो छलफलमा नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष श्री अशोक टेमानीज्यू , उपाध्यक्ष श्री जितेन्द्र महासेठज्यू , बीरगंज उद्योगवाणिज्य संघका वरिस्ठ उपाध्यक्ष श्री हरि प्रसाद गौतमज्यू,, Indian Embassy का Consul General श्री देवी सहाय मीनाज्यू , कंसुल श्री सतिश पटापूज्यू, PHDCCI  का श्री अतुल ठाकुरज्यू, जनकपुरधाम उद्योगवाणिज्य संघका अध्यक्ष श्री सुरेन्द्र भण्डारीज्यू लगायत पुर्व अध्यक्षहरुका साथै यस क्षेत्रका पर्यटन संग सम्बन्धित रोजगारदाताका साथै व्यवसायीहरुको उल्लेखीय सहभागिता रहेको थियो ।

# बागमती प्रदेश

## बागमती प्रदेश

- **बागमती प्रदेशस्तरीय साना तथा लघु उद्यमीहरुलाई ई–कमर्स सम्बन्धी ३ दिने तालिम हेटौंडामा सम्पन्न । २०८१।०१।२७ देखि २९**



साना तथा लघु उद्यमीहरुलाई डिजिटल युगको वर्तमान अवस्थामा ई-कमर्सको माध्यमबाट उद्योगव्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना गरिएको बागमती प्रदेशस्तरीय साना तथा लघु उद्यमीहरुलाई ई-कमर्स सम्बन्धी ३ दिने तालिम हेटौंडामा सम्पन्न भएको छ । नेपाल सरकार बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योगवाणिज्य तथा उपभोक्ता हित संरक्षण

निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा आयोजित तालिम कार्यक्रमको उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्री माननीय प्रकाश श्रेष्ठज्यूले समुद्घाटन गर्नुभएको थियो ।

- **३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई तालिम सम्पन्न । २०८१ जेठ १८**



बागमती प्रदेश सरकार उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योगवाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई सम्बन्धी आवासीय तालिम थाहानगरपालिकामा सफलतापूर्वक सम्पन्न भएको छ । विभिन्न जिल्लाका गरी १६ जना प्रशिक्षार्थीहरुलाई आवासीय रुपमा सिलाई कटाई तालिम प्रदान गरिएको हो । समापन कार्यक्रममा सबै १६ जना प्रशिक्षार्थीहरु एवम् प्रशिक्षकज्यूहरुलाई प्रमुख अतिथिज्यूले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

- **उद्योगी व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न । २०८१ जेठ २०**



आ.व. २०८१/८२ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमको विषयमा उद्योगी व्यवसायीहरुलाई जानकारी गराउने र उक्त नीति तथा कार्यक्रमको विषयमा छलफल एवम् उद्योगी व्यवसायीहरुको समस्याहरुको विषयमा अन्तरक्रियात्मक रुपमा छलफल गरी आगामी बजेटमा सुझाव दिने उद्देश्यका साथ उद्योगी व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

- **सरकारसंगको सहकार्यमा निजी क्षेत्रको प्रतिबद्धता । २०८१ जेठ २०**



बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रले पनि ऐक्यबद्धता जाहेर गरेका छन् । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको आयोजना एवम् नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा २०८१ जेठ २० गते हेटौंडामा भएको अन्तरक्रिया कार्यक्रममा बागमती प्रदेशका सबै जिल्ला नगर उद्योगवाणिज्य संघहरुले प्रतिबद्धता जाहेर गरेका हुन् ।

- **दोश्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटोग्राफी प्रतियोगिता सम्पन्न । २०८१ जेठ २५ र २६**

अठोट नेपाल तथा नेपाल उद्योग वाणिव्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिको आयोजनामा पिजेन्टिङ्ग नेपाल दोश्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटोग्राफी प्रतियोगिता सम्पन्न भएको छ । काठमाडौको भृकुटीमण्डप स्थित पर्यटन बोडको सभाहलमा सम्पन्न भएको कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । नेपालको पर्यटन प्रवर्द्धनका लागि विगतका वर्षमा पनि यस प्रकारको कार्यक्रम गरेको यो संस्थाले यो पटक दोश्रो संस्करणको रुपमा सम्पन्न गरेको हो । यो पटक पहिलो दिन नेपालको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि तथा डिजिटल प्रविधिबाट नेपालको पर्यटनलाई कसरी प्रवर्द्धन गर्ने भन्ने विषयमा प्यानल डिस्कसन गरेको थियो भने दोश्रो दिन फोटोग्राफी प्रतियोगिता सम्पन्न गरिएको थियो ।



- **व्यावसायिक सदस्य संस्थाका रणनीति निर्माण सम्बन्धी तालिम सम्पन्न । २०८१ असार १२–१४**

जिआईजेड ग्रेप परियोजनाको आर्थिक सहयोगमा नेपाल उद्योगवाणिज्य महासंघले व्यावसायिक सदस्य संस्थाका रणनीति निर्माणकालागि सहजीकरण गर्न सहजकर्ताहरुको तालिम पोखरामा आयोजना गरेको छ । सातै प्रदेशका कार्यकारी निर्देशक र विभिन्न जिल्ला नगर उद्योगवाणिज्य संघहरुका कार्यकारी प्रमुख एवम् पदाधिकारीहरुलाई लक्षित गरी सहजकर्ताहरुको तालिम आयोजना गरिएको हो ।



- **सामाजिक विकास मन्त्रालयको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम भक्तपुरमा सम्पन्न । २०८१ असार १६**
- बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम भक्तपुर उद्योगवाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरुमाथि चर्चा गरिएको थियो ।



- **जरिवाना शुल्क दर्ता शुल्क सम्बन्धमा : २०८१ श्रावण ४ गते**

विगतमा कुनै पनि उद्योगवा व्यवसायको नविकरण एवम् जरिवाना शुल्क दर्ता दस्तुरको ३०० प्रतिशतसम्म कायम रहेकोमा यसै आ.व. बाट उक्त शुल्कहरुलाई उल्लेखनीय रुपमा कम गर्न सफल भईएको हो । बागमती प्रदेश मन्त्रालयस्तरीय राजश्व परामर्श समितिको बैठकमा विशेष गरी नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको पटक पटकको अथक प्रयासपश्चात यो व्यवस्था लागू गर्न सकिएको हो । त्यसैगरी प्राईभेट फर्म, साझेदारी फर्म तथा व्यवसाय गर्ने कम्पनीहरुको दर्ता दस्तुर रकम पनि नबढाईकन साविककै राखिएको छ ।

- **हेटौंडा उपमहानगरपालिकाद्वारा अस्वाभाविक तवरबाट गरिएको कर वृद्धिको विरोधमा नेउवामहासंघ बागमती प्रदेशको समर्थन र ऐक्यबद्धता : २०८१ श्रावण ३० गते**



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

हेटौंडा उपमहानगरपालिकाद्वारा आ.व. ०८१/८२ का लागि तोकिएको विभिन्न करका शीर्षकहरुमा २० प्रतिशतदेखि १५० प्रतिशतसम्म बृद्धि गरिएको छ । उक्त अस्वाभाविक बृद्धि प्रति मकवानपुर उद्योगवाणिज्य संघले सो को विरोध गर्दै विभिन्न आन्दोलनका कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरेको थियो । उक्त विरोधमा नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशले पनि प्रेस विज्ञप्ति जारी गर्दै उक्त विरोधको समर्थन र ऐक्यबद्धता जनाएको छ। कोभिडले थलिएर विस्तारै उठ्ने कोशिश गरिरहेका उद्योगी व्यवसायीहरुलाई विभिन्न छुटहरु दिएर प्रोत्साहन दिनुको साटो अस्वाभाविक कर बृद्धि गरिनु उचित नभएको निष्कर्ष निकाल्दै नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशले प्रेस विज्ञप्ति जारी गरेको थियो ।

- **नेउवामहासंघ बाग्मती प्रदेश लघु, घरेलु तथा साना उद्योगसमिति वैठक । २०८१ भाद्र २**

नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको लघु, घरेलु तथा साना उद्योगसमितिको अनलाईन बैठक सम्पन्न गरिएको छ । बैठकले गत वर्ष गरिएका कार्यक्रमको समिक्षा, यस वर्ष आयोजना गर्ने कार्यक्रमहरुको विषयमा छलफल र थप २ सदस्य मनोनयन गरेको छ । गत वर्ष आयोजना गरिएको कार्यक्रमहरुमा मितव्ययिता अपनाउन नसकिएको, यस वर्ष त्यस्तै कार्यक्रमहरु बागमती प्रादेशिक मन्त्रालयहरुसंगको सहकार्यमा मितव्ययिता अपनाएर आयोजना गरिने, समितिको बैठक हरेक २ महिनाको अन्तिम शुक्रवार बस्ने, लघु, घरेलु तथा साना उद्यमीहरुको बस्तुस्थिति बुझ्न असोजको पहिलो साताबाट विभिन्न जिल्ला नगर उद्योगवाणिज्य संघहरुसंगको समन्वयमा भ्रमण कार्यक्रम पनि आयोजना गरिने निर्णय गरिएको छ । भ्रमण यस वर्ष धादिङ्ग, नुवाकोट, सिन्धुली, रामेछाप र दोलखा गरी ५ वटा जिल्लामा गरिने पनि निर्णय गरिएको छ ।



- **पुँजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न । २०८१ कार्तिक ६ गते**

विश्व लगानीकार्ता सप्ताह २०२४ को अवसरमा नेपाल धितोपत्र बोर्ड र नेउवामहासंघको समझदारी बमोजिम नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेश र नेपाल उद्योगवाणिज्य संघ

काठमाडौंको संयुक्त सहकार्यमा पुँजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम काठमाडौंको होटल यलो प्यागोडामा सम्पन्न गरिएको छ । पुँजी बजार, यसको आवश्यकता, लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरुलगायतका विषयहरुमा नेपाल धितोपत्र बोर्डका निर्देशक रेवत श्रेष्ठ र अधिकृत कृष्ण गिरीज्यूले प्रस्तुतिकरण राख्नुभएको थियो । कार्यक्रममा नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठ, नेपाल उद्योगवाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्य र प्रमुख अतिथि नेपाल धितोपत्र बोर्डका अध्यक्ष महेश बरालज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नेउवामहासंघ बागमती प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरु, विभिन्न उद्योगी व्यवसायीहरु, जिल्ला नगर उद्योगवाणिज्य संघहरुका अध्यक्षहरु, बस्तुगत संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरुसमेत गरी १५० जनाको सहभागिता रहेको थियो । नेपाल उद्योगवाणिज्य संघ काठमाडौंका महासचिव दुर्गाराज श्रेष्ठज्यूले संचालन गर्नुभएको कार्यक्रमको समापन उपाध्यक्ष रमानाथ श्रेष्ठज्यूले गर्नुभएको थियो ।





- **बालश्रम अन्त्यकालागि निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रम (२०८१ पौष १६)**

  बागमती प्रदेश श्रम रोजगार तथा यातायात मन्त्री माननीय प्रेमभक्त महर्जनज्यूको प्रमुख आतिथ्यतामा बागमती प्रदेश श्रम रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा बालश्रम अन्त्यका लागि निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रमको आयोजना गरियो । औपचारिक क्षेत्रमा बालश्रम अन्त्यका लागि नेपाल उद्योगवाणिज्य महासंघले अन्तर्राष्ट्रिय श्रम संगठनसंग सहकार्य गरेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

- **निसन्तानपन परामर्श सम्बन्धी निःशुल्क शिविर सम्पन्न । २०८१ पौष १८-१९ र माघ १८ र १९**

  नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशले निसन्तानपन परामर्श सम्बन्धी २ दिने निःशुल्क शिविर २ पटक हेटौंडामा आयोजना गरेको छ । नेपाल ईन्टरनेशनल फर्टिलिटी एण्ड ल्याप्रोस्कोपिक सेन्टर ( माया क्लिनिक) र निको अस्पताल प्रा.लि. संगको सहकार्यमा पौष १८-१९  र माघ १८-१९ गते शिविर आयोजना गरिएको हो । नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशले सामाजिक उत्तरदायित्व अन्तर्गत लैङ्गिक हिंसा विरुद्धको एउटा प्रमुख कारण रहेको निसन्तानपन सम्बन्धी निःशुल्क परामर्श शिविर निको अस्पतालमा आयोजना गरिएको थियो ।



- **बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८१ आयोजना । २०८१ पौष २५ र २६**

  बागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय बहादुर सिं लामाज्यूको प्रमुख आतिथ्यतामा नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिको संयोजनमा दोश्रोपटक बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८१ आयोजना गरिएको थियो । कार्यक्रममा महिला उद्यमीहरुका प्रमुख समस्याहरु एवं समाधान सम्बन्धमा छलफल गरी सुझावहरु संकलन गरिएको थियो ।



- **राष्ट्रिय औद्योगिक व्यापार मेलामा बागमती प्रदेशको सहभागिता । २०८१ माघ १०**

  पोखरा उद्योगवाणिज्य संघको आयोजनामा माघ १० गतेदेखि १९ गतेसम्म आयोजना गरिएको मेलामा बागमती प्रदेशमा उत्पादित सामग्रीहरुको ५ वटा स्टलहरु राखी प्रदर्शनी एवम् विक्रि वितरण गरी राष्ट्रिय औद्योगिक व्यापार मेलामा बागमती प्रदेशबाट गरिएको छ ।



**<u>मेला महोत्सव प्रचार प्रसार</u>**

- जिरी उद्योगवाणिज्य संघको आयोजनामा चैत्र २० गतेदेखि बैशाख २ गतेसम्म आयोजित दोश्रो जिरी महोत्सवको नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट मार्फत प्रंचार प्रसार गरी सहयोग ।
- उद्योगवाणिज्य संघ खैरहनीको आयोजनामा पौष ५ गतेदेखि १६ गतेसम्म आयोजित तेश्रो खैरहनी महोत्सवको नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट मार्फत प्रंचार प्रसार गरी सहयोग ।
- रामेछाप उद्योगवाणिज्य संघको आयोजनामा माघ १६ गतेदेखि २१ गतेसम्म आयोजित कृषि पर्यटन औद्योगिक मेला प्रदर्शनी २०८१ को नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट मार्फत प्रंचार प्रसार गरी सहयोग ।
- दोलखा उद्योगवाणिज्य संघको आयोजनामा फागुन ६ देखि १८ सम्म आयोजित बृहत दोलखा महोत्सव २०८१ को नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको वेबसाईट मार्फत प्रंचार प्रसार गरी सहयोग ।

**<u>अन्य सूचना प्रवाह</u>**

- उद्योगफर्म नविकरण सम्बन्धी सूचना उवासंघहरुमा प्रवाह ।
- NSTB को रोजगारदाता पोर्टलमा आबद्ध हुने सूचना वेबसाईट मार्फत प्रवाह ।
- चीनको कुन्मिङ्ग मेलामा सहभागिताको लागि सूचना प्रकाशन ।
- श्रमाधान रोजगार मेलाको सूचना प्रकाशन ।
- सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको सीप परीक्षण सम्बन्धी सूचना वेबसाईट मार्फत प्रवाह ।

- दक्ष जनशक्ति उत्पादनका लागि सिलाई कटाई सम्बन्धी सीप जानेका ३० जना महिलाहरुलाई तह १ को निःशुल्क सीप परीक्षणको सूचना ।
- निःशुल्क आईभीएफ सम्बन्धी स्वास्थ्य शिविर संचालन हुने सूचना ।

**<u>नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशको सहभागिताहरु :</u>**

- बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा बसेको राजश्व परामर्श समितिको बैठकमा राजश्व समिति सदस्य उज्वल चौलागाईज्यूबाट सहभागिता । ( २०८१ बैशाख ६ गते)
- बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा भएको पुर्व बजेट छलफल कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी समिति सदस्य लक्ष्मी खनाल तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । ( २०८१ बैशाख ३० गते)
- नेपाल उद्योगवाणिज्य महासंघको आयोजनामा आयोजित पूर्व बजेट अन्तरक्रिया कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ जेठ २ गते)
- बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आयोजनामा आयोजित राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली सम्बन्धी बैठकमा कोषाध्यक्ष कविराज खत्री तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ जेठ ४ गते)
- बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको आयोजनामा आयोजित वातावरणीय मापदण्डको परिपालना सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी समिति सदस्य जीवनकाजी माकजु श्रेष्ठ तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ जेठ ७ गते)
- बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आयोजनामा आयोजित अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको कार्यान्वयन सम्बन्धी बैठकमा कार्यकारिणी समिति सदस्य जीवनकाजी माकजु श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ जेठ ८ गते)
- बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा आयोजित गणतन्त्र दिवस २०८१ को विशेष समारोहमा कार्यकारिणी समिति सदस्य उत्तमशर्मा ढकाल, कार्यकारी निर्देशक विवेक मानन्धर, महिला उद्यमी विकास समिति सहसंयोजक मेनका श्रेष्ठ तथा कार्यालय सहायक सृष्टि पुडासैनीज्यूबाट सहभागिता । (२०८१ जेठ १५ गते)
- आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशको आयोजनामा भएको सचिवस्तरीय राजश्व परामर्श समितिको बैठकमा कोषाध्यक्ष कविराज खत्री तथा कार्यकारिणी समिति सदस्य जीवनकाजी माकजु श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ जेठ १६ गते)
- काभ्रे उद्योगवाणिज्य संघको ४२ औं बार्षिक साधारण सभा तथा भवन उद्घाटन कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, कार्यकारिणी समिति सदस्य प्रेमहरि मैनाली, रोशनी मैंया धौबञ्जाज्यूको सहभागिता । (२०८१ जेठ १९ गते)
- धुलिखेल उद्योगवाणिज्य संघको ३२ औं साधारण सभाको समुद्घाटन समारोहमा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, का.का.स सदस्य जीवनकाजी माकजु श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, राजन कार्की, प्रेमहरि मैनाली, राज्यलक्ष्मी शाक्य, रोशनी मैंया धौबञ्जा, लक्ष्मी खनाल तथा यादव दाहालज्यूबाट सहभागिता । (२०८१ जेठ २६ गते)

- सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको क्वालिटी परियोजनाको बैठकमा कोषाध्यक्ष कविराज खत्री तथा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ जेठ ३१)
- काभ्रे महिला उद्यमी मञ्चको ९ औं वार्षिक साधारण सभामा काकास गीता अमात्य र राज्य लक्ष्मी शाक्यज्यूको सहभागिता । (२०८१ जेठ ३१)
- नेपाल लेखामान बोर्डको आयोजनामा भएको NFRS सम्बन्धी सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रममा काकास जीवनकाजी माकजु श्रेष्ठज्यूको सहभागिता । (२०८१ असार ३)
- बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको आयोजनामा प्रदेश उच्चस्तरीय कार्यदल समन्वय समितिको बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूको सहभागिता । (२०८१ असार ५)
- नेवाः देय दबुको आयोजनामा भएको स्वागत तथा बधाई कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सहभागिता । (२०८१ असार ७)
- रोटरी क्लब अफ धुलिखेलको २७ औं चार्टर दिवसमा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, काकास जीवनकाजी माकजु श्रेष्ठ र लक्ष्मी खनालज्यूको सहभागिता । (२०८१ असार ११)
- नेपाल उद्योगवाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा भक्तपुर उवासंघका निवर्तमान अध्यक्ष शिव प्रसाद मानन्धरज्यूको पूजनीय पिताको निधनमा श्रद्धाञ्जली व्यक्त गर्न अध्यक्ष दिल सुन्दर श्रेष्ठ, पदेन सदस्य सविन श्रेष्ठ, काकास कृष्णभक्त श्रेष्ठ, राज्य लक्ष्मी शाक्य र लक्ष्मी खनालज्यूको सहभागिता । (२०८१ असार १३)
- बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको NVQS सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूको सहभागिता । (२०८१ असार १६)
- नेपाल उद्यमी मञ्चको २० औं वार्षिक सभामा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सहभागिता । ( २०८१ श्रावण ५)
- नेपाल केमिकल तथा हर्बल उद्योगसंघको दोश्रो वार्षिक साधारण सभामा उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूको सहभागिता । (२०८१ श्रावण १९)
- नेपाल राष्ट्र बैंकको आयोजनामा महिला उद्यमी वित्तिय साक्षरताको आवश्यकता विषयक छलफल कार्यक्रममा काकास रोशनी मैंया धौवञ्जा, लक्ष्मी खनाल, काकास एवम् महिला उद्यमी विकास समिति सभापति गीता अमात्य, कार्यकारी निर्देशक विवेक मानन्धर, समिति उपसभापति मेनका श्रेष्ठ, समिति सदस्यहरु श्रृजना श्रेष्ठ, ज्ञानुमाया तामाङ्ग, रामेश्वरी मानन्धर, दयालक्ष्मी कर्माचार्य, कल्याणी घिसिङ्ग, शर्मिला श्रेष्ठ, नविना लामा राजथला, (२०८१ श्रावण २४)
- तानसेन खानेपानी उपभोक्ता समितिको ३ वर्षे कार्ययोजना गोष्ठीको अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट प्रमुख आतिथ्यता ग्रहण । (२०८१ श्रावण २६)
- नेपाल कष्मेटिक व्यवसायी संघको अधिवेशनसहितको साधारण सभामा उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूको सहभागिता । (२०८१ श्रावण २६)
- नेपाल सरकार अर्थ मन्त्रालयको आयोजनामा भएको Finance For Development Dialogue कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सहभागिता । (२०८१ भाद्र ४)
- स्टार्ट अप नेशन २०३० को सम्मेलनमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ भाद्र ५)

- सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समितिको बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूको सहभागिता । (२०८१ भाद्र ९)
- आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा भएको संविधान दिवस २०८१ मनाउने सन्दर्भमा आयोजित बैठकमा कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ भाद्र २८)
- मेलम्ची उवासंघको तेश्रो वार्षिक साधारण सभा तथा दोश्रो अधिवेशमा कार्यकारिणी सदस्य यादव दाहालज्यूबाट सहभागिता । (२०८१ भाद्र १४)
- नेपाल उद्योगवाणिज्य महासंघको आयोजनामा भएको Dialogue on US Nepal Trade and Investment : Prospects and challenges सम्बन्धी छलफल कार्यक्रममा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ भाद्र २४)
- बागमती प्रदेश उद्योगपरिसंघको तेश्रो साधारण सभामा उपाध्यक्ष गुणराज श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ असोज २)
- संविधान दिवस २०८१ मा कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, उत्तमशर्मा ढकाल, कार्यकारी निर्देशक विवेक मानन्धर, महिला उद्यमी विकास समिति उपसभापति मेनका श्रेष्ठ, सदस्य हिरा बर्तौला र कार्यालय सहायक श्रृष्टि पुडासैनीज्यूबाट सहभागिता । (२०८१ असोज ३)
- ललितपुर उवासंघको ४५ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्य कृष्णभक्त श्रेष्ठ, रोशनी मैंया धौवञ्जा, लक्ष्मी खनाल र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ असोज ४)
- बालाजु उद्योगविकास संघको ४१ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्य कृष्णभक्त श्रेष्ठ र बिरेन्द्र नाथ भट्टराईज्यूबाट सहभागिता । (२०८१ असोज ४)
- प्रदेश नीति तथा योजना आयोगको आयोजनामा भएको एकीकृत पोषण परियोजनाको कार्यशाला गोष्ठीमा कोषाध्यक्ष कविराज खत्रीज्यू र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ असोज ५)
- उद्योगवाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आयोजनामा भएको प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ असोज ९)
- बागमती प्रदेश उद्योगपरिसंघको आयोजनामा भएको २४ महिने प्रि-डिप्लोमा औद्योगिक तालिम सम्बन्धी बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ असोज २१)
- उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको आयोजनामा भएको उद्योगदिवस मनाउने सम्बन्धी बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ कार्तिक ४)
- सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको प्रादेशिक टिभिइटी प्रोफाईल विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । ( २०८१ कार्तिक १२)

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको आयोजनामा भएको प्राकृतिक रोयल्टी श्रोत परिचालन वितरण व्यवस्थापन पुनरावलोकन सम्बन्धी बैठकमा कार्यकारिणी सदस्य उत्तमशर्मा ढकालज्यूबाट सहभागिता । (२०८१ कार्तिक १२)
- उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको आयोजनामा भएको उद्योगदिवस मनाउने सम्बन्धी बैठकमा कार्यकारी निर्देशक विवेक मानन्धरज्यूबाट सहभागिता । (२०८१ कार्तिक १३)
- रत्ननगर उवासंघको २५ औं वार्षिक साधारण सभामा कार्यकारिणी सदस्यहरु अनिल कृष्ण श्रेष्ठ, रोशनी मैंया धौवञ्जा र लक्ष्मी खनालज्यूबाट सहभागिता । (२०८१ मंसिर १)
- उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको आयोजनामा भएको उद्योगदिवस मनाउने सम्बन्धी बैठकमा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । (२०८१ मंसिर ६)
- सामाजिक विकास मन्त्रालयको आयोजना भएको १६ दिने लैंङ्गिक हिंसा विरुद्धको अभियान सम्बन्धी बैठकमा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । (२०८१ मंसिर ७)
- उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको आयोजनामा भएको उद्योगदिवस २०८१ तथा नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा कोषाध्यक्ष कविराज खत्री, कार्यकारी निर्देशक विवेक मानन्धर र महिला उद्यमी विकास समिति उपसभापति मेनका श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ मंसिर ९)
- सामाजिक विकास मन्त्रालयको आयोजना भएको १६ दिने लैंङ्गिक हिंसा विरुद्धको अभियान सम्बन्धी पत्रकार सम्मेलनमा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । (२०८१ मंसिर १०)
- नेउवामहासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य एवम् महिला उद्यमी विकास समिति सभापति गीता अमात्यज्यूकी ममतामयी माताको निधनमा श्रद्धाञ्जली व्यक्त गर्न अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, कार्यकारिणी सदस्य कृष्णभक्त श्रेष्ठ र राज्यलक्ष्मी शाक्य महर्जनज्यूबाट सहभागिता । (२०८१ मंसिर ११)
- नेपाल उद्योगवाणिज्य महासंघ उद्योगवाणिज्य परिषद्को चौथो बैठकमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ मंसिर १५)
- उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको आयोजनामा भएको समृद्ध नेपाल निर्माणको लागि छलफल तथा अन्तरक्रिया कार्यक्रममा कोषाध्यक्ष कविराज खत्री, कार्यकारी निर्देशक विवेक मानन्धर र महिला उद्यमी विकास समिति उपसभापति मेनका श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ मंसिर १६)
- सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको लैङ्गिक हिंसा न्यूनिकरणकालागि सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रममा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । ( २०८१ मंसिर २४)
- नेपाल उद्योगवाणिज्य महासंघको कार्यकारिणी समितिको नवौं बैठकमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ मंसिर २४)
- उद्योगवाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योगतथा लगानी प्रवर्द्धन समितिको गठन सम्बन्धी बैठकमा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । (२०८१ पौष ३)
- उद्योगवाणिज्य संघ खैरहनीको आयोजनामा भएको तेश्रो खैरहनी महोत्सवको समुद्घाटन समारोहमा पदेन सदस्य सविन श्रेष्ठ, अमरेश चन्द्र बैदार, उपाध्यक्ष गुणराज श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्रीबाट सहभागिता । (२०८१ पौष ५)

- सामाजिक विकास मन्त्रालय अन्तर्गत गृहिणी महिला सशक्तिकरण कार्यक्रम सम्बन्धी बैठकमा कार्यकारिणी सदस्य गीता अमात्यज्यूबाट सहभागिता । (२०८१ पौष ८)
- श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा भएको बालश्रम अन्त्यकालागि निजी क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा प्रदेश महासंघको सहभागिता । (२०८१ पौष १६)
- प्रदेश नीति तथा योजना आयोगको आयोजनामा भएको N4G Summit सम्बन्धी कार्यशाला गोष्ठीमा कार्यकारिणी सदस्य उत्तमशर्मा ढकालज्यूबाट सहभागिता । (२०८१ पौष २२)
- शंखरापुर सक्व महोत्सव २०८१ को समुद्घाटन समारोहमा उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूबाट सहभागिता । (२०८१ माघ १६)
- रामेछाप उवासंघको आयोजनामा भएको रामेछाप कृषि पर्यटन औद्योगिक मेला प्रदर्शनी २०८१ को समुद्घाटन समारोहमा अध्यक्ष दिल सुन्दर श्रेष्ठ, कार्यकारिणी सदस्य राज्यलक्ष्मी शाक्य, लक्ष्मी खनाल तथा यादव दाहालज्यूबाट सहभागिता । (२०८१ माघ १६)
- श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा भएको बालश्रम अन्त्यकालागि पञ्चवर्षीय रणनीतिक योजनामा छलफलमा कार्यकारिणी सदस्य लक्ष्मी खनालज्यूबाट सहभागिता । (२०८१ माघ १८)
- मोबाईल एशोसियसन अफ नेपाल मकवानपुरको १३ औं वार्षिक साधारण सभा एवम् अधिवेशनमा कोषाध्यक्ष कविराज खत्रीज्यूबाट सहभागिता । (२०८१ माघ १९)
- आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशको राजश्व परामर्श समितिको बैठकमा कोषाध्यक्ष कविराज खत्री र कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठज्यूबाट सहभागिता । ( २०८१ माघ २४)

## गण्डकी प्रदेश




- मिति २०८० चैत्र १७ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले महासंघ सातौ प्रदेश सभा नेपाल उद्योगवाणिज्य महासंघ का केन्द्रिय अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल ज्यूको प्रमुख आतिथ्यतामा पोखरामा सम्पन्न गरियो ।
- मिति २०८० चैत्र १८ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले महासंघ कोशी प्रदेशबाट पाल्नु भएका अतिथिलाइ स्वागत तथा दुइ प्रदेश विच भएका गतिविधिहरु सम्वन्धि अन्तरक्रिया कार्याक्रम गण्डकी प्रदेशको सचिवालयमा सम्पन्न गरिएको थियो ।
- **मिति २०८१ बैशाख १४ गते**



नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले जिल्ला नगरका अध्यक्षहरुलाई मौलाकालिका मन्दिर दर्शन गराई नवलपुर जिल्लामा रहेका उद्योगहरु जस्तै अम्बे तेल उद्योग, जयश्री फुड्स, मुनाल फुड्स, गोरखा ब्रोअरी र चौधरी उद्योगग्राम (सिजि) को अवलोकन गरिएको थियो ।

- नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश र बुलिङ्गटार गाँउपालिका विच बुलिङ्गटार गाउँपालिकामा कृषि, घरबास, धार्मिक तथा पर्यटकिय स्थलहरुको सम्भावना तथा चुनौती सम्वन्धि अन्तरक्रिया कार्यक्रम बुलिङ्गटार गाउँपालिका अध्यक्ष श्री ई.दिपेन्द्र सुनारीको प्रमुख आतिथ्यतता, उपाध्यक्ष दिलमाया राना र घिरिङ्ग गाउँपालिकाका उपध्यक्ष श्री गिनुमाया थापाको विषेश आतिथ्यतता र बुलिङ्गटार गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मिन बहादुर आले, वडा नं. १ का वडा अध्यक्ष कान्त बहादुर आले तथा गैडाकोट नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री प्रकाश सापकोटाको आतिथ्यतामा बुलिङ्गटार गाउँपालिका वडा नं. ४ बोजापोखरी घरबासमा सम्पन्न गरिएको थियो ।



- नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले दोश्रो जिल्ला नगर भेला बुलिङ्गटार गाउँपालिका वडा नं. ४ बोजापोखरी घरबासमा जिल्ला नगरका समस्याहरुको विषयमा महत्वपूर्ण निर्णय सहित सम्पन्न गरिएको थियो ।



  नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको **सातौं कार्यसमिति बैठक** बुलिङ्गटार गाउँपालिका वडा नं. ४ बोजापोखरी घरबासमा विभिन्न प्रस्तावहरुमा महत्वपूर्ण निर्णय सहित सम्पन्न गरिएको थियो ।



- नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश र भरतपुर सेन्टर अस्पिटल प्रा.लि.विच गण्डकी प्रदेशमा आवद्ध एसोसिएट, बस्तुगत तथा जिल्ला नगर उद्योगवाणिज्य संघमा आबद्ध विभिन्न सदस्यहरुलाइ  स्वास्थ्य उपचारमा ४० प्रतिशत, फार्मेसिमा ७ प्रतिशत तथा ओ.पि.डि र इमरजेन्सि टिकटमा पनि छुट हुने गरि मिति २०८१ बैशाख १५ गते लागु हुनेगरि २०८४ चैत्र मसान्त सम्मका लागि सम्झौता गरिएको छ ।



- **मिति २०८१ जेठ ५ र ६ गते** गण्डकी प्रदेश सरकार पर्यटन उद्योगवाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले ११ जिल्लाका आफ्ना निरिक्षण अधिकृतका लागि क्षमता अभिबृद्धि कार्यक्रममा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूले उद्योगव्यवसाय उपभोक्ता हित संरक्षण र मानव अधिकार विषयमा प्रशिक्षण दिनु भएको थियो । उक्त कार्यक्रममा सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रिपाठीज्यू र कार्यालय प्रमुख निशान खनालले सहजिकरण गर्नु भएको थियो ।



- २०८१ श्रावण ४ गते शुक्रबार नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको आयोजना तथा चितवन साईन्स मेडिकल कलेजको प्राविधिक सहयोगमा नि:शुल्क स्वास्थ्य सिविर तथा औषधि वितरण कार्यक्रम नवलपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरलेज्यूको **प्रमुख** आतिथ्यतामा नेपाल

नमूना मा.वि देवचुली १ केउरेनी नवलपुरमा सम्पन्न भएको थियो । यस कार्यक्रममा १३०० जना सेवाग्राहीले सेवा लिनु भएको थियो । जस मध्य ५०० जनाले भिडियो ऐक्से, ३५० जनाले इसिजि र ४५० जनाले सुगर चेक गर्नु भएको थियो ।

- मिति २०८१ बैशाख १४ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको सातौ कार्यसमिति बैठक बुलिङ्गटार गाउँपालिका वडा नं. ४ बोजापोखरी घरबासमा विभिन्न प्रस्तावहरुमा महत्पूर्ण निर्णय सहित सम्पन्न गरिएको थियो ।



- २०८१ श्रावण ११ र १२ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश कार्यकारिणी समितिको आठौं घुम्ती बैठक लमजुङ्ग **उद्योग**वाणिज्य संघको आतिथ्यतामा काउलेपानी घरबास (होमस्टे) लमजुङ्गमा महत्वपूर्ण निर्णयका सम्पन्न भयो



- २०८१ असोज १३ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको नवौ कार्यसमितिको बैठक महासंघको सचिवालयमा महत्वपूर्ण निर्णयका साथ सम्पन्न भयो ।
- २०८१ कार्तिक १३ गते नेपला उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको दशौ कार्यसमितिको बैठक महासंघको सचिवालयमा महत्वपूर्ण निर्णयका सम्पन्न भयो ।



- २०८१ पुष १ गते नेपला उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको एघारौं कार्यसमितिको बैठक महासंघको सचिवालयमा महत्वपूर्ण निर्णयका सम्पन्न भयो ।
- २०८१ माघ ३ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको बाह्रौं कार्यसमितिको बैठक महासंघको स**चिवालयमा** महत्वपूर्ण निर्णयका साथ सम्पन्न भयो ।



- २०८१ असोज १३ र १४  गते नेपाल उद्योगवाणिज्य महास ंघ गण्डकी प्रदेश र सामाजिक **विका**स तथा युवा खेलकुद मन्त्रालय विच २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धि छलफल कार्यक्रम महासंघको सचिवालयमा सम्पन्न ।
- २०८१ मंसिर २  गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश र सामाजिक विकास तथा युवा खेलकुद मन्त्रालय विच २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धि छलफल कार्यक्रम महासंघको सचिवालयमा सम्पन्न ।
- नेपाल उद्योगवाणिज्य महासंघ तथा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश र गण्डकी प्रदेश भित्र रहेका २३ वटा उद्योगवाणिज्य सघको सहआयोजनामा मिति २०८१ कार्तिक २६ गते देखि मंसिर १६ गते सम्म नवलपुर



जिल्लाको गैडाकोट नगरपालिका वडा नं. २ प्रदशनी मैदान नारायणी नदि किनारमा दोस्रो गण्डकी प्रदेश महोत्सव २०८१ सफलता पूर्वक सम्पन्न गरियो ।मेलाको समुद्घाटनको प्रमुख अतिथि गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री सुरेन्द्रराज पाण्डे रहनुभएको थियो । समुद्घाटन सत्रमा नेपाल उद्योगवाणिज्य महासंघ का अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल ज्यू विषेश अतिथि रहनु भएको थियो । समग्र गण्डकी प्रदेशको आर्थिक गतिविधी चलायमान बनाउन एवं यहाँका पर्यटकीय सम्भावनाको खोजी त्रीवेणी देखि मुक्तिथान सम्मका पर्यटकीय गन्तव्यको प्रचारको लागि आयोजित मेला आफ्नो उदेश्यमा सफल भएको छ । मेला समापन संघिय सांसद माननिय प्रा.डा. शशांक कोइराला ज्यू को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

- मंसिर १३ गते नेपाल उद्योगवाणिज्य महासंघ र इन्स्योर परियोजना हेल्भेटास नेपाल विच सिप स्तरउन्नती तालिम संचालन गर्न उदेश्यले नेपाल उद्योगवाणिज्य महासंघको सचिवालयमा सिप विकास इकाइको कार्यालय स्थापनाका लागि साझेदारी र सम्झौता गरियो ।
- मंसिर १३ गते International Finance Corporation (World Bank Group) को आयोजना र नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश समन्वयमा निजि क्षेत्रका **लगानीको** अवसर, चुनौती, सहकार्य र सम्भावना सम्बन्धि अन्तरक्रिया कार्यक्रम टेम्पल ट्रि लेकसाइडमा सम्पन्न भएको थियो ।
- २०८१ पौष १४ र १५ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश कृषि समितिको समन्वय तथा पोखरा महानगरपालिका कृषि विकास महाशाखाको आयोजनामा नमुना कृषि फर्म अवलोकन भ्रमण श्री झलकलाल श्रेष्ठ ज्यूको नेतृत्वमा सम्पन्न ।



- २०८१ पौष १६ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले दिगो तथा सम्मानित रोजगारिको लागि सिप परियोजना सम्वन्धि अन्तरक्रिया कार्यक्रम लेखनाथ उद्योगवाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा समाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका उप सचिव श्री तोयानाथ लम्सालले तथा इन्स्योर हेल्भेटास नेपालका केन्द्रिय क्वालिटी स्पेसलिस्ट श्री केशव भण्डारी ज्युले सिप स्तर उन्नति सम्वन्धि विषयमा आ आफ्नो प्रस्तुतिकरण पेश गर्नु भएको थियो ।
- २०८१ पौष १८ गते एभिन्यूज टेलिभिजनको आयोजना तथा नेपाल उद्योगवाणिज्य महासंघको सहआयोजनामा एभिन्यूज एजेण्डा राष्ट्रिय अर्थतन्त्र तिब्र दवाब, प्रभाव र अव निकास के सम्वन्धि सरकारी, सार्वजनिक र निजिक्षेत्र विच बृहत अन्तरक्रियात्मक प्रत्यक्ष टेलिभिजन बहस कार्यक्रम सम्पन्न भएको थियो ।
- २०८१ माघ ४ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइ का फोकल पर्सन श्री संजिव बहादुर कोइरालाको संयोजकत्वमा पोखरा औद्योगिक क्षेत्र उद्योगसंघको सचिवालय सिप स्तरउन्नती  तालिम र औद्योगिक प्रशिक्षार्थी तालिम सम्वन्धि छलफल कार्यक्रम सम्पन्न भएको थियो ।
- २०८१ माघ ४ गते COSAMB (Council of State agriculture Market Board ) द्वारा राजस्थानामा संचालन भएको Conference मा समितिका सदस्य तथा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश कृषि उप समितिका सभापति श्री झलकलाल श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।

- २०८१ माघ १४ गते नेपाल सरकार परराष्ट्र मन्त्रालयको आयोजना तथा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदे**शको** समन्वयमा गण्डकी प्रदेशमा रहेका निर्यात व्यापार, लगानि प्रबर्द्धन र पर्यटन प्रबर्द्धनसंग सम्वन्धित उद्योगी, व्यवसायी, लगानिकर्ता संग पर्यटन मन्त्रालय र विदेश स्थित कुटनितिक नियोगको भूमिका सम्वन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



- **२०८१ माघ १६ गते** नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले २२५९ मिटरमा अवस्थीत रहपर्वत र **स्याङजाको** सिमानामा २२५९ मिटरमा अवस्थीत डहरे देउराली मन्दिरमा यान्त्रीक पुल निर्माणका लागी अध्यान अवलोकन गरियो।

- २०८१ माघ १४ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश अर्न्तगत सिप विकास इकाइ द्धारा कास्की जिल्ला **मादी** गाउँपालिका वडा ५ ठूलास्वारमा रहेका होमस्टे को सिप स्तरउन्नतीको लागि ९६ घण्टाको होमस्टे तालिम उद्घाटन गरियो ।

- २०८१ माघ २२ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश अर्न्तगत सिप विकास इकाइ द्धारा कास्की जिल्ला मादी गाउँपालिका वडा ५ ठूलास्वारमा रहेका होमस्टे को सिप स्तरउन्नतीको माघ १४ गते देखि संचालित होमस्टे तालिमको अनुगमन गरियो ।

- **२०८१ माघ २८** गते नेपाल उद्योगवाणिज्य महासंघ टेकु काठमाण्डौं को आयोजना तथा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशको समन्वयमा Advancing Business and Human Rights (Initation plan) in Nepal Consultation Workshop /FGD on draft HRDD Checklist and B+Hr Guideline कार्यक्रम सम्मन्न भएको थियो ।

- **२०८१ माघ २८ गते** नेपाल उद्योगबाणिज्य महासंघ गण्डकी प्रदेशको ८ औं साधारण सभा नेपालको पहिलो पर्य**टकीय** राजधानी पोखरामा रहेको होटल पौवाको सभाहलमा गण्डकी प्रदेशका मुख्य मन्त्र श्री सुरेन्द्रराज पाण्डे ज्यूको प्रमुख आतिथ्यता तथा विषेश अतिथि नेउवा महासंघका पूर्व अध्यक्ष श्री आनन्दराज मुल्मी ज्यू, नेउवा महासंघका उपाध्यक्ष श्री सुरकृष्ण बैद्ये, नेउवा महासंघका उपाध्यक्ष श्री हरि राज ढकाल ज्यू, गण्डकी प्रदेश सभासद श्री सरस्वती अर्याल तिवारी, प्रमुख जिल्ला अधिकारी श्री भरतमणी पाण्डे ज्यू तथा विभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रतिनिधि ज्युहरु साथै जिल्ला नगर उद्योगवाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरु र एशोसिएट सदस्यहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।



- २०८० चैत्र १९ गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा आयोजित समन्वय समितिको बैठकमा उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यू र सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रिपाठी ज्यूको सहभागिता रहेको थियो ।

- २०८० चैत्र १९ गते गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय द्धारा आयोजित राजश्व परामर्श समितिको बैठकमा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।
- २०८० चैत्र २१ गते सशस्त्र प्रहरी बल कालिका गणको १९ औं स्थापना दिवस कार्यक्रममा कार्यसमिति सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८० चैत्र २१ गते कृषि तथा पशुपन्छी मन्त्रालय द्धारा आयोजित अन्तराष्ट्रिय मुल्य सुदृधिकरण सम्मेलनमा समितिका सदस्य श्री झलकलाल श्रेष्ठ ज्यूको सिहभागिता रहेको थियो ।
- २०८० चैत्र २१ गते उद्योगवाणिज्य तथा आपूर्ती मन्त्रालयको उपभोक्ता हित निर्देशनालयको बजार अनुगमन समितिको बैठकमा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रिपाठी ज्यू को सहभागिता रहेको थियो ।
- २०८० चैत्र २८ गते नेपाल उद्योगवाणिज्य महासंघको ५८ औं वार्षिक साधारण सभा तथा उद्योगदिवस कार्यक्रममा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यू,उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यू, सदस्यहरु श्री हरि कुमार श्रेष्ठ ज्यू र श्री झलकलाल श्रेष्ठज्युको सहभागिता रहेको थियो ।
- २०८० चैत्र २९ गते होटल संघ पोखरा द्धारा आयोजित १९ औं फेवा महोत्सवमा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८० चैत्र ३० गते तेस्रो गल्याङ औद्योगीक व्यापार तथा कृषि महोत्सव मा समितिका कोषाध्यक्ष श्री नवराज सुवेदी ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ०२ गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको दोस्रो वित्तिय परामर्श तथा रोजगार भेलाको सन्दर्भमा चेतनामुलक अन्तरक्रिया कार्यक्रममा समितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यू र कार्यालयका कार्यालय प्रमुख श्री निशान खनाल ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ०३ गते गण्डकी प्रदेश सरकार कृषि तथा भुमि व्यवस्था मन्त्रालयको प्रदेश स्तरीय खाद्य प्रणली समिक्षा तथा योजना तर्जुमा गोष्ठी कार्यक्रममा कार्यसमितिका सदस्य श्री झलकलाल श्रेष्ठज्यूको सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ४ गते कालिका भगवती गुठी व्यवस्थापन समिति कालिका कुन्ज बाग्लुङ चैत्र अष्ठमी मेला २०८० मा कार्यसमितिका सदस्य श्री हरि कुमार श्रेष्ठज्यूको सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ४ गते नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको श्रम आप्रवासन नीतिको प्रारम्भिक सदस्यता सम्वन्धि अर्न्तक्रिया कार्याक्रममा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ६ गते गल्याङ उद्योगवाणिज्य संघको तेस्रो गल्याङ महोत्सवमा समितिका अध्यक्ष श्री अमृत भट्टचनज्यू कार्यक्रमको प्रमुख अतिथि भइ सहभागिता रहेको थियो ।
- २०८१ बैशाख ७ गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको दोस्रो परामर्श तथा रोजगार मेलाको सन्दर्भमा चेतना मुलक अन्तरक्रिया कार्यक्रम समितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यू र कार्यालयका कार्यालय प्रमुख श्री निशान खनाल ज्यू को सहभागिता रहेको थियो ।

- २०८१ बैशाख १० गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको दोस्रो परामर्श तथा रोजगार मेलाको समुदघाटन कार्यक्रममा  कार्य समितिका अध्यक्ष श्री अमृत भट्टचनज्यू, उपाध्यक्षश्री सूर्य बहादुर भुजेल ज्यू र सदस्यहरु श्री हरि कुमार श्रेष्ठ ज्यू र श्री झलकलाल श्रेष्ठ ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ बैशाख २२ गते बागलङ्ग, उद्योगवाणिज्य संघको ६० औं वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रममा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यू ,उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यू र सदस्य श्री दयाराम पौडेल ज्यूले आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ बैशाख २८ गते देवचुली उद्योगवाणिज्य संघको ८औं साधारण सभामा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले आतिथ्यता गर्नु भएको थियो ।
- २०८१ बैशाख २८ गते गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालयको प्रदेश राजश्व परामर्श समितिको बैठकमा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइरालाज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ ४ गते उद्योगवाणिज्य तथा आपूर्ती मन्त्रालयको उपभोक्ता हित निर्देशनालयको बजार अनुगमन समितिको बैठकमा समितिका सल्लाहाकार श्री लक्ष्मि प्रसाद त्रीपाठी ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ ५ गते गैडाकोट उद्योगवाणिज्य संघको ५ औं साधारण सभा तथा तेस्रो अधिवेशनमा उपाध्यक्ष श्री केदारनाथ शर्मा ज्यूर सदस्यहरु श्री हरि कुमार श्रेष्ठ ज्यू, श्री गोपी अधिकारीज्यू र श्री केदार प्रसाद पराजुलीज्यूको विशिष्ठ आतिथ्यतता रहेको थियो ।
- २०८१ जेष्ठ ६ र ७ गते नेपाल सरकार श्रम तथा रोजगार कार्याल पोखराको श्रमाधान रोजगार मेलको पूर्व तयारी बैठकमा कार्यसमिति सदस्य श्री हरि कुमार श्रेष्ठज्यू र कार्यालय प्रमखु श्री निशान खनालज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ १२ गण्डकी प्रदेश सभा सचिवालय द्वारा आयोजित २०८१/०८२ को प्रि-बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रममा समितिका संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइरालाज्यूको सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ १४ उद्योगवाणिज्य तथा आपूर्ती मन्त्रालयको उपभोक्ता हित निर्देशनालयको कास्कीमा भएको बजार अनुगमनमा समितिका सल्लाहाकार श्री लक्ष्मि प्रसाद त्रीपाठी ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ १५ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय द्वारा आयोजित गणतन्त्र दिवस मनाउने सम्बन्धि विषयक छलफल कार्याक्रमा यस समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेलज्यू र सदस्य श्री हरि कुमार श्रेष्ठज्यूले अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ जेष्ठ १६ उद्योगवाणिज्य तथा आपूर्ती मन्त्रालयको उपभोक्ता हित निर्देशनालयको लमजुङ्गमा भएको बजार अनुगमनमा समितिका सल्लाहाकार श्री लक्ष्मि प्रसाद त्रीपाठी ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ १६ नेपाल सरकार श्रम तथा रोजगार कार्याल पोखराको श्रमाधान रोजगार मेलको पूर्व तयारी बैठकमा कार्यसमिति उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल, सदस्य श्री हरि कुमार श्रेष्ठ र कार्यालय प्रमुख श्री निशान खनाल को सहभागिता रहेको थियो ।

- २०८१ जेष्ठ २१ गते गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको राजश्व परामर्श समितिको बैठकमा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ २१ र २२ गते नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजित श्रमाधान रोजागर मेला २०८१ मा नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशले पनि सह आयोजकको भूमिका निर्वाह गरेको थियो । साथै उक्त मेलालाई भव्य रुपमा सम्पन्न गरिएको थियो ।
- २०८१ जेष्ठ २७ र २८ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा आयोजित आ.व. २०८०/८१ को बजेट तथा राष्ट्रिय योग्यता प्रणलीको आवश्यकता, महत्व, कार्यान्वयन प्रक्रिया सम्वन्धि अभिमुखिकरण कार्यक्रममा समितिका उपाध्यक्षश्री सूर्य बहादुर भुजेल ज्यू र सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ  २८ गते उद्योगपर्यटन वन तथा वातावरण मन्त्रालय पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय द्धारा आयोजित २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम सम्वन्धि अन्तरक्रिया कार्यक्रमा समितिका उपाध्यक्ष श्री केदारनाथ शर्माज्यू र सदस्य श्री गोपि अधिकारीज्यू को सहभागिता रहेको थियो ।
- २०८१ जेष्ठ  ३२ गते कृषि तथा भूमि व्यवस्था मन्त्रालय द्धारा आयोजित खाद्य बस्तुको स्वच्छता तथा पोषण सुरक्षा सम्वन्धि अन्तरक्रिया गोष्ठीमा समितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार २ गते लेखामान बोर्ड द्धारा आयोजित Exposure Draft on Nepal Financial Reporting Standards (NFRS) 2021 विषयक अन्तरक्रिया कार्यक्रमा समितिका सदस्यहरु हरि कुमार श्रेष्ठ र रामकाली खड्का कार्यालय प्रमुख निशान खनालको सहभागिता रहेको थियो ।
- २०८१ असार ४ र ५ गते गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरा द्धारा आयोजित प्रोजेक्ट बैंक यमआइएस एण्ड डाटाबेस फर प्रोजेक्ट प्रिपरेसन सम्वन्धि अन्तरक्रिया कार्यक्रममा कार्यसमिति सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार ६ गते नेपाल उद्योगवाणिज्य महासंघको स्थायी समितिको तेस्रो बैठकमा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार ६ गते उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, आपुर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण तथा जिल्ला प्रशासन कार्यालय कास्कीको सहजिकरण आयोजित स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन गर्न खरिद बिक्रि केन्द्र स्थापना सम्वन्धी अध्ययन विश्लेषण र उपभोक्ता सचेतना कार्यक्रममा समितिका सल्लाहाकार श्री लक्ष्मि प्रसाद त्रीपाठीज्यू, सदस्य श्री झलकलाल श्रेष्ठ ज्यू तथा कार्यालय प्रमुख श्री निशान खनालज्यू को सहभागिता रहेको थियो ।
- २०८१ असार ९ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालय द्धारा आयोजित काठमाडौंबाट तयार गरिएको "राष्ट्रिय फुड फोटिफिकेसन रणनिति २०८०"(National Food Fortification strategy 2024) को मस्यौदा उपर सरोकावालसँग अन्तरक्रिया कार्यक्रममा कार्यसमितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार ७ गते कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय द्धारा आयोजित जिल्लाको विपद व्यवस्थापनको खाद्य सामाग्री तथा कृषि बाली क्लस्टर अन्तर्गतको निरन्तर व्यवस्थाप सम्बन्धि

कार्यक्रममा समितिका संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।

- २०८१ असार १० गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय द्वारा आयोजित प्रदेश विपद् व्यवस्थापन परिषदको बैठकमा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार ११ गते सामुदायिक सहयोग सञ्जालद्धारा आयोजित युवा शसक्तिकरणमा स्थानिय तहको भूमिका र सरोकार विषय अन्तरक्रिया कार्यक्रममा सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यू र कार्यालय प्रमुख श्री निशान खनाल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार १२ गते देखि १४ गते सम्म जिल्ला/नगर उद्योगवाणिज्य संघ सदस्यहरुको साँगठनिक क्षमता अभिबृद्धि गर्ने उदेश्य सहित GIZ को प्राविधिक सहयोगमा नेपाल उद्योगवाणिज्य महासंघ द्धारा आयोजित संगठनात्मक रणनीतिक योजना विषयक कार्यशालाको प्रशिक्षण कार्यक्रममा समितिका अध्यक्ष श्री अमृत भट्टचनज्यू, उपाध्यक्ष श्री सूर्य बहादुर भुजेलज्यू र कार्यसमितिका सदस्यश्री हरि कुमार श्रेष्ठज्यू को सहभागिता रहेको थियो । सैाथ TOFS सम्बन्धि तालिम कार्यालय प्रमुख श्री निशान खनाल ज्यूले लिनु भएको थियो ।
- २०८१ असार २० गते लेखनाथ उद्योगवाणिज्य संघको २८ औं स्थापना दिवस तथा २७ औं वार्षिकोत्सवको अवसरमा आयोजित वर्तमान विषय आर्थिक अवस्थाको चित्रण गर्दै व्यवसायिक चुनौती र सम्भावना विषयक उत्प्रेरणात्मक कार्यक्रममा समितिका संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यू र उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार २१ गते शिक्षा तथा मानवस्रोत विकास केन्द्रको आयोजना तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा आयोजित समन्वय समिति गठन तथा कार्यविवरण तयारी सम्वन्धि बैठकमा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार २४ गते नेपाल उद्योगवाणिज्य महासंघको कार्यकारिणी समितिको सातौं बैठकमा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार २७ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय द्धारा आयोजित मनसुनजन्य तथा आगलागीजन्य विपद् जोखिम न्यूनीकरण सम्वन्धी गोष्ठीमा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असार २८ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा आयोजित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) दोस्रो चरण अन्तर्गत उद्योग/व्यवसायीहरुसँगको सहकार्यमा २४ महिने औधोगिक प्रशिक्षार्थी तालिम र माध्यमिक विद्यालयका विद्यार्थीहरु तथा विद्यालय बाहिर रहेका युवाहरुलाई वृती मार्गनिर्देशन कार्यक्रमको बारेमा सरकारी निकाय, निजी क्षेत्र एवमं औधोगित प्रतिष्ठान वीच समन्वयात्मक छलफल तथा अन्तर्क्रिया कार्यक्रममा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेलज्यू को सहभागिता रहेको थियो ।
- २०८१ श्रावण ११ गते नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेशका कार्यकारिणी समितिलाई लमजुङ्ग उद्योगवाणिज्य संघले स्वागत तथा परिचयात्मक कार्यक्रम बेसिशहर लमजुङ्गमा आयोजना गरेको थियो ।

- २०८१ श्रावण १५ गते रेष्टुरेण्ट बार एशोसिएसन (रेवान) पोखराको ३०औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेसन मा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको आतिथ्यतता रहेको थियो
- २०८१ श्रावण १५ र १७ गते पोखरा रिसर्च सेन्टर द्धारा आयोजित गण्डकी प्रदेशसँग सरोकार राख्ने सारोकार निकायसँग छलफल कार्याक्रममा यस समितिका सदस्य श्री हरि शर्मा गैह्रेज्यूको सहभागिता रहेको थियो ।
- २०८१ श्रावण २३ गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा आयोजित औधोगिक प्रशिक्षार्थी तालिम कार्यक्रम सम्वन्धि छलफल बैठकमा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यू र कार्यालय प्रमुख श्री निशान खनाल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ श्रावण ३० गते गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र नेपाल उद्योगवाणिज्य महासंघ गण्डकी प्रदेश विच दिगो तथा सम्मानीत रोजागरिका लागि सिप परियोजना अन्तर्गत निजि क्षेत्रको सक्रिय सहभागिता बैठकमा समितिका उपाध्यक्ष श्री केदारनाथ शर्मा ज्यू, उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यू,कोषाध्यक्ष श्री नवराज सुवेदी ज्यू,सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रिपाठी ज्यू,कार्यसमिति सदस्य श्री हरि कुमार श्रेष्ठज्यू र कार्यालय प्रमुख श्री निशान खनाल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र ५ र ६ गते नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगत औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) को नेतृत्वमा नेपाल उद्योगवाणिज्य महासंघ, ICMOD, Pum Netherlands को संयुक्त आयोजनामा आयोजित Startup Nation 2030 सम्मेलनमा समितिका सदस्यज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र ९ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय द्धारा आयोजित संविधान दिवस २०८१ बानउने सम्बन्धी बैठकमा समितिका सदस्यज्यू को सहभागिता रहेको थियो ।
- २०८१ भाद्र १६ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश, प्रदेश कार्यालय, पोखरा कास्की द्धारा आयोजित रोजगारीको लागि समन्वय तथा पहुँच बृद्धि विषयक अर्न्तक्रिया कार्यक्रममा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी र कार्यालय प्रमुख श्री निशान खनाल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र १६ गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय द्धारा आयोजित उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन वस्तु तथा सेवाको आपूर्ति व्यवस्थ, मुल्य गुणस्तर शुद्धता विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्ने सम्बन्धि बैठकमा यस समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र १६ IFC/World Bank र नेपाल उद्योगवाणिज्य महासंघ द्धारा आयोजित Environment, Social and Governance विषयक Online meeting मा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र १६ नेपाल उद्योगवाणिज्य महासंघ द्धारा आयोजित कार्यकारिणी समितिको आठौं बैठका समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यू को सहभागिता रहेको थियो ।
- २०८१ भाद्र २५ नेपाल उद्योगवाणिज्य महासंघ द्धारा आयोजित उद्योगवाणिज्य परिषदको तेश्रो बैठकमा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यू को सहभागिता रहेको थियो ।

- २०८१ भाद्र २७ गण्डकी प्रदेश सभा सचिवालय द्वारा चाडपर्वको समयमा बजारमा हुने दैनिक उपभोग्य सामानको अस्वभाविक मुल्यबृद्धि, कृतिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग लगायतका क्रियाकलाप नयिन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन बजार अनुगमन लगायतका विषयमा छलफल गर्न आयोजित बैठकमा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र २७ पूर्व सांसद मञ्च नेपाल द्वारा आयोजित नेपालको बर्तमान संविधान संशोधनका सन्दर्भमा जनप्रतिनिधिको धारणा विषयक अन्तरक्रिया कार्यक्रममा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी ज्यूको सहभागिता रहेको थियो
- २०८१ भाद्र २८ पोखरा उद्योगवाणिज्य संघको ७० औं बार्षिक अधिवेशन तथा ३५ औं महाधिवेशन मा समितिका संस्थापक अध्यक्षश्री संजिव बहादुर कोइराला, उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल र सदस्यहरु श्री हरि कुमार श्रेष्ठ, श्री रामकलि खड्का, श्री सिता देवी सुवेदी, श्री गोपी अधिकारी ज्यूहरुको सहभागिता रहेको थियो ।
- २०८१ भाद्र ३१  बुटवल उद्योगवाणिज्य संघको ७१ औं बार्षिक साधारण सभा समारोहमा समितिका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असोज ३ गते संविधान दिवस २०८१ मनाउनको लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय द्वारा आयोजित समारोहमा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी ज्यूको सहभागिता रहेको थियो
- २०८१ असोज २० गते सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय रोजगार सूचना केन्द्र द्वारा आयोजित समन्वय समिति बैठकमा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठी ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असोज २१ गते उपभोक्ताको हक, हित संरक्षणका लागि भए गरेका कार्यको सम्बन्धमा छलफल गर्नको लागी उद्योगतथा पर्यटन मन्त्रालय द्वारा आयोजित बैठकमा समितिका सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठीज्यूको सहभागिता रहेको थियो ।
- २०८१ असोज २१ गते कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र राष्ट्र संघको खाद्य तथा कृषि संगठन (FAO Nepal) सहयोगमा संचालित Agriculture Sector Disaster Risk Management Plan for Nepl (A-DRMP) प्राविधिक सहायता अन्तर्गतको कार्यक्रमको Framework for Agriculture Disaster Risks Mangement Strategic Action Plan तयारी गर्ने सन्दर्भमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजनामा प्रदेशस्तरीय एक दिने Stakeholders Consolation workshop मा समितिको सदस्य श्री काशी गुरुङ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ कार्तिक ३ गते शुक्ला गण्डकी उद्योगवाणिज्य संघ वार्षिक साधारण सभा तथा अधिवेशनमा कार्यक्रममा समितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ कार्तिक ४ गते पोखरा उद्योगवाणिज्य संघ द्वारा आयोजित समृद्धिका आधार बाटो र व्यापार विषयक परिसंवाद कार्यक्रममा समितिका सदस्य श्री रामकली खड्का ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ कार्तिक ९ गते राष्टिङय प्राकृतिक स्रोत तथा वित्त आयोग द्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।

- २०८१ कार्तिक १२ गते कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय द्वारा आयोजित सुखि जीवन र समुन्नत भविष्यको लागि खाद्य अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा समितिका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ कार्तिक १४ गते वन तथा वातावरण  मन्त्रालय द्वारा आयोजित गण्डकी प्रदेश जलवायु परिवर्तन समन्वय समितिको बैठकमा सस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ मंसिर १३ गते International Finance Corporation (World Bank Group) द्वारा आयोजित निजि क्षेत्रका लगानीको अवसर, चुनौती, सहकार्य र सम्भावना सम्वन्धि अन्तरक्रिया कार्यक्रमा समितिका कार्यबाहक अध्यक्ष श्री सूर्य बहादुर भुजेल, संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला, उपाध्यक्ष श्री केदारनाथ शर्मा, कोषाध्यक्ष श्री नवराज सुवेदी, सदस्यहरु, श्री हरिकुमार श्रेष्ठ, श्री सिता देवी सुवेदी, श्री रामचन्द्र रेग्मी, श्री रामकली खड्का, श्री हरि शर्मा गैह्रे,श्री झलकलाल श्रेष्ठ, श्री काशी गुरुङ र कर्मचारी श्री शोभा कोइराला आचार्य ज्यूहरुको सहभागिता रहेको थियो ।
- २०८१ मंसिर १५ गते उद्योगवाणिज्य चितवन द्वारा आयोजित ५८ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा यस संस्थाका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ मंसिर २६ गते नेपाल कम्युनिष्ट पार्टी (एमाले(, पर्यटन तथा नागरिक उड्डयन विभाग द्वारा आयोजित छलफल कार्यक्रममा यस समितिका सदस्य श्री हरि शर्मा गैह्रे ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ पुष ५ गते गोरखा उद्योगवाणिज्य संघ गोखरा द्वारा आयोजित ४९ औं वार्षिक साधारण सभा तथा १७ औं अधिवेशन कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ पुष ९ गते भानु नगर उद्योगवाणिज्य संघ द्वारा आयोजित प्रथम भानु नगर महोत्सवको समुउद्घाटन समारोहमा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले विशिष्ट अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ पुष १८ गते लेखनाथ उद्योगवाणिज्य संघ द्वारा आयोजित २० औं लेखनाथ महोत्सवको समुउद्घाटन समारोहमा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ पुष १८ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालय ग्रामीण तथा आर्थिक विकास ओजना द्वारा आयोजित Economic corridor Technical and Coordination Committee (ECTCC) बैठक तथा अन्तरक्रिया कार्यक्रमा सदस्य श्री झलकलाल श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ पुष १९ गते भिरकोट उद्योगवाणिज्यको छैठौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा कोषाध्यक्ष श्री नवराज सुवेदी ज्यूले विशिष्ठ अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ पुष २० गते वालिङ उद्योगवाणिज्यको १८औं वार्षिक साधारण सभामा कोषाध्यक्ष श्री नवराज सुवेदी ज्यूले विशिष्ठ अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ पुष २४ गते सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय द्वारा आयोजित प्राविधिक र व्यवसायीक शिक्षा तथा तालिमलाई हरित अर्थतन्त्र र वातावरणीय दिगोपनमा Green TVET को अवधारण विषयक अन्तरक्रिया कार्यक्रममा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला

ज्यू, कार्यालय प्रमुख श्री निशान खनालज्यू र कार्यक्रम अधिकृत श्री शोभा कोइराला आचार्य ज्यूको सहभागिता रहेको थियो ।

- २०८१ पुष २५ गते तनहुँ उद्योगवाणिज्य संघ द्धारा आयोजित नवौं तनहुँ महोत्वस २०८१ एवं कृषि पर्यटन बस्तु तथा प्रविधि प्रदर्शनी मा यस संस्थाका अध्यक्ष श्री अमृत भट्टचन ज्यूले अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थिया ।
- २०८१ पुष २५ गते युनाईटेड क्लब द्धारा आयोजित तेह्रौ पोखरा महोत्सव २०८१ को उद्घाटन समारोहमा सस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूले अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
- २०८१ पुष २६ गते लमजुङ उद्योगवाणिज्य संघको ३८ औं साधारण सभा तथा ४९ औं स्थापना दिवसको अवसरमा यस संस्थाका अध्यक्ष श्री अमृत भट्टचन ज्यूले विशिष्ट अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थिया साथै कार्य समितिका सदस्य श्री गुणराज सिलवाल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ पुष २६ गते गण्डकी प्रदेश नीति तथा योजना आयोग द्धारा आयोजित N4G Summit 2021 को समिक्ष तथा N4G summit 2025 को लागि प्रतिवद्धता तयारी कार्यशाला गोष्ठी मा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ पुष २८ गते म्याग्दी उद्योगवाणिज्य संघले उद्योगव्यापार र कलाको विकास गरौं संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरौं भन्ने मूल नाराका साथ आयोजित आठौ म्याग्दी महोत्सव एवं माघे सैक्रान्ति मेला तथा प्रदेश स्तरीय कृषि पर्यटन औद्योगिक ब्यापार मेलाको समुद्घाटन समारोहमा यस संस्थाका अध्यक्ष श्री अमृत भट्टचन ज्यूको र समितिका सदस्य श्री हरि कुमार श्रेष्ठ ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ माघ ९ गते गण्डकी प्रदेश सभा सचिवालय द्धारा आयोजित गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक विषयक बैठकमा संस्थापक अध्यक्ष श्री संजिब बहादुर कोइराला ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ माघ ९ गते सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय द्धारा आयोजित योगदानमा आधारि समाजिक सुरक्षा सम्वन्धी सरोकारवालाहरु विच प्रदेश स्तरीय कार्यशालाको पूर्व तयारी बैठकमा सल्लाहाकार श्री लक्ष्मी प्रसाद त्रीपाठीको सहभागिता रहेको थियो ।
- २०८१ माघ १० गते पोखरा उद्योगवाणिज्य संघ द्धारा आयोजित ३३ औं राष्ट्रिय औधोगिक व्यापार मेला एवं आईटी महोत्सव २०८१ को समुद्घाटन कार्यक्रममा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले विशेष अतिथिको आसन ग्रहण गर्नु भएको थियो ।
- २०८१ माघ ११ गते मध्यविन्दु उद्योगवाणिज्य संघ द्धारा आयोजित कला र संस्कृतिको संरक्षण, कृषि पर्यटन उद्योगव्यापार प्रवर्द्धनका लागि मध्यविन्दु महोत्वसको समुद्घाटन समारोहमा अध्यक्ष श्री अमृत भट्टचन ज्यूको र सदस्य श्री केदार प्रसाद पराजुली ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ माघ १२ गते मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशको स्थापना दिवस मनाउने सम्बन्धि बैठकमा सूर्य बहादुर भुजेल ज्यूको सहभागिता रहेको थियो ।
- २०८१ माघ १७ गते गण्डकी प्रदेश सरकार समाजिक विकास युवा तथा खेलकुद मन्त्रालय द्धारा आयोजित प्राविधिक तथा व्यवसायीक शिक्षा र तालिमका समसामाहिक छलफल तथा बहस कार्यक्रममा संस्थापक अध्यक्ष श्री संजिव बहादुर कोइराला वक्ताको रुपमा सहभागि हुनु भएको थियो ।

- २०८१ माघ २४ गते लिगलिग पालुङटार उद्योगवाणिज्य संघ द्वारा आयोजित तेस्रो लिगलिग पालुङटार महोत्वस २०८१ को समुद्घाटन समारोहमा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले विशेष अतिथिको आसन ग्रहण गर्नु भएको थियो ।
- २०८१ माघ २५ गते नवलपुर उद्योगवाणिज्य संघ द्वारा आयोजित आठौं नवलपुर महोत्वस २०८१ को समुद्घाटन समारोहमा अध्यक्ष श्री अमृत भट्टचन ज्यूले विशेष अतिथिको आसन ग्रहण गर्नु भएको थियो ।

# लुम्बिनी प्रदेश

गतिविधिहरु:

**व्यवसायीक विकासमा नीतिगत पैरवी तथा क्षमता अभिवृद्धि गोष्ठी आयोजना :**

मिति २० ८१ बैशाख १ ३ र १४ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशको आयोजना तथा अकाउन्टेविलिटी ल्याब सँगको सहकार्यमा दुई दिने व्यवसायीक विकासमा नीतिगत पैरवी तथा क्ष मता अभिवृद्धि गोष्ठीको सम्पन्न गरियो । कार्यक्रमका सुवारम्भ गर्दै अध्यक्ष श्री कृष्णप्रसाद शर्माले पहिलो चरणमा एघार उद्योगवाणिज्य संघहरुलाइ समेटी उद्योगवाणिज्य संघहरुले स्था नीय सरकार तथा प्रदेश सरकार हरुसंग कस्ता नी तिगत विषयहरु कसरी उठान गर्ने सम्बन्धमा जानकारी दिने उद्देश्यले गोष्ठिको आयोजना गरिएको बताउँदै यसको लाभ उद्योगवाणिज्य संघहरुको



दैनिक कार्य सम्पादनमा हुने अपेक्षा लिएको बताउनु भएको थियो । दुई दिन सम्म उद्यो ग वाणिज्य संघहरुको क्षमता पहिचान तथा अभिवृद्धि विषयमा निर्देशक आनन्द खनालले, तथा नी तिगत प हल पैरवी लगायतका ४ वटा विषयहरुमा अकाउन्टेवेलिटी ल्याबका विज्ञहरु राजु शर्मा, पुष्पराज कोइरालको प्रस्तुती रहेको थियो । सहभागिहरुले नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदशबाट आयोजना गरिएको गोष्ठी आफुहरुको लागि महत्वपूर्ण रहको विचार व्यक्त गरेका थिए । उक्त दुईदिने गोष्ठीमा पाल्पा, रुपन्देही, नवलपरासी, क पिलवस्तु, रोल्पा जिल्लाका १२ वटा उद्योग वाणिज्य संघहरुका महासचिव तथा कार्यकारी सचिवहरु कोसहभागिता रहेको थियो ।

**औद्योगिक अनुसन्धानमा निजिक्षेत्र संग साझेदारीका विषयमा अन्तरक्रिया :**

मिति २०८१ वैशाख २० गते बिहीबारका दिन नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेश सचिवालयमा काठमाण्डौं विश्व विद्यालयका ENEP टिमका विज्ञ व्यक्तित्वज्यूहरु संग विद्युत लगायत उद्योगीका समस्याहरुबारे छलफल कार्यक्रम सम्पन्न गरियो । प्रदेश अध्यक्ष श्री कृष्णप्रसाद शर्माको अध्यक्षतामा भएको उक्त छलफल कार्यक्रममा उद्योगमा सबैभन्दा बढी प्रयोग हुने ऊर्जा खपतको व्यवस्थापनका लागि व्यवहारिक अनुसन्धान मार्फत ऊर्जा दक्षता हासिल गर्न सके ठूलो मात्रामा खर्च घटाउन सकिने विषयमा छलफल भएको थियो । अन्य विकसित देशहरु जस्तो औद्योगिक अनुसन्धानमा निजि क्षेत्र र एकेडेमिक क्षेत्र साझेदारी गर्दै अगाडी बढ्नु पर्ने यसमा विश्वविद्यालयहरु सँग साझेदारीका लाग निजी क्षेत्र तयार हुनुपर्ने तथा उद्योगहरुलाई प्राप्त हुने विद्युत गुणस्तरीय हुनुपर्ने विषयमा छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा पदाधिकारी, उद्योगीहरुको सहभागिता रहेको थियो ।

**बैंकिङ्ग प्रणालीमा देखिएका नीतिगत तथा व्यवसायीक समस्या समाधान सम्बन्धि कार्यक्रम :**

मिति २०८१।०२।०४ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशको आयोजनामा प्रदेश अध्यक्ष श्री कृष्णप्रसाद शर्माज्यूको अध्यक्षतामा प्रदेश स्तरीय बैंकका प्रबन्धकहरु र उद्योगी व्यवसायीहरुबीच बैंकिङ्ग प्रणालीमा देखिएका अधिक तरलता, कम लगानी लगायतका नीतिगत तथा व्यवसायीक समस्या समाधानका उद्देश्य सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा बुटवल र भैरहवामा अवस्थित बैंकका प्रदेश स्तरीय प्रवन्धकहरुको सहभागिता रहेको थियो ।कार्यक्रममा उपस्थित सबैलाई स्वागत मन्तव्यको क्रममा अध्यक्षज्यूले स्थानीय उद्योगी व्यवसायीहरु र बैंक शाखाहरुबाट प्रवाह गरिने सेवा, शुल्क तथा अव्यवहारीक कठिनाईहरुलाई खुला छलफलका माध्यमबाट समाधान गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको र यस किसिमको अन्तरक्रिया बैंकहरुलाई पनि फलदायी हुने बताउँदै सहभागिता नभएका बैंकहरुले ठुलो अवसर गुमाएको धारणा व्यक्त गर्नु भएको थियो । खुला छलफलको उद्योगी व्यवसायीहरुसंग छलफलको क्रममा बैंक तथा वित्तीय संस्थाहरु शुन्य जोखिममा मात्र काम गर्ने, नाफा मात्र हेर्ने, अनावश्यक शुल्कहरु लिने , विभिन्न प्रकारका विमाहरु गराउन बाध्य गराउने, रकम असुल्ने क्रममा उद्योगी व्यवसायीहरुलाई मानसिक तनाव दिने भएकोले यसको समाधान गर्नुपर्ने धारणा राखेका थिए ।



**अग्रिम कर संसोधनका लागि पहल गर्ने प्रतिवद्धता :**



मिति २०८१ जेठ १७ प्रदेश सचिवालयमा नेपाल सरकारको बजेट मार्फत सार्वजनिक गरिएको दालको कच्चा पदार्थ तथा धानमा लागाइएको अग्रिम करले उद्योगहरु अप्ठेरोमा पर्ने भएकोले संसोधनको लागि पहल गरिदिन माग गर्दै प्रदेश उद्योगवाणिज्य संघमा डेलिगेशन आएका उद्योगीहरु संग छलफल कार्यक्रम आयोजना गरिएको थियो । सरकारको बजेट मार्फत धानको आयातमा थप २.५ प्रतिशत आग्रिम कर तथा दालको कच्चा पदार्थको आयातमा लगाइएको १० प्रतिशत अग्रिमकर अव्यवहारीक भएको र यसले उद्योगको उत्पादन लागत तथा उपभोक्ता मुल्यमा बृद्धि हुने भन्दै संसोधन वा खारेजीको लागि नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशले पहल गर्नु पर्ने उद्योगीहरुका धारणा रहेको थियो ।

**वित्तीय साक्षरता तथा दिगो व्यवसायीक अभ्यास विषयक तालिम सञ्चालन**

नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशका उद्योगवाणिज्य संघहरुलाई उद्योगी व्यवसायी लक्षित कार्यक्रमहरु सञ्चालन गराउने उद्देश्य अनुरुप काठमाण्डौं स्थित आर्थिक संस्था फिललिट नेपाल संगको सहकार्यमा पहिलो चरणमा बर्दघाट उद्योगवाणिज्य संघ, नवलपरासी तथा सुनवल उद्योगवाणिज्य संघ नवलपरासीमा वित्तीय साक्षरता सम्बन्धि तालिम कार्यक्रमहरु सञ्चालन गरिएको थियो । असार २० गते विहिबार बर्दघाट उद्योगवाणिज्य संघ र असार २१ गते शुक्रवार सुनवल उद्योगवाणिज्य संघमा उक्त कार्यक्रम आयोजना गरिएको थियो । सम्बन्धित उद्योगवणिज्य संघका

आवद्ध साना तथा मझौला उद्योगी व्यवसायीहरुलाई बैंकिङ प्रक्रिया, ऋण , एल.सि , उद्योगी व्यवसायी संग सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु नीति नियमहरु लगायत वित्तीय व्यवस्थापनका सिपहरु बढाउन र दिगो व्यवसायीक अभ्यासलाई प्रोत्साहित हुने तालिम कार्यक्रमको आयोजना गरिएको थियो ।। दुबै उद्योगवाणिज्य संघका करिव ६० जना उद्योगी व्यवसायीहरु उक्त तालिमबाट लाभान्वित भएका थिए ।

**मानवीय जिवन रक्षाका लागि लुम्बिनी प्रदेश अध्यक्षको विशेष भूमिका :**

मिति २०८१ असार २५ गते साउदी अरेबियाको जेलमा रहेका धनुषाको जनकपुर



उपमहानगरपालिका-१७ का रामआशिष यादवलाई रिहाइ गर्न र बचाउन ४६ लाख २५ हजार पिडित परिवारलाई हस्तान्तरण गरिएको छ । मृत्युदण्ड सजाय पाएका धनुषाका यादवलाई बचाउन रुपन्देहीमा जुटाइएको ४६ लाख २५ हजार 'ब्लडमनी' परिवारलाई मंगलबार जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा अध्यक्ष श्री कृष्णप्रसाद शर्माज्यूले जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईं र कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालको रोहबरमा सम्बन्धित परिवारलाई चेक मार्फत हस्तातरण गर्नु भएको थियो । रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालज्यूले अग्रसरता लिई उक्त रकम जुटाई आशिष यादवलाई रिहाइ गर्न र बचाउन निजी क्षेत्रको महत्वपूर्ण सहयोगको अपेक्षाका साथ नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष कृष्णप्रसाद शर्मालाई विशेष भूमिकाको लागि आग्रह गरे स्वरुप नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेश र सिद्धार्थ उद्योगवाणिज्य संघको सहयोगमा निजी क्षेत्रका उद्योगी व्यवसायीहरुबाट करिब ३६ लाख २५ हजार, प्रमुख जिल्ला अधिकारी स्वयम तथा विभिन्न राष्ट्रसेवक कर्मचारीहरुबाट १ लाख ७५ हजार सहयोग तथा पिडित परिवारले समेत आफ्नो तर्फबाट केहि रकम राखी जम्मा ४६ लाख २५ हजार 'ब्लडमनी' संकलन गरिएको र एउटाको मृत्यु भइसकेको अवस्थामा अर्कालाई पनि मृत्यु नै दिनुहुँदैन भन्ने मानवीय भवना राखी दुईवटा घरलाई बचाउनका लागि यो प्रयास गरिएको बताउनु भएको थियो । रुपन्देहीका निजी क्षेत्रबाट गरिएको यस मानवीय कार्यको लागि प्रमुख जिल्ला अधिकारीले धन्यवाद प्रदान गर्नु भएको थियो ।

**विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा नीजि क्षेत्रसँग सहकार्य र समन्वय बारे छलफल:**

मिति २०८१ साउन ४ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशको आयोजना एवं आन्तरिक मामिला तथा कानून मन्त्रालय लुम्बिनी प्रदेशको समन्वयमा दाङ्ग प्रदेश राजधानी देउखुरीमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा नीजि क्षेत्रसँग सहकार्य र समन्वय छलफल बैठक सम्पन्न गरियो । छलफलमा नीजि क्षेत्रले विभिन्न समयमा भएका विपद्मा गरेको आर्थिक तथा मानविय सहयोगको सम्बन्धित सरकारी निकायहरुमा रेकर्ड राख्नुपर्ने साथै राहत स्वरुप प्रदान



गरिएको सहयोगको सहि सदुपयोग हुनु पर्ने साथै निजि क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुले संस्थागत सामाजिक उत्तरदायित्व CSR कोषको केही प्रतिशत रकम प्रदेशमा हुने विपद्मा व्यवस्थापन कोष राख्नको लागि के कस्ता समस्याहरु छन् वा प्रदेशले नीति कस्तो बनाउनु पर्ने हो भन्ने विषयमा छलफल भएको थियो । उक्त बैठकमा

नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री बालकृष्ण सुवेदी तथा नवलपरासी , रुपन्देही , कपिलवस्तु ,दाङ , बाँके र बर्दियाका उद्योगवाणिज्य संघका अध्यक्ष तथा विपद्फोकल पर्सनहरुको पनि सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री चेतनारायण आचार्य संग भेटघाट तथा छलफल :



मिति २०८१ असोज ८ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्णप्रसाद शर्माज्यूको नेतृत्वमा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री चेतनारायण आचार्य संग भेटघाट गरियो ।उक्त अवसरमा नेउबा महासंघ लुम्बिनी प्रदेशको तर्फबाट माननीय मुख्यमन्त्री लाई बधाई एबम्सफलताको शुभकामना प्रदान गर्दै लुम्बिनीको पर्यटन क्षेत्रको बिकासको लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल को दिगो र निरन्तर सञ्चालन, बुटवल नारायणगढ सडकको शिघ्र स्तरउन्नतिमा पहल, कतिपय स्थानीय सरकारहरुले व्यवसायिक करका दरमा अस्वाभाविक तरिकाले वृद्धि बारे ध्यानाकर्षण, प्रदेश कृषि नीति निर्माण ,निर्यातजन्य उद्योगहरुको संरक्षण सम्बन्धि नीति निर्माण पर्ने लगायत विषयमा प्रदेशको तर्फबाट समस्या समाधानमा हुनुपर्ने माग गरिएको थियो । छलफलको क्रममा माननीय मुख्य मन्त्रीज्यूले आर्थिक विकासमा निजी क्षेत्रको महत्व रहेको आफुले बुझेको यसको लागि निजी क्षेत्र संग सहकार्य गर्न तत्पर रहको बताउनु भएको थियो साथै उँहाले प्रदेश उद्योगवाणिज्य महासंघको सुझाव मनन गर्दै प्रदेश कृषि नीति निर्माणबारे छलफल प्रक्रिया अगाडी बढाउने साथै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो र निरन्तर सञ्चालन, बुटवल नारायणगढ सडकको शिघ्र स्तरउन्नतीको लागि संघिय सरकार समक्ष पहल तथा समन्वय गरिरहेको बताउनु भएको थियो ।

## पूजी बजार लगानी कर्ता सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न :

मिति २०८१ साल कार्तिक ६ गते विश्व लगानीकर्ता सप्ताह २०२४ अभियानको अवसरमा नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशको आयोजना तथा नेपाल धितोपत्रबोर्ड र नेप्से संगको सहकार्य एवं सिद्धार्थ उद्योगवाणिज्य संघको समन्वयमा लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरियो । नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्णप्रसाद शर्माज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । नेपाल धितो पत्र बोर्डका उप कार्यकारी निर्देशक दिपेश ताम्राकारज्यूले अध्यक्षता गर्नु भएको सो कार्यक्रममा आफ्नो स्वागत मन्तव्यमा शेयर बजारमा आएका र आउन सक्ने लगानीकर्ताहरुलाई सुरक्षित रुपमा लगानि गर्नका लागि यस प्रकारको



सचेतना कार्यक्रम लुम्बिनी प्रदेशमा गर्न पाउँदा खुशी लागेको तथा नेपाल धितो पत्र बोर्डको उद्देश्य लगानीकर्ताहरु को लगानी सुरक्षित हुनु पर्दछ भन्ने मान्यता रहेको बताउनु भएका थियो । उक्त कार्यक्रममा नेपाल धितो पत्र बोर्ड तथा नेप्सेको तर्फबाट दुईवटा लगानीकर्ता सचेतना विषयमा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । आफ्नो मन्तव्यको क्रममा प्रमुख अतिथि श्री कृष्णप्रसाद शर्माज्यूले शेयर बजारमा नियमक निकायहरुको ध्यान पुग्न नसक्दा सिमित ठूला लगानीकर्ताहरुले मात्र फाईदा लिएको र हजारौ साना लगानीकर्ताहरुको लगानी जोखिममा रहेको यस प्रकारको समस्या समाधान गर्न धितोपत्र बोर्ड सक्रिय हुनु पर्ने, लगानीको विविधिकरण गर्दै उत्पादन क्षेत्रका उद्योगहरुको शेयरमा लगानीको मात्रा बढाउँन सके त्यसको लाभ लगानीकर्ता एवं राष्ट्रले पाउने विचार व्यक्त गर्नु भएको थियो ।

**कृषि सम्बन्धी प्रदेश स्तरीय सरोकारवालाहरुको गोष्ठी तथा बैठक सम्पन्न :**

मिति २०८१ कार्तिक २६ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेश एवं कृषि उद्यम केन्द्रको संयुक्त आयोजना तथा यूसएआईडी र नेपाल बीउ तथा मल परियोजना सिमिटको सहयोगमा यस केन्द्रद्वारा सञ्चालित लघु साना तथा मझौला उद्यमी सहयोग कार्यक्रम ( :ऋभ्क क्गउउयचत एचयनचक्कभ) अन्तर्गत लुम्बिनी प्रदेशका लघु साना तथा मझौला कृषि उद्यमिहरुको अवस्था, अवसर र चुनौति र परियोजना सञ्चालित कपिलबस्तु, दाङ, बाँके, बर्दिया , कैलाली र कञ्चनपुर जिल्लाका अध्ययन प्रतिवेदन प्रस्तुती लगायतको विषयमा लुम्बिनी प्रदेशस्तरीय सरोकारवालाहरुको गोष्ठि तथा बैठक दाङको भालुवाङ्गमा सम्पन्न गरियो । प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माज्यूको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठी तथा बैठकको प्रमुख आतिथ्यता लुम्बिनी प्रदेश सरकारका कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्री माननीय दिनेश पन्थी एवं कृषि उद्यम केन्द्रका सभापति डी.बि बस्नेत , लुम्बिनी प्रदेशका योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालज्यूको आतिथ्यतामा सम्पन्न भएको उक्त गोष्ठीमा लुम्बिनी प्रदेशका कृषिका अवस्था, सम्भावना, चुनौती र अवसर बारे प्रस्तुतीकरण गरिएको थियो भने कृषि उद्यम केन्द्रको तर्फबाट लुम्बिनी प्रदेशमा कृषि उद्यम केन्द्र र सिमिटको सहयोगमा सञ्चालीत व्यवसायीक मकै उत्पादन क्षेत्रमा मकै सुकाउने र भण्डारण गर्ने सुविधा सम्बन्धि सम्भाव्यता अध्ययनका निष्कर्षहरुको प्रस्तुतिकरण र प्रदेश स्तरमा सञ्चालित कार्यक्रमबाट आवश्यक नीतिगत सुझावहरुको प्रस्तुतिकरण सहित नीति छलफलबाट प्राप्त सुझावहरुको प्रस्तुती माननीय कृषि मन्त्रीज्यूलाई हस्तान्रण गरिएको थियो ।

**बेलायती दुताबासका प्रतिनिधिहरु संग भेटघाट तथा छलफल :**

मिति २०८१ मंसिर ३ गते नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशको सचिवालयमा Green Growth Nepal (GGN) लगानी सम्बन्धमा, बेलायती दुताबासका -British Embassy(GGN) टिम लिडर र प्रतिनिधिहरु संग प्रदेश र स्थानीय सरकारसँग निजी क्षेत्रको सहकार्य लुम्बिनी प्रदेशमा हरित लगानी क्षेत्रहरूको बारेमा छलफल गरियो ।

**लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको आर्थिक विकासका साझेदारी बिषयमा छलफल :**

मिति २०८१ साल पौष २५ गतेका दिन लुम्बिनी प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष श्री डा. नहकुल के.सी. सँग लुम्बिनी र गण्डकी प्रदेशको आर्थिक तथा पर्यटकीय विकास सम्बन्धमा छलफल गरियो । नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद शर्माज्यूले लुम्बिनी प्रदेशको आर्थिक विकासका लागि पर्यटन तथा कृषि क्षेत्र महत्वपूर्ण रहेको बताउनुहुँदै यसका लागि लुम्बिनी प्रदेश र गण्डकी प्रेदशका संयुक्त प्रयास र तथा साझेदारीका क्षेत्रहरु पहिचान गरी अगाडी बढ्नु पर्ने राय व्यक्त गर्नु भएको थियो ।

नेपाल उद्योगवाणिज्य महासंघ लुम्बिनी प्रदेशबाट उद्योगवाणिज्य क्षेत्रसंग सम्बन्धित नीतिगत र कानूनी सुधारका विषयमा आ.व. २०८१।०८२ का लागि लुम्बिनी प्रदेश उद्योगमन्त्रालयलााई सुझावहरुका मुख्य बुँदाहरु :

१. नीतिगत सुझावहरु

- विद्यमान आर्थिक शिथिलतालाई मध्यनजर गरी प्रदेशको आगामी नीति तथा कार्यक्रममा कुनै पनि करका दायरा विस्तार र दर बृद्धि गर्न नुहुने ।
- पर्यटन उद्योगहरुलाई दर्ता, नविकरण , मनोरञ्जन करमा छुट प्रदान ।
- एकद्धार प्रणालिबाट सेवा प्रवाह ।
- प्रदेशको पूँजीगत खर्च गर्ने प्रवृतिमा व्यापक सुधार ।

- खानी जन्य ,नदिजन्य उत्पादनहरुको एक तहको प्रसोधन पश्चात भारत तर्फ निकासीको व्यवस्थाका लागि संघीय तथा स्थानीय सरकारहरु संग समन्वय ।
- पर्यटकहरुको बसाई दर बढाउने आधारहरु पहिचान गरी नीति निर्माण ।
- साना तथा मझौला उद्योगीहरुको लागि उद्यमशिलता तालिम तथा सहुलियत दरमा ऋण प्रवाहको व्यवस्था गरिनुपर्ने ।
- लुम्बिनी प्रदेशको निर्यात जन्य वस्तु पहिचान गरी सोको उत्पादन र बजारीकरणको लागि योजना बनाउनु पर्ने ।
- उत्पादनमूलक उद्योगहरुमा लगानी उल्लेख्य रुपमा बढाउन, उद्यमशीलता र कर्पोरेट सँस्कृतिको विकास गर्दै युवाहरुलाई उद्योगतर्फ आकर्षित गर्ने नीति निर्माण र बिउँ पूँजी कोषको स्थापाना ।
- उद्योगव्यसाय संग सम्बन्धित कानून तथा नियमावालीहरुको शिघ्र निमार्ण गर्नुपर्ने ।
- सडक सवारी तथा यातायात परिवहन ऐन २०७६ मा सुधार गरी सवारी साधनहरुको एक मुष्ठ ५ बर्ष सम्मको नविकरण गर्न पाउने प्रावधान तथा पुराना , नगुडने गरी थन्कीएका सवारी तथा ढुवानीका साधनहरुको लागत कट्टीको व्यवस्था गर्नुपर्ने ।
- सवारी तथा ढुवानी साधनको नविकरण शुल्क अत्याधिक मात्रामा बृद्धि गरिएकोले अब गरिने आर्थिक नीति तथा कार्यक्रम मार्फत त्यसमा सुधार गरिनुपर्ने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको सन्दर्भका रजिष्ट्रेशन शुल्क न्यूनतम गरी कारोबार रकमको आधारमा नै घर जग्गा पास गर्न प्रोत्साहन गर्ने गरी बजेटमा नीतिगत व्यवस्था ।

२. उद्योग, वाणिज्य क्षेत्र

- लुम्बिनी प्रदेशमा धेरै भन्दा धेरै सिमेन्ट उद्योगहरु रहेको र जसको भारत तर्फ निर्यातको सम्भावना रहेकोले निर्यात प्रोत्साहन गरिनुपर्ने ।
- बुटवल उपमहानगरपालिकामा अवस्थित मोतिपुर औद्योगिक क्षेत्रको शिघ्र निर्माण गर्ने ।
- भैरहवाको आइसिपि क्षत्रृए निर्माण सम्पन्न गराउन पहल ।
- भैरहवा (बेलहिया) र नेपालगंजमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त कृषि प्रयोगशाला निर्माण ।
- लुम्बिनी प्रदेश अन्तर्गतका महेशपुर, कोइलाबास, बर्दिया मूर्तिहा लगायतका छोटो भन्सार तथा सडकको स्तरउन्नती ।
- उद्योगी व्यवसायीका दैनिक आवश्यक सेवा प्रदान गर्ने घरेलु/वाणिज्य/कर कार्यालयहरुका सेवा प्रवाह एकद्धार वा एकै स्थानबाट हुनेगरी संरचना निर्माण
- घरेलु तथा वाणिज्य कार्यालयहरुबाट पुराना नवीकरण हुन नसकेका फर्महरुको नवीकरण वा लागत कट्टा फुकुवा सजिलो हुने गरी आर्थिक नीति मार्फत सम्बोधन ।
- प्रदेश औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएका जरिवानहरुको दर ज्यादै धेरै भएकोले त्यसमा व्यापक सुधार
- प्रदेशले घोषणा गरेका औद्योगीक ग्रामहरुको निर्माण
- कृषि क्षेत्रको व्यापक सुधार , व्यवसायीकरण नँहुदा सम्म प्राथमिक कृषि क्षेत्रलाई करको दायरा भन्दा बाहिर राखिनु पर्दछ ।
- गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको दिगो र निरन्तरको सञ्चालनको लागि लुम्बिनी प्रदेश सरकारले नीतिगत रुपमा पहल ।

**सहभागिताहरुः**

- मिति २०८१/०१/०६।०८ गते GIZ को LRED TRAINING IN THE MASTER CLASS मा का.स श्री शर्मिला गोदार सहभागि हुनु भएको ।
- मिति २०८१/०१/११ गते भन्सार कार्यालय भैरहवा मा भएको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०१/१२ गते बुटवल भैरवस्थान द्रुत व्यवसायिक मार्ग द्धारा आयोजित बुटवल भैरवस्थान द्रुत व्यवसायिक मार्ग अवधारणाबारे गोष्ठी आयोजनामा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०१/१५ गते तुलसीपुर उद्योगवाणिज्य संघ को २९ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशनमा विशिष्ठ अतिथिको रुपमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०१/२१ गते लुम्बिनी प्रदेश योजना आयोगको दिगो विकासका लक्ष्यहरुको स्वच्छिक राष्ट्रिय समिक्षाको सर्न्दभमा भएको कार्यक्रममा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागि हुनु भएको ।
- मिति २०८१/०१/२२ गते नारायणपुर उद्योगवाणिज्य संघको २० औं वार्षिक साधारण सभा तथा ९ औं अधिवेशनमा प्रमुख अतिथि अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , जिल्ला नगर उपाध्यक्ष श्री बालकृष्ण सुवेदी, एशोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०१/२२ गते हापुर उद्योगवाणिज्य संघको सातौं साधरण सभा तथा अधिवेशनमा कोषाध्यक्ष श्री नारायण प्रसाद भुषाल सहभागि हुनु भएको ।
- मिति २०८१/०१/२७ गते कृषि तथा भूमि व्यवस्थापन मन्त्रालयमा भएको २०८०।०८१ को बार्षिक स्वीकृत अनुसार प्रादेशिक ख प्रणालि समिक्षा योजना र पाठ सिकाई कार्यशाला गोष्ठीमा जिल्ला नगर उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०१/१३-१४ गते अकाउन्टेविलिटी ल्याब , व्यवसायिक वातावरण विकासमा नीतिगत पैरवी बारे क्षमता अभिवृद्धी कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , जिल्ला नगर उपाध्यक्ष श्री बालकृष्ण सुवेदी , एशोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने , कोषध्यक्ष श्री नारायण प्रसाद भूषाल , पदेन सदस्य श्री किशोर आचार्य , पदेन सदस्य श्री भिष्म न्यौपाने पदेन सदस्य श्री मोहन प्रसाद श्रेष्ठ पदेन सदस्य श्री केशव प्रसाद भण्डारी सहभागी हुनु भएको ।
- मिति २०८१/०१/२८ गतेराष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति को प्रदेश स्तरीय समन्वय बैठकमा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/०२ गतेनेपाल उद्योगवाणिज्य महासंघ काठमाण्डौंमा भएको पूर्व बजेट अन्तरक्रिया कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०२/०६ गते आर्थिक मामिला तथा योजना मन्त्रालय द्धारा प्रदेश आर्थिक ऐन २०७४ बमोजिम गठित प्रदेश राजस्व परामर्श समितिको बैठकमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०२/०८ गते उद्योगपर्यटन सहकारी मन्त्रालयद्धारा आयोजित विद्यमान समस्या समाधान उपाय उद्योगव ाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने नीतिगत कानुन तथा संस्थागत विषयबारे कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, का.स.स श्री विरेन्द्र अग्रहरी सहभागी हुनु भएको ।

- मिति २०८१/०२/०९ गते आन्तरिक मामिला तथा कानुनी मन्त्रालयद्धारा आयोजित मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्यशाला कार्यक्रममा कोषाध्यक्ष श्री नारायण प्रसाद भूषाल सहभागी हुनु भएको ।
- मिति २०८१/०२/०९ गते नेपाल उद्योगवाणिज्य महासंघ काठमाण्डौंको Technical Workshop कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/१२ गते दाङ जिल्ला उद्योगवाणिज्य संघको संघका नवनिर्वाचित कार्यसमितिलाई स्वागत सम्मान गर्ने र पर्यटकिय क्षेत्र अवलोकन साथैं वनभोज कार्यक्रममा प्रमुख अतिथि प्रदेश अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा ,उपाध्यक्ष श्री बालकृष्ण सुवेदी , कोषाध्यक्ष श्री नारायण प्रसाद भूषाल, पदेन सदस्य श्री किशोर आचार्य, पदेन सदस्य श्री केशव प्रसाद भण्डारी , का.स.स श्री आनन्द प्रसाद वझा , का.स.स श्री विरेन्द्र कुमार अग्रहरी सहभागी हुनु भएको ।
- मिति २०८१/०२/१४ गते उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयको उद्योगलगानी तथा निर्यात प्रवर्द्धन र औद्योगिक बौद्धिक सम्पत्ति प्रवर्द्धन विषयक अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने र कोषाध्यक्ष श्री नारायण प्रसाद भुषाल सहभागि हुनु भएको ।
- मिति २०८१/०२/१५ गते बुद्धभुमि उद्योगवाणिज्य संघको छैठौं साधारण सभा ,दोस्रो अधिवेशन र भवन निर्मित उद्घाटन सभामा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/१६ गतेसिद्धार्थ होटल संघ नेपालको १६ औं साधारण सभा र ७ औं अधिवेशन तथा १८ औं स्थापना दिवसमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०२/१७।१९ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको शहरी विपद् तथा भुकम्पीय पुर्वतयारी परियोजना कार्यक्रममा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०२/१८ गते श्रम कार्यालय बुटवलमा भएको रोजगार मेला सम्बन्धमा भएको छलफलमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/२३ गते श्रम तथा रोजगार विभाग वुटबलमा भएको श्रम रोजगार मेलामा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/२५ गतेनेपाल नागरीक उड्यान प्राविधिकरणद्धारा आयोजित गौतमबुद्ध अन्तर्राष्ट्रिय सञ्चालन सम्बन्धि राय सुझाव कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने र का.नि श्री आनन्द खनाल सहभागी हुनु भएको ।
- मिति २०८१/०२/२६ गते तिलोत्तमा उद्योगवाणिज्य संघको दशौं साधारण सभा तथा चौथो अधिवेशनमा एसोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०२/२८ गते बुटवल उद्योगवाणिज्य संघमा आ.ब २०८०।०८१ को बजेट अभिमुखिकरण कार्यक्रममा विशिष्ट अतिथिको रुपमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०२/३० गते नेपाल राष्ट्र बैंकमा भएको समसामयिक विषयक सम्बन्धि छलफलमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।

- मिति २०८१/०२/३२ गते सामाजिक विकास मन्त्रालयको प्रदेशमा सञ्चालित परियोजनाहरुको परियोजना निर्देशक समिति बैठकमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , का.स.स श्री रञ्जना कुमारी अर्याल सहभागि हुनु भएको ।
- मिति २०८१/०२/३२ गतेआन्तरीक मामिला तथा कानून मन्त्रालयमा भएको प्रदेश विपद् व्यवस्थापनको कार्यकारी समितिको बैठकमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , का.स.स श्री रञ्जना कुमारी अर्याल सहभागि हुनु भएको ।
- मिति २०८१/०३/०६ गते गौतमबुद्ध विमानस्थल एयरपोर्ट सञ्चालन सम्बन्धमा भएको कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागि हुनु भएको ।
- मिति २०८१/०३/०६ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयमा भएको विपद् व्यवस्थापन सम्बन्धी कृत्रिम अभ्यास कार्यक्रममा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०३/०७ गते कृषि तथा पशुपंछी विकास मन्त्रालयको राष्ट्रिय फुड फोटिफिकेसन २०८० को मस्यौदा अन्तरक्रिया कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०३/११ गते सामाजिक विकास मन्त्रालयको राष्ट्रिय योग्यता प्रारुप र अनौपचारीक शिक्षा तथा आजिवन सिकाई प्रदेश स्तरमा समन्वय समितिको गठनमा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०३/१२।१४ गतेसम्म GIZ द्धारा भएको संगठनात्मक रणनितिहरुको विकास सहजकर्ता कार्यक्रममा का.नि श्री आनन्द खनाल सहभागि हुनु भएको ।
- मिति २०८१/०३/१७ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि नेपाल सरकारका सार्वजनीक लेखा समितिसँग अन्तरक्रिया कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागि हुनु भएको ।
- मिति २०८१/०३/२० गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक मा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०३/२४ गतेनेपाल उद्योगवाणिज्य संघ काठमाण्डौंमा भएको कार्यसमितिको सातौं बैठकमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागि हुनु भएको ।
- मिति २०८१/०३/३१ गतेआन्तरिक मामिला तथा कानून मन्त्रालयको भुकम्पमा आधारित प्रदेश स्तरीय टेवलटप कृत्रिम घटना अभ्यासमा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०४/०२ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा नीजि क्षेत्रसँग सहकार्य र समन्वय कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०४/२० र २१ गते लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा भएको युएसएआइडी एकीकृत पोषण संयुक्त कार्ययोजना निर्माण कार्यशाला लुम्बिनी प्रदेश कार्यक्रममा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०४/२१ गते कृषि उद्यम केन्द्रको सरोकारवालहरुको प्रदेशस्तरीय गोष्ठीमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र पदेन सदस्य श्री केशव प्रसाद भण्डारी सहभागी हुनु भएको ।

- मिति २०८१/०४/२४ गते नेपाल उद्योगवाणिज्य महासंघ काठमाण्डौँमा भएको वित्तीय साक्षरता सम्बन्धी अन्तरक्रिया कार्यक्रममा का.स.स श्री रञ्जना कुमारी अर्याल सहभागी हुनु भएको ।
- मिति २०८१/०४/२६ गते देउखुरी उद्योगवाणिज्य संघको २१ औं बार्षिक साधारण सभामा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०४/३० गते बुटवल उद्योगवाणिज्य संघमा भएको मोतिपुर औद्योगिक क्षेत्रको निर्माण तथा सञ्चालनमा देखिएको समस्या समाधनको उपाय तथा सरोकारवालाहरुको भूमिकामा भएको कार्यक्रममा एसोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०५/०५।०६ गते नेपाल उद्योगवाणिज्य संघ काठमाण्डौँमा भएको STARUP NATION 2030 कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०५/०७ सशस्त्र प्रहरी बल नेपाल नं. ५ विंध्यावासिनी बाहिनी मुख्यालयको सातौं स्थापना दिवसमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०५/०८ गते नेपाल चेम्बर अफ कमर्सको चौथो बार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०५/०८ गते विजौरी उद्योगवाणिज्य संघको ११ औं साधारण सभामा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०५/१४ गते बुटवल उद्योगवाणिज्य संघको बिमा सम्बन्धि छलफल कार्यक्रममा का.स.स श्री आनन्द प्रसाद बझा सहभागी हुनु भएको ।
- मिति २०८१/०५/१८ गते नेपाल उद्योगवाणिज्य संघको VIAUAL ORIENTATION PROGRAM ESG कार्यक्रममा का.नि श्री आनन्द खनाल सहभागी हुनु भएको ।
- मिति २०८१/०५/२४ गते नेपाल उद्योगवाणिज्य संघ काठमाण्डौं मा भएको dialougron us Nepal trade and investment prospects कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०५/२५ गते नेपाल उद्योगवाणिज्य संघ काठमाण्डौँमा भएको कृषिमा आधारित लघु साना तथा मझौला उद्यमी र सरोकारवालाको राष्ट्रिय गोष्ठीमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०५/२५ गते नेपाल उद्योगवाणिज्य संघ काठमाण्डौँमा आयोजित उद्योगवाणिज्य परिषद्को तेस्रो बैठकमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०५/२६ गते उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयको सार्वजनिक निजी संवादमा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने , का.स.स श्री हरी भण्डारी सहभागी हुनु भएको ।
- मिति २०८१/०५/२९ गते पाल्पा उद्योगवाणिज्य संघको ७० औं साधारण सभामा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०५/३१ गते बुटवल उद्योगवाणिज्य संघको ७१ औं वार्षिक साधारण सभामा अध्यक्ष श्री कृष्ण पसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०६/०१ गते सिद्धार्थ उद्योगवाणिज्य संघको ७१ औं स्थापना दिवसमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।

- मिति २०८१/०६/०३ गते आन्तरीक मामिला तथा कानून मन्त्रालयमा संविधान दिवसको कार्यक्रममा उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागी हुनु भएको ।
- मिति २०८१/०६/१० गते आन्तरीक मामिला तथा कानून मन्त्रालयको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका रणनिति कार्यक्रममा श्री युवराज पोखरेल सहभागी हुनु भएको ।
- मिति २०८१/०६/११ गते राप्ती उद्योगवाणिज्य संघको साधारण सभा तथा सातौं अधिवेशन मा विशिष्ट अतिथि अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , केन्द्रिय सदस्य श्री केशव प्रसाद भण्डारी का.स.स श्री विरेन्द्र अग्रहरी सहभागी हुनु भएको ।
- मिति २०८१/०६/१५ गते चाँदनी नेपालको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०६/१७ गते बर्दघाट उद्योगवाणिज्य संघको शुभकामना आदान प्रदान तथा कार्ययोजना जानकारी कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागी हुनु भएको ।
- मिति २०८१/०६/१८ गते सिद्धार्थ होटल एशोसिएशनद्धारा आयोजित सडक खाना महोत्सवमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा , उपाध्यक्ष श्री कुल प्रसाद न्यौपान र का.नि श्री आनन्द खनाल सहभागी हुनु भएको ।
- मिति २०८१/०६/१९ गते भैरहवा अध्यागमन कार्यालयमा छलफल कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१/०६/२२ गते नेपाल भन्सार एजेण्ट संघको शुभकामना आदन प्रदान कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१।०७।०७ गते युरोपियन नेपाल व्यापार तथा लगानी सम्बन्धि बुटवल कार्यक्रममा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१।०७।०८ श्रम तथा राजश्व अनुसन्धान कार्यालय बुटवल व्यवसायीक समस्याहरु बारे छलफल अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा सहभागी हुनु भएको ।
- मिति २०८१।०७।१० गढवा उद्योगवाणिज्य संघको साधारण सभा कार्यक्रममा विशिष्ट अतिथिको रुपमा कृष्ण प्रसाद शर्मा र सल्लाहकार उमानाथ पौडेल सहभागि हुनु भएको ।
- मिति २०८१।०८।०६ बुद्धभुमी उद्योगवाणिज्य संघ महोत्सव २०८१ कार्यक्रममा एसोसिएट उपाध्यक्ष कुल प्रसाद न्यौपाने सहभागि हुनु भएको ।
- मिति २०८१।०८।१३ सामाजिक विकास मन्त्रालय PICE बैठकमा श्री नारायण प्रसाद भुषाल सहभागि हुनु भएको ।
- मिति २०८१।०८।१३ नेपाल च्याम्बर अफ कर्मस र टक्सार मिडिया गौतम बुद्ध विमानस्थलको दिगो संञ्चालन लगानि र सम्भावना विषयक अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने ,कार्यकारि निर्देशक आनन्द खनाल सहभागी हुनु भएको ।
- मिति २०८१।०८।१५ तिलोत्तमा उद्योगवाणिज्य संघ सातौं बार्षिक साधारण सभा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा विशिष्ट अतिथिको रुपमा सहभागि हुनुभएको ।
- मिति २०८१।०८।२० सिद्धार्थ उद्योगवाणिज्य नवौं राष्ट्रिय लुम्बिनी महोत्सव २०८१ पदाधिकारिहरु एवं कार्यकारि निर्देशक सहभागि हुनुभएको ।
- मिति २०८१।०८।१९ कपिलवस्तु उद्योगवाणिज्य संघ १५ औं कपीलवस्तु महोत्सव २०८१ कोषाध्यक्ष नारायण प्रसाद भुषाल सहभागि हुनुभएको ।

- मिति २०८१। ०८।२४ गते नेपाल उद्योगवाणिज्य महासंघ १०औं कार्यकारिणी समिति बैठकमा अध्यक्ष श्री कृष्णप्रसाद शर्मा सहभागि हुनुभएको ।
- मिति २०८१।०८।२५ गते नेपाल उद्योगवाणिज्य महासंघ विशेष साधारण सभा मा अध्यक्ष श्री कृष्णप्रसाद शर्मा सहभागि हुनुभएको ।
- २०८१।०८।२८गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्बन्धमा होटल डा. फ्लेमिङगो बुटवलमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र कार्यकारि निर्देशक श्री आनन्द खनाल सहभागि हुनु भएको ।
- मिति २०८१।०९।०१ गते सिद्धार्थ उद्योगवाणिज्य संघ नवौँ लुम्बिनी राष्ट्रिय महोत्सव २०८१ समापन समारोहमा जिल्ला नगर उपाध्यक्ष बालकृष्ण सुवेदी एसोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागि हुनु भएको ।
- मिति २०८१।०९।०१ गते उद्योगवाणिज्य संघ कृष्णनगरको ११ औं साधारण सभामा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा कार्यकारिणी सदस्य श्री जमशेर अलि मियाँ र श्री केशव प्रसाद भण्डारी सहभागि हुनु भएको ।
- मिति २०८१।०९।०२ गते कपिलवस्तु महोत्सव २०८१ समापन कार्यक्रममा कपिलवस्तु उद्योगवाणिज्य संघमा अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र उपाध्यक्ष श्री बालकृष्ण सुवेदी सहभागि हुनु भएको ।
- मिति २०८१।०९।०३ गते औद्योगिक व्यापार मेला बुटवल समुद्घाटन समारोह , बुटवल उद्योगवाणिज्य सघ, बुटवलमा अध्यक्ष श्री कृष्णप्रसाद शर्माज्यू, केन्द्रिय सदस्य श्री जमसेर अलि मियाज्यू, सदस्य श्रीमती रन्जनाकुमारी अर्यालज्यू सहभागि हुनुभएको ।
- मिति २०८०।०९।०८ गते नेपाल उद्योगवाणिज्य महासंघको सचिवालयमा श्री कृष्ण प्रसाद शर्मा ज्यूको आतिथ्यतामा दशौं कार्यकारिणी समिति बैठक समापन गरियो ।
- मिति २०८१।०९।११औद्योगिक व्यापार मेला बुटवलमा नेपालको व्यवसायिक नीति तथा लुम्बिनी प्रदेशमा लगानीका अवसर विषयक गोष्ठिमा श्री विरेन्द्र अग्रहरी,एसोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने र आनन्द प्रसाद वझा सहभागि हुनु भएको ।
- मिति २०८१।०९।१४ गते राष्ट्रिय योजना आयोगको N4G Summit 2021 को समिक्षा तथा N4G Summit 2025 को लागि प्रतिबद्धता तयारी कार्यशाला गोष्ठिमा एसोसिएट उपाध्यक्ष श्री कुल प्रसाद न्यौपाने सहभागि हुनु भएको ।

## कर्णाली प्रदेश

नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा २०८१ बैसाख देखि माघ सम्म भएका क्रियाकलाप तथा गतिबिधिहरु

१. संस्थागत सहभागिता

| कार्यक्रमको मिति | कार्यक्रमको बिषय | सहभागिको नाम | आयोजक | कैफियत |
| --- | --- | --- | --- | --- |
| २०८१ बैसाख ३० | खाद्य प्रणाली समिक्षा तथा योजना तर्जुमा गोष्ठिमा सहभागि | लक्ष्मि कार्कि | भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय,कर्णाली प्रदेश | आ।बा।२०८१ /०८२ का लागि खाद्य प्रणाली रुपान्तरणका क्रियाकलापहरु प्रस्ताब सम्बन्धि छलफल गरियो । |

| | | | | |
|---|---|---|---|---|
| २०८१ बैसाख ३० | कर्णाली प्रदेश अर्न्तगत आम सरोकारवाला लाई तालिम सम्बन्धि छलफल | लोक प्रसाद लामिछाने | कर्णाली प्रदेश प्रशिक्षण प्रतिस्ठान | कर्णाली प्रदेश अर्न्तगत सरकारी निकाय,निजिक्षेत्र,सहकारी क्षेत्र तथा आम सर्बसाधारण लाई तालिम संचालन सम्बन्धि छलफल |
| २०८१ जेष्ठ ३ | सफटवेयरको उदघाटल कार्यक्रममा सहभागि | भानुभक्त बराल | उद्योगतथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बिरेन्द्रनगर सुर्खेत | कम्प्युटर सफटवेयरको निर्माण पश्चात सफटवेयरको उदघाटन कार्यक्रममा सहभागि |
| २०८१ जेष्ठ ३ | समन्वय बैठकमा सहभागि | प्रेम भण्डारी | बिरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय, सुर्खेत | स्थानीय रोजगार अभिबृद्धिका लागि निजि क्षेत्रसंगको समन्वय |
| २०८१ जेष्ठ ३ | लगानी मुल्याङ्कन सम्बन्धि कार्यक्रममा सहभागि | पदम बहादुर शाही लक्ष्मि कार्कि प्रेम भण्डारी | बिश्व बैंक अर्न्तगतको आईएफसि | प्रादेशिक लगानी बातावरण मुल्याङ्कन |
| २०८१ जेष्ठ १४ | कृषि व्यावसाय प्रवर्ढन कार्यक्रममा सहभागि | भानुभक्त बराल | युथ इनोभेसन ल्याब | कृषि व्यावसाय प्रबर्द्धन सम्बन्धि बुटक्याम्प कार्यक्रममा |
| २०८१ जेष्ठ १७, १८ र १९ | कृत्रिम घटना अभ्यास कार्यक्रममा सहभागि | महेशकेशर खनाल | सुन्दर नपाल संस्था | अन्तर प्रदेशस्तरिय ३ दिने कृत्रिम घटना अभ्यास कार्यक्रम |
| २०८१ जेष्ठ २२ | अभिमुखिकरण कार्यक्रममा सहभागि | प्रेम भण्डारी | सामाजिक बिकाश मन्त्रालय | प्राबिधिक तथा व्यावसायिक शिक्षा र तालिमको ढांचा सम्बन्धि अभिमुखिकरण कार्यक्रममा |

| | | | | |
|---|---|---|---|---|
| २०८१ असार २६ | अर्न्तक्रिया कार्यक्रममा सहभागि | बिभिन्न बस्तुगत समितिबाट जम्मा थ जना | बाल अधिकारका लागि साझा अभियान | कर्णाली प्रदेशमा बाल अधिकारको संरक्षण र प्रबर्द्धनका लागि नीजि क्षेत्रको भुमिका बिषयक छलफल |
| २०८१ असार २६ | कार्यशालामा सहभागि | भानुभक्त बराल | सामाजिक सुरक्षा मन्त्रालय | प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको छात्रवृति निर्देशिकाको मस्यौदा माथी छलफल |
| २०८१ श्राबण २ देखि ४ | नीजि क्षेत्रमा स्याहार अर्थतन्त्रको सान्दर्भिकता सम् बन्धि तालिममा सहभागि | कार्यसमिति, बस्तुगत समिति, रोजगारदाता एबं सरकारी निकाय | नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेश | रोजगारदाताहरु लाई नीजि क्षेत्रमा स्याहार अर्थतन्त्र को सान्दर्भिकता सम्बन्धि तालिम |

| | | | | |
|---|---|---|---|---|
| २०८१ श्राबण ३ | अर्न्तक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही | अर्थ मन्त्रालय र बिभिन्न क्षेत्रगत मन्त्रालय तथा बिश्व बैंक | रणनैतिक कार्ययोजनाको मस्यौदामाथी छलफल |
| २०८१ श्राबण २१ | बुटक्याम्प कार्यक्रममा सहभागि | हर्षबिक्रम खडका | GIZ | कृषि मeयस्थकर्ता हरुका लागि बुटक्याम्प कार्यक्रम |
| २०८१ श्राबण २८ | बैठकमा उपस्थिति | महेशकेशर खनाल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | कर्णाली प्रदेश स्थापना दिवस समारोह समिति गठन तथा दिवस मनाउने सम्बन्धमा |
| २०८१ भाद्र ३ | प्रभातफेरी | हर्षबिक्रम खडका महेशकेशर खनाल लोक प्रसाद लामिछाने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | कर्णाली प्रदेश स्थापना दिवस तथा शहिद दिवसको अवसरमा प्रभातफेरी |

| | | | | |
|---|---|---|---|---|
| २०८१ जेष्ठ २२ | श्रमाधान रोजगार मेलामा सहभागि | हर्षबिक्रम खडका भानुभक्त बराल प्रेम भण्डारी भगवति भटराई महेशकेशर खनाल लोक प्रसाद लामिछाने | सामाजिक सुरक्षा मन्त्रालय | सातवटै प्रदेशमा मेला संचालन हुने क्रममा कर्णालीमा पनि सम्पन्न |
| २०८१ असार ११ | बिपद ब्यवस्थापन कार्यकारी समितिको बैठकमा सहभागी | प्रेम भण्डारी | आन्तरिक मामिला मन्त्रालय,कर्णाली प्रदेश | मनसुन पुर्बतयारी सम्बन्धि छलफल, |
| २०८१ असार ७ र ८ | क्षमता बिकाश सम्बन्धि तालिममा सहभागि | लोक प्रसाद लामिछाने | कर्णाली प्रदेश प्रशिक्षण प्रतिस्ठान | कर्णाली प्रदेश प्रशिक्षण प्रतिस्ठानका कर्मचारी तथा सरोकारवाला हरुलाई क्षमता बिकाश सम्बन्धि तालिम |
| २०८१ असार ९र १० | कार्यशालामा सहभागि | लोक प्रसाद लामिछाने | सामाजिक सुरक्षा मन्त्रालय | प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषदको मस्यौदामाथी छलफल कार्यक्रममा सहभागि |
| २०८१ असार १३ | कार्यशाला गोष्ठिमा सहभागि | भानुभक्त बराल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय,कर्णाली प्रदेश | भुकंपिय पुर्बतयारी परियोजनाको सहकार्यमा निजि क्षेत्रको भुमिका बिषयक कार्यशालामा |

| | | | | |
|---|---|---|---|---|
| २०८१ भाद्र १६ र १७ | कार्ययोजना निर्माण कार्यशालामा सहभागि | पदम बहादुर शाही भानुभक्त बराल | कर्णाली प्रदेश योजना आयोग | संयुक्त कार्ययोजना निर्माण कार्यशाला गोष्ठिमा सहभागिता |
| २०८१ भाद्र २७ | कार्यक्रममा सहभागिता | महेशकेशर खनाल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | संबिधान दिवस मुल समारोह समिति गठन तथा दिवस मनाउने बिषयमा छलफल बैठक । |
| २०८१ भाद्र २८ | कर्णाली प्रदेशमा कृषिमा ब्याज अनुदान कार्यक्रमको कार्यान्वयन तथा प्रभावकारिता | लोक प्रसाद लामिछाने | ऋति फाउन्डेशन | नितिगत संसदिय निगरानी कार्यक्रम |
| २०८१ आश्विन ३ | कार्यक्रममा सहभागि | पदम बहादुर शाही | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | संबिधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा |
| २०८१ असोज ६ | छलफलमा सहभागिता | कुमार प्याकुरेल | सामुदायिक वन उपभोक्ता महासंघ | वन क्षेत्रमा वातावरणिय सुरक्षा मापदण्डको प्रभाकारिता कार्यान्वयन सम्बन्धि नितिगत छलफलमा सहभागिता |
| २०८१ असोज ९ | ब्यावसाय प्रबर्द्धन कार्यक्रममा सहभागि | हर्षबिक्रम खडका | युथ ईनोभेसन ल्याब | कृषि ब्यावसाय प्रबर्द्धन बुटक्याम्प |
| २०८१ असोज११ | रणनितिक तर्जुमा गोष्ठिमा सहभागिता | कुमार प्याकुरेल | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश | पदयात्रा तथा पर्वतिय पर्यटनको १० वर्षे रणनिति तर्जुमा गोष्ठि |
| २०८१ असोज१३ | छलफलमा सहभागिता | पदम बहादुर शाही | राष्ट्रिय लगानी बोर्ड | निजि साझेदारी सम्बन्धि छलफल |
| २०८१ असोज१३ | कार्यक्रममा सहभागि | पदम बहादुर शाही | नेपाल राष्ट्र बैंक | आर्थिक तथ्याङ्कको महत्व,उपादेयता तथा तथ्याङ्क संकलनका समस्या सम बन्धि गोष्ठि |
| २०८१ असोज१४ | सुझाव संकलन कार्यक्रममा सहभागि | लक्ष्मि कार्कि | आत्मनिर्भर केन्द्र | प्रतिबद्ध कार्यक्रम कार्यान्वयनमा eयान दिनुपर्ने बिषयमा सुझाव संकलन |

| | | | | |
|---|---|---|---|---|
| २०८१ कार्तिक १३ | परामर्श कार्यशालामा सहभागि | प्रेम भण्डारी | लि वर्ड | राष्ट्रिय पर्यावरणिय कसषिको मार्गचित्र सम्बन्धि प्रदेशस्तरिय कार्यशाला |
| २०८१ कार्तिक १४ | सुझाव संकलन कार्यक्रममा सहभागि | पदम बहादुर शाही | आईएफसि | सुझाव संकलन कार्यक्रममा |
| २०८१ मंसिर १ | कार्यक्रममा सहभागि | पदम बहादुर शाही | आन्तरिक राजश्व कार्यालय | राष्ट्रिय कर दिवस को अवसरमा शुभकामना आदानप्रदान |
| २०८१ मंसिर ३ | बैठकमा सहभागि | प्रेम भण्डारी | उद्योगतथा उपभोक्ता हित संरक्षण निर्देशनालय , सुर्खेत | दशौं राष्ट्रिय उद्योगदिवस मनाउने बिषयमा बैठक |
| २०८१ मंसिर ६ | कार्यशालामा सहभागि | कुमार प्याकुरेल | सामाजिक सुरक्षा कोष | सामाजिक सुरक्षा सम्बन्धि प्रदेशस्तरिय कार्यशाला |
| २०८१ मंसिर ६ | परामर्श कार्यशालामा सहभागि | प्रेम भण्डारी | बीरेन्द्रनगर नगरपालिका | रोजगार सेवा केन्द्रको लागि रणनितिक बिकाश सम्बन्धि कार्यशाला |
| २०८१ मंसिर ७,८ | मध्यकालिन कार्ययोजना गोष्ठि | सम्पुर्ण कार्यकारिणि समिति | नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेश | जिआईजेडको प्राबिधिक सहयोग |
| २०८१ मंसिर ११ | मेला उदघाटन समारोहमा सह भागि | पदम बहादुर शाही | कालिकोट उद्योगबाणिज्य संघ | कालिकोट उद्योगबाणिज्य संघको आयोजनामा भएको मेला उदघाटन समारोहमा सहभागि |
| २०८१ मंसिर ११ | कार्यशाला गोष्ठिमा सहभागि | लोक प्रसाद लामिछाने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | बहुप्रकोप पुर्वसुचना प्रणाली सम्बन्धि रणनितिक कार्ययोजना गोष्ठिमा सहभागि |
| २०८१ मंसिर १३ | अन्तरक्रिया कार्यक्रममा सहभागि | बिभिन्न बस्तुगत समितिका अध्यक्षज्युहरु | राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग | |
| २०८१ मंसिर १३ | अन्तरक्रिया कार्यक्रममा सहभागि | भनुभक्त बराल | श्रम तथा रोजगार कार्यालय | श्रम अडिट सम्बन्धमा सरोकारवाला विच अन्तरक्रिया |
| २०८१ मंसिर १थ | साधारण सभामा अतिथिको रुपमा उपस्थिति | पदम बहादुर शाही | सुर्खेत लघु तथा घरेलु उद्यमि सहकारी सं। | बर्षिक तथा चुनावी साधारणसभा |
| २०८१ मंसिर १७ | छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही हर्षबिक्रम खडका | आन्तरिक राजश्व कार्यालय | उच्चस्तरिय आर्थिक सुधार सुझाव सम्बन्धि छलफल |

| | | | | |
|---|---|---|---|---|
| २०८१ मंसिर १९ | कार्यशाला गोष्ठिमा सहभागि | भानुभक्त बराल | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | जलवायु सम्बन्धि स्थानीय कार्यहरु मार्फत मानविय सुरक्षा सुदृढिकरण बिषयक कार्यशाला |
| २०८१ मंसिर २१ | अन्तरक्रिया कार्यक्रममा सहभागि | लक्ष्मि कार्कि प्रेम भण्डारी | बणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण बिभाग | ब्यापार ब्यावसाय सम्बन्धि नियम कानुन कार्यान्वयनमा देखिएका समस्या बारे अन्तरक्रिया |
| २०८१ मंसिर २८ | अन्तरक्रिया कार्यक्रममा सहभागि | लक्ष्मि कार्कि | श्रम तथा रोजगार कार्यालय | श्रमिक आपुर्तिकर्ता सम्बन्धमा सरोकारवाला विच अन्तरक्रिया |
| २०८१ पुस ११ | बैठकमा सहभागि | लोक प्रसाद लामिछाने | नेपाल मौरीपालन महासंघ | मौरीपालन र मह प्रदर्शनी सम्बन्धि मेला संचालन बारे छलफल |
| २०८१ पुस १०र११ | प्रादेशिक छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | सार्वजनिक निजि साझेदारी सम्बन्धि छलफल कार्यक्रममा अतिथिको रुपमा सहभागि |
| २०८१ पुस २१ | अन्तरक्रिया कार्यक्रममा सहभागि | भानुभक्त बराल | भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश | ADRMP को तयारी बिषयमा सरोकारवाला विच अन्तरक्रिया |
| २०८१ माघ २ | अन्तरक्रिया कार्यक्रममा सहभागि | लक्ष्मि कार्कि | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | बिपद ब्यवस्थापन सम्बन्धि रणनितिक कार्ययोजना गोष्ठिमा सहभागि |
| २०८१ माघ १थ | बैठकमा सहभागि | महेशकेशर खनाल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | बिपद सम्बन्धि कलष्टर बैठक |
| २०८१ माघ १थ | कार्यशाला गोष्ठिमा सहभागि | भानुभक्त बराल | क्र्णाली प्रदेश योजना आयोग | N4G Summit 2025 को प्रतिबद्धता सम्बन्धि कार्यशाला |
| २०८१ माघ १९ | साधारण सभामा अतिथिको रुपमा उपस्थिति | पदम बहादुर शाही | कर्णाली सुनचांदि , रत्न तथा आभुषण संघ | बार्षिक साधारणसभामा बिशिष्ट अतिथिको रुपमा सहभागि |

## नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा गरिएका कार्यकलापहरु



मिति २०८१ बैसाख १० गतेका दिन कर्णाली प्रदेशको पर्यटन तथा आर्थिक बिकाशका लागि सुर्खेत - नेपालगंज सडक बिस्तार, कर्णाली प्रदेशको राजधानीमा रहेको सुर्खेत बिमास्थलको बिस्तार तथा कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट कर्णाली प्रदेश अन्तरगतका जिल्लाहरुमा हवाई उडान र कर्णाली प्रदेशमा लगानी गर्न आवश्यक पर्ने भौतिक पुर्वाधार निर्माण गरि लगानीकर्ता लाई आकर्षण गर्ने खालका कार्यक्रमहरु ल्याउनुपर्ने लगाएतका बिषयमा कर्णाली प्रदेश सरकारका माननिय मुख्यमन्त्रि यामलाल कंडेलज्युसंग छलफल गरियो ।

## तालिमका क्षेत्र पहिचान सम्बन्धि अर्न्तक्रिया तथा छलफल



कर्णाली प्रदेश अर्न्तगत सरकारी निकाय,निजिक्षेत्र,सहकारी क्षेत्र तथा आम सर्बसाधारण लाई तालिम संचालन गरि आवश्यक जनशक्तिलाई दक्ष बनाउनका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बाट संचालन गर्ने बिभिन्न किसिमका सीप तथा क्षमता बिकाश सम्बन्धि तालिमहरु सरोकारवाला निकायहरुको मागमा आधारित एवं सबै क्षेत्रको अपनत्व सहित कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको समन्वयमा संचालन गर्ने बिषयमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक बिष्णु प्रसाद कोईरालाज्यु, शाखा अधिकृत युवराज न्यौपाने तथा शिल्पा कुंवर लगाएत संग दोश्रो पटकको छलफल सम्पन्न भयो ।

## निजि क्षेत्रको तर्फबाट भैरहेको पैरबी सम्बन्धि छलफल

नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेश भित्र लैङ्गिक समानता , अपाङ्गता भएका तथा सामाजिक समाबेशिकरण सम्बन्धि बिभिन्न सरकारी , गैह्सरकारी एबं सम्पुर्ण सरोकारवाला निकायसंग निजि क्षेत्रको तर्फबाट गर्नुपर्ने पैरबी सम्बन्धि छलफल तथा माथी उल्लेखित कार्यहरु गर्नका लागि नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको तर्फबाट फोकल ब्यक्ति नियुक्त गरिएको ।

## बिपद पुर्बतयारी सम्बन्धि कृत्रिम घटना अभ्यास कार्यक्रम

आन्तरिक मामिला तथा कानुन मन्त्रालय अर्न्तगतको बिपद ब्यवस्थापन समितिको आयोजना तथा सुन्दर नेपाल संस्थाको स्थानीय समन्वय र बिभिन्न सरकारी तथा गैह्सरकारी संघ, संस्थाहरुको सहभागितामा बर्षादको समयमा हुन सक्ने बिपदका घटनाहरु सम्बन्धमा अन्तर प्रदेशस्तरिय ३ दिने कृत्रिम घटना अभ्यास कार्यक्रम सम्पन्न भयो

**कर्णाली प्रदेश स्तरिय श्रमाधान - रोजगार मेला सम्पन्न**

नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजना तथा निजि क्षेत्रको सहआयोजनामा श्रमिकलाई आफनो क्षमता अनुसारको काम खोज्न र रोगारदाता लाई आफुलाई



आवश्यक पर्ने दक्षता भएको दक्ष कामदार खोज्ने झन्झट हटाइ बिद्युतिय माध्यमबाट सहजै श्रमिक र रोजगारदाताहरुको भेट गराई आबश्यक सहजिकरणका लागि श्रमिक र रोजगारदाता बिचको अभाव कम गर्नका लागि २०८१ जेष्ठ २४ र २६ गते कर्णाली प्रदेश स्तरिय श्रमाधान - रोजगार मेला सम्पन्न भयो ।

**प्रशिक्षण कार्यशालामा सहभागि**

नेपाल उद्योगबाणिज्य महासंघको आयोजना तथा जिआईजेडको सहयोगमा मिति २०८१ असार १२,



१३ र १४ गते पोखरामा सम्पन्न भएको संस्थागत रणनिति बिकाश:सहजकर्ताहरुको प्रशिक्षण कार्यशालामा सहभागिता UN का एजेन्सिहरु, EWPN का स्टाफ र पार्टनरको बैठक सम्पन्न

नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा २०८१ असार १८ गते कर्णाली

प्रदेशभित्र शसक्त महिला समृद्ध नेपाल परियोजनामा काम गर्ने स्टाफहरु र पार्टनर संघ,संस्थाका

प्रतिनिधिहरुको बैठक गरि शसक्त महिला समृद्ध नेपाल परियोजनालाई प्रभावकारी कार्यान्वयनका लागि गर्न सकिने सहकार्य, लैङ्गिक समानता सम्बन्धि सम्पुर्ण सरोकारवाला निकायसंग नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको तर्फबाट गर्नुपर्ने पैरबी सम्बन्धि छलफल गरियो ।



**द्विपक्षिय समझदारीपत्रमा हस्ताक्षर**

प्राबिधिक तथा ब्यावसायिक शिक्षँ र तालिम क्षेत्रसंग सम्बन्धित नितिगत कार्यमा सामाजिक बिकाश मन्त्रालयसंग समन्वय र सहकार्य गरि महासंघमा आबद्ध जिल्ला स्थित मातहतका संघ वा अन्य पेशागत संघ , महासंघ एबं कर्णाली प्रदेश भित्रका उद्योग,ब्यावसायहरुको सहकार्य,समन्वय र सहयोगमा



श्रम बजारको माग अनुसारको आवश्यक सिप पहिचान गरि दक्ष जनशक्ति उत्पादन गर्दै रोजगारीको वातावरण सृजना गर्न पहल गर्ने उद्धेश्यले नेपाल उद्योगबाणिज्य महासंघका अeयक्ष चन्द्र प्रसाद ढकालज्युको उपस्थितिमा सामाजिक बिकाश मन्त्रालय,कर्णाली प्रदेश र नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेश बिच द्धिपक्षिय समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

### स्वागत कार्यक्रम सम्पन्न

नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशमा आउनुभएका नेपाल उद्योगबाणिज्य महासंघका अeयक्ष चन्द्र प्रसाद ढकालज्युलाइ मिति २०८१ असार १९ गते प्रदेश महासंघको कार्यालयमा स्वागत तथा अभिनन्दन गरियो ।

### स्याहार अर्थतन्त्र सम्बन्धि तालिम

मिति २०८१ श्रावण २ गते देखि ४ गते सम्म कर्णाली प्रदेशस्तरिय “रोजगारदाताहरु लाई नीजि क्षेत्रमा स्याहार अर्थतन्त्र को सान्दर्भिकता” सम्बन्धि २ दिनको तालिम नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदम बहादुर शाहीज्यूको अध्यक्षता तथा नेपाल उद्योगबाणिज्य महासंघका केन्द्रिय उपाध्यक्ष ज्योत्सना श्रेष्ठज्युको प्रमुख आतिथ्यता र रोजगारदाता एवं बिभिन्न सरकारी निकायको सहभागितामा सम्पन्न गरियो



### EWPN परियोजना अर्न्तगत महासंघले गरेका कामकमे जानकारी



मिति २०८१ आश्विन ४ गते नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशले महिला शसक्तिकरण र उद्यमशिलता बिकाश सम्बन्धि गरेका गतिबिधिहरुका बारेमा बीरेन्द्रनगर नगरपालिकाका र मिति २०८१ आश्विन १८ गते नारायण नगरपालिका दैलेखका नगरप्रमुख, उपप्रमुख, प्रशासकिय अधिकृत लगाएत बिभिन्न शाखाका शाखा प्रमुखहरुको उपस्थितिमा जानकारी गराईयो ।

### स्वागत कार्यक्रम सम्पन्न

मिति २०८१ मंसिर ३ गते स्विस सरकार बिकाश सहयोगका बिकास प्रमुख एन्टोनियो फल्क लगायतको टिमलाई नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशको सचिवालयमा आमन्त्रण गरि कर्णाली प्रदेश लगायत समग्र देशको आथिक बिकाश एवं बिकाश साझदार संघसंस्थाहरुसंग निजि क्षेत्रको भुमिकाका बिषयमा छलफल गरियो ।

### मध्यकालिन समिक्षा गोष्ठि सम्पन्न

मिति २०८१ मंसिर ७ र८ गते नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेशले तयार गरेको रणनैतिक कार्ययोजनाको कार्यान्वयनको अवस्था तथा मध्यकालिन समिक्षा गोष्ठि एवं कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननिय राजिव विक्रम शाह र श्रीमान सचिव रविलाल शर्माज्युको उपस्थितिमा स्थानिय तथा प्रादेशिक आथिक बिकाश सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

मिति २०८१ मंसिर २१ गते नेपाल उद्योगबाणिज्य महासंघले कार्यस्थलमा हुने हिंसा तथा यौनजन्य दुर्व्यवहार न्युनिकरण तथा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा निजि क्षेत्रको भुमिका बिषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो ।



**कर्णाली प्रदेश सरकारसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न**



मिति २०८१ पौष १३ गते कर्णाली प्रदेशमा भएका उद्योगतथा पर्यटकिय क्षेत्रको सम्भावना,चुनौति र अवसर सम्बन्धि कर्णाली प्रदेश सरकारका उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रि माननिय सुरेश अधिकारी र श्रीमान सचिव दिर्घनारायण कोईरालाज्युको उपस्थितिमा र मिति २०८१ पौष १४ गते कर्णाली प्रदेशमा भएका कृषक तथा उद्यमिहरुबाट उत्पादित बस्तुहरुको बाण्डिङ्ग,लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरणमा देखिएका सम्भावना,चुनौति र अवसर सम्बन्धि कर्णाली प्रदेश सरकारका भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रि माननिय बिनोद कुमार शाह र श्रीमान का.वा.सचिव धन बहादुर कठाएतज्युको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

**निजि क्षेत्रमा दक्ष जनशक्तिको अभाव कम गरि बेरोगारीलाई रोजगारीमा जोडनका लागि**

रोजगारीको सुनिश्चितता सहित निजि क्षेत्रको मागमा आधारित सिप तथा क्षमता बिकाश सम्बन्धि तालिम संचालनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेशमा प्रस्तावना पेश भएको छ ।



मिति २०८१ माघ २१ गते व्यावसायमा मानवअधिकारको परिपालना सम्बन्धि तयार कार्यबिधि बारे जानकारी तथा सरोकारवालाहरु बिच नेपाल उद्योगबाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण बैद्यको प्रमुख आतिथ्यतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

**द्धिपक्षिय समझदारीपत्रमा हस्ताक्षर**



प्राबिधिक तथा ब्यावसायिक शिक्षँ लिएका जनशक्तिलाई यस प्रदेश महासंघ एवं कर्णाली प्रदेश भित्रका उद्योग,ब्यावसायहरुको सहकार्य,समन्वय र सहयोगमा श्रम बजारको माग अनुसारको आवश्यक सिप पहिचान गरि दक्ष जनशक्ति उत्पादन गर्दै रोजगारीको वातावरण सृजना गर्न पहल गर्ने उद्धेश्यले ईन्स्योर परियोजना ,कर्णाली प्रदेश र नेपाल उद्योगबाणिज्य महासंघ, कर्णाली प्रदेश बिच द्धिपक्षिय समझदारी पत्रमा हस्ताक्षर भयो ।

## सुदूरपश्चिम प्रदेश



- **सशक्त महिला समृद्ध नेपाल (EWPN) कार्यक्रम अन्तर्गत साझेदार र अन्य सरोकारवालाहरुसंग समन्वय बैठक**
  मिति २०८१ साल असोज १८ गते शुक्रबारका दिन होटल डिभोटी, धनगढीमा सशक्त महिला समृद्ध नेपाल (EWPN) कार्यक्रम अन्तर्गत साझेदार र अन्य सरोकारवालाहरुसंग समन्वय बैठक

नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री मदन राज पन्त ज्यूको अध्यक्षतामा बसि सम्पन्न भएको थियो ।

- **समझदारी पत्रमा हस्ताक्षर**



मिति २०८१ साल असोज १८ गते शुक्रबारका दिन नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश र सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश सरकार बीच प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) कार्यक्रममा नीजि क्षेत्रको संलग्नता र सहकार्यका लागि सामाजिक विकास मन्त्रालयमा एक औपचारिक कार्यक्रमका बीच समझदारी पत्रमा हस्ताक्षर भएको थियो । नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका तर्फबाट उपाध्यक्ष श्री अनिल कुमार भोजनिया र सामाजिक विकास मन्त्रालयको तर्फबाट निमित्त सचिव गणेश बहादुर सिंह ज्यूले हस्ताक्षर गर्नु भएको थियो ।

- **लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम**



मिति २०८१ साल कार्तिक ६ गते नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश, कैलाली उद्योगवाणिज्य संघ र नेपाल धितोपत्र बोर्डको संयुक्त आयोजनामा कैलाली उद्योगवाणिज्य संघको सभा हलमा लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न भएको थियो ।

- **नेपाल बीउ तथा मल परियोजना सुदूरपश्चिम प्रदेशस्तरीय समन्वय बैठक**



मिति २०८१ साल कार्तिक २८ गते बुधवारका दिन नेपाल उद्योगवाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश र कृषि उद्यम केन्द्रको संयुक्त साझेदारी तथा युसएड र नेपाल बीउ तथा मल परियोजना सिमिटको सहयोगमा कृषि उद्यम केन्द्रद्वारा सञ्चालित लघु साना तथा मझौला उद्यमी सहयोग कार्यक्रम अन्तरगत सुदूरपश्चिम प्रदेशका लघु साना तथा मझौला कृषि उद्यमीहरुको अवस्था, अवसर र चुनौती र परियोजना सञ्चालित कैलाली र कञ्चनपुर जिल्लाको अध्ययन प्रतिवेदन प्रस्तुती लगाएतको विषयमा सुदूरपश्चिम प्रदेशस्तरीय सरोकारवालाहरुको समन्वय बैठक नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री मदन राज पन्तज्यूको अध्यक्षतामा र सुदूरपश्चिम प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बीर बहादुर थापा ज्यूको प्रमुख आतिथ्यतामा धनगढीमा सम्पन्न भएको थियो ।



उक्त कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति डी.बि. बस्नेतज्यू, प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य प्रा.डा. जगत बहादुर सिंह रावल ज्यू, नेपाल उद्योगवाणिज्य महासंघका केन्द्रिय सदस्य पुष्पराज कुंवर ज्यू, भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव यज्ञ राज

जोशी ज्यू, अतिथिको रुपमा सहभागि रहनु भएको थियो । उक्त गोष्ठीमा सुदूरपश्चिम प्रदेशमा कृषि उद्यम केन्द्र र सिमिटको सहयोगमा सञ्चालित व्यवसायिक मकै उत्पादन क्षेत्रमा मकै सुकाउने र भण्डारण गर्ने सुविधा सम्बन्धि सम्भाव्यता अध्ययनका निश्कर्षहरुको प्रस्तुतिकरण र प्रदेश स्तरमा सञ्चालित कार्यक्रमबाट आवश्यक नीतिगत सुझाबहरुको प्रस्तुतिकरण सहितको प्रतिवेदन प्रमुख अतिथि लगाएत अन्य अतिथि ज्यूलाई हस्तान्त्रण गरिएको थियो । कार्यक्रममा नीजि क्षेत्रका प्रतिनिधिज्यूहरु, विभिन्न मन्त्रालयका प्रतिनिधिज्यूहरुको सहभागिता रहेको थियो ।

- **प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सञ्चालनमा द्विपक्षीय सम्झौता**



मिति २०८१ साल मंसिर १७ गते सोमबारका दिन नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश र इन्स्योर परियोजनाका बीचमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सञ्चालन गर्ने सम्बन्धमा प्रदेश महासंघको सचिवालय हलमा एक कार्यक्रमका बीच द्विपक्षीय सम्झौता सम्पन्न भएको थियो ।

- **उद्योगी व्यवसायीहरुले भोगिरहेका समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रम**



मिति २०८१ साल मंसिर १८ गते मंगलबारका दिन वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग बबरमहल काठमाडौंको आयोजना र नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा सुदूरपश्चिम प्रदेशका उद्योगवाणिज्य संघ, वस्तुगत संघका प्रतिनिधिहरुका बीचमा उद्योगी व्यवसायीहरुले भोगिरहेका समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्र सम्पन्न भएको थियो । कार्यक्रममा व्यवसायिहरुले राख्नु भएका जिज्ञासाहरुलाई विभागका महानिर्देशक राजन पौडेल ज्यूले सम्बोधन गर्नु भएको थियो । उक्त कार्यक्रममा जिल्ला तथा नगर उद्योगवाणिज्य संघका पदाधिकारी, वस्तुगत संघका पदाधिकारी र नीजि क्षेत्रबाट उपस्थिती रहेको थियो ।

- **कार्यस्थलमा हुने दुर्व्यवहार सम्बन्धमा अन्तरक्रिया कार्यक्रम**

  मिति २०८१ साल मंसिर २३ गते आइतबारका दिन होटल डिभोटी, धनगढीमा नेपाल उद्योगवाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश, JTUCC, NTUC को संयुक्त आयोजनामा "हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यका लागि एक्यबद्धता" लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०८१ को सन्दर्भमा कार्यस्थलमा हुने दुर्व्यवहार सम्बन्धमा सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रम यस प्रदेश महासंघका कार्यसमिति सदस्य श्री कृष्ण बहादुर तामाङज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## कार्यक्रमहरुमा सहभागिता

| क्र.स | मिति | विषय | आयोजक | सहभागित |
|---|---|---|---|---|
| १ | २०८१/०५/ ८ गते | प्रदेशमा बालश्रमको वर्तमान अवस्था, बालश्रम सम्बन्धी नीतिगत व्यवस्था र नीति संवाद कार्यक्रम | सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश | उपाध्यक्ष- मदन राज पन्त र सल्लाहकार रोम स्वांर |
| २ | २०८१/०५/१९ गते | Invitation to Social Dialogue Workshop | Integrated Labour Organization(ILO) | उपाध्यक्ष- मदन राज पन्त र कार्यकारी निर्देशक ज्योती भट्ट |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८१/०५/२४ गते | प्रदेशस्तरीय संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति गठन लगायत विविध विषयमा छलफल कार्यक्रम | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | उपाध्यक्ष- अनिल कुमार |
| ४ | २०८१/०६/०३ गते | संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ को प्रदेशस्तरीय कार्यक्रम | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | उपाध्यक्ष- अनिल कुमार |
| ५ | २०८१/०६/०३ गते | विश्वका विभिन्न देशमा भोकमरी र कुपोषणमा रहेका बालबालिकाको खाद्य अधिकार र पोषणको अधिकारलाई सुनिश्चित गर्ने अभिप्रायका साथ ENOUGH अभियान | नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ६ | २०८१/०६/११ गते | Invitation to attend the presentation on the key findings of the Sudurpashchim Integrated Economic and Tourism Development Study | Asian Development Bank | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ७ | २०८१/०६/१३ गते | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना २०८१ को स्थानीयकरण गोष्ठी | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ८ | २०८१/०७/०७ गते | कञ्चनपुर उद्योगवाणिज्य संघको ३३औं वार्षिक साधारण सभा | कञ्चनपुर उद्योगवाणिज्य संघ | उपाध्यक्ष- मदन राज पन्त |
| ९ | २०८१/०८/०६ गते | लम्की महोत्सव २०८१ को समुद्घाटन कार्यक्रम | लम्की उद्योगवाणिज्य संघ | कार्यकारिणी समिति सदस्य- शंकर बहादुर खड्का |
| १० | २०८१/०८/०७ गते | कर सप्ताह २०८१ को समापन कार्यक्रम | आन्तरिक राजस्व कार्यालय धनगढी, कैलाली | उपाध्यक्ष - अनिल कुमार |
| ११ | २०८१/०८/०७ गते | अन्तर सरकारी समन्वय मञ्च (Community of Practice-COP) को तेह्रौं बैठक | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| १२ | २०८१/०८/०९ गते | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना २०८१ को स्थानीयकरण गोष्ठी | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०८१/०८/१० गते | Provincial Level Policy Dialogue on Public Employment Services विषयक कार्यशाला गोष्ठी | सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| १४ | २०८१/०८/१४ गते | सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लाका थलरा र केदारस्यु गाउपालिकामा पहिरोजन्य विपद् | सामुदायिक आत्मनिर्भर केन्द्र, काठमाडौं | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| | | जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी परियोजनाको अवधारणा, उद्देश्य, लक्षित समुदाय र कार्यसञ्चालन प्रक्रियाबारे जानकारी आदानप्रदान गर्न तथा आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले प्रदेशस्तरीय कार्यक्रम | | |
| १५ | २०८१/०८/१५ गते | होटल व्यवसायी संघ कैलालीको ३३औं वार्षिक साधारण सभा | होटल व्यवसायी संघ कैलाली | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| १६ | २०८१/०८/१७ गते | प्रदेशस्तरीय तथ्याङ्क अभिमुखीकरण सम्बन्धी कार्यशाला गोष्ठी | प्रदेश नीति तथा योजना आयोग, धनगढी | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| १७ | २०८१/०८/१८ गते | सुदूरपश्चिम प्रदेश अन्तर्गतका उद्योगवाणिज्य संघका पदाधिकारीहरुसंग व्यापार व्यवसायसंग सम्बन्धित नियम कानुन कार्यान्वयनमा देखिएका समस्या तथा समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रम | वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग काठमाडौं | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| १८ | २०८१/०८/२२ गते | सुदूरपश्चिम महोत्सव २०८१ को समुद्घाटन कार्यक्रम | कैलाली उद्योगवाणिज्य संघ | उपाध्यक्ष-मदन राज पन्त र कार्यकारी निर्देशक |
| १९ | २०८१/०८/२३ गते | सुदूरपश्चिम प्रदेशका पर्यटकीय सम्भावनाहरुको बजारीकरण रणनीति तथा धनगढी विमानस्थलको स्तरोन्नती लगायत पर्यटन केन्द्रित विषयमा छलफल कार्यक्रम | नाट्टा सुदूरपश्चिम प्रदेश संघ | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| २० | २०८१/०८/२३ गते | प्रादेशिक श्रम तथा रोजगार नीतिको प्रारम्भिक मस्यौदा माथि छलफल कार्यक्रम | सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश | कार्यकारिणी समिति सदस्य-भीम बहादुर शाही |
| २१ | २०८१/०८/२३ गते | व्यवसाय संवर्द्धन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | औद्योगिक व्यवसाय विकास प्रतिस्थापन काठमाडौं | उपाध्यक्ष-अनिल कुमार र कार्यकारी निर्देशक ज्योती भट्ट |
| २२ | २०८१/०८/२५ गते | नेपाल उद्योगवाणिज्य महासंघको विशेष साधारण सभा | नेपाल उद्योगवाणिज्य महासंघ काठमाडौं | अध्यक्ष-शंकर बहादुर बोगटी र कार्यकारी निर्देशक ज्योती भट्ट |
| २३ | २०८१/०९/०३ गते | नेपाल वन पैदावार उद्योगव्यवसायी महासंघको २५औं वार्षिक साधारण सभा | नेपाल वन पैदावार उद्योगव्यवसायी महासंघ काठमाडौं | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| २४ | २०८१/०९/०४ गते | Heat Actions कार्यक्रम | नेपाल रेडक्रस सोसाइटी कैलाली | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| २५ | २०८१/०९/०५ गते | मदिरा व्यवसायी संघ कैलालीको पाचौं वार्षिक साधारण सभा | मदिरा व्यवसायी संघ कैलाली | कार्यकारिणी समिति सदस्य-शंकर बहादुर खड्का |
| २६ | २०८१/०९/०६ गते | नेपाल पशुपंक्षी औषधि व्यवसायी संघको ११औं वार्षिक साधारण सभा | नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| २७ | २०८१/०९/०७ गते | Media for Inclusive Green Growth परियोजना अन्तर्गतका क्रियाकलाप मध्ये बहुसरोकारवाला सम्बाद कार्यक्रम | नेपाल वातावरण पत्रकार समुह ललितपुर | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| २८ | २०८१/०९/०९ | नवौं वृहत राष्ट्रिय पुस्तक | नेपाल पुस्तक तथा | कार्यकारिणी समिति सदस्य-मेख |

| | | | | |
|---|---|---|---|---|
| | गते | प्रदर्शनी तथा शैक्षिक महोत्सव २०८१ को समुद्घाटन कार्यक्रम | स्टेशनरी व्यवसायी संघ कैलाली | राज दाहाल |
| २९ | २०८१/०९/११ गते | अन्तर सरकारी समन्वय मञ्च (Community of Practice-COP) को सोह्रौं नियमित बैठक | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ३० | २०८१/०९/१५ गते | नवौं वृहत राष्ट्रिय पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सव २०८१ को समापन कार्यक्रम | नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी संघ कैलाली | कार्यकारिणी समिति सदस्य-मेख राज दाहाल |
| ३१ | २०८१/०९/१९ गते | Agriculture Sector Disaster Risk Management Plan for Nepal प्राविधिक सहायताको कार्यक्रमको Framework for Agriculture Disaster Risk Management Strategic Action Plan तयारी गर्ने कार्यक्रम | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ३२ | २०८१/०९/२२ गते | बहुप्रकोप पूर्व सूचना प्रणाली रणनीतिक कार्ययोजना २०८१ को मस्यौदा उपर सरोकारवालाहरुको राय, सल्लाह, सुझाव तथा परामर्श ग्रहण गर्ने कार्यशाला गोष्ठी | आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश | कार्यकारिणी समिति सदस्य-मेख राज दाहाल |
| ३३ | २०८१/०९/२४ गते | युवाहरुको लागि गुणस्तीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (Quality) परियोजना अन्तर्गत आ.व. २०८१/०८२ मा सुदूरपश्चिम प्रदेशको प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा र तालि पार्श्वचित्र (Provincial TVET Profile) तयार गर्न मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा ७ सदस्यीय प्राविधिक समिति गठन सम्बन्धमा बैठक | सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश | उपाध्यक्ष- अनिल कुमार |
| ३४ | २०८१/०९/२५ गते | सुदूरपश्चिम औद्योगिक व्यापार मेला तथा टीकापुर महोत्सव २०८१ को समुद्घाटन कार्यक्रम | टीकापुर उद्योगवाणिज्य संघ | उपाध्यक्ष- मदन राज पन्त र कार्यकारिणी समिति सदस्य सन्तोष खड्का |
| ३५ | २०८१/१०/०६ गते | सुदूरपश्चिम प्रदेश खाद्य परिषद बैठक | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |
| ३६ | २०८१/१०/१० गते | पांचवर्षे एकिकृत पोषण परियोजना सन्दर्भमा कृषि तथा पशुपन्छी क्षेत्रका प्रदेशस्तरका सरोकारवालाहरुलाई परियोजनाको लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरको बारेमा जानकारी गराउन एवं | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश | ने.उ.वा.महासंघ-सुदूरपश्चिम प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| | | समन्वयका क्षेत्रहरु पहिचान गर्नका लागि छलफल कार्यक्रम | | |
| ३७ | २०८१/१०/१९ गते | धनगढी होलसेल व्यवसायी संघको छैठौं वार्षिक साधारण सभा तथा अधिवेशन एवं वृहत रक्तदान कार्यक्रम | धनगढी होलसेल व्यवसायी संघ | उपाध्यक्ष-मदन राज पन्त |

# समिति/फोरम एवं परियोजनाका गतिविधिहरु :

## उद्योगसमिति

- उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको उद्यमशील संस्कृति : राष्ट्रको समृद्धि नारासहितको १०औं राष्ट्रिय उद्योगदिवस २०८१ मा महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले सम्बोधन गर्नु भएको थियो । सम्बोधनमा आयात प्रतिस्थापन र स्वदेशी वस्तुको जगेर्ना गर्न साना, घरेलु र नवप्रर्वतनात्मक उद्योगको विकास गरी स्थानीय उत्पादनमा जोड दिन राज्यले विशेष ध्यान दिनु पर्ने सुझावसहित महासंघले समग्र औद्योगिक एवं आर्थिक विकासका लागि गरिनुपर्ने कानूनी व्यवस्था संशोधन एवं पुनरावलोकनका सम्बन्धमा समय समयमा सरकारका उच्च पदस्थ एवं निर्णायक व्यक्तित्वहरुको समेत सहभागितामा बहस कार्यक्रम सञ्चालन गर्दै आएको बताउनु भएको थियो । यसै अन्तर्गत लगानी सहज सम्बन्धी ८ वटा कानुनहरुको संशोधन भएकोमा अवउप्रान्त उद्यमशील संस्कृतिको बढावा दिन र औद्योगिक विकासमा सहयोगी हुने अपेक्षा व्यक्त गर्नुभयो ।
- सोही कार्यक्रममा उद्योगसमितिका सभापति राजेश कुमार अग्रवालले उद्यमशील संस्कृति र औद्योगिक प्रवर्द्धन सम्बन्धमा महासंघको धारणासहितको सुझाव समेटेर प्रस्तुति दिनु भएको थियो ।
- माइक्रोब्रुअरी स्थापनार्थ प्रस्तावित संशोधित मापदण्डमा उद्योगविभागबाट राय सुझाव माग गरिएको हुंदा सो सम्बन्धमा महासंघको तर्फबाट सुझाव पेश गरिएको ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यही २०८१ फागुन ४ गते निर्यात व्यापारलाई व्यवस्थित गर्न तथा नेपालमा उत्पादित वस्तु निकासीको लागि आवश्यक पर्ने उत्पत्तिको प्रमाण पत्र जारी गर्ने कार्यविधि २०७७ वमोजिम उत्पत्तिको प्रमाण पत्र जारी सम्बन्धी विद्यमान अवस्था, देखिएका समस्या तथा समाधानका उपायमा वाणिज्य सचिवको अध्यक्षतामा बैठक बसेको थियो । कार्यविधिअनुसार पूर्णरुपमा अनलाइन मार्फत उ.प्र. जारी गर्नुपर्ने विषयमा छलफल भएको थियो ।
- नेपालमा उत्पादित वस्तुहरु भारत लगायत अन्य तेस्रो मुलुकमा निकासीको लागि उत्पादन प्रमाणीकरण गर्न आवश्यक पर्ने कागजात उत्पत्तिको प्रमाण पत्र जारी गर्दै आएका महासंघ अन्तर्गतका जिल्ला उद्योगवाणिज्य संघहरुको पछिल्लो अवस्थाबारे जानकारी लिन तथा समय सापेक्ष चुस्तदुरुस्त बनाउन उपाध्यक्ष श्री सुरकृष्ण वैद्यको संयोजकत्वमा श्री निरक के.सी, कोषाध्यक्ष र श्री डी.बि. वस्नेत, सभापति, कृषि उद्यम केन्द्र सहित तीन सदस्यीय समिति गठन गरी कार्य गरेको थियो ।
- समितिले हालसम्म सम्बन्धित उवासंघहरुको स्थलगत निरीक्षण गर्दै उत्पत्तिको प्रमाण पत्र जारी गर्दा जिल्लामा देखिएका समस्या, यसबाट उठ्ने सयकडा नौ पैसा शुल्कको व्यवस्थापन र नेपाल एकद्धार प्रणालीको प्रभावकारी प्रयोगका सम्बन्धमा छलफल गरिएको थियो । स्थलगत अनुगमन

गरिएका उवासंघहरु इटहरी उद्योगवाणिज्य संघ, उद्योगसंगठन मोरङ्ग, मोरङ्ग व्यापार संघ, मेची उद्योगवाणिज्य संघ, झापा उद्योगसंघ, वीरगञ्ज उवासंघ, पर्सा, जनकपुरधाम उवासंघ, धनुषा, बुटवल उवासंघ, बुटवल, नवलपरासी उवासंघ, सिद्धार्थ उवासंघ, भैरहवा, कृष्णनगर उवासंघ । सबै उवासंघहरुसंग छलफल पश्चात् समितिले आगामी कार्यदिशासहित निम्न विषयहरुमा कार्य गर्नुपर्ने सुझाव दिएको थियो ।

- उ.प्र.प. जारी गर्दा NNSW को वेभ पोर्टलबाट अनलाइनमार्फत जारी गर्न सम्बन्धित सबै उ.प्र.प. जारी गर्ने संघ संस्थालाई अनिवार्य गराउन सरकारसंग पहल गर्ने ।
- नेपालबाट जारी प्रमाण पत्रमा भारत भन्सारले छाप र हस्ताक्षर अनिवार्य गरेबाट उत्पन्न समस्याको समाधान गर्न अनलाइन मार्फत नै हस्ताक्षर र छाप राख्न मिल्ने वा QR Code बाट पनि स्वतः मान्य हुने व्यवस्था मिलाउनु पर्ने । यसको लागि मन्त्रालयसंग पैरवी गरी द्विपक्षीय सरकारबाट निकास निकाल्नु पर्ने ।
- मासिक रुपमा अघिल्लो महिनाको हिसाव अर्को महिनाको ५ गतेभित्र महासंघमा पठाउनु पर्ने साथै उठाइएको शुल्कमध्ये बेजिल्ला वापतको १ पैसा रकम समेत महासंघमा अनिवार्य पठाउनु पर्ने ।
- मन्त्रालय तथा सम्बन्धित विभागमा कर्मचारी हरेफेर भएपिच्छे उ.प्र.प. तथा निकासी प्रवर्द्धन विषय ओझेलमा पर्ने देखिएकोले महासंघले समय समयमा शिष्टाचार भेटघाट तथा सम्बन्ध विस्तार गर्नुपर्ने ।
- उ.प्र.प. जारी गर्ने उवासंघले उठाउने शुल्क व्यवस्थापनको पारदर्शिताको लागि खर्च कार्यविधि बनाएर लागु गराउन अनुरोध गर्ने ।
- महासंघबाट नियमितरुपमा जिल्लास्थित निर्यातकर्ता उद्योगी व्यापारी र संघका कर्मचारीहरुलाई तालिम प्रदान गर्नु पर्ने ।
- नेपाली उद्योगले आफ्नो उत्पादन भारतमा सहुलियति निकासीका लागि शिफारिश गर्न अनुरोध सम्बन्धमा उद्योगविभागका महानिर्देशकको अध्यक्षतामा उ.प्र.प. प्राविधिक समितिको ८ वटा बैठक बसी हालसम्म ५३ वटा निवेदनका औद्योगिक वस्तु निकासी सिफारिश गरिएको ।
- नेपालमा उत्पादन भएका वस्तुहरु चीन निकासीका लागि उत्पत्तिको प्रमाण पत्र जारी गर्न उवासंघहरुलाई सिफारिश गर्दै आइरहेको । चीन सरकारले आफ्नो राजदुतावासमार्फत प्रमाणपत्र छपाइ गरेर Hard copy नै उपलब्ध गराउने गरेको हुंदा फारम उपलब्ध गराउन मन्त्रालय मार्फत अनुरोध गरिएको ।
- स्वदेशी उद्योगहरुले सार्वजनिक निकायमा स्वदेशी वस्तु आपूर्तिको लागि टेण्डर विड गर्न आवश्यक “वस्तुको उत्पत्ति प्रमाणीकरण” सिफारिश सम्बन्धी २५ वटा सिफारिश गरिएको ।

**व्यवसाय र मानव अधिकार**

- जिम्मेवार व्यवसायिक अभ्यासलाई मजबुत बनाउने उद्देश्यले नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलबाट व्यवसाय र मानव अधिकार सम्बन्धी पांच वर्षे राष्ट्रिय कार्ययोजना २०८० पारित गरेको छ । सो कार्ययोजनामा उल्लेख भएका व्यवस्थामध्ये व्यवसाय क्षेत्रले गर्नुपर्ने कार्यको बारेमा व्यवसायीलाई जानकारी गराउन देशैभर विभिन्न कार्यक्रम सञ्चालनको लागि युएनडिपि नेपालले आव्हान गरेको Expression of Interest (EOI) मा महासंघले

प्रस्तुत गरेको प्रस्तावना छनौटमा परेको थियो । सोही छनोटका आधारमा २०२४ अक्टोबर देखि २०२५ मार्चसम्म सञ्चालन गर्न सकिने गतिविधि समेटेर युएनडिपि नेपाल र महासंघबिच रु. ४० लाख बरारबरको सम्झौता गरिएको थियो ।

- यस सम्झौता अन्तर्गतको मूख्य कार्यमा व्यवसायिक प्रतिष्ठानहरुलाई HRDD अनुपालना सम्बन्धी सहज र सरल रुपमा बुझिने "व्यवसाय र मानव अधिकारप्रतिको सजगता/परिपालना (Human Rights Due Diligence (HRDD) Checklist", "B+HR Guideline" and "Documentation of best practices for private sectors to promote business and human rights in Nepal" तयार गर्ने रहेको छ ।
- यस अन्तर्गत सातैवटा प्रदेशमा सरोकारवालाहरुसंग छलफल गरी सुझाव संकलन गर्ने कार्यक्रम गरिएको छ । यिनै छलफलको आधारमा विज्ञद्वारा तयार गरिएको मस्यौदालाई महासंघले अन्तिम रुप दिई Validate workshop को समेत आयोजना गरिएको छ ।

## कर तथा राजस्व समिति

- २०८१ जेष्ठ २ गते तत्कालिन माननीय अर्थमन्त्री वर्षमान पुनज्यूको प्रमुख आतिथ्यतामा महासंघले आर्थिक वर्ष २०८१/८२ को पूर्व बजेट अन्तरक्रिया कार्यक्रमको आयोजना गरी अर्थमन्त्रीलाई विभिन्न सुझावहरु प्रस्तुत गरेको थियो । प्रस्तुत सुझावमा मुख्यतयाः कोभिडपछि तीव्र विस्तार भएको नेपाली अर्थतन्त्र दुई वर्ष यता संकुचनमा गएकोले अर्थतन्त्र चलायमान हुने गरी बजेट ल्याउनुपर्ने, अहिलेका मूलभूत समस्या सम्बोधन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने बजेट ल्याउन्पर्ने, आर्थिक रूपान्तरणका लागि निजी क्षेत्र प्रवर्द्धन विशेष योजनामार्फत सुधार थाल्नुपर्ने, बजेटको आकार बढाउँदा राजस्व र आन्तरिक ऋण बढाउनुपर्ने चाप पर्दा निजी क्षेत्र हतोत्साही हुने र ऋण दायित्व बढ्न जाने हुँदा यसमा विशेष ध्यान दिन्पर्ने, 'राजस्व र खर्चको अनुमान गत वर्षको बजेटमा नभई वास्तविक खर्चको बढीमा १० प्रतिशत बढाइ खर्च र राजस्व अनुमान गर्नु उपयुक्त हुने साथै वित्तीय र मौद्रिक नीतिमार्फत लगानी बढाउन सुधारको नीति आवश्यक हुने, स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशकका रूपमा आगामी वर्षदेखि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेको थियो ।
- **आव २०८१/८२ को संघीय बजेट सम्बन्धमा महासंघको धारणा :**

  मिति २०८१ जेष्ठ १५ गते माननीय अर्थमन्त्री बर्षमान पुनले प्रस्तुत गर्नुभएको आ.व. २०८१/८२ को संघीय बजेट सम्बन्धमा महासंघले आफ्नो धारणा प्रस्तुत गरेको छ । यसमा महासंघले दिएका सुझाव समावेश भएपनि हरेक बर्ष हुने नीतीगत परिवर्तनले लगानी निरुत्साहित हुनेबारे सरकारको ध्यानाकर्षण गराएका छ ।
- **राजश्व सम्बद्ध चार महानिर्देशकहरुसंगको छलफल कार्यक्रमको आयोजना :**

  आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण विभाग र भंसार विभागका महानिर्देशकज्यूहरूको उपस्थितिमा मिति २०८१ जेठ २२ गते महासंघले उद्योगव्यवसायमैत्री वातावरण निर्माण र संचालनमा थप सहजिकरणका साथै अन्य समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

- **७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस तथा भन्सार जाँचपास एवं व्यापार सहजीकरण अन्तरक्रिया कार्यक्रम** :

  मिति २०८१ माघ १० गते ७३ औं अन्तर्राष्ट्रिय भन्सार दिवस तथा भन्सार जाँचपास एवं व्यापार सहजीकरण अन्तरक्रिया कार्यक्रम अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे आतिथ्यतामा भन्सार विभागमा महानिर्देशक हरिशरण पुडासैनीको उपस्थितिमा कार्यक्रमको आयोजना गरिएको थियो ।

## पर्यटन तथा हवाई यातायात समिति

**महासंघ तथा पर्यटन समितिको तर्फबाट माननीय पर्यटन मन्त्री समक्ष सुझाव पेशः**



२६ बैशाख २०८१ (८ मे २०२४) मा पर्यटन प्रवर्द्धनका लागि कानूनी एवं संरचनात्मक सुधारका लागि नेपाल उद्योगवाणिज्य महासंघ तथा महासंघको पर्यटन तथा हवाई उड्डयन समितिको प्रतिनिधिमण्डलको तर्फबाट तत्कालीन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङज्यू समक्ष मन्त्रालय मा समक्ष सुझाव पेश गरिएको थियो ।

## जाम्बियाको मानार्थ वाणिज्यदूतसंग भेटघाटः



**३१ भाद्र २०८१ (१६ सेप्टेम्बर २०२४)**:महासंघको पर्यटन तथा हवाई उड्डयन समितिका सभापति एवं नेपालका लागि जाम्बियाको मानार्थ वाणिज्यदूत श्री देश बन्धु बस्नेतको संयोजकत्वमा जाम्बिया गणतन्त्रका नेपालका लागि गैर-आवासीय राजदूत महामहिम श्री पर्सी पाट्सन चान्डा(H.E. Mr. Percy Patson Chanda) रमहासंघका अध्यक्ष माननीय श्री चन्द्र प्रसाद ढकाल बीचमहासंघको सचिवालयमा शिष्टाचार भेटवार्ता भयो।

उक्त बैठकमा सभापति देश बन्धु बस्नेत, जाम्बिया दुतावासका प्रथम सचिव (राजनीतिक) श्रीमती ओलिभिया न्याचियु, तथा प्रथम सचिव (प्रेस र पर्यटन) श्री बेनी मुण्डाण्डो, महासंघका लगानी तथा अन्तरराष्ट्रिय फोरमका सभापति श्री मनोज पौडेल लगायतको उपस्थिति रहेको थियो।

बैठकमा नेपाल र जाम्बियाबीच आर्थिक सहकार्यलाई अझ बलियो बनाउन पर्यटन,द्विपक्षीय व्यापार, लगानी, तथा खानी क्षेत्रको प्रवर्द्धन गर्ने विषयमा छलफल भएको थियो । साथै, दुई देशबीच सहकार्यका नयां अवसरहरू पहिचान गर्ने विषयमा समेत छलफल भएको थियो।

## पर्यटन उद्योगलाई उद्योगको सूचीमा अध्यादेश मार्फत समावेश

**७ माघ २०८१ (२० जनवरी २०२५)**: होटललाई उद्योगको मान्यता प्रदान गर्नुपर्छ भन्ने सन्दर्भमा नेपाल उद्योगवाणिज्य महासंघले महासंघको पर्यटन तथा हवाई उड्डयन समिति मार्फत निकै पहल गर्दै आएको छ । फलस्वरुप, २०८१ पुष २९ गते जारी भएको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धि केही नेपाली ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१ बाट नेपाल सरकारले अध्यादेश मार्फत लगानीसंग सम्बन्धित कानुनहरु संशोधन गर्दा औद्योगिक व्यवसाय ऐनसमेत संशोधन गरेर तारे स्तरका होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा(क्रुज) र जलक्रिडा (वाटर इन्टरटेनमेन्ट)लाई उद्योगको सूचीमा समावेश गरेको छ । यसले गर्दा होटल तथा

पर्यटन क्षेत्रमा लगानी भित्राउन र बढाउन कानुनी रुपमा सहजता भएकोमा यस कदम सराहनीय छ । यस्ता नीतिगत र कानुनी सुधारले होटल तथा पर्यटन क्षेत्रमा आगामी दिनमा लगानी विस्तार हुन मद्दत पुग्ने छ ।

## पर्यटन नीति, २०८१ (मस्यौदा) मा महासंघको सुझाव:

**२ फागुण २०८१ (१४ फेब्रुअरी २०२५):** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मौजुदा पर्यटन नीति २०६५ लाई प्रतिस्थापन गर्न नयां "पर्यटन नीति, २०८१ (मस्यौदा)" उपर आवश्यक राय सुझाव तथा पृष्ठपोषणको लागि नीति अनुसन्धान प्रतिष्ठानबाटमहासंघका पर्यटन तथा हवाई उड्डयन समितिलाईअनुरोध प्राप्त भएकोमा उल्लिखित मस्यौदा पर्यटन नीतिमा समितिको तर्फबाट महासंघको लिखित राय, सुझाव तथा पृष्ठपोषण नीति अनुसन्धान प्रतिष्ठानलाई पठाएको छ ।

## स्थल यातायात तथा पारवहन समिति

- **विद्यमान अवस्था**

नेपालको भौगोलिक विशेषता जस्तै भुपरिबेष्टित राष्ट्र, पहाडी भूभाग र अविकसित पूर्वाधारहरुका कारण नेपाली लोजिष्टिक्स क्षेत्र निकै चुनौतीपूर्ण रहेको छ । देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको यस क्षेत्रलाई अगाडी बढाउनका लागि यस क्षेत्रसंग प्रत्यक्ष जोडीएका पाटोहरु जस्तै यातायात पूर्वाधार, हवाई क्षेत्र, बन्दरगाहहरुसंगको पहुँच, परिवहन समस्या, आदिलाई समय सापेक्ष परिमार्जित गरि लोजिष्टिक्स प्रणालीमा सुधारका ल्याउन अति आवश्यक भएको छ । २०८० फाल्गुन सम्म १८ हजार २ सय ४१ किलोमिटर कालोपत्रे, ७,६९७ किलोमिटर ग्रावेल र ८,३२९ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४ हजार २ सय ६७ किलोमिटर पुगेको छ । कुल सडकमध्ये कालोपत्रे ५३.२ प्रतिशत, ग्रावेल २२.५ प्रतिशत र कच्ची सडक २४.३ प्रतिशत रहेको छ । नेपालमा अहिले ४० लाखको हाराहारी जति सवारी साधन दर्ता छन् । ती मध्ये करिब २० लाख सवारी काठमाडौ उपत्यकमा मात्र गुडिरहेका छन् । जसमध्ये करिब ७० प्रतिशत मोटरसाइकल , १२ प्रतिशत निजी कार छन् भने सार्वजनिक सवारी ४ प्रतिशत हाराहारी मात्र छन् । बर्सेनि १५-१७ प्रतिशतका दरले निजी गाडी बढिरहेका छन्। जसरी गाडीमा बृद्धि भईरहेको छ सो अनुसारको सडक विस्तार र ट्राफिक व्यवस्थापन भएको पाईदैन । Yes Parking लेखेको काहिपनि देखिदैन, No Parking लेखिएको जताततता देख्न पाईन्छ। जसले गर्दा काठमाडौ लगायत देशका अन्य ठाउहरुमा ढुवानीका साधनहरुको लागि पर्किङ्गको व्यवस्था नहुदा समस्या भईरहेको छ ।

नेपालमा हाल छ वटा सुक्खा बन्दरगाह (वीरगंज, भैरहवा, तातोपानी, रसुवा, चोभार, दोधारा चाँदनी) रहेका छन । यसै गरी चार वटा एकीकृत जाँच चौकी (वीरगंज एकीकृत जाँच चौकी, विराटनगर, भैरहवा, नेपालगञ्ज) रहेका छन् ।

स्थल यातायात तथा पारवहन समितिले आफ्नो कार्य क्षेत्रमा पर्ने कामहरु गर्दै आईरहेको छ । मुख्य कार्ययहरु यसप्रकार रहेका छन् ।

स्थल यातायात तथा पारवहन समितिको तर्फवाट आ. व. २०८१/८२ को वजेटको लागि लिखित सुझावहरु पठाइएको थियो । जसमा निम्न लिखीत विषयहरु रहेका छन् ।

- आयकर ऐन २०५८ को दफा ८८ को प्रतिबन्धात्मक वाक्यांशको बुँदा नं. (८) बमोजिम ढुवानी सेवा वापतको भाडा भुक्तानीमा २.५ प्रतिशतले कर कट्टीको प्रावधान ढुवानी सेवाको व्यवसाय नगर्ने कार्गो व्यवसायीहरुको हकमा लागू नहुनु पर्ने ।
- ढुवानी सेवाको कारोबार गर्ने व्यवसायीहरुले आफुले उठाउँदै नउठाएको मूल्य अभिबृद्धि कर बापत कारोबार रकमको ५ प्रतिशत तिर्नु पर्ने प्रावधान आगामी आ.व. को आर्थिक विधेकमा पूर्ण रुपमा छुटको व्यवस्था हुनुपर्ने ।
- सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको Accredited Laboratories, Quarantine, Fumigation, Dispensing Booth, Cold Room, Scan Machine लगायतका भौतिक पूर्वाधारहरु प्रमुख भन्सार नाकाहरुमा स्थापना हुनुपर्ने ।
- मिति २०८१ मघ ९ गते बंगलादेश, भुटान, भारत र नेपाल बीच यात्रु, व्यक्तिगत र कार्गो सवारी साधनको यातायात नियमनका लागि कार्गो मोटर वाहन सम्झौताको सन्दर्भमा कार्गो सवारी साधनहरुको आवागमनको लागि प्रोटोकल (BBIN) सम्बनधमा एडिवीका परामर्शदाता लाल बहादुर खत्री संग स्थल यातायात तथा पारवहन समितिको छलफल । उक्त छलफल बैठकमा निम्न बिषयहरु व्यक्त भएका थिए ।
  - क. यातायात र ढुवानीको क्षेत्रमा १०० प्रतिशत निजीक्षेत्रको लगानी रहेकोले सरोकारवालाहरुलाई यसबाट हुने फाइदा र बेफाइदाको बारेमा जानकारी (पैरवी) गराउन पर्ने ।
  - ख. BBIN लागु गर्नु पहिले हाम्रो भौतीक पूर्वाधारहरुलाई अन्य देश सरहको स्तरन्नोती गर्नु पर्छ ।
  - ग. क्षेत्रगत Working Committee मा निजी क्षेत्रलाई सहभागी गराई अवसर र चुनौती विश्लेषण सहितको अध्ययन हुन पर्दछ ।
  - घ. यस भन्दा अगाडी हाम्रा ग्यास bullet tankers को सुरक्षा नभएर ति bullet tankers भारतीय कम्पनीलाई फिर्ता गर्नु परेको थियो । यसमा पनि हाम्रा ढुवानीका साधनको सुरक्षा कस्तो हुने हो सो सम्बन्धमा पहिले नै स्पष्ट हुन जरुरी छ ।
  - ङ. ECTS, Insurance, route choice आदिको मोडालिटी कस्तो हुने आदिको बारेमा पनि स्पष्ट हुन जरुरी छ ।
- समितिको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा महासंघका सदस्यहरुबाट आएका समस्या तथा प्राप्त सुझावहरुलाई समाधानको लागि सम्बन्धित निकायहरुमा समन्वय गर्ने कार्य भईरहेको ।

**कार्यक्रममा सहभागीता**

| सहभागीको नाम | कार्यक्रम आयोजकको नाम र विषय | प्रस्तुत सुझावहरु |
|---|---|---|
| श्री शिव प्रसाद घिमिरे, सभापति, स्थल यातायात तथा पारवहन समिति | मिति २०८१ कार्तिक ६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको लजिष्टिक्स नीति, २०७९ सम्बन्धी छलफल कार्यक्रम । | नीतिले विभिन्न ऐन कानून तर्जमा गर्ने कल्पना गरेता पनि कुन कुन ऐन कानून तर्जमा गर्ने वा संशोधन गर्ने उल्लेख भएमा उत्तम हुन्थ्यो होला । जस्तै Carriage of Goods Act तथा Multimodal Transport Act दुई दशक भन्दा माथि भएता पनि आज सम्म आवश्यक संशोधन हुन सकेको छैन । साथै Logistics Service Provider को विविध सुरक्षाको लागि Carriage Legal Liability Insurance को पनि आवश्यक्ता रहेको छ । |
| श्री शिव प्रसाद घिमिरे, सभापति, | मिति २०८१ मघ ११ गते BBIN सम्बनधमा परराष्ट्र | BBIN हाम्रो भौतीक पूर्वाधारहरुलाई अन्य देश सरहको स्तरन्नोती गर्नु पर्छ । |

| | | |
|---|---|---|
| स्थल यातायात तथा पारवहन समिति | मन्त्रालयले आयोजना गरेको छलफल कार्यक्रम । | क्षेत्रगत Working Committee मा निजी क्षेत्रलाई सहभागी गराई अवसर र चुनौती, विश्लेषण सहितको अध्ययन हुन पर्दछ ।<br>ढुवानीका साधनको सुरक्षा कस्तो हुने हो सो सम्बन्धमा पहिले नै स्पष्ट हुन जरुरी छ ।<br>ECTS, Insurance, route choice आदिको मोडालिटी कस्तो हुने आदिको बारेमा पनि स्पष्ट हुन जरुरी छ । |

## व्यापार समिति

- आयात व्यवस्थापनका साथै निर्यात अभिवृद्धि गर्नका लागि गर्नुपर्ने नीतिगत सुधार तथा आगामी आर्थिक बजेट २०८१।८२ का लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट माँग भएबमोजिम चार महले विद्यमान अवस्था, हुनुपर्ने व्यवस्था, सोको कारण र पर्ने प्रभाव सहितको सुझाव मिति २०८१।०१।०९ गते पठाईएको ।

- नेपाल-भारत Inter-Governmental Committee on Trade, Transit and Cooperation to Control Unauthorized Trade को बैठकमा नेपाल-भारत व्यापार तथा पारवहनका विषयमा नेपाल सरकारको तर्फबाट उठान गर्नुपर्ने विषय तथा सुझावहरुका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट माँग भएबमोजिम व्यापारका विभिन्न मुद्दा सहित एजेण्डा तयार पारि मिति २०८१।०१।१४ गते पठाईएको ।

- त्यसैगरि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा मिति जेष्ठ १७ गते ३० गते सम्म सातै वटा प्रदेशहरुमा आयोजित श्रमाधान रोजगार मेलाको प्रारम्भिक चरण देखि अन्तिम तयारीसम्म तथा कोशी प्रदेशको विराटनगरमा महासंघको संयोजनमा मेला आयोजना गर्न महासंघको तर्फबाट आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रदान गरिएको ।

- समितिको पाँचौं बैठक मिति २०८१ साल भाद्र १३ गते महासंघको सचिवालयमा बस्यो । उक्त बैठकमा विशेषगरि पूर्व कार्य समिक्षा भई आर्थिक वर्ष २०८१।८२ को बजेटमा समितिबाट दिईएको रायसुझाव मध्ये के के समेटिए र त्यसैगरि नसमेटिएका रायसुझावलाई कसरी सम्बन्धित सरकारी निकाय सम्म पुऱ्याउने विषयबारे छलफल भयो । साथै देहायका थप व्यापारका समस्या तथा विषयहरु उठान भए ।



  - चाडपर्वलाई लक्षित गरि सरकारबाट गरिने व्यवसाय अनुगमन मर्यादित ढंगले गर्न/गराउन सम्बन्धित सरकारी निकायसंग पहल गर्ने र व्यवसायीहरुलाई समेत नियमकानून अनुसार व्यवसाय संचालन गर्न सचेत गराउने ।
  - कुनै पनि वस्तुको तयारी भन्दा कच्चा पदार्थको पैठारीमा कम्तीमा २ तह कम भन्सार शुल्क लगाईनुपर्ने ।
  - New Accounting System ले साना व्यवसायहरुलाई हिसाब किताब राख्न कठिनाई भईरहेकोले Flat रुपमा त्गचलयखभच त्बह लगाईनुपर्ने ।
  - व्यवसायीहरु निर्यात गर्ने प्रकृयाबारे अभिमुखिकरण गर्नुपर्ने ।
  - Agent Commission लाई बैधानिकता दिई लेखा किताबमा देखाउन पाउनुपर्ने ।
  - विमा प्रिमियम छिमेकी मुलुकहरुको तुलनमा निकै उच्च रहेकोले कम गर्न पहल गर्नुपर्ने ।

- NTIS लगायत अन्य निर्यात योग्य तथा आत्मनिर्भर वस्तुहरुको उत्पादन तथा व्यापारमा आवश्यक अनुदान तथा छुटसुविधाका लागि पहल गर्नुपर्ने ।
- कृषि कर न्यून हुनुपर्ने ।



- त्यसैगरि, समितिको छैंठो बैठक मिति २०८१ साल भाद्र २३ गते महासंघको सचिवालयमा बस्यो । उक्त बैठकमा पूर्व तय कार्यक्रम अनुसार कर तथा राजश्व समिति, निर्यात प्रवर्द्धन समिति र कृषि उद्यम केन्द्र बोर्डका सभापतिहरुसंग पहिचान गरिएका व्यापारको समस्या तथा सोको समाधान उपर छलफल भई देहाय बमोजिमका महत्वपूर्ण सुझावहरु प्राप्त भयो ।

| समस्या | स्पष्टीकरण तथा समाधानका सुझाव |
|---|---|
| १.१ साना व्यवसायीलाई आय कर | साना व्यवसायीहरुसंग सिमित स्रोतसाधनको उपलब्धताका कारण आय-व्ययको विस्तृत हिसाबकिताब राख्न निकै चुनौतीपूर्ण हुने भएकोले साना व्यवसायीहरुलाई आयकर नलगाई कारोबारमा आधारित समान कर (Turnover based Flat Tax) लगाईनु पर्ने । |
| १.२ एकल व्यवसायलाई व्यक्तिसरह उच्च ३९% कर दायरा | एकल व्यवसाय (Proprietorship Firm) लाई व्यक्तिसरह ३९% को कर दायरा (Tax Slab) मा लगि आयकर लगाईरहेको । जबकि सामान्य व्यवसाय कर (corporate tax) २५% लगाउने व्यवस्था रहेको छ । साथै एकल व्यवसायको जाखिम वहन गरि आर्जन गरेको आय तथा व्यक्तिले आर्जन आय एकसरह मान्यता दिदाँ न्यायँसंगत नरहेकोले एकल व्यवसायलाई समेत अधिकतम २५% कर दायरा नबढ्ने गरि आयकर लगाईनु पर्दछ । |
| १.३ Bad Debt हुन सक्ने Receivable को रकमलाई Carry forward गर्न नपाउने | व्यवसायीले Bad Debt हुन सक्ने Receivable को रकमलाई एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा Carry forward गरि व्याज खर्च कट्टा गर्न नपाउने र त्यसो गर्दा सरकारले दण्ड जरिवाना लगाईरहेको । यो समस्यालाई समाधान दिन Bad Debt हुन सक्ने Receivable को रकमलाई व्यवसायीले अधिकतम कति अवधीसम्म Bad Debt घोषित गर्नुपर्ने नियमको व्यवस्था हुनुपर्ने । यस सम्बन्धमा आवश्यक नियमकानूनको व्यवस्था नभएसम्म व्यवसायीलाई Bad Debt हुन सक्ने Receivable को रकमलाई एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा Carry forward गरि व्याज खर्च कट्टा गर्न पाउनुपर्ने । साथै उधारो सम्बन्धि कानून Credit Recovery Act यथाशिघ्र ल्याईनुपर्ने । |
| १.४ भंसार मूल्यांकनको दर एकै वस्तुमा व्यवसायी पिच्छै फरक | सन्दर्भ मुल्य पुस्तिका अनुसार समेत मुल्यांकन गर्दा एकै वस्तुमा व्यवसायी पिच्छै फरक मुल्यांकन दर मनोमानी तवरले भंसारद्वारा लगाउँदा एकै वस्तुको बजार मुल्य समेत प्रभावित हुन गई व्यवसायी तथा उपभोक्त दुबैलाई मर्का पर्न गएको । यसर्थ यस्ता नियम विपरित गतिविधि परिक्षण गरि यथाशिघ्र नियन्त्रण गरिनुपर्ने । |
| १.५ उच्च विमा प्रिमियम हुनुका साथै अनावश्यक विभिन्न प्रकारका अनिवार्य विमा गर्नुपर्ने व्यवस्था | अन्तर्राष्ट्रिय बजारभन्दा २ देखि ३ गुनासम्म विमा प्रिमियम निर्धारण गरिएको र साथै अनावश्यक विभिन्न प्रकारका जस्तै आतंक, हुलदंगा आदि लगायत अन्य जोखिम वापत अनिवार्य विमा गरिनुपर्ने व्यवस्था व्यवहारिक नरहेकोले उक्त व्यस्थालाई परिमार्जन गरि व्यवसायीहरुले आफुलाई हुन सक्ने जोखिम वापत ऐच्छिकरुपले विमा गर्न पाउने व्यवस्था हुनुपर्ने । |

- मिति २०८१ भाद्र २७ गते नेउवामहासंघ व्यापार समितिका सभापति डा. सुबोध कुमार गुप्ताको नेतृत्वमा समिति सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलद्वारा भाद्र २७ गते नेपाल गुणस्तर तथा नापतौल विभागको कार्यालयमा महानिर्देशक श्री कुमारी ज्योती जोशीलाई भेटी नापतौल तथा गुणस्तरसंग सम्बन्धित समस्याहरु सहित सोको समाधानका आवश्यक सुझावहरु प्रस्तुत गरियो ।



साथै, समिति सभापति गुप्ताले नापतौल तथा गुणस्तर परिक्षण सम्बन्धि व्यवसायीहरुले पालना गर्नुपर्ने नियमकानूनबारे व्यवसायीहरुलाई जानकारी तथा सचेत गराउन आवश्यक गाईडलाइन्स विकास गर्न तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्न महासंघले विभागसंग आवश्यक सहकार्य गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गर्दै विभागबाट आवश्यक प्रविधिक सहयोगका लागि समेत महानिर्देशकसमक्ष प्रस्ताव राख्नु भयो ।

अन्त्यमा, प्रस्तुत् गरिएको रायसुझाव उपर सकारात्मक धारणा राख्दै महानिर्देशक जोशीले समस्याहरुको समाधानका लागि विभागको तर्फबाट आवश्यक प्रयास भईरहेको बताउदै महासंघसंगको प्रस्ताव स्वीकार्दै सहकार्यमा आवश्यक सचेतना तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्न सकिने आश्वासन दिनु भएको थियो । साथै समस्याहरुको समाधानका लागि यसैगरि निरन्तर रुपमा सहकार्य मार्फत अगाडी बढ्ने आफु प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

बैठकमा प्रस्तुत गरिएका प्रमुख विषयहरु देहाय बमोजिम रहेका थिए ।

- मुलुकमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्रयोगशाला नहुदाँ भारतको विभिन्न शहरहरुमा गएर मालसमानको प्रयोगशाला परिक्षण गर्नुपर्दा निकै समस्याहरु भोग्नुका साथै व्यवसायहरुको लागत समेत बढ्ने गरेको ।
- यसर्थ मुख्य सबै भन्सार नाकाहरुमा अन्तर्राष्ट्रिय मन्यता प्राप्त प्रयोगशाला (Lab) सहितको एकीकृत जाँच चौकीको व्यवस्था हुनुपर्ने । यसबाट गुणस्तरहिन मालसमानको आयात तथा निर्यात नियन्त्रण हुने ।
- उक्त व्यवस्था नहुञ्जेलसम्म, विद्यमान प्रयोगशालाहरुलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्षमता अभिवृद्धि तथा प्रमाणीकरण गरी प्रयोगशाला परिक्षणका सेवाहरु मुलुकभित्र सञ्चालन हुनुपर्ने ।
- साथै नेपाली प्रयोगशालाहरुले गरेको परिक्षण अन्तर्राष्ट्रिय मापदण्ड अनुसार रहेको सुनिश्चित गरि सोको मान्यता व्यापार साझेदार मुलुकहरुका सम्बन्धित निकायबाट समेत गराउनु पर्ने ।
- नापतौलका यन्त्र प्रमाणीकरण गर्ने व्यवस्था स्थानीय स्तरबाटै हुनुपर्ने । नाप यन्त्र खरिद गरेको विजक जारी भएको मितिले ३० दिन भित्र नबिकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको तर कतिपय यन्त्र तथा मशिनहरुको Installation ३ देखि ६ महिनासम्म लाग्ने भएको । यसर्थ विद्यमान व्यवस्था व्यवहारिक रहेकोले संशोधन गरि कारोवार शुरु अगावै एकै आर्थिक वर्षभित्र दर्ता प्रमाणीकरण गर्ने गरि व्यवस्था हुनुपर्ने ।

- पेट्रोलियम पदार्थसंग सम्बन्धित ऐन नभएकोले सोको ऐन ल्याउनुपर्ने । साथै पेट्रोलियम पम्पको नापतौल तथा मर्मत संभार गर्न विभागले तोकेको कम्पनीबाट गर्ने अभ्यासलाई खारेज गरि तोकिएको मापदण्ड अनुसार निजि क्षेत्रलाई गर्न/गराउने व्यवस्था हुनुपर्ने ।
- साथै नापतौलको प्रमाणीकरण तथा गुणस्तरको परिक्षण सम्बन्धि सम्पुर्ण कार्यहरु तोकिएको मापदण्ड अनुसार निजि क्षेत्र गर्न पाउने व्यवस्था हुनुपर्ने र विभागबाट आवश्यक नियमन तथा सहजीकरण हुने व्यवस्था हुनुपर्ने ।
- विभागबाट गरिने अनुगमनको टोलीमा निजिक्षेत्रको प्रतिनिधि हुनुपर्ने र यसबाट अनुगमन प्रभावकारी हुने, व्यवसायीहरुलाई निष्पक्षताको सुनिश्चिता हुने र साथै निजिक्षत्रेको संलग्नताले सम्बन्धित व्यवसायी र अन्य व्यवसायीहरुलाई अनुगमनको विषयवस्तुबारे जानकारी भई आवश्यक सहजीकरण तथा सचेतनाका कार्य हुन सक्ने भएकोले ।
- हाल भारतको कानून अनुसार पेट्रोलियम पदार्थको ढुवानी सेवा संचालन भईरहेको र साथै कानून नभएर गुणस्तर तथा परिमाण मापन गर्न भारतमा गएर करिब एक महिनाको समयावधी खर्च गरेर प्राप्त गर्नुपर्ने अवस्था सिर्जना भईरहेको ।
- यसर्थ पेट्रोलियम पदार्थको ढुवानी सम्बन्धी कानून Explosive Act यथाशिघ्र ल्याउनुपर्ने ।
- एक जातको चामलमा अर्के जातको चामलको सुगन्ध मिश्रण गरिएका चामलहरु आयात भईरहेका छन् जुन चाहि गुणस्तरको मापदण्ड विपरित रहेकोले यस्ता गतिविधि गुणस्तर परिक्षण गरि नियन्त्रण गरिनुपर्ने ।

- नेपाल गुणस्तर तथा नापतौल विभागसंगको सहमतिमा विभागबाट धनगढी, मणिग्राम तथा विराटनगरमा आयोजित प्रदेशस्तरीय गुणस्तर तथा नापतौल सम्बन्धी सचेतनामूलक कार्यक्रममा निजिक्षेत्रको सहभागिताका लागि आवश्यक समन्वय तथा सहयोग गरियो ।

## निर्यात प्रवर्द्धन समिति

- **विद्यमान अवस्था**

विश्वका सवै विकसित एवं विकासशिल देशहरुले निर्यात व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा अंगिकार गरी यसको विकास एवं प्रवर्द्धनमा निरन्तर तवरले लागि रहेका छन् । तर हाम्रो जस्तो अतिकम विकसित देशको आयात व्यापारको तुलनामा निर्यातको मात्रा निकै कम छ । आ.व. २०८०/८१ मा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा १.३ प्रतिशतले ह्रास आई रु.१७४५.३७ अर्वमा सीमित हुन पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको अनुपातः १:१०.५ प्रतिशत रहेको छ । कुल निकासी ३.० प्रतिशतले ह्रास आई रु १५२.३८ अर्व भएको छ । नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा फलाम तथा फलामका उत्पादनहरु, यार्न, ऊनी गलैंचा, तयारी पोशाक, जुस, अलैंची, प्लाइउड, जुट तथा जुटका सामानहरु, पामतेल, उनी फेल्टका उत्पादन प्रमुख रुपमा रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा कूल व्यापारघाटा रु. १४४०.६० अर्व हुन पुगेको छ । यसैगरि आर्थिक वर्ष २०८१/८२ को प्रथम छ महिना मा वस्तु निर्यात ३१.८ वृद्धि भई रु. ९८ अर्ब ७९ करोड पुगेको छ । उक्त अवधीमा कूल व्यापारघाटा रु. ७२३ अर्व ५८ करोड रहेको छ । यस अवधीमा निर्यात-आयात अनुपात १२.० प्रतिशत पुगेको छ ।

यसबाट के देखिन्छ भने अझै पनि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा निर्यात प्रवर्द्धनका लागि भएका पहलहरु प्रभावहिन भएको देखिन्छ । यो निर्यात क्षेत्रलाई सरकारले प्राथमिकताको क्षेत्रमा राख्नु पर्दछ ।

नेपालको आयात निर्यातको स्थिति निम्न चित्रबाट बुझ्न सकिन्छ ।




विशेषगरी सामुन्द्रिक बन्दरगाहसम्म पहुच नहुनु, चर्को हवाई एवम् कार्गो ढुवानी खर्च, चर्को बैक ब्याजका कारण नेपाली निर्यातका वस्तुहरु छिमेकी मुलुकहरुको दाजोमा महंगो भई न्यून प्रतिस्पर्धात्मक हुनपुगेका छन् । हाम्रो ढुवानी भाडा छिमेकी देशहरुको भन्दा २०-२६ प्रतिशत ले बढि छ जसले गर्दा Cost of doing Business महंगो हुन आउछ ।

सन् २०२६ देखि बंगलादेश र लाओस संगै नेपाललाई पनि संयुक्त राष्ट्र संघले मध्यम आय भएको विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्दैछ । त्यसपछि अविकसित मुलुकको रुपमा नेपालले पाइरहेको निर्यात भन्सार महशुल रहित बजार, बहुपक्षीय सहयोग र अनुदान एवम् सरसुविधाहरु कटौती हुने छन् र समग्र निर्यात प्रणालीमा ४५ ले कमी आउने कुरा अध्ययनले देखाएको छ । त्यसैले स्तरोन्नती पछी त्यसको प्रभाव कम गर्नका लागि अहिले देखिनै तयारी गर्नु पर्दछ ।

- **मुख्य कार्यहरु**

क. निर्यात प्रबर्द्धन समितिको तर्फवाट आर्थिक वर्ष २०८१/८२ को वजेटको लागि निम्न लिखीत सुझावहरु पठाईएको थियो ।

- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्यावको अभावले गर्दा निर्यात गर्न सकिने विभिन्न निर्यात संभावना भएका वस्तुहरु पनि निर्यात हुन नसकिरहको अवस्था छ । साथै, भन्सार Clearing मा लामो समय लाग्ने र कृषिजन्य वस्तुहरु विग्रेर खेर जाने गरेकाले अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्याव स्थापना हुन पर्ने ।
- निर्यात गर्ने उद्योगहरुलाई पनि कृषि जस्तै प्राथमिकता क्षेत्र मानी राष्ट्र बैंकबाट कुल ऋण प्रवाहको १३% सहुलियत कर्जा को व्यवस्था सम्बन्धमा ।
- निर्यातमा नगद अनुदान (Cash Incentive)
- अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा भुक्तानी प्राप्त गर्नको लागि विद्युतीय व्यापार (e-commerce) कारोबार गर्ने व्यवस्था
- सन् २०२६ पछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने हुँदा तत् पश्चात निर्यातमा देखिने थप चुनौतिहरुलाई सम्बोधन गर्नको लागि आवश्यक तयारी गर्न पर्ने ।
- निर्यातमा जोखिमलाई न्युनिकरण गर्न विश्वव्यापी रुपमा अवलम्बन हुँदै आएको Export Credit Insurance (ECI) नेपालमा पनि लागू गर्न आवश्यक ।

ख.मिति २०८१ भाद्र २४ गते निर्यात प्रबर्द्धन समितिको आयोजनामा Dialogue on US-Nepal Trade and Investment-Prospects and Challenges सम्बन्धि कार्यक्रम सम्पन्न ।

ग. मिति २०८१ फागुन २३ गते निकासी पैठारी सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक संशोधन सम्बन्धमा निर्यातसंग सम्बन्धित वस्तुगत संघहरुका अध्यक्ष/प्रतिनिधिहरुसंग छलफल कार्यक्रमको आयोजना ।

घ. समितिको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा महासंघका सदस्यहरुबाट आएका समस्या तथा प्राप्त सुझावहरुलाई समाधानको लागि सम्बन्धित निकायहरुमा समन्वय गर्ने कार्य भईरहेको ।

- **<u>हालसम्मका उपलब्धीहरु</u>**

आर्थिक वर्ष २०८१/८२ को वजेटले निर्यात सम्बन्धि समेटिएका विषयहरु

- नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका र हाल उच्च परिमाणमा निर्यात भइरहेका गलैंचा, कार्पेट, धागो, तयारी कपडा, सिमेन्ट लगायतका वस्तुको निर्यात अभिवृद्धि गरिनेछ। स्वदेशी श्रम र कच्चा पदार्थको प्रयोग गरी कम तौल र उच्च मूल्य भएका वस्तु उत्पादन गरी निर्यात गरिने ।
- कफी, अलैंची, चिया र हिमालयन वाटरको ब्राण्डिङ गरिने ।
- गुणस्तरसम्बन्धी सर्वस्वीकार्यता र मापदण्डमा एकरूपता हुने गरी छिमेकी मुलुकसँग सम्झौता गर्ने प्रक्रिया अगाडि बढाइनेछ।
- कृषि उपजको निर्यात प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय र प्रमुख आन्तरिक विमानस्थलमा शीत भण्डार स्थापना गरिनेछ । निर्यात गरिने कृषिउपजको प्रमाणीकरण र प्रयोगशाला परीक्षण शुल्कमा सहजीकरण गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा मध्य पहाडमा राष्ट्रिय फल सुन्तला, हिमाल र उच्च पहाडमा स्याउ तथा तराई-मधेशमा आँप र केराको उत्पादन तथा निर्यात प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिने ।
- निर्यात गर्ने फर्मले स्थानीय कृषकलाई आवश्यक पर्ने मल, बीउ तथा अन्य सामग्री प्रदान गरी कृषि उत्पादन खरिद गर्ने सुनिश्चित गरेमा उत्पादित उपजको परिमाणको आधारमा मल, बीउ, कृषि प्रसार सेवा र कर्जामा व्याज अनुदान प्रदान गरिनेछ ।
- व्यापार सम्वद्ध पूर्वाधारको एकीकृत र रणनीतिक विकासका लागि लजिष्टिक गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । व्यापारजन्य पूर्वाधार र प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र व्यापार लागत घटाउँदै नेपाली वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाइनेछ ।
- सूचना प्रविधि क्षेत्रबाट १० वर्षमा ३० खर्बको निर्यात गर्ने लक्ष्य ।
- निकासी कर्ताले विदेशी मुद्रा प्राप्तीको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा

साविकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी अमेरिकी डलर २५ हजार पुऱ्याइएको छ ।

- वनमारा, पात पतिङ्गर लगायत खेर जाने सामग्रीबाट बन्ने पिलेटको निकासीमा लाग्ने महशुल हटेको छ ।

**कार्यक्रममा सहभागी**

- मिति २०८१ जेष्ठ २ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको नेपाल र भियतनामबीच द्विपक्षीय व्यापार तथा लगानी खाका सम्झौता (Trade and Investment Framework Agreement TFA) सम्बन्धी छलफल कार्यक्रममा नेपाल उद्योगबाणिज्य महासंघबाट निर्यात प्रवर्द्धन समितिका उपसभापति श्री रेशम बहादुर पोखेल सहभागी हुनु भएको थियो ।
- मिति २०८१ श्रावण ६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा देखिएका समस्या समाधान तथा चुनौतीहरुको सामना गर्ने सम्बन्धी छलफल कार्यक्रममा निर्यात प्रवर्द्धन समितिका सभापति श्री नरेशलाल श्रेष्ठ सहभागी हुनु भएको थियो ।
- मिति २०८१ श्रावण २३ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको Public-Private Dialogue on Nepal's LDC Graduation: Report on Trade Policy Reforms to Mitigate the Impact on WTO Obligations सम्बन्धी छलफल कार्यक्रममा समितिका उपसभापति श्री रेशम बहादुर पोखेल सहभागी हुनु भएको थियो ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजनामा United Kingdom ले प्रदान गर्न तयार Developing Countries Trading Schem (DCTS) सम्बन्धी छलफल कार्यक्रममा उपसभापति श्री पशुपतिदेव पाण्डे र श्री रेशम बहादुर पोखेल सहभागी हुनु भएको थियो

## घरेलु तथा साना उद्योगसमिति

- मिति २०८१ भदौ ३१ गते समितिको तेश्रो वैठकको आयोजना गरिएको थियो । वैठकमा घरेलु तथा साना उद्योगप्रवर्द्धन केन्द्र संचालन सम्बन्धमा छलफल भएको थियो । छलफलमा घरेलु तथा साना उद्योगप्रवर्द्धन सम्बन्धमा प्रशिक्षक महासंघबाट उपलब्ध गराउने, घरेलु तथा साना उद्योगप्रवर्द्धन सम्बन्धमा नेपाल सरकार लगायत दातृ निकायहरुबाट धेरै कार्यक्रमहरु आएकोले यस क्षेत्रको प्रवर्द्धन सम्बन्धमा धेरै काम गर्न सकिने, जिल्ला तथा प्रदेशमा पनि केन्द्र स्थापना गर्न सकिने, दर्ताको प्रकृया झन्झटिलो भएकोले एकद्वार प्रणालीबाट गरिनुपर्ने, नीतिगत विषयमा समस्या भएकोले यस तर्फ ध्यानाकर्षित हुनुपर्ने, व्यवसाय गर्न चाहने व्यक्तिको लागि आवश्यक ज्ञान दिने सम्बन्धमा श्रोत तयार गर्नुपर्ने, स्थानीय उत्पादनहरुलाई सोकेसको रुपमा अगाडी बढाउनुपर्ने, सामान्य व्यक्तिलाई समेत आकर्षित गर्ने उद्देश्यले कार्यक्रमलाई अगाडी बढाउनुपर्ने, SMEs को कार्यक्रम प्रदेशबाट समेत अगाडी बढाउदां अझ बढी प्रभावकारी हुने । यसको लागि महासंघले सहजीकरण गर्ने, SMEs सम्बन्धी कामहरुलाई अगाडी बढाउँदै लैजानुपर्ने जसले गर्दा Funding आउने संभावना बढ्दै जान सक्ने लगायतका विषयमा छलफल भएको थियो ।

- **नेपाल उद्योगवाणिज्य महासघमा लघु घरेलु तथा साना मझौला उद्यम बिकास केन्द्र स्थापना**

  मिति २०८१ भदौ ३१ गते आयोजना समितिको तेश्रो वैठकमा निर्णय भए अनुसार मिति २०८१ मंसीर ३ गते नेपाल उद्योगवाणिज्य महासघमा लघु घरेलु तथा साना मझौला उद्यम बिकास केन्द्र स्थापना भएको छ । केन्द्र स्थापनाको समुद्घाटन राष्ट्रिय योजना आयोगका सचिव मधु मरासिनी, उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण राउत र महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले संयुक्त रुपमा गर्नुभयो ।

  महासंघमा स्थापना भएको केन्द्रले व्यवसाय सञ्चालनका लागि आवश्यक सीप, प्रविधि, र तालिम प्रदान गर्नेछ । साथै, उद्यमीहरूलाई सशक्त बनाउनका लागि बजार व्यवस्थापन, वित्तीय व्यवस्थापन, र व्यवसाय रणनीतिसम्बन्धी सहायता पनि उपलब्ध गराउनेछ ।

  केन्द्रले उत्पादन क्षमता बढाउन र गुणस्तर सुधार गर्न प्राविधिक सल्लाह तथा उपकरणहरू उपलब्ध गराउनेछ । साथै, आधुनिक उत्पादन प्रविधि, यसको प्रयोग र प्रक्रियागत सुधारहरू अपनाउन सहयोग गर्नेछ । केन्द्रले उत्पादित सामग्रीलाई स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउन, व्यापार मेलाहरू, प्रदर्शनीहरू, र अन्य व्यापार प्रवर्द्धन कार्यक्रममा सहभागी गराई बजार विस्तार गर्न पनि सहजीकरण गर्नेछ । त्यसैगरी केन्द्रले व्यवसाय सञ्चालन, व्यवस्थापन, उत्पादन, र विपद् व्यवस्थापनका लागि सल्लाहकारहरूको परामर्श सेवा पनि उपलब्ध गराउनेछ । यसले व्यवसाय सम्बन्धी समस्याहरू समाधान गर्न र कानुनी सल्लाह प्रदान गर्न मार्गदर्शन गर्नेछ । केन्द्रले उद्यमीहरूलाई व्यवसाय दर्ता, लाइसेन्स प्राप्ति, कर सम्बन्धी जानकारी, र सरकारी नियमहरूको पालना गर्न सहयोग गर्नेछ ।

  साथै केन्द्रले नयाँ व्यवसायिक अवसरहरूको पहिचान गर्न सहयोग गर्नेछ र उद्यमीहरूलाई नवप्रवर्तन गर्न, अनुसन्धान गर्न, र आफ्नो व्यवसायमा नवीनता तथा प्रतिस्पर्धात्मक लाभ ल्याउन प्रोत्साहित गर्ने एवं लघु, साना, घरेलु, र मझौला उद्यमीहरूबीच नेटवर्किङ अवसर सिर्जना गरी अनुभव आदान-प्रदान, साझेदारी, र सहकार्यलाई प्रोत्साहन गर्ने लगायतका कार्यहरु गर्नेकछ ।

## व्यापार मेला समिति

- सन् २०२४ को जुलाई २३ देखि २८ सम्म चीनको कुनमिङ शहरमा आयोजना भएको China South Asia Expo मा ५४ स्टल मार्फत नेपाली निकासी योग्य बस्तुहरुको प्रर्दशनी एंव विक्रि गरिएको थियो । उक्त मेलामा नेउवामहासंघको समेत १ वटा स्टल राखि आयोजक एंव चिनिया व्यापारीहरु र नेपाली व्यापारी विच B2B को समन्वय एव सहजिकरण गरेको थियो । मेलामा नेउवामंहासघका उपाध्यक्ष श्री हेमराज ढकाल, श्री ज्योत्सना श्रेष्ठ, व्यापार मेला समितिका सभापति एंव कार्यकारिणी समितिका सदस्यहरुको समेत सहभागी भएको थियो ।




- २०२४ को डिसेम्बर ५ देखि ८ सम्म भारतको लुदियाना शहरमा India Agri Expo सम्पन्न भयो । उक्त मेलामा नेउवामंहासघका व्यापार मेला समितिका सभापति श्री उमेश डालमियाको संयोजक्त्वमा १० जना व्यापारीक प्रतिनिधि मण्डलले भाग लिएको थियो ।

- सन् २०२५ को जनवरी ८ देखि १० सम्म भारतको नया दिल्लीमा आयोजना भएको **South Largest Integrated Food and Tech Show** मा महासंघका व्यापार मेला समितिका सभापति, श्री उमेश डालमियाज्युको नेतृत्वमा खाद्य बस्तुसंग सम्बन्धित कार्यकारिणी समिति सदस्यहरु जील्ला/नगर उद्योगवाणिज्य संघहरु बस्तुगत संघहरु तथा एशोसिएट सदस्यहरु गरि ४१ जना व्यापारी प्रतिनिधिमण्डलले मेलाको अवलोकन एंव **B2B meeting** मा भाग लिएको थियो । उक्त मेलामा महासंघको पहलमा ४ वटा नेपाली कम्पनीहरुले नेपाली निकासीयोग्य बस्तुहरु जस्तै कफी, चिया, अलैंची तथा जडिवुटीको स्टल राखि प्रर्दशनी समेत गरिएको थियो ।
- २०२४ को जुलाई ४ देखि ६ सम्म Republic of South Korea मा आयोजना भएको Korea Import Fairमा महासंघको तर्फबाट १ वटा Alpine Coffee Estate Pvt ltd लाई सिफारिस गरिएको थियो ।
- २०८१।०८।१९ गते उद्योगतथा आपूर्ति मन्त्रालयका सह सचिव श्रीमान् बाबु राम अधिकारीज्यूको अध्यक्षयतामा विश्वप्रर्दशनी (World Exposition) सम्बन्धि समन्वय तथा निर्देशन समितिको बैठकमा महासंघको तर्फबाट नेउवामहासंघका कार्यकारिणी समिति सदस्य तथा व्यापार मेला समितिको सह सभापति श्री सविन श्रेष्ठले भाग लिनु भएको थियो ।
- नेपाल उद्योगवाणिज्य महासंघले हरेक वर्ष आयोजना गर्दै आएको नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको १० औं संस्करण आगामी २०८२ बैशाख २५ देखि २९ सम्म भृकुटीमण्डप काठमाडौमा आयोजना गर्न तयारीको कार्य भै रहेको छ ।
- यस १ वर्षको अवधिमा ६ पटक व्यापार मेला समितिको बैठक बसेको थियो ।

## बैंक, वित्तीय तथा वीमा समिति

- नेपाल राष्ट्र बैंकको आ.व. २०८०।८१ को तेस्रो त्रैमासिक समिक्षामा समावेश गर्नको लागि महासंघले सुझाव पेश गरेको थियो । समिक्षाले सम्बोधन गरेको सुझावहरुमध्ये असल वर्गमा वर्गीकरण भएका कर्जाहरुको लागि गर्नुपर्ने विद्यमान कर्जा नोक्सानी व्यवस्था १.२५ प्रतिशतबाट घटाई १.२० प्रतिशत कायम गरिएको । हायर पर्चेज प्रकृतिका सवारी साधन कर्जाको जोखिमभार १२५ बाट घटाई १०० प्रतिशत कायम गरिएको । घर जग्गा खरिद प्रयोजनको लागि ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) लाई सहजीकरण गरी कर चुक्ता प्रमाण पेश गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गर्ने व्यवस्था गरेको थियो ।
- समितिका सभापति आनन्द कुमार वगरिया लगायत समिति सदस्यहरुले राष्ट्र बैंकका गभर्नरसंग ०८१ असार ७ गते भेट गरी आगामी मौद्रिक नीतिमा बजारमा देखिएको मागको कमीबाट शिथिल बनेको विद्यमान व्यवसायिक गतिविधिलाई उकास्न टेवा पुग्ने खालका व्यवस्था तर्जुमा गर्न अनुरोध गरेको थियो । बजारको न्यून माग, नगद प्रवाहमा भएको समस्या, न्यून उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयां लगानीका योजना स्थगन, बैंकिङ्ग प्रणालीमा अधिक तरलता भएतापनि निजी क्षेत्रमा परिचालित कर्जाको घट्दो दर तथा चालुपूंजी कर्जा मार्गदर्शनमा भएका कतिपय व्यवस्थामा परिमार्जन लगायतका विद्यमान अर्थतन्त्रका चुनौतीहरुको सामना गर्ने गरी मौद्रिक नीति ल्याउन समेत अनुरोध गरिएको थियो ।
- आर्थिक वर्ष २०८१।८२ को लागि राष्ट्र बैंकले सार्वजनिक गर्ने मौद्रिक नीतिमा छलफल गर्न महासंघले "पूर्व मौद्रिक नीति अन्तरक्रिया" कार्यक्रम गत असार २५ गते महासंघमा आयोजना गरेको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरुको समेत समुपस्थितिमा

आगामी मौद्रिक नीतिका लागि निजी क्षेत्रका संघ संस्थाका प्रतिनिधिहरुले आफ्ना सुझावहरु पेश गरेका थियो । महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघको तर्फबाट सुझाव प्रस्तुत गर्नु भएको थियो । कोभिड पश्चातको समयमा आर्थिक ऐन भन्दा मौद्रिक नीतिलाई आशातित रुपमा हेर्ने गरिएकोले यो पटकको नीतिमा बजार चलायमान बनाउन र उद्योगीहरुलाई हौसला दिने खालको व्यवस्थामा केन्द्रित रहन विशेष सुझाव प्रस्तुत गर्नुभएको थियो ।

- २०८१ श्रावण ११ गते नेपाल राष्ट्र बैंकले आ.व. २०८१।८२ को लागि मौद्रिक नीति सार्वजनिक गरेको थियो । यस वर्षको नीतिमा आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बजेटमा अनुमान गरिएबमोजिम ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फ उन्मुख हुनेगरी मौद्रिक नीति सार्वजनिक गरेको भनिएको छ । त्यस्तै निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.५ प्रतिशतसम्म रहने, उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुने गरी नियामकीय व्यवस्थाहरु तर्जुमा गरेको भनिएको छ ।

### मौद्रिक नीतिले अवलम्बन गरेका राम्रा पक्षहरुः

- ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशतबाट ५.० प्रतिशत कायम गरेको छ ।
- क्यापिटल एडिक्युसि रेसियोलाई अन्तराष्ट्रियस्तर बमोजिम परिमार्जन गर्ने ।
- निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाको लागि विषेश व्यवस्था गरेको ।
- परिस्थितिजन्य कारणले उद्योगव्यवसाय बन्द रहेतापनि कर्जाको साँवाब्याज भुक्तानी नियमित गर्ने उद्योगव्यवसायलाई कर्जा वर्गीकरण र जोखिम व्यवस्थाको लागि आवश्यक सहजीकरण गर्ने ।
- असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गर्ने ।
- कर्जा खरिद बिक्रीको लागि गरिने जोखिम भारसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने ।
- विद्यमान Regulatory Retail Portfolio (RRP) को सीमालाई रु. २ करोडबाट बढाएर अधिकतम रु २ करोड ५० लाख कायम गर्ने ।
- निष्क्रिय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भइसकेको अवस्थामा ६ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था मिलाईने छ ।
- चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ्ग कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्ने लगायतका व्यवस्था परिमार्जन गर्ने गरी विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गर्ने । तर यो व्यवस्था खरिदकर्ता ऋणिको लागि हितकर भएतापनि यो व्यवस्थाका कारण विक्रीकर्ताको उधारो उठाउन असहज हुने देखिएको छ । यसमा पुनरा

- चालुपुँजी कर्जा मार्गदर्शनमा उल्लेखित Variance Analysis गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेबाट लागु हुने गरी समयावधि थप गर्ने ।
- लघु, घरेलु, साना एवम् मझौला उद्यमको लागि तोकिएको रु. १ करोडको सीमालाई पुनरावलोकन गर्ने ।
- बैंक तथा वित्तीय संस्थाको निष्क्रिय सम्पत्ति तथा गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी (Asset Management Company) स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा गर्ने ।
- संस्थागत लगानीकर्ताहरुका लागि बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु.२० करोडको सीमा खारेज गर्ने ।
- नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेखि भएअनुसारः
  - बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गर्ने ।
  - वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिना धितो ऋण उपलब्ध गराउने व्यवस्था गर्ने ।
  - युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउन सहजीकरण गर्ने ।
- राहदानीवापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्ने ।
- ड्राफ्ट/टी.टी. तथा DAP को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा बृद्धि गर्ने ।

## स्थानीय आर्थिक विकास समिति

स्थानीय आर्थिक विकास समितिको दोश्रो बैठक मिति २०८१/०६/०२ मा महासंघ सचिवालयमा बस्यो । बैठकमा तीनै तहका सरकारहरुसंग समन्वय गरेर निजी क्षेत्रलाई काम गर्न सहज वातावरण निर्माणको लागि समितिले भूमिका निर्वाह गर्नुपर्ने र यसको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मन्त्रालयका सचिवज्यूसंग परामर्श गर्ने, नेपाल सरकारको वार्षिक बजेटमा स्थानीय निकायको लागि विनियोजित बजेटको प्रयोगको लागि निजी क्षेत्रका प्रतिनिधिहरुले नगरपालिका महासंघका पदाधिकारी एवं गाउपालिका अध्यक्षज्यूहरुसंग भेट गरी समन्वय गर्ने, जिल्लामा औद्योगीक क्षेत्र बनाउन पूर्वाधार निर्माणको लागि बजेट मार्फत जानुपर्ने, प्रत्येक गाउपालिका र नगरपालिकाका कृषि भण्डारण निर्माण गरिनुपर्ने, प्रत्येक जिल्लाको एउटा पहिचान विशिष्टिकृत गर्ने, नेपालको आर्थिक विकासको लागि निजी क्षेत्रलाई समेटेर अघि बढ्न नेपाल सरकारका मन्त्रालय एवं विभागका प्रमुखहरुलाई निजी क्षेत्रसंग परामर्श गर्नुपर्ने, बैठकबाट



पारित भएका निर्णयहरुलाई महासंघ मार्फत सम्बन्धित मन्त्रालयमा पठाउनु पर्ने, मन्त्रालय, विभाग तथा अन्य सम्बन्धित निकायहरुले स्थानीय आर्थिक विकासको क्षेत्रमा केही गर्नु चाहेमा समितिलाई सहयोग गर्न सकिने, उद्योगवाणिज्य संघहरुको क्षमता अभिवृद्धिका लागि कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका तालीमको व्यवस्था गरिनुपर्ने, वर्तमान अवस्थाको आवश्यकता अनुसार कस्ता किसिमका सीपको पहिचान गरी सोहीको सीपमूलक तालीमको लागि नगरपालिकाहरुसंग सम्झौता गरिनुपर्ने, स्थानीय स्तरमा उत्पादन भएका वस्तुको स्थिति, विक्री वितरण लगायत गत वर्ष एवं आगामी वर्षको अवस्थाको बारेमा खाका तयारी त्यस विषयमा सम्बन्धित निकायलाई जानकारी गराउनुपर्ने र त्यसको लागि महासंघले सवै जिल्लाहरुमा पत्रचार गरी सुझावहरु संकलन गर्न पर्ने लगायतका विषयमा छलफल भएको थियो ।

साथै वैठकमा स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि २०८९ सम्बन्धमा समितिका सदस्यहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय माननीय मन्त्रीज्यूसंग भेट गरी सुझाव पेश गर्ने निर्णय गरे बमोजिम मिति २०८१/०६/४ समितिका सदस्यहरुले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय माननीय मन्त्रीज्यूसंग भेट गरेको थियो ।

## महिला उद्यमी विकास समिति :



देशको आर्थिक क्रियाकलापको महत्वपूर्ण हिस्सा समेटेको महिला उद्यमशीलता क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धन गरी यो क्षेत्रको दायरालाई अझ फराकिलो बनाई मुलुकको अर्थतन्त्रमा अझ बढि योगदान पुऱ्याउनु पर्ने आजको आवश्यकता भएको वर्तमान परिप्रेक्ष्यमा समितिले यो क्षेत्रलाई गतिशीलता दिन नेपाल सरकारका सम्बन्धित निकाय, दातृ निकाय एवं अन्य सरोकारवाला निकायहरुको सहयोग, समन्वय एवं सहकार्यमा मुख्यतया नीतिगत विषय, क्षमता अभिबृद्धि, बजार प्रवर्द्धन लगायतका क्षेत्रहरुमा विभिन्न तालिम, गोष्ठी, मेला महोत्सव, सम्मेलन, अन्तरक्रिया, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका व्यवसायिक भ्रमण जस्ता कार्यक्रमहरु आयोजना गर्दै आएको छ, । साथै सरोकारवाला निकायहरुबाट आयोजित विभिन्न कार्यक्रमहरुमा प्रतिनिधित्व समेत गर्दै आएको छ ।



- महिला उद्यमी एवं लघु, घरेलु, साना तथा मझौला (MSMEs) उद्यमी व्यवसायीहरुको क्षमता अभिबृद्धिका लागि समितिका सभपाति श्री कमला श्रेष्ठको नेतृत्वमा १३ सदस्यीय प्रतिनिधी मण्डलले मिति २०८१ माघ ३ गतेदेखि ६ गतेसम्म थाल्याण्ड भ्रमण गरेको थियो । भ्रमणको क्रममा थाइल्याण्डस्थित थाइ चेम्बर अफ कमर्सका प्रतिनिधिहरुका साथै त्यहांका उद्योगी व्यवसायीहरुसंग बैंककमा व्यवसायिक भेटवार्ता गरेको थियो । भेटवार्तामा महिला उद्यमी एवं लघु, घरेलु, साना तथा मझौला उद्योग(MSMEs) सम्बन्धी द्विपक्षीय व्यवसायिक अभिबृद्धिका बारेमा छलफल भएको थियो । छलफलको क्रममा महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ साथै सभापति श्री कमला श्रेष्ठले नेपालमा लगानीको पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै लगानीका क्षेत्रहरुको पहिचान गरी लगानी गर्न आग्रह गर्नुभएको थियो ।
- नेपाली व्यवसायीहरुलाई स्वागत गर्दै थाई चेम्बरका बोर्ड अफ ट्रेड बञ्जरड चोल्भीजानले नेपाली महिला उद्यमी लगायत लघु, घरेलु साना तथा मझौला उद्यमीहरुको क्षमता अभिबृद्धिका लागि

गरिने सहकार्यमा थाई चेम्बर सकारात्मक रहेको बताउनु भएको थियो । सो अवसरमा थाइल्याण्डस्थित नेपाली दुतावासका डिप्युटी चिफ अफ मिशन श्री प्रकाश अधिकारीको पनि उपस्थिति रहेको थियो । प्रतिनिधी मण्डलमा महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ, कार्यकारिणी समितिका सदस्यहरु श्री नरेशलाल श्रेष्ठ, श्री किशोर आचार्य, श्री नरेन्द्र खड्का लगायत उद्योगी व्यवसायिहरुको सहभागिता रहेको थियो । पर्यटन, हर्वल, फर्निचर, कृषि, औषधि आदि क्षेत्रमा संलग्न उक्त प्रतिनिधी मण्डलले मिति २०८१ माघ ६ गतेदेखि ९ गतेसम्म विभिन्न व्यवसायिक अवसरहरुको खोजीमा मकाउमा समेत अवलोकन भ्रमण गरेको थियो ।





- समितिले नेपाली महिलाहरुको महान चाड तीजलाई लक्षित गरी समिति र भक्तपुर उद्योगवाणिज्य संघको सहकार्यमा मिति २०८१ भाद्र ११ गते भक्तपुरमा एक दिवसीय डिजिटन मार्केटिङ सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरेको थियो । भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठको प्रमुख आतिथ्यतामा उद्घाटन गरिएको उक्त कार्यक्रममा सभापति श्री कमला श्रेष्ठ, भक्तपुर उद्योगवाणिज्य संघका अध्यक्ष श्री रोशनी मैया धौबन्जा लगायतले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त तालिम कार्यक्रममा काठमाडौं उपत्यका भित्रका ६० जना महिला उद्यमीहरुको सक्रिय सहभागिता रहेको थियो ।



- नेपाल राष्ट्र बैंकले मिति २०८१ श्रावण २४ गते महिला उद्यमीहरुका लागि वित्तिय साक्षरताको आवश्यकता विषयमा काठमाडौंमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । महिलाद्वारा सञ्चालित उद्यमी व्यवसायिहरुसंग वित्तिय साक्षरताको आवश्यकता विषयमा सुझावहरु संकलन गर्ने उद्देश्यले आयोजना गरेको उक्त अन्तरक्रिया कार्यक्रममा समितिको समन्वयमा ४० जना महिला उद्यमीहरुको सहभागिता रहेको थियो । वित्तिय साक्षरताका विषयमा हाल भएको प्रावधानहरुबारे प्रस्तुतिकरण गरी अन्तरक्रिया गरिएको उक्त कार्यक्रममा सहभागिहरुबाट प्राप्त सुझावहरुलाई मध्यनजर गरी महिला उद्यमीहरुलाई कर्जा प्रवाहमा सहजता प्रदान गर्ने नेपाल राष्ट्र बैंकका अधिकारीहरुले बताएका थिए ।





- समितिले मिति २०८१ श्रावण २१ गते बाग्मती प्रदेश सरकारका मुख्य मन्त्री माननीय श्री बहादुर सिंह लामा (तामाङ) लाई भेटी मुख्य मन्त्री जस्तो गरिमामय पदमा चयन हुनुभएकोमा बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना प्रदान गऱ्यो । सोही अवसरमा महिला उद्यमीहरुका समसामयिक विषयमा छलफल भएको थियो । छलफलको

क्रममा माननीय मुख्य मन्त्रीज्यूले महिला उद्यमशीलताका क्षेत्रमा गरिने क्रियाकलापहरुमा प्रदेश सरकार महासंघसंग सहकार्य गरी अघि बढ्ने बताउनु भयो ।

- नेपाल उद्योगवाणिज्य महासंघले अन्तराष्ट्रिय श्रम संगठनको सहकार्यमा मिति २०८१ श्रावण १६ देखि १८ गतेसम्म कैलालीको धनगढीमा स्याहार अर्थतन्त्र (Care Economy) को सान्दर्भिकता विषयक तीनदिने तालिम कार्यक्रम आयोजना गरिएको थियो । नेपाल सरकारका प्रतिनिधि, निजी क्षेत्रका प्रतितिधिहरुका साथै सरोकारवाला निकायहरुका प्रतिनिधिहरु समेतको समुपस्थितिमा आयोजित उक्त कार्यक्रममा समितिका सभापति श्री कमला श्रेष्ठले प्रमुख आतिथ्यता ग्रहण गर्नु हुदै आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो । मन्तव्यको क्रमममा उहांले ठूलो हिस्सा अप्रत्यक्ष रुपमा आर्थिक क्रियाकलापसंग जोडिएको तर प्रत्यक्ष आर्थिक लाभ नभएको विषय भएकोले यस विषयमा अब सरकार र निजीक्षेत्र गम्भिर भएर आवश्यक कार्यविधि बनाई अगाडी बढ्नुपर्ने बताउनु हुंदै यसलाई सहजिकरण साथै आवश्यक सहयोग गर्न निजी क्षेत्र तयार रहेको बताउनु भएको थियो ।

- प्रतिनिधित्व गर्ने सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आयोजना गर्ने राष्ट्रपति महिला उद्यमी समुन्नती पुरस्कार वितरण कार्यक्रमका लागि सरोकारवाला निकायहरु सहितको समन्वय ईकाइमा महासंघको प्रतिनिधित्व रहेको छ, साथै उक्त कार्यका लागि विभिन्न मितिमा बसेको सो समन्वय इकाईको बैठकहरुमा महासंघका महानिर्देशक श्री गोकर्ण राज अवस्थीले प्रतिनिधित्व गर्दै आउनु भएको छ ।

- WOMEN ACT ले मिति २०८१ बैशाख २८ गते आयोजना गरेको "National Consultation on Marginalized Women Entrepreneurs and Micro, Small and Medium Enterprises (MSMEs)'s Access To Financial Services and Economic Opportunities" विषयक कार्यक्रममा समितिका उपसभापति श्री सरस्वती राईले प्रतिनिधित्व गर्नुभएको थियो ।

- यसैगरी UN ESCAP ले UN Women संग संयुक्त रुपमा आयोजना गरेको Review and Appraisal of the implementation of the Beijing Declaration and Plate for Action का लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार गरेको राष्ट्रिय प्रतिवेदन मस्यौदा सम्बन्धमा छलफल गर्न मिति २०८१ जेठ १ गते मन्त्रालयले आयोजना गरेको छलफल कार्यक्रममा समितिका सदस्य श्री सजना श्रेष्ठ र श्री भवानी देवकोटाको सहभागिता रहेको थियो । साथै उक्त मस्यौदा तथा CEDAW को List of Issues उपर छलफल गर्न मन्त्रालयले मिति २०८१ जेठ ९ गते आयोजना गरेको कार्यक्रममा समेत श्री भवानी देवकोटाको सहभागित रहेको थियो ।

- महासंघले आई.एल.ओ. को सहयोग एवं सहकार्यमा LDC Graduation पश्चात युरोपेली संघको विशेष ग्राह्ता प्रणाली (Generalized Scheme of Preference (GSP+) र International Labour Standards) सम्बन्धमा मिति २०८१ जेठ ९ गते आयोजना गरिएको प्राविधिक कार्यशालामा समितिका उपसभापति श्री सरस्वती राई, सदस्य श्री सजना श्रेष्ठ र सदस्य श्री गुडिया पौडेलको सहभागिता रहेको थियो ।

- नेपाल उद्योगवाणिज्य महासंघ, कोशी प्रदेशको महिला उद्यमी विकास समितिले मिति २०८१ जेठ २५ गते आयोजना गरेको राष्ट्रिय अर्थतन्त्रमा महिला उद्यमीले पुऱ्याएको योगदान विषयक अन्तरक्रिया कार्यक्रममा समितिका सदस्य श्री गुडिया पौडेलको सहभागित रहेको थियो । यसरी नै ललितपुर उद्योगवाणिज्य संघले ललितपुर महानगरपालिकाको सहयोगमा ललितपुर जिल्लामा उत्पादित टेक्सटाइल तथा गार्मेन्ट सामानहरुको बजार विस्तार एवं प्रबर्द्धन गर्ने अभिप्रायले मिति

२०८१ जेठ ३१ गते आयोजना गरेको फेसन अवलोकन कार्यक्रममा महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ लगायत समितिको प्रतिनिधित्व रहेको थियो ।

- महासंघका महिला उद्यमी विकास समितिका सभापति कमला श्रेष्ठको सौन्दर्य-क्रान्ति आत्मकथाको मिति २०८१ फागुन २७ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा विमोचन भएको थियो । विमोचन कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले आत्मनिर्भर अर्थतन्त्रका लागी उद्दमशीलताको विकास गर्नु पर्ने साथै देश विकासमा लागि पनि योगदान दिने उल्लेख गर्दै व्यवसायी कमला श्रेष्ठले उद्यमशीलता विकासका लागि अनुकरणीय काम गरेको बताउनु भयो । साथै उहांले सौन्दयकलालाई पेशा व्यवसाय मात्र नभई स्वास्थ्यको अभिन्न अंगमा रुपमा विकास गर्दै शैक्षिक पाठ्यक्रममा समेत समावेश गर्न कमला श्रेष्ठका ठूलो योगदान रहेको बताउनु भएको थियो । साथै उहांले अठोट सहितको निरन्तरताले सफलता दिन्छ भन्ने एउटा उदाहरणका रुपमा व्यवसायी कमला श्रेष्ठलाई लिन सकिने बताउँनु भएको थियो । महासंघ उपाध्यक्षद्वय हेमराज ढकाल ,ज्योस्ना श्रेष्ठ र महासंघका पूर्व उपाध्यक्ष भास्कर राज राजकर्णिकारले उहाँको पुस्तक नयाँ केही गर्नेहरुका लागि प्रेरणाको स्रोत भएको बताउनु भयो ।



## स्वास्थ्य तथा विपद् व्यवस्थापन समिति :

**एशियन डिजास्टर प्रिपियडनेस सेन्टरका प्रमुख महासंघ सचिवालयमा:**

नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष एवं स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका संयोजक श्री हेमराज ढकालज्यूको उपस्थिति एवं स्वास्थ्य तथा विपद व्यवस्थापनका सभापति, उपसभापति एवं सदस्यहरुको उपस्थितिमा मिति २०८१ बैशाख १० गते **एशियन डिजास्टर प्रिपियडनेस सेन्टर**का **(ADPC)** प्रमुख शालिनी शर्मालाई महासंघ सचिवालय टेकुमा स्वागत गरियो ।



सो अवसरमा महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले मानवीय सेवासंग प्रत्यक्ष जोडिएको कार्य नेपाल सरकारको पनि चासोको विषय भएकोले सरकार एवं दातृ निकायसंगको सहकार्यमा अगाडी बढ्न उपयुक्त हुने बताउनुभयो । उपाध्यक्ष ढकालले स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको उद्देश्य सम्पूर्ण मानव समुदायलाई प्रकोपबाट बचाउने तथा कोहि पनि जोखिममा पर्न नपरोस भन्ने भएकाले ADPC प्रमुख सालिनीलाई महासंघ र ADPC संगको दिर्घकालिन सहकार्य मार्फत जोखिम न्यूनिकरणको लागि पहल हुने किसिमको परियोजनाको लागि आग्रह गर्नुभयो ।

सोहि अवसरमा ADPC प्रमुख सालिनीले महासंघका पदाधिकारी एवं स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका पदाधिरीहरुसंग भेट गर्ने अवसर प्राप्त भएकोमा खुशी व्यक्त गर्दै आफु एवं आफ्नो संस्था पनि निजी क्षेत्रसंग सहकार्य गरेर अगाडी बढ्न इच्छा भएको बताउनुभयो । हाल नेपाल सरकार र

निजी क्षेत्रका केहि संघ संस्था संगको सहकार्यमा काम भैरहेकोले त्यसमा पनि सहकार्य गर्दै आगामी दिनमा अर्को काम FNCCI को सहकार्यमा गर्नको लागि Head Office मार्फत पहल गर्ने समेत जानकारी दिनुभयो ।

अन्त्यमा समितिका सभापति श्री भक्त हमालले महासंघ मार्फत समितिले विपदमा अग्रपंक्तीमा रहेर सरकारसंग हातेमालो गर्दै आएको बताउनुभयो । त्यसैगरी ADPC संगको सहकार्यमा विभिन्न किसिमको तालिम गोष्ठी सेमिनारहरुमा सहभागिता रहनुका साथै BCP Management सम्बन्धी विभिन्न प्रदेशमा एक दिवसीय कार्यशाला गोष्ठी समेत आयोजना गरिएको जानकारी गराउनु भयो । साथै आगामी दिनमा ADPC संगको सहकार्यमा सातै वटा प्रदेशमा BCP सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु आयोजना गरी उद्योगी व्यवसायीहरुको उद्योगधन्दा एवं व्यवसाय निरन्तरतामा टेवा पुऱ्याउने किसिमको सहकार्यको अपेक्षा गरेको बताउनुहुँदै आगामी दिनमा छिट्टै नयाँ किसिमको सहकार्यको लागि आग्रह गर्दै ADPC प्रमुखलाई धन्यवाद दिनुभयो ।

**एशियन डिजास्टर रेडिनेश फण्ड समिति मिटिङः**

स्वास्थ्य विपद तथा व्यवस्थापन समितिका सभापति श्री भक्त हमालले महासंघ मार्फत एशियन डिजास्टर रेडिनेश फण्ड समिति (ADRF) को भर्चुअल बैठकमा सहभागिता रह्यो । बैठकमा आगामी दिनमा सहकार्य गरेर काम गर्ने निर्णय भयो ।

**स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको समन्वयमा पशुपंछी औषधि व्यवसायी प्रतिनिधि मण्डलसंग भेटवार्ताः**



पशुपंछी औषधि व्यवसायिहरुको व्यवसायी मान्यता प्राप्त प्रमाण पत्रको लागि भएको परिक्षा सम्बन्धी समस्याको विषयमा स्वास्थ्य तथा विपत व्यवस्थापन समिति मार्फत महासंघलाई समन्वयव गरिदिन गरेको अनुरोधको विषयमा समितिका सभापति भक्त हमालज्यूको सभापतित्व नेपाल उद्योगवाणिज्य महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकालज्यूको उपस्थितिमा नेपाल पशुपंक्षी औषधि व्यवसायी संघका अध्यक्ष रितेश रिमालको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले २०८१ साउन २९ गते महासंघ सचिवालयमा भेटी पशुपंछी औषधि व्यवसायमा आवद्ध व्यवसायीहरूले व्यवसाय नविकरणमा उत्पन्न समस्या समाधानमा सहयोग गर्न आग्रह गरेका छन् । औषधि व्यवस्था विभागले पशुपंछी औषधि व्यवसायमा लागेका व्यवसायीहरुले अनिवार्यरूपमा पशु औषधि व्यवसायी मान्यता प्रमाण पत्रका लागि परिक्षामा उत्तीर्ण भएको प्रमाणपत्र पेश गरे पश्चात मात्र व्यवसाय नविकरण गर्ने प्रावधान रहेकाले व्यवसायीहरू समस्यामा परेका गुनासो प्रतिनिधि मण्डलको छ ।

यस अघि औषधि व्यवस्था विभाग र पशु सेवा विभागको संयुक्त आयोजनामा ३५ दिने पशु औषधि व्यवसायी तालीम दिई परिक्षा लिने गरिएको र सो परिक्षा उत्तीर्ण गरेका व्यवसायीलाई व्यवसायी मान्यता प्रमाण पत्र उपलब्ध गराउदै आएको थियो । तर विगतमा जस्तै २ वर्ष अगाडि देखि पशु औषधि व्यवसायी तालीमलिई बसेका तालीम प्राप्तव्यक्तिहरुलाई औषधि व्यवस्था विभागद्वारा पशुपंछी औषधि व्यवसायी मान्यता परिक्षाको काठमाडौं केन्द्रबाट परिक्षा दिएका ३५३ जना मध्ये अधिकांश अनुतीर्ण भई ४३ जना मात्र उत्तीर्ण भएका र अनुतीर्ण सबै वर्षौ देखि व्यवसाय संचालन गरिरहेका व्यवसायीभएकाले उक्त परिक्षा नै विभेदपूर्ण रहेको व्यवसायीहरुको गुनासो भएकाले सो सम्बन्धमा भएको यथार्तता मनन् गरि महासंघको तर्फबाट औषधी व्यवस्था विभागलाई समन्वय गरेर समस्या समाधानार्थ पहल गर्ने प्रतिबद्धता महासंघका उपाध्यक्ष हेमराज ढकालले व्यक्त गर्नु

भयो । सोहि बमोजिम सहजिकरणका लागि महासंघले औषधी व्यवस्था विभागमा पत्र सहित हाल व्यवसाय गरी रहेका सबै व्यवसायीलाई अनुभवका आधारमा स्वत:लाइसन्स नविकरण गरिनुपर्ने संघको मागमा यर्थातपरक भएको स्विकार गरि सम्बन्धित निकायमा पहल गरियो ।

भेटवार्तामा स्वास्थ्य तथा विपत व्यवस्थापन समितिका सह सभापति दीपक प्रसाद दहाल, सह सभापति एवं महासंघको कार्यकारिणी समितिका सदस्य रविन पुरी, कार्यकारिणी समितिका सदस्य नानिराज घिमिरे, पशुपति देव पाण्डे, समितिका सदस्य सुरेश घिमिरे को उपस्थिति रहेको थियो ।

**नेपाल पूर्व तयारी साझेदारी, राष्ट्रिय परामर्श कार्यशाला :**




एशियन डिजास्टर प्रिपियर्डनेश सेन्टर (ADPC) बाट नेपालमा कार्यान्वयन हुने एशीयाली साझेदारी (APP) तेस्रो चरणको परियोजना कार्यक्रम अन्तरगत राष्ट्रिय परामर्श गोष्ठी मिति २०८१ श्रावण २७ गते काठ्माडौंमा आयोजना भयो । उक्त कार्यक्रममा निजी क्षेत्रको तर्फबाट Reflection of phase 1 & 2 (APP) विषयमा महासंघको प्रस्तुति रहेको थियो ।

उक्त प्रस्तुतिमा महासंघले कोभिड-१९को महामारी, बाढी पहिरो पिडितलाई राहात, भुकम्पको समयमा पुऱ्याएको योगदान, विपद व्यवस्थापन सम्बन्धि संचालित प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम लगायत स्वास्थ्य तथा विपदको क्षेत्रमा महासंघले पुऱ्याएको योगदान एवं विगतमा गरेका गतिविधिहरु समितिका सभापति भक्त हमालले Power Point मार्फत प्रस्तुत गरिएको थियो ।

**Anticipatory Action for Business Continuity- An Urgent Initiative for Nepal:**

एशियाली पूर्व तयारी साझेदारी (APP) परियोजना अन्तरगत मिति २०८१ असार २७ गते काठ्माडौमा आयोजित Talk Program निजी क्षेत्रको तर्फबाट विपद जोखिम न्यूनीकरण र प्रतिकार्य सन्दर्भमा प्रस्तुति रहेको थियो । सो अवसरमा स्वास्थ्य तथा विपद व्यवस्थापनका सभापति भक्त हमालले प्रस्तुति दिनु भएको थियो ।



प्रकोप जोखिम न्यूनिकरण र व्यापार निरन्तरताको सन्दर्भमा पूर्वानुमानात्मक कार्यले पूर्वानुमान, प्रारम्भिक चेतावनी प्रणाली र सम्भावित विपद्को प्रभावलाई कम गर्ने हुनाले नेपाल जस्तो भूकम्पीय, बाढी पहिरो र मन्सुन सम्बन्धी जोखिमको उच्च स्थानमा रहेकोले गर्दा पूर्वानुमानात्मक कार्यले महत्वपूर्ण भूमिका खेल्ने कुरा प्रस्तुतिमा उल्लेख गरिएको थियो।

नेपालका व्यवसायीहरुले प्राकृतिक प्रकोप, अन्य अवरोधहरुको सामना गरिरहनुपर्ने र त्यसमा पनि बढ्दो वातावरणीय चुनौतिहरुको बीचमा नेपालमा अनुकुलन क्षमता निमार्ण गर्न र दिगो आर्थिक बृद्धि सुनिश्चित गर्न सरकारी निकायहरु, नागरिक समाज र अन्तराष्ट्रिय संस्थाहरु बीचको सहकार्य आवश्यक हुने लगायतका विषय निजी क्षेत्रको तर्फबाट सभापनि हमालले प्रस्तुत गर्नुभएको थियो ।

**नेपाल सरकार गृह मन्त्रालयद्वारा आयोजित विपद पूर्व तयारी बैठक :**

नेपाल सरकार गृह मन्त्रालयले माननीय गृह सचिवको अध्यक्षतामा विपद पूर्व तयारी बैठक आयोजना गरेर विपद पूर्व तयारीमा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योगवाणिज्य महासंघको सहकार्यको लागि आग्रह गरेको थियो ।

सो अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल सहित स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापतिको सहभागिता रहेको थियो । उक्त अवसरमा अध्यक्ष ढकालले जोखिमको

समयमा महासंघ सदैव अग्र स्थानमा रहेर सामाजिक दायित्व पुरा गर्ने गरेको बताउनुहुदै सरकार पछिको सबै  भन्दा ठूलो संजाल नेपाल उद्योगवाणिज्य महासंघको भएको र महासंघ सामाजिक उत्तरदायित्व सदैव तत्पर रहेको विश्वास दिलाउनुभयो ।

**<u>महासंघको वस्तुगत परिषद अन्तरगतको सेवा मुलक वस्तुगत संघहरुको पहिलो सेवा समूहको प्रथम बैठकः</u>**



नेउवामहासंघमा वस्तुगत परिषदको गत वर्ष विभिन्न क्षेत्रका वस्तुगत संघहरुलाई समूहगत रुपमा विभाजन गरेर व्यवसायीको समस्या समाधानमा पहल गर्ने उद्देश्यले विभिन्न समूह छुट्याएर काम गर्ने निणर्य बमोजिम पहिलो सेवा समूहको प्रथम बैठक मिति २०८१ भाद्र ८ गते महासंघ सचिवालयमा बस्यो ।

महासंघमा आबद्ध वस्तुगत संघहरु मध्ये १० वटा सेवा क्षेत्रका वस्तुगत संघहरुको समस्या सुक्ष्म रुपमा अध्ययन गरी समस्या समाधानार्थ सेवा समूह गठन भएको हो । उक्त समूहको संयोजन स्वास्थ्य तथा विपद व्यवस्थापनका सभापति भक्त हमालले गर्नु भएको छ ।

समूहले सेवा अन्तरगतका वस्तुगत संघहरुको सबै किसिमका समस्या समाधानमा पहल गर्ने छ । यस किसिमको  वस्तुगत भित्र पनि क्षेत्रगत रुपमा विभाजन गरी काम गर्दा समस्या समाधानमा थप प्रभावकारीता हुनुका साथै वस्तुगत क्षेत्रको कार्य दक्षतामा समेत निखार आई उत्साहजनक परिणाम आउने विश्वास समितिका सभापति हमालको रहेको छ ।

**<u>Early recovery Cluster र समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण विषयक बैठकः</u>**

२०८१ असोज १२ गते भएको भारी वर्षाबाट प्रभावितहरुको शीघ्र  सामाजिक आर्थिक पुनर लाभ, साझेदारहरुबाट उपलब्ध भएको सहयोगको जानकारी लगायतको विषयमा मन्त्रालयका सचिवको अध्यक्षतामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा बैठक २०८१ असोज १५ गते मंगलबार आयोजना गरिएको र उक्त बैठकमा महासंघको तर्फबाट सहभागिता रहेको र आफ्ना सहयोगका विषयमा जानकारी प्रस्तुत ।

**<u>विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यकारी समितिको २७ औं बैठकः</u>**

२०८१ कार्तिक १ गते गृह मन्त्रीज्यूको अध्यक्षतामा २०८१ असोज १० गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षाको कारण भएको क्षती र त्यसबाट भएको प्रभावितलाई राहत एवं व्यवस्थापन सम्बन्धमा बैठक आयोजना गरिएको उक्त बैठकमा महासंघको स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति भक्त हमाल सहभागि हुनुभयो र महासंघले पुऱ्याएको योगदान एवं आगामी योजनाको विषयमा जानकारी गराउनुभयो ।

**<u>Asian Preparedness Partnership (APP) Nepal Preparedness Partnership (NPP) National Steering committee को बैठक :</u>**




२०८१ कार्तिक २९ गते Asian Preparedness Partnership (APP) Nepal Preparedness Partnership (NPP) National Steering committee को बैठक सिंहदरबारमा आयोजना गरिएको उक्त बैठकमा स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति भक्त हमाल सहभागि हुनुभयो र महासंघको आगामी योजनाको विषयमा जानकारी गराउनुभयो ।

**Nepal Health Conclave -2024 Connecting Diaspora for Health care Strenthening:**
नेपाल सरकारद्वारा २०८१ पौष १२ गते Nepal Health Conclave -2024 Connecting Diaspora for Health care Strenthening विषयक Conclave होटल सोल्टीमा आयोजना गरेको थियो ।




उक्त कार्यक्रममा निजी क्षेत्रको धारणाको लागि आमन्त्रित गरिएको र उक्त कार्यक्रममा स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति भक्त हमाल प्यानलिष्टको रुपमा सहभागि हुनु भई महासंघले गरेको पहलका बारेमा धारणा राख्नुहुदै महासंघले FDI वा आन्तरिक लगानी बढाउने तर्फ सदैब पहल गरेको जानकारी गराउनुभयो ।

**औषधि विधेयक सम्बन्धमा सरोकारवाला संस्थाहरुको छलफल/अन्तरक्रियाः**



केमिकल एण्ड मेडिकल सप्लायर्स एसोसिएसन अफ नेपाल ( केमसन) ले मिति २०८१ पौष १४ गते आइतवार, ललितपुरमा औषधि ऐन २०३५ को मस्यौदा उपर सरोकारवाला संघ/संस्थाहरुको उपस्थितिमा छलफल अन्तरक्रिया आयोजना गरयो ।

नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालको समुपस्थितिमा केमसनका संघका अध्यक्ष एवं महासंघको कार्यकारिणी समितिका सदस्य एवं स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति भक्त बहादुर हमालको सभापतित्वमा कार्यक्रम भयो ।

छलफल अन्तरक्रिया कार्यक्रममा सौन्दर्यकला व्यवसायी संघका अध्यक्ष एवं महासंघको कार्यकारिणी समितिका सदस्य कमला श्रेष्ठ, औषधि उत्पादक संघका अध्यक्ष महेश प्रसाद प्रधान, एसोसिएसन अफ प्राइभेट मेडिकल डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा. ज्ञानेन्द्र मान सिं कार्की, नेपाल मेडिकल एसोसिएसनका अध्यक्ष डा. अनिल विक्रम कार्की, नेपाल आयुर्वेदिक औषधि उत्पादक संघका अध्यक्ष सुमन प्रसाद पाण्डे, नेपाल औषधि उत्पादक संघका पूर्व अध्यक्ष दिपक दाहाल,पदक खड्का, उमेशलाल श्रेष्ठ, शैलेश कँडेल, कानुन व्यवसायी लगायतको सहभागिता थियो ।

अन्तरक्रियामा नयां मस्यौदामा औषधिका अतिरिक्त सौन्दर्य प्रशासन सामग्रीहरुलाई समेत समेटिएको र निरीक्षण, अनुगमन लगायत सम्पूर्ण जिम्मेवारी औषधि व्यवस्था विभागलाई दिने गरी मस्यौदा आएकाले यस क्षेत्रको गम्भीर चासो राखिनु पर्ने लगायतका सुझावहरु सहभागीहरुबाट आएको थियो ।

## शिक्षा, सिप विकास र रोजगार समिति

### दोस्रो बैठकः

शिक्षा, सिप विकास र रोजगार समितिको दोस्रो बैठक मिति २०८१ भाद्र १३ मा सभापति गोपाल खनालको सभापतित्वमा बसेको थियो । समितिको दोस्रो बैठकमा तत्कालीन समयमा प्रतिनिधि सभामा बिचाराधिन विद्यालय शिक्षा विधेयकमा मा छलफल गर्नका साथै विद्यालय तहको शिक्षाको क्षेत्राधिकार स्थानीय तहलाई दिएको, १२ कक्षासम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्ने भनेको, जिल्ला शिक्षा कार्यालय ब्युताउने लगायत निजी विद्यालयहरु यो नयाँ ऐन आएको पाँच बर्षपछि नाफारहित गुठीमा जानुपर्ने, माध्यमिक तहमा अध्यापन गराउने शिक्षकले स्नातकोत्तर गरेकै हुनुपर्ने, प्रस्तावित बिधेयकले शिक्षा क्षेत्रमा रहेको निजी लगानीको असुरक्षा बढाउने, विद्यालय

शिक्षामा अराजकता निम्त्याउने जस्ता कुरा समावेस गर्न लागिएको भन्दै ऐन निर्माणका क्रममा सरोकारवाला निकायहरुसँग घनिभूत छलफल हुनपर्ने सम्बन्धमा महासंघलाई सुझाव दिएको थियो ।

बैठकमा सबैका तर्फबाट समितिका सल्लाहकार तथा हिसान सभापति रमेश सिलवालले तयार गरेर ल्याउनु भएको बिद्यालय शिक्षा बिधेयक संग सम्बन्धीत दफाहरुमा गहन छलफल भएको थियो । संसदमा विचाराधिन विद्यालय शिक्षा विधेयकमाथि छलफल गर्दै नेपाल उद्योगवाणिज्य महासंघ निजी क्षेत्रको छाता संगठन भएकाले बैठकले प्रस्तुत सुझावहरुलाई एकिकृत गरेर शिक्षा क्षेत्रमा महासंघको धारणा बनाउन र शिक्षामा निजी लगानीको सुरक्षा गरिनुपर्ने कुराको निष्कर्ष निकालेको थियो ।

समितिको दोस्रो बैठकमा महासंघ एसोसियट उपाध्यक्ष ज्योत्सना श्रेष्ठको पनि उपस्थिती रहेको र उहाँले शिक्षा क्षेत्रमा रहेको निजी लगानीको संरक्षणका लागि महासंघले नेतृत्वदायी भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

बैठकमा उपरोक्त बिषहरुमा धेरै नै छलफल भैसेपछि महासंघ कार्यसमिति सदस्य तथा शिक्षा, सिप तथा रोजगार समिति सभापति गोपाल खनालले संबिधानले नै नागरिकको सम्पतिको हक सुनिश्चित गरेकाले शिक्षा विधेयकमा अघि सारिएको व्यवस्था परिमार्जन हुनुपर्ने आफ्नो धारणा सहित छलफलमा प्रस्तुत सुझावहरु समितिले लिपिबद्ध गरी महासंघलाई बुझाउने प्रतिवद्धता गनरिएको थियो ।

**समितिका तर्फबाट मन्त्रालय एवम बिभाग अर्न्तगतका समितिहरुमा सहभागीताः**

- शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय अर्न्तगत बैज्ञानिक र प्राविधिक तथ्यांक संकलन, सूचक निर्माण सूचक तथा सूचककांक सर्वेक्षण र विश्लेषण प्रतिवेदन मस्यौदा समितिमा समितिका सभापति गोपाल खनाल महासंघबाट प्रतिनिधित्व गर्दै आउनु भएको ।
- २०८१ मंसिर १९ गते राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठान गठन नियमावली, २०८१ प्रारम्भिक मस्यौदा समितिमा महासंघका तर्फबाट शिक्षा, सिप विकास र रोजगार समितिका उपसभापती उपेन्द्र घिमिरे सहभागी हुनु भएको ।
- २०८१ मंसिर २६ गते राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठानले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रिको प्रमुख आतिथ्यतामा रोजगार प्रवर्द्धन गर्ने अभिप्रायले आयोजित बैठकमा महासंघका अध्यक्ष स्वयम उपस्थित भई आन्तरीक रोजगारी प्रवर्द्धका लागि सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्ने उपाए अर्न्तगत रोजगारी बजारको माग बिश्लेषण तथा रोस्टर व्यवस्थापन, रोजगारी मेलाहरु आयोजना, डाटाबेस निर्माण, अनुगमन र परामर्श, छरितो सिप परिक्षण, तालिम आवश्यकताको आवश्यकता, एकेडेमीया साझेदारी, लघुकालीन मागमूलक तालिम, प्रक्षिकहरु तयार पार्ने, प्रबिधि र डिजिटल शिक्षा, प्रमाणिकरण र मान्यता, सरकारी र निजी राझेदारी, अनुदान र प्रोत्साहन र अनुगमन र मूल्यांकन शिर्षकहरुमा लिखित सुझावहरु पेश गरिएको ।
- २०८१ मंसिर २५ गतेले बैदेशीक रोजगार बोर्डको सचिवालयद्धारा आयोजित ८९औं बैठकमा भाग लिनुभएको र सो बैठकले बोर्ड अर्न्तगतका समितिहरुको गठन, बैदेशिक रोजगार अभिमुखिकरणको व्यवस्थापन सम्बन्धमा प्रतिवेदन तयार गर्ने कार्यका लागि कार्यदल गठन, बिभिन्न नियोगहरुमा सुरक्षित गृह संचालनका लागि रकम उपलब्ध गराउने र आकस्मिक चक्रिय कोष स्थापना, कल्याणकारी कार्य व्यवस्थापन आदिमा छलफल तथा निर्णय गरेको ।
- २०८१ भाद्र ११ गते शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय अर्न्तगत मापदण्ड, गुणस्तर तथा तथ्यांक व्यवस्थापन महाशाखाको संयोजकत्वमा गठित औद्योगिक रेडियोग्रफी सम्बन्धी

उपकरणको मापदण्ड निर्माण समितिमा महासंघका तर्फबाट केन्द्रिय सदस्य तथा शिक्षा, सिप विकास र रोजगार समिति गोपाल खनालले प्रतिनिधित्व गर्दै आउनु भएको ।

- २०८१ श्रवण ०२ गतेका लागि बैदेशिक रोजगार बोर्डको सचिवालयले आयोजना गरेको ८६औ बैठकमा समिति सभापति गोपाल खनाल सहभागी भएको र सो बैठकले आ.व. २०८१/२०८२ को बजेट, नीति तथा कार्यक्रमका बारेमा समिक्षा गरेको बताईएको थियो ।
- २०८१ असार २० गतेका लागि बैदेशिक रोजगार बोर्डको सचिवालयले आयोजना गरेको ८५औ बैठकमा समिति सभापति गोपाल खनाल सहभागी भएको र सो बैठकले अघिल्ला बैठकको निर्णयको समिक्षाका साथै बिभिन्न नियोगबाट स्थानीय कर्मचारी र व्यवस्थापन सामाग्री सहयोग माग सम्बन्धमा छलफल गरेको वताईएको थियो ।

## सूचना तथा संचार प्रविधि विकास समिति

- राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउने सिलसिलामा गठित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बिभिन्न समिति / उपसमितिहरूमा समितिका सभापति लगायत सदस्यहरूको प्रतिनिधित्व भएको थियो ।
- समितिका उपसभापति तथा सदस्यहरूबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा भएको बिभिन्न कार्यशाला गोष्ठी तथा वैठहरूमा सहभागिता भएको थियो ।
- स्टार्टअप, आईटी र हाइग्रोथ इन्टरप्राइजेजसंग सम्बन्धित विद्यमान कानूनी, वित्तीय र कर प्रणालीसंग सम्बन्धित संरचनाहरूको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार पार्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको छलफल कार्यक्रममा राय सुझाव सहित उपसभापतिको सहभागिता रहेको थियो ।

# फोरम

## स्टार्ट अप एण्ड इनोभेसन फोरम

हिजोआज धेरैले बोल्ने शब्दहरुमा "स्टार्टअप" शब्द एक नम्बरमा पर्दछ । नेपालमा स्टार्टअपको कुरा बिगत २ दशक यताबाट हुँदै आएको भएतापनि पछिल्ला केही बर्ष देखी यसले चर्चा पाउदै आएको छ । अझ भन्नुपर्दा जब सरकारले स्टार्टअप उद्यम नीति ल्याउने र स्टार्टअप उद्यमको प्रवर्द्धनका लागि सरकारले बिना धितो कर्जा दिने घोषणा भयो तब देखी यसको चर्चा चुलिदै आएको छ । नयाँ तथा पुराना सबै उद्यमका लागी स्टार्टअप आवश्यकता बन्दै गईरहेको छ । तर सबैले स्टार्टअपलाई बुझेरै सम्बाद गरिरहेका छन् त भन्ने प्रश्नको कुनै उक्तर छैन । न यसको नेपालमा स्टार्टअप कति छन भन्ने कुनै अध्यायन भएको न त प्रचार प्रसार नै । स्टार्टअपका सम्बन्धमा सबैलाई बुझ्न र बुझाउन अत्यान्तै आवश्यक छ । यसका लागि नेपाल उद्योगवाणिज्य महासंघ, स्टर्टअप एण्ड ईन्नोभशन फोरमले धेरै कामहरु गर्दै आएको छ र आगामी दिनमा के गर्ने भन्ने बिषयमा योजनाहरु बनाउदै आएको छ । फोरमले बिगत १ बर्ष देखी गर्दै आएका र योजनामा रहेका कार्यक्रमहरु यसप्रकार बनाएको छन् ;

**मासिक बैठकहरु**

- **९ औं बैठकः** नेपाल उद्योगवाणिज्य महासंघ स्टार्टअप एण्ड ईन्नोभशन फोरम २०८१ सालको पहिलो तथा नियमीत बैठक (९औं बैठक) २०८० जेष्ठ १६ गते बुधबारका दिन सभापती श्री जूना माथेमाको सभापतित्वमा बसेको थियो । सो बैठकामा पहिला सभापतिज्यूले हालसम्म के के गरीयो त्यसको जानकारी गराउनु भयो (लगानी सम्मेलन २०८० मा स्टार्टअप फोरमका तर्फबाट Enhancing Nepal's Startup Climate and Ease of Doing Business मोडरेसन गरेको र त्यो महासंघ र फोरमका लागि एकदमै उपलब्धीमूलक रहेका, महासंघ र PUM नेदरलेण्डसको संयुक्त आयोजनामा ५ हप्ते Community Based Incubation अनलाईन तालिम सम्पन्न गरेको बैठकलाई जानकारी गराईएको थियो) ।
  तत्पश्चात ९औं बैठकका एजेण्डा प्रबेश गरिएको थियो । ९औं बैठकले स्टार्टअप उद्यम नीति, २०८१ ले अंगिकार गरेका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति बारे स्टार्टअपहरुलाई जानकारी प्रदान गर्ने गरी २०८० जेष्ठ मा महासंघमा नीति संबाद कार्यक्रम गर्ने निर्णय गरेको थियो । त्यसैगरी, बैठकले "स्टार्टअप नेशन २०३०" को तेस्रो सम्मेलन विश्व उद्यमशिलता दिवस २१ अगष्ट २०२४मा आयोजना गर्न गरेको स्टार्टअप नेशन २०३० कसोर्टिएमको निर्णयको बैठकले सर्वसम्मतीले स्विकृत गरेको थियो । बैठकको अन्तिमा बिबिध शिर्षकहरु जस्तै, NYEF स्टार्टअप अवार्डका बिजेतहरु (७ प्रतिष्ठान) का लागि कुनैपनि ऐन, नियम, बैक, बित्तिय जस्ता बिषयहरुमा बिज्ञ व्यवसायीबाट मेन्टोरीङ सेसन संचाल र business suport system का बिषयहरुमा अवधारणा तयार गर्ने काममा फोरम सदस्यद्धय श्री अनुभव श्रेष्ठ र श्री निश्चल सिंह भण्डारीलाई जिम्मेवारी दिने निर्णय गरिएको थियो ।
- **१० औं बैठकः**
  फोरमको दशौ बैठक सह-सभापती श्री रन्जिभ श्रेष्ठको सभापतीत्वमा २०८० असार ११ गते मंगलबार नेउवामहासंघमा बसेको थियो । बैठकको सुरुमा स्टार्टअप उद्यम नीति २०८१ ले अंगिकार गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आ.ब. २०८१/२०८२ को बजेट तथा कार्यक्रमका साथै मौद्रक नीति २०८१/२०८२ का लागि फोरमले महासंघ मार्फत सरकार समक्ष पेश गरेका बिषयहरु बारे समितिलाई जानकारी गराईएको थियो । यसको साथमा व्यवसायीक ईन्क्यूवेशन सेन्टर दिगो बनाउन महासंघको business support system अवधारणा, स्टार्टअप नीति, २०८० र कार्यक्रम तथा बजेटमा उल्लेख भए अनुसारको कार्यान्वयन सम्बन्धमा स्टार्टअपको धारणा, NYEF startup Award 2080 बाट पुरष्कृत उत्कृष्ट ७ उद्यमीलाई बिज्ञ मार्फत मेनटोरीङका लागि आवश्यक बिषयहरु समेटेर श्री निश्चल सिंह भण्डारी र अनुभव श्रेष्ठद्धारा प्रस्तुत अवधारणाहरु एपर अन्य सदस्यहरुले सुझावहरु दिएका थियो । बैठकमा सभापती श्री जूना माथेमाका ससुरा बुबा स्व. रविन्द्र भक्त श्रेष्ठको बैकुण्ठबासको कामना सहित हार्दिक श्रद्धान्जली व्यक्त गरिएको थियो ।
- **११औं बैठकः**
  त्यसैगरी, सभापती श्री जूना माथेमाको सभापतीत्वमा २०८१ श्रावण ०७ गते बसेको ११औ बैठकले मुख्यतया चारवटा बिषयहरुमा छलफल गरेको थियो । बैठकले सर्वप्रथम राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८१ ले अंगीकार गरेका राम्रा पक्ष र सुधार गर्न पर्ने बिषयमा १५ दिन भित्र सुझाव पेश गर्न समिति सदस्यहरुसंग अनुरोध गर्ने निर्णय गरेको थियो । त्यस्तै दोस्रो एजेण्डा, नेउवामहासंघ र नेपाल युवा उद्यमी फोरमका विच सहयोग र साझेदारी सम्बन्धमा फोरमले गत बर्ष आयोजना गरेको स्टार्टअप अवार्डबाट सम्मानीत स्टार्टअप उद्यमीहरुका लागि अवाश्यक बिषयमा महासंघले मेन्टोरी गर्ने भनिए अनुसार त्यसको अन्तिम अवधारणा पेश गर्न सदस्य श्री अनुभव श्रेष्ठलाई पुन अनुरोध गर्ने निर्णय गरेको । तेस्रो बिषय, नेपाल सरकार,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा ईन्क्यूवेशन संचालन कार्यबिधि २०८१ मस्यौदा तयार गरिरहदा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योगवाणिज्य महासंघले पनि यस प्रकारको कार्यबिधिको परिकल्पना स्वरुप स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले ईन्क्यूवेशन कार्यविधि निर्माण गर्ने सम्बनधमा फोरममा छलफल भै त्यसको दस्तववेजिकरणको जिम्मा फोरमका सदस्य निश्चल सिंह भण्डारीलाई दिईए अनुसार सो बिषयको अन्तिम मस्यौदा प्रस्तुत गरियो । प्रस्तुती संगै बैठकका सहभागीहरुले निजी क्षेत्रको भए पनि सरकारले बनाउने कार्यबिधि संग मेल खाएको हुन पर्ने, बिभिन्न क्षेत्रका व्यक्ति तथा प्रतिष्ठानबाट आएको खण्डा ईन्क्यूवेसन नेतृत्व कसको हुने त्यो समेत समबेस गरेर उक्त मस्यौदालाई अन्तिम रुप दिनका लागि पुनः निश्चल सिंह भण्डारीज्यूलाई नै जिम्मा दिने निर्णय भएको थियो । अन्तिम तथा चौथो एजेण्डा आगामी २०८१ भाद्र ५ र ६ मा आयोजना हुने तेस्रो स्टार्टअप नेशन २०३० सम्मेलन, सम्मेलनमा स्टार्टअप एण्ड ईन्नोभेसन फोरमका तर्फबाट नेतृत्व गर्ने, त्यसमा फोरमको सहयोगका बारेमा छलफल हुनका साथै त्यसको नेतृत्व सभापती जूना माथेमाले गर्ने निर्णय भयो । सो समयमा स्टार्टअप नेशन सम्मेलनका एजेण्डाका बिषयमा पनि छलफल गरिएको थियो । स्टार्टअप नीति र स्टार्टअप कर्जा संजालन कार्यबिधिले स्थान पाउन पर्नेमा केही सदस्यको धारणा थिया भने केहीले स्टार्टअपका मुद्दाहरुलाई प्रदेश तथा स्थानीय तहहरुमा पुऱ्याउने एजेण्डाहरुको पनि कुरा ल्याईएका थिए ।

- **१२ औं बैठकः**

  २०८१ भाद्र २४ मा बसेको फोरमको १२औ बैठकले स्टार्टअप नेशन २०३० सम्मेलन आयोजनाका उपलब्धिहरुका सम्बन्धमा छलफल गरेको र सम्मेलनले नव तथा सबै प्रकारका उद्यमीहरुमा सकरात्मक प्रभाव पारेको तथापी यसको प्रभावकारी पैरवीका लागि प्रदेशहरुमा स्टार्टअप कार्यक्रमहरु लानु पर्ने बिषयमा लामै छलफल भएको थियो । .प्रदेश तहहरुमा यस प्रकारका कार्यक्रमहरु फिजिकल्ली र भर्चुअल दुबै माध्ययबाट आयोजना गर्न सकिने र त्यसबाट स्टार्टअप, स्टार्टअप कर्जा, कर्जा नीति तथा कार्यबिधिका सबैलाई जानकारी मिल्नेमा सदस्यहरुको राय रहेको थियो । त्यसका लागि सम्पूर्ण सदस्यहरु मुलत जो प्रदेशहरुबाट फोरममा प्रतिनिधित्व गर्नु हुने कोशी, मधेश र सुदूरपश्चिम प्रदेश अर्न्तगतका फोरम सदस्यहरुलाई सम्मेलनका कार्यक्रमहरु बनाएर पठाउने अनुरोध गरिएको थियो भने दोस्रो एजेण्डामा स्टार्टअप उद्यम कर्जा संचालन कार्यबिधि २०८१ का प्रावधान र कर्जा प्रस्तावना माग भईसकेको अवस्थामा कर्जा आवेदन गर्न ईच्छुक नवउद्यमीहरुका लागि छलफल कार्यक्रम आयोजना गर्ने भनिएता पनि बैठकले मिति भने तय गर्न सकेको थिएन ।

- **१३ औं बैठकः**

  २०८१ कार्तिक १३ गतेको १३औ बैठकले मधेस प्रदेश उद्यम सम्मेलनको समिक्षा गर्दै सम्मेलनको आकर्षण google स्टार्टअपका प्रतिनिधिका कारण उक्त सम्मेलन महत्वपूर्ण उपलब्धिमूलक रहेको फोरमका सभापतिले सदस्यहरुलाई जनकारी गराईयो र नेक्सट कहाँ भन्ने बिषयमा छलफल हुँदा सुदूरपश्चिमबाट फोरममा प्रतिनिधित्व गर्ने आन्त्रित सदस्य श्री सुरेन्द्र बोहराले स्टार्टअप सुदूरपश्चिमका लागि महत्वपूर्ण रहेको तथापी उहाँको तर्फबाट अप्रिल २०२५ अगाडी सम्मेलन गर्न नसकिने बताए पछि बिकल्पमा कोशी प्रदेशसंग कुरा गर्न फोरम सभापतीलाई जिम्मा दिने निर्णय गरिएको थियो । त्यसै बैठकको अर्को एजेण्डा ०३ मंसिर २०२४ मा महासंघले आयोजना गर्ने "महासंघ ईन्नोभेशन सम्बाद" मा स्टार्टअप र ईन्नोभेशनको प्यानलमा को रहने र बिषय के हुने भन्ने छलफल भएको थियो । छलफलबाट प्यानलको moderate गर्ने र प्यानलमा उद्योगमन्त्रालयका उपसचिव बिमल बराललाई स्टार्टअप नीति, २०८०, औद्योगीक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशकलाई स्टार्टअप कर्जा,

ICT का तर्फबाट समितिका कुनै एक सदस्य र कुनै एक नवउद्यमीको स्टार्टअपलाई अनुभव बाँढ्न लगाउदा उपयुक्त हुने छलफल निष्कर्श निकालेको थियो ।

- **१४ औं बैठक:**

फोरमको १४औं बैठक सभापति जुना माथेमाको सभापतित्वमा (२०८१ माघ ०९ गते) नेउवामहासंघ बसको थियो । बैठकमा प्रादेशिक सम्मेलन सुदूरपश्चिम र कोशीमा आयोजना गर्ने विषय, कर छुट, अध्यादेशमार्फत संशोधित कानुनहरू लगायतका विषयमा छलफल गरियो । अन्तत फोरमका सबै सदस्यहरूले हालै संशोधित स्टार्टअप कानुन सम्बन्धी आवश्यक सुझावहरू FNCCI स्टार्टअपलाई पठाउने र प्राप्त सबै सुझावहरू कानुन विज्ञको सहयोगमा स्टार्टअप फोरमद्वारा अन्तिम रूप दिएर सबै सदस्यहरुले प्रतिनिधित्व गर्ने बैठक तथा सभाहरुमा बोल्न सक्ने गरी तयार गर्ने निणय भएको थियो । यसका लागि बैठकले स्टार्टअप कोशी अबको सम्मेलनका लागि उपयुक्त हुनेमा सबै सदस्यको एकमत रहेको थियो । स्टार्टअप प्रदेश सम्मेलनका अलावा बैठकले TAX Holiday का सम्बन्ध कानून बिज्ञ संग छलफल चलाउने, आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिबृद्धि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश मार्फत जारी अध्यादेश मध्येका बिदेशी विनिमय (नियमीत गर्ने) ऐन, २०१९ मा संशोधन श्रम ऐन, कम्पनी ऐन, २०६३, बिदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६ आदिको संसोधन र स्टार्टअप संग संबन्धित नीर्ति, नियम, कार्यबिधिकाहरुका लागि सुझावहरु तयार पार्ने सम्बन्धमा छलफल गरिएका थिए ।

- **स्टार्टअप नेशन २०३० सम्मेलन**

२०२४ को स्टार्टअप नेशनको आयोजना विश्व उद्यमशिलता दिवस २१ अगष्टमा सोल्टी होटल काठमाण्डौमा सम्पन्न भएको थियो । सम्मेलनका प्रमुख अतिथी प्रधानमन्त्री के. पी शर्मा ओलि हुनु हुन्थयो । प्रधानमन्त्रीले सम्मेलनलाई सम्बोधन गर्नका साथै स्टार्टअप कर्जा अनलाईन दर्खास्त पोर्टलको समेत उद्घाटन गरेका थिए । बिगत बर्षहरुमा भन्दा अलि फरक तरिकाले आयोजना गरीएको थियो । सम्मेलनमा प्रदेश स्टार्टअपहरुले प्रदेशको स्टार्टअपको अवस्था, चुनौती र अवसरका बारेमा तथ्यांक सहित आ-आफ्ना तर्फबाट सबै प्रस्तुती गराईएको थियो । सम्मेलनको आतिथीहरुमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रि, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि, नेपाल उद्योगवाणिज्य महासंघका अध्यक्ष आदिले गर्नु भएको थियो । सम्मेलनको मूल आयोजकहरुमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगीक व्यवसाय विकास प्रतिष्ठान, नेपाल उद्योगवाणिज्य महासंघ, KGH, ICIMOD, बिश्वबिद्यालय अनुदान आयोग रहेका थिए भने सहआयोजकमा ग्लोबल आई.एम.ई. बैंक लगाएत थिए । उक्त सम्मेलनले १० हजार उद्यम र १ लाखलाई रोजगारी भन्ने नारालाई निरन्तरता दिएको थियो ।

- **नीति सम्बाद:**

लामो प्रयासका बाबजुद नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०८१ जेष्ठ २ मा जारी **स्टार्टअप उद्यम नीति, २०८१** संबन्धमा जानकारी गराउने उद्देश्यले संचालीत नीति सम्बाद महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा समपन्न भएको थियो । प्रमुख अतिथीका तर्फबाट मन्तव्य राख्दै ढकालले अब स्टार्टअप बिस्तारमा यो नीति कोशेढुंगा साबित हुने बताउनु भएको थियो । उक्त सम्बादमा उपाध्यक्षद्धय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ, स्टार्टअप एण्ड ईन्नोभेशनका पूर्व सभापती रन्जित राज आचार्य, उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव बिमल प्रसाद बराल, औद्योगीक व्यवसाय

विकास प्रतिष्ठानका कार्यकारी निर्देशकले नीति माथि बसह चलाएका थिए । नीति सम्बाद फोरम सभापति जूना माथेमाको सभपतित्वमा सम्पन्न भएको थियो ।

- **स्टार्टअप मधेश २०२५-३५ सम्मेलन**

९ नोभेम्बर २०२४ मा स्टार्टअप मधेश सम्मेलन २०२५/२०३५ पर्साको बिरगंजमा आयोजना गरिएको थियो । सम्मेलनको नेतृत्व नेपाल उद्योगवाणिज्य महासंघ मधेश प्रदेश स्टार्टअप समितिले गरेको थियो । मधेश सरकारका मुख्यमन्त्रि सतिस कुमार सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न मधेश सम्मेलनका प्रमुख आकर्षण गुगल स्टार्टअपका सि.यि.यो. अपूर्व चमारिया थिए भने नेपाल उद्योगवाणिज्य महासंघका तर्फबाट उपाध्यक्ष हेमराज ढकाल, केन्द्रिय सदस्य स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका र अन्तराष्ट्रिय लगानी अफेर्यसका सभापतीद्वय जूना माथेमा र मनोज पौडेलले उपस्थितीका साथै स्टातर्टअप कार्यशाला र प्यानलका माध्यामबाट स्टार्टअप र लगानीका बारेमा सम्मेलनका सहभागी सामू आफ्नो प्रस्तुती दिनुभएको थियो । सम्मेलनमा करिव ४०० जनाको उपस्थिती रहेको थियो ।

- **महासंघ स्टार्टअप नेशनल नेटवर्कको स्थापना**

मिति २०८० मंसिर २० मा बसेको स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको ५औं बैठकको निर्णय अनुसार स्थापीत महासंघ स्टार्टअप नेशनल नेटवर्कले निरन्तरता पाईरहेको छ । अहिलेसम्म ७ प्रदेश उद्योगवाणिज्य महासंघ, ३९ जिल्ला उद्योगवाणिज्य संघ, १३ बस्तुगत संघ, १६ नेपाल युवा उद्यमी फोरम, १८ स्टार्टअप फोरम सदस्य र केही स्टार्टअप व्यवसायहरु यस संजालमा जोडिईसकेका छन् । यस **महासंघ स्टार्टअप नेशनल (वाट्सयाप) संजाल**ले स्टार्टअप एवम नव उद्यमका बारेमा देश तथा बिदेशमा भए गरेका उपलब्धि तथा बिशेष गतिविधिहरुका बारेमा संजालमा संप्रेशण एवम सुसूचित गराउदै आएको छ ।

- **निजि क्षेत्र ईन्क्यूवेशन संचालन कार्यबिधि**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा ईन्क्यूवेशन संचालन कार्यबिधि २०८१ मस्यौदा तयार गरिरहदा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योगवाणिज्य महासंघले पनि यस प्रकारको कार्यबिधिको परिकल्पना स्वरुप महासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले ईन्क्यूवेशन कार्यविधि निर्माण गर्ने सम्बनधमा फोरममा छलफल भै त्यसको दस्तववेजिकरणको जिम्मा फोरमका सदस्य निश्चल सिंह भण्डारीलाई जिम्मा दिएको र कुन उहाँबाट पहिलो खाका फोरमको ११औं बैठकमा प्रस्तुत भै समितिले सुझाव दिए अनुसारको कार्यबिधिलाई अन्तिमरुप दिने काम हुँदैगरेको ।

- **समुदायमा आधारीत ईन्क्यूवेशन भर्चुअल तालिम**

स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको उद्यमशिलता ईकोसिस्टममा क्षमता अभिबृद्धिका कार्यक्रम देशै भरि संचालन गर्ने रणनीति अर्न्तगत PUM नेदरल्याण्डसको सहयोग महासंघका सातै प्रदेशहरुसंगको सहकार्यमा फोरमले मिति २०८० चैत्र १४ गते ५ हप्ते "उद्यमशिलता ईकोसिस्टका लागि समुदायमा आधारीत ईक्यूवेशन" तालिम संचालन भै रहेको छ । सो तालिमका लागि देशै भरिबाट नवउद्यमी, स्टार्टअप, नेपाल युवा उद्यमी मञ्च, शैक्षिक क्षेत्र, नेपाल महिला उद्यमी संघ - कोशी आदी सहभागीताका लागि अनुरोध आएकोभएता पनि तालिमको मर्यादा र दायराका कारण ७५ को मात्रै दर्ता स्विकृत भएर तालिम संचालन हुदै आएको छ ।

- **अन्य बैठक तथा छलफलहरुमा फोरम सभापती र सदस्यहरुको प्रतिनिधित्व यस प्रकार रहेको छः**
  - उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा अयोजित स्टार्टअप उद्यम कर्जा संचालन कार्यबिधि २०८१ का बारेमा छलफला ।
  - २०८१ अषाढ २४ गते उद्यम प्रर्वद्धन (ईन्क्यूवेशन) संचालन कार्यबिधि २०८१ का सम्बन्धमा फोरम सदस्यहरु बिच छलफल तथा सरकारलाई सुझाव प्रस्तुत ।
  - स्टार्टअप एण्ड ईन्नोवेशन फोरम उपसभापती र ICT समिति सदस्यबाट Platform Economy का बिषयमा श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालयमा मिति २०८१ श्रावण ३१ मा सहभागी भएको
  - अर्थमन्त्रालय अर्न्तगतको उद्यमशिलता, स्टार्टअप तथा सूचना प्रबिधिलाई अर्थतन्त्रको सम्बाहक क्षेत्रका स्थापनार्थ नीतिगत, कानूनि तथा संस्थागत सुधारका सम्बन्धमा अध्ययन गर्न गठित अध्ययन समितिका लागि महासंघका तर्फबाट सिफारीश हुनुभएका स्टार्टअप तथा ईन्नोवेशन २०८१ श्रावण १५ गते मन्त्रलयबाट नियुक्त भएको पत्र आएसंगै यसको पहिलो बैठकमा उपस्थित भएको ।
  - २०८१ श्रावण २,४,७,८ गते स्टार्टअप नेशन २०३० २०८१ भाद्र ५ र ६ मा संचालन गर्ने सम्बन्धमा गठित नेशन टास्कफोर्सका नियमीत तथा फण्ड रेजिङ्ग बैठकहरुमा सहभागी हुनका साथै महासंघका तर्फबाट आफ्ना एजेण्डाहरुलाई समावेश गर्न निरन्तर पहल गरिदै आईएको ।
  - मिति २०८१ श्रावण १४ गते उद्योगमन्त्री समक्ष स्टार्टअप नेशन २०३० का सम्बधमा ब्रिफिङ्ग ।
  - २०८१ भाद्र ७ मा स्टार्टअप नेशन २०३० कन्सोर्टियमका बिच औद्योगीक व्यवसाय विकास प्रतिष्ठानमा डिब्रिफिङ्ग बैठक गरिएको र सो बैठकले सम्मेलनको रिभ्यू तथा आगामी रणनीतिका वारेमा छलफल भएको थियो ।
  - २०८१ भाद्र १३ गते जलवायु नवप्रवर्तन Her Award का लागि FCA's किकअफ बैठकमा सभापति सहभागी भएको ।
  - २०८१ भाद्र २५ का दिन सभापति द्धारा नेपालमा कृषि, साना, मझौला उद्यमको स्थिति, अवसर र चुनौती सम्बन्धी कार्यशालामा जानुभएको ।
  - २०८१ भाद्र २५ IEDI द्धारा आयोजित स्टार्टअप उद्यम कर्जा २०८० का सम्बन्धमा आयोजित बैठकमा सभापतिले भाग लिनुभएको ।
  - २०८१ भाद्र २७ मा FCA जलवायु नवप्रवर्तनका लागि Her Award को जुरि फोरम सभापति सदस्य बन्नु भएको ।
  - २०८१ असोज १६ का दिन फोरम सभापतिले अर्थ मन्त्रालयका सचिव संग भेट गरी स्टार्टअप प्रवर्द्धनका थप कार्यक्रमका बारेमा कुराकानी गरेको ।
  - २०८१ असोज २१ मा नेपालको स्टार्टअप ईकोसिस्टमका सम्बन्धमा महासंघका तर्फबाट ADB का प्रतिनिधिहरु बिच उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रस्तुति दिएको ।
  - २०८१ कार्तिक १० गते महासंघका अध्यक्ष र नेपालका लागि GIZ बोर्ड सदस्य Throsten Schafer-Gumbel बीच महासंघमा भएको बैठकमा सभापतिज्यू सहभागी हुनुभएको ।

- २०८१ कार्तिक १० मा सेन्टर फर ईन्नोभेटिभ गभर्नेन्स प्राक्टिस र ईन्स्टिच्युट अफ लोकल गाभर्नेन्सले संयुक्त रुपमा आयोजना गरेको "नेपालमा ईन्नोभेशन र स्टार्टअपका लागि वातावरण बिषयक शिर्षकमा सभापति प्यानलीष्ट भै आफ्नो बिचार राखेको ।
- २०८१ मंसिर ३ गते नेपाल उद्योगवाणिज्य महासंघले आयोजना गरेको महासंघ नवप्रवर्तन सम्बाद (FNCCI Innovation Dialogue) अर्न्तगत स्टार्टअप नवप्रवर्तन संबाद पनि रहेको र प्यानलीष्टहरु IEDI ले स्टार्टअप कर्जा, MOLESS ले स्टार्टअप नीति, ICT ले IT स्टार्टअपका बारेमा बोलेका थिए । सो प्यानलको मोडरेसन सभापती जूना माथेमाले गर्नु भएको थियो ।
- २०८१ पौष ४ का दिन दायित्व र गर्भनेन्स ल्याबको कार्यक्रममा सभापतिले नेसनल गभर्नेन्स सिम्पोजियम २०२४ मा "ग्रामीण नेपालमा विकास उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन" का बारे बोल्नु भएको ।
- २०८१ पौष १२ मा NYEF स्टार्टअप अवाड्र्स २०२४ शीर्ष ७ उद्यम छनौट कार्यक्रममा सभापति मुख्य टिप्पणी कर्ता रहनु भएको ।
- २०८१ पौष २६ गते NYEF स्टार्टअप अवाड्र्स कार्यक्रममा सहभागी भएर पुरस्कार हस्तान्तरण गरेको ।
- २०८१ पौष २७ गते सभापतीज्यू संयुक्त व्यापार मञ्च (जेबिएफ) का सदस्य तथा नेपाल तथा भारतका सरकारी अधिकारीहरूसँगको अन्तरक्रिया बैठक भाग लिनुभएको ।
- २०८१ माघ १० मा IEDI ले आयोजना गरेको स्टार्टअप नेशन २०३० योजना बैठकमा सभापतीले भाग लिनुभएको ।
- भारतमा अप्रिलमा आयोजना हुने स्टार्टअप महाकुम्भका बारेमा भारतीय दूतावासका श्री सुमन शेखरसँग सभापतीज्यूले भेटवार्ता गर्नु भएको ।
- २०८१ माघ १८ मा सभापतीज्यूले बिराट एक्सपो २०२५ को रुपमा "नवप्रवर्तन ईकोसिस्टम सिनर्जी" बिषयमा प्रस्तुती दिनु भएको । सोही अवसरमा स्टार्टअप कोशी सम्मेलन आयोजना गर्ने सम्बन्धमा नेउवामहासंघ कोशी च्याप्टरका कार्यकारी निर्देशक, कोशी च्यापटर स्टार्टअप एण्ड ईन्नोभेशन समिति संयोजक र केही नेपाली युवा नब उद्यमी फोरमका सदस्यहरु संग महासंघ प्रदेश च्याप्टरमा भेटघाट तथा छलफल गरिएको ।

- **आगामी योजनाः**
  - स्टार्टअप कोशी प्रदेश सम्मेलन आयोजना ।
  - स्टार्टअप नीति र यसलाई प्रभाव पार्ने अन्य ऐन तथा कार्यबिधिहरुमा आवश्यक सुझावहरु तयार पार्ने ।
  - आ.ब. २०८२/२०८३ को बजेट तथा कार्यक्रमका लागि सुझावहरु तयार पार्ने ।
  - स्टार्टअप एण्ड ईन्नोभेशन फोरम सहितका अन्य ईच्छुक समितिहरुसंगको सहकार्यमा स्टार्टअप अन्तराष्ट्रिय अवलोकनका लागि तयारी थाल्ने ।
  - स्टार्टअप नीति सम्बादहरु संचालन गर्दै जाने ।
  - महासंघमा ईन्क्युबेसन केन्द्रको स्थापनार्थ पहल गर्ने ।
  -

## पूंजीबजार फोरम

- धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम ५ (१) मा भएको व्यवस्थाले प्रति धितोपत्र कारोबार मूल्य उच्च भएका कम्पनीहरुको धितोपत्र कारोबार गर्न ठूलो धनराशी आवश्यक पर्ने हुंदा शेयर खरिद बिक्री हुन नसकी लामो समयसम्म लगानीकर्ताको लगानी स्थिर बसेको हुंदा यस्ता उच्च मूल्य भएका शेयरको अडलटमा कारोबार गर्ने व्यवस्थाका लागि महासंघमा अनुरोध भैआएको हुंदा सो सम्बन्धमा आवश्यक सहजीकरण गरिदिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई अनुरोध गरिएको ।
- नेपाल धितोपत्र बोर्डले २०८१ कार्तिक १३ मा आयोजना गरेको Workshop on Green and other Labelled Bonds and ESG Disclosures मा फोरमका सभापति शैलेन्द्र गुरागाईं सहित अन्य सदस्यहरुको समेत सहभागिता रहेको थियो ।
- Thematic Bond Issuance को लागि तयार भएका प्रतिवेदनमा रायसुझाव सहित छलफल गर्न अर्थ मन्त्रालयबाट अनुरोध भै आएकोमा महासंघबाट कार्यकारिणी समिति सदस्य अम्बिका प्रसाद पौडेलले सहभागिता जनाउनु भएको थियो ।

## खेलकुद तथा मनोरन्जन फोरमः

- फागुपूर्णिमा/होली पर्वको अवसरमा महासंघको खेलकुद तथा मनोञ्जन फोरमको पहलमा महासंघले मिति २०८१ फागुन २९ गते फागु विशेष शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गसम्पन्न गरेको छ । कार्यक्रममा शुभकामना व्यक्त गर्दै महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले वसन्त ऋतुको आगमनसंगै आउने फागु पर्व आपसी मेलमिलाप र सद्भावनाको पर्व रहेको उल्लेख गर्नु भयो । त्यसैगरी महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक मुलुक नेपालमा चाड पर्वहरुले आम नेपालीलाई एक सुत्रमा बाध्ने गरेको उल्लेख गर्दै फागु पूर्णिमाको शुभकामना व्यक्त गर्नुभयो ।



- महासंघको खेलकुद तथा मनोरञ्जन फोरमका सभापति अध्यक्ष हरि बहादुर कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासंघका एशोसिएट उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, वस्तुगत परिषद्का पदाधिकारी, निर्यात प्रवर्द्धन समितिका सभापति नरेशलाल श्रेष्ठ, स्थल यातायात तथा पारवहन समितिका सभापति शिव प्रसाद घिमिरे लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको भयो । कार्यक्रममा फोरमका पदाधिकारी, सदस्यहरु एवं तथा अन्य उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।


अभियान

## कृषि उद्यम केन्द्र

- कृषि उद्यम केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संयुक्त आयोजनामा कृषि उद्यमीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ३ दिने तालिम २०८१ बैशाख २६ देखि २८ सम्म भक्तपुर, बोडेमा सम्पन्न भयो ।

  अगुवा कृषक, व्यवसायी र उद्यमीहरुको सहभागिता रहेको सो तालिममा झापा, मोरङ्ग, धनुषा, नुवाकोट, चितवन, गोरखा, कपिलवस्तु, प्यूठान, लम्जुङ्ग, स्याङ्गजा, दाङ्ग, बाँके, सुर्खेत, रुपन्देही र नवलपरासी पूर्वका गरि २७ जनाको सहभागिता रहेको सो कार्यक्रमको समापन गर्दै नेपाल उद्योगवाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले तालिमबाट क्षमता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास राख्दै आगामी कार्यक्रमहरुमा पुनः सहकार्यको लागि अनुरोध गर्नु भयो ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट कृषि ऐन ल्याउन तयार गरिएको कृषि विधेयक मस्यौदा २०८० को बारेमा कृषिसंग सम्बन्धीत सरोकारवालाहरुको बीचमा नेपाल उद्योगवाणिज्य महासंघ, कृषि उद्यम केन्द्रमा २०८१ जेठ १ गते सरोकारवालाहरु संग छलफल कार्यक्रमको आयोजना गरि मस्यौदामा उल्लेख गरिएको विषयवस्तु, प्रस्तावित प्रावधान, नसमेटिएको क्षेत्र, थप हुनु पर्ने विषयमा गहन रुपमा छलफल गरि विधेयकलाई नेपालको कृषि क्षेत्रको विकासको लागि सम्मानजनक आकर्षक एंव प्रतिस्पर्धी पेशाका रुपमा रुपान्तरणको लागि सरोकारवालाहरु बाट सुझाव प्राप्त ।

- नेपाल वीउ तथा मल परियोजनाको फिल्ड अनुगमन कृषि उद्यम केन्द्रका सहसभापति श्री राज कुमार कार्की, बोर्ड सदस्य श्री मनोज चापागांईले २०८१ जेठ १६ देखि २० सम्म बांके, बर्दिया, दाङ्ग र कपिलवस्तु जिल्लामा संचालन कार्यक्रमको अनुगमन ।

- आ.व. २०८१।८२ को प्रस्तुत बजेटमा चामल, दाल गहुं आदिमा लागु गरेको अग्रिम आयकर फिर्ताको माग गर्दै २०८१ जेठ २३ मा उद्योगी व्यवसायीहरुको पत्रकार सम्मेलनमा कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले सहभागी भई चामल तथा गेडागुडीमा लगाइएको अग्रिम करले व्यवसायीहरुको व्यवसाय मात्र नभई सर्वसाधारण व्यक्तिहरुको भान्छामा समेत यसको प्रत्यक्ष असर पर्ने देखिएकोले यसलाई सरकारबाट तत्कालै फिर्ता लिनु पर्ने धारणा राखेको ।

- २०८१ जेठ २४ मा कृषि उद्यम केन्द्र र कोन्जयोसम गाउंपालिका, ललितपुर बीचमा कृषि क्षेत्रको विकासको लागि सम्झदारी पत्रमा हस्ताक्षर । अन्य पालिकाहरु संग पनि समझदारीको लागि कार्य अगाडि बढाइएको ।

- ग्रामीण उद्यम तथा विप्रेषण समृद्धि आयोजनाको एज्ञ्च ञ्ष्ककष्यल तभक संग २०८१ जेठ २७ गते आयोजनाको उपलब्धीहरुको बारेमा कृषि उद्यम केन्द्रमा छलफल सम्पन्न ।

- २०८१ जेठ ३१ गते नेपाल वीउ तथा मल परियोजना संचालन भएको बांके, बर्दिया, दाङ्ग र कपिलवस्तु, कैलाली र कंचनपुरको उद्यमी, कृषकहरुलाई विहार राज्यको गुलावबाग मकै(मक्का) बजारको अवलोकन भ्रमण गराइएको सो भ्रमणमा कृषक, उद्यमी, नेपाल सरकारका प्रतिनिधीहरु, परियोजनाका कर्मचारीहरु र विभिन्न सरोकारवाला सहित २५ जनाको सहभागिता रहेकोमा टोलीले भारतको विहार राज्यको सबै भन्दा बढी मकै उत्पादन हुने क्षेत्रको भ्रमण, बजार अवलोकन र बजारीकरण बारेमा व्यवसायीहरुसंग अन्तरक्रिया गरिनुका साथै सुचना आदन प्रदान गरिएको थियो भने भ्रमणको नेतृत्व कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले गर्नु भएको ।

- २१ असार, २०८१ मा नेपाल सरकारबाट जारी हुन गइरहेको कृषि विधेयकमा समावेश गराउने उद्देश्यले सरोकारवालाहरु बाट प्राप्त सुझावहरुलाई एकिकृत गरि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवद्धय डा. दीपक कुमार खराल(कृषि विकास) र डा. राजेन्द्र प्रसाद मिश्र( पशुपन्छी विकास)को समउपस्थितिमा मन्त्रालयलाई सुझाव पत्र हस्तान्तरण ।
- ३ श्रावण २०८१ मा माननीय श्री रामनाथ अधिकारी कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई कृषि उद्यम केन्द्रको तर्फबाट बधाई तथा सफल कार्यकालको शुभकामना सहित कृषि क्षेत्रको विकासको लागि केन्द्रको तर्फबाट सुझाव पत्र सभापति श्री डिबी बस्नेतबाट हस्तान्तरण ।
- ५ श्रावण, २०८१ मा कृषि उद्यम केन्द्रको प्राविधिक सहयोगमा नेपाल सुनचांदी व्यवसायी महासंघको संस्थागत क्षमता स्वःमुल्यांकन गर्ने कार्य बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले गर्नु भयो ।
- दुवईको World Trade Center ले आयोजना गर्न गइरहेको अन्तराष्ट्रिय मेलामा सहभागिता र संम्भावित वस्तुहरुको छनौटको बारेमा १८ श्रावण, २०८१ मा मेला तयारी बैठक सभापति श्री डिबी बस्नेतको अध्यक्षतामा बसी नोभेम्बर १८ देखि २० सम्म दुवईमा आयोजना हुन गइरहेको सो मेलामा FAO Nepal ले १० वटा स्टलको भाडा तिर्ने र अन्य खर्च सहभागिहरुले राख्ने शर्तमा अलैची,चिया,जडिबुटी, डेरी, अदुवा, मह, छुर्पी,हस्तकला र रुद्राक्षय गरि ३० जना सरोकारवालाहरुले सहभागिता जनाउने र ती वस्तुहरुको प्रचार प्रसार,प्रवर्द्धन र बजारीकरण गर्नको लागि मेलामा ल्भउर्बा एबखर्षबितष्यल स्टल राख्ने निर्णय ।
- कृषि उद्यम केन्द्र र नेपाल वीउ तथा मल परियोजनाको संयुक्त आयोजनामा सुदुरपश्मिान्चल र लुम्बिनी प्रदेशमा श्रावण २१ र २३ गते कृषि व्यवसायमा आवद्ध लघु तथा मझौला उद्यमीहरुको अवस्था अवसर एंव चुनौती विषयक प्रदेश स्तरिय गोष्ठीमा सहभागिता जनाउदै सुदुरपश्मिान्चल प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बीर बहादुर थापाले स्थानीय स्तरमा उत्पादित कृषि उत्पादनहरुको प्रवर्द्धन गर्न र उत्पादक कृषकका साथै लघु साना तथा मझौला उद्यमीहरुलाई सहयोग गरी कृषि क्षेत्रको विकास र यसको रुपान्तरण गर्न प्रदेश सरकार तयार रहेको बताउनु भयो ।

  कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले कृषिमा आवद्ध व्यवसायीहरुको हक अधिकार सुनिश्चित गर्न र नेपाल अधिराज्य भर कृषिको व्यवसायीकरणमा केन्द्रले जोड दिने बताउनु भएको सो कार्यक्रममा ६५ जनाको सहभागिता ।
- International Food Policy Reseach Institute (IFPRI) ले २०२४ को Global Food Policy बारेमा ८ र ९ अगष्ट, २०२४ मा दक्षिण एशियाली क्षेत्रको खाद्य नीति र हालको अवस्थाको बारेमा प्रतिवेदन सार्वजनिक तथा Food enviorments and markets in south asia कार्यक्रमको एभलबष्कित को रुपमा कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतको सहभागीता ।
- कृषि उद्यम केन्द्रको तरकारी तथा फलफूल बजार प्रवर्द्धन संयोजन उपसमितिको पहिलो बैठक मिति २०८१ साउन २८ मा संयोजक श्री झलक लाल श्रेष्ठको अध्यक्षतामा बैठक सम्पन्न ।
- कृषि उद्यम केन्द्र र काठमाडौ विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (KUSOM) बीच भविष्यमा सहकार्य गर्न सकिने क्षेत्रहरुको पहिचान गर्ने उद्देश्यले २९ श्रावण, २०८१ मा कार्यक्रम बारेमा भावी कार्यक्रमको बारेमा छलफल ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयका भुतपूर्व सचिव तथा Food and Agricultural Organization of United Nations, Senior Agricultural Officer(Plant Protection) का

डा. युवकध्वज जिसी र कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतको बीचमा २०८१ श्रावण ३१ गते कृषि उद्यम केन्द्रमा भेटघाट ।

- १७. कृषि उद्यम केन्द्रको संमन्वयमा काभ्रे उद्योगवाणिज्य संघको आयोजनामा संस्थागत क्षमता स्वः मुल्यांकन तथा रणनैतिक योजना तर्जुमा कार्यशाला गोष्ठी थुम्की रिसोर्ट, बलथली, काभ्रेमा २०८१ श्रावण ३२ गते सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै उपाध्यक्ष श्री सुरकृष्ण बैद्यले संघको मुल्यांकनबाट पाइएको कमी कमजोरीलाई आत्मसाथ गरि भावी योजना तयार गर्न निर्देशन दिनु भएको संघको संस्थागत क्षमता मुल्यांकन बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले गर्नु भयो ।
- १८. कृषि उद्यम केन्द्र र नेपाल बीउ तथा मल परियोजनाको संयुक्त आयोजनामा २०८१ भाद्रको १० र ११ गते **"नेपालमा लघु,साना तथा मझौला कृषि उद्यमहरुको स्थिति,अवसर र चुनौती"** विषयक राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

प्रमुख अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीले सरकारले २०८१ देखि २०९१ को अवधिलाई कृषि लगानी दशकको रुपमा घोषणा गरेको स्मरण गराउदै कृषि उपजको आयातलाई शुन्यमा झारी निर्यात बढाउन सरकारले लगानी दशक घोषणा गरेको बताउदै केहि हदसम्म आयात बन्द गर्न सकियो भने यो नै सरकारको ठूलो उपलब्धि हुने बताउनु हुदै नीजि क्षेत्रको सहयोग विना यो कार्य सम्भव नभएकोले हातेमालो गर्न आव्हान गर्नु भयो ।




माननीय श्री कुसम देबी थापा, सभापति, कृषि,सहकारी तथा प्राकृतिक श्रोत समितिले नीतिमा के कस्तो संशोधनको आवश्यक छ सो बारेमा छलफल गर्न समितिमा आउन आमान्त्रण गर्नु भयो ।

महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले नेपालको कृषि अझै पनि निर्वाहमुखीकै अवस्थामा रहेको चर्चा गर्दै अव नेपालको कृषिलाई मोर्डन फामिङ्गको लागि नमुना देशहरुको भ्रमण गर्न जाने वातावरण बनाउन सरकारलाई अनुरोध गर्नु भयो ।

महासंघका बरिष्ठ उपाध्यक्ष श्री अन्जान श्रेष्ठले ऋण लिदा २० औ ठाउंमा हस्ताक्षर गर्नु पर्ने अवस्थालाई सरलीकरण गर्दै जानु पर्ने र बैकहरुले कृषि क्षेत्रलाई प्राथमिकता नराखि घर जग्गा र गाडी किन्नेलाई मात्र ध्यान दिनु राम्रो नभएको बताउनु भयो ।

उपाध्यक्ष श्री हेम राज ढकालले MSEMs को महत्व बुझेर अन्य देशले यसलाई प्राथमिकता दिएको पाइएकोले नेपालको अर्थतन्त्रलाई टेवा दिने भरपर्दो क्षेत्रको रुपमा विकास हुनु सुखत कुरा रहेको बताउनु भयो ।

उपाध्यक्ष श्री जोत्सना श्रेष्ठले MSEMs कुल ग्राहस्थ उत्पादनमा राम्रो योगदान रहनुका साथै स्थानीय स्तरमा रोजगारी सृजना र महिला सशक्तिकरणमा राम्रो छाप छोडन सफल भएकोले यसलाई सरकारले प्राथमिकतामा राखेर अगाडि बढनु पर्ने सुझाव दिनु भयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले देशका सबै तहका सरकार बीच कृषिको व्यवसायीकरण र यसलाई उद्योगसंग जोडने विषयमा समान धारणा र सही नीतिको आवश्यकता माथि जोड दिनु भएको सो कार्यशाला गोष्ठीमा नेपाल सरकारका विशिष्ट श्रेणीका राष्ट्र सेवक, विभिन्न जिल्लाबाट १४० जना सरोकारवालाहरु र कृषि उद्यम केन्द्रका बोर्ड सदस्यहरु श्री प्रल्हाद दाहाल, खोज प्रसाद कटुवाल, झलक लाल श्रेष्ठ, खिम बहादुर हमाल, अर्जुन कुमार श्रेष्ठ, बिरेन्द्र कुमार शाह, कृष्ण भक्त श्रेष्ठ, विश्व कुमार चन्दको सहभागिता ।

- कृषि उद्यम केन्द्र र नेपाल डेरी एशोसिएसनको संयुक्त आयोजनामा **"वर्तमान अवस्थामा दुग्ध क्षेत्रमा देखिएका समस्या र समाधान"** विषक छलफल कार्यक्रमको २०८१ असोज ९ गते आयोजना गरियो ।

प्रमुख अतिथि नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले नेपालमा धान पछिको तेश्रो दुग्ध व्यवसाय रहेकोमा हाल यसमा देखिएको समस्याको कारण व्यवसायीहरुलाई निकै समस्या रहेकोले यसको समाधानको लागि सबै सरोकारवालाहरुको विचमा छलफल गरि निकास निकाल्ने तर्फ लाग्नु पर्ने धारणा राख्नु भयो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव श्री राजेन्द्र प्रसाद मिश्रले आजको प्रतिस्पर्धात्मक समयमा दुग्ध व्यवसायीहरुले उत्पादन लागत घटाउनु पर्ने, गुणस्तरिय उत्पादनमा जोड दिई, विदेशी आयाति बस्तुलाई प्रतिस्थापन गर्ने तर्फ लाग्न सुझाव दिनका साथै सरकार व्यवसायीको समस्या समाधान तर्फ लाग्न तयार रहेको बताउनु भयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले दुग्ध क्षेत्रमा देखिएको समस्याको पहिचान गरि समाधानको लागि केन्द्रले पहल गरि नीतिगत समस्याको हलको लागि सरकारको ध्यानकर्षण गरिएको धारणा राख्नु भयो ।

नेपाल डेरी एसोसिएसनका अध्यक्ष तथा कृषि उद्यम केन्द्रका बोर्ड सदस्य श्री प्रल्हाद दाहालले विगत २२ बर्ष देखि उठेको समस्याको समाधानको लागि सम्बन्धीत निकायको ध्यान नगएको, हाल अझ दुग्ध व्यवसायीहरुको जटिल समस्या रहेको बताउनु ।

एशियाली विकास बैक मिसन टिम र सरोकारवालाहरु बीचमा Regional Capacity for Laboratory या food to meet Sanitary and Phytosanitary Requirment बारेमा कृषि उद्यम केन्द्रमा २०८१ आश्विन १८ मा मिसन टिम र सरोकारवालाहरु बीचमा छलफल कार्यक्रममा सभापति श्री डिबी बस्नेतले आधुनिक र भरपर्दो ल्यावको स्थापना नभएकोले नेपालको वस्तुको निर्यातमा समस्या देखिएकोले नीजि क्षेत्रलाई सहयोगी हुने भरपर्दो ल्याव स्थापनाको लागि मिसन टिमले सुझाव दिन अनुरोध गर्नु भयो ।

मिसन टिमका श्री सोनाम तोकवले नेपाल,बंगलादेश, भुटान र भारतको बीचमा व्यापार सहज रुपमा गर्न सहयोग गर्ने लक्ष्यका साथ वस्तुको परिक्षण गर्न आधुनिक ल्यावको आवश्यकतालाई मध्यनजर राखि प्राप्त सुझावहरुलाई एकिकृत गरि प्रतिवेदनमा समावेश गरि कार्यान्वयनमा लान सिफारिस गरिने जानकारी गराईएको सो छलफल कार्यक्रममा विभिन्न सरोकारवाला, मिसन टिम र कृषि उद्यम केन्द्रका गरि ११ जनाको सहभागिता ।

- आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन भई जोड दिने नेपाल सरकारको नीति अनुसार २०८१ मंसिर ६ गते नेपाल दुतावास अबुधावीमा निर्यात प्रबर्द्धन बारे वृहत छलफल तथा अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरियो ।

  निर्यात व्यापारलाई प्रबर्द्धन गर्दै नेपाल र युएई बीचको व्यापारिक सम्बन्धलाई अभिवृद्धिका लागि दुतावास सक्रिय रुपमा लाग्ने र आर्थिक कुटनीतिका माध्यमबाट नेपालको समृद्धि हासिल गर्ने कार्यमा सक्दो योगदान गर्न आफू प्रतिवद्ध रहेको United Arab Emirates(UAE) का लागि नेपालका राजदुत श्री तेज बहादुर क्षेत्रीले बताउनु भयो ।

  छलफल कार्यक्रममा कृषि उद्यम केन्द्र सभापति श्री डि.बी.बस्नेतले आयातलाई प्रतिस्थापन गर्न सकिने बस्तुको पहिचान गरि त्यसलाई प्रचार, प्रसार द्वद्द्य र बजारीकरणमा आवश्यक सहयोग गर्ने उद्देश्यले मेलामा नेपाली उद्यमीहरुलाई सहभागिता गराइएको बताउनु भयो ।

- कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी. बस्नेतको नेतृत्वमा अलैची चिया काफी जडिबुटी, मह, डेरी हस्तकला र रुद्राक्षका ३३ जना प्रतिनिधिहरु United Arab Emirates(UAE) दुवईमा आयोजना भएको मध्यपूर्व अर्गानिक एक्स्पोमा सहभागिता जनाई २०८१ मंसीर ९ स्वदेश फिर्ता सो भ्रमण टोली कृषि उदम केन्द्रका सभापति श्री डिबी बस्नेतको नेतृत्वमा गएको ।

- नेपाल उद्योगवाणिज्य महासंघ/कृषि उद्यम केन्द्रले USAID Trade & Competiveness संगको सहकार्यबाट नेपालमा **अदुवा निर्यातको लागि मस्यौदा मानक** तयारीको लागि १८ मंसीर, २०८१ मा कृषि उद्यम केन्द्रमा अदुवासंग सम्बन्धित सरोकारवालाहरुसंग नयां बन्ने मानकको विषयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो ।



  कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले बन्न गइरहेको मानक बाट बढदो व्यापार घाटालाई कम गर्न सहयोग पुग्ने देखिएकोले परियोजनाको उद्देश्यलाई मात्र प्रगति देखाउने भन्दा निर्यातको लागि सहयोगी बन्ने मानक तयारी गर्न निर्देशन दिनु भएको सो छलफल कार्यक्रममा अदुवासंग सम्बन्धित उद्यमी, व्यवसायी, कृषक आदि गरि २२ जना सहभागीता रहेको ।

- कृषि तथा वन विश्वविद्यालय चितवन भरतपुरले आयोजना गरेको International Conference on Agricultural Transformation for Sustainable food system(ICAT 2025) २०८१ माघ २१ मा सम्पन्न भएको Leverageing Public-Private Partnership(PPPs) for Innovation,Technology,and Investment in Building Sustainable food system विषयमा कृषि उद्यम केन्द्रको तर्फबाट सभापति श्री डिबी बस्नेतले एभलबष्कित को रुपमा सहभागिता ।

- कृषि उद्यम केन्द्र र विश्व बैकका टोली बीच भावी दिनमा के कस्तो सहकार्य गर्न सकिन्छ भन्ने बारेमा केन्द्रको सचिवालयमा छलफल गरियो ।

  कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले कृषि क्षेत्रको विकास र नीतिगत बहस पैरवी र परियोजना कार्यान्वयन गरि कृषक,उद्यमी, व्यवसायी र सरोकारवालाहरुको व्यवसाय प्रवर्द्धन गर्ने कार्यमा केन्द्र निरन्तर लागि रहेको बताउनु भएको सो कार्यक्रममा नेउवामहासंघ Start UP &

Innovation Forum सभापति श्री जुना माथेमा, कृषि उद्यम केन्द्रका बोर्ड सदस्य श्री सुनिता न्यहेमाफुकी,

बैकका परामर्शदाता श्री पूर्ण बहादुर क्षेत्री र का.वा. प्रमुख कार्यकारी अधिकृत श्री दिपेन्द्र कुमार जोशीले धारणा राखेको ।

- महासंघका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरुले प्रतिनिधि सभाका संघिय सांसदहरु संग भेटघाट गरि अब बन्ने ऐन, कानून, नीति,नियम आदि व्यवसायी मैत्री बन्नु पर्ने बारेमा सांसदहरुको ध्यानकर्षण कार्यक्रममा सभापति श्री डिबी बस्नेतको सहभागिता ।
- FNCCI/AEC र FAO Nepal को बीचमा Letter of Exchange (LoE) हस्ताक्षर गर्ने प्रक्रियामा रहेको ।
- कृषि उद्यम केन्द्र र काठमाडौ विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट बीच सम्झौता अनुसार उवासंघहरुको क्षमता विकास, सचिवालय सुद्धढीकरण, व्यवसाय प्रवर्द्धन आदि कार्यमा आवश्यक सहयोग गर्ने उद्देश्यले कोशी प्रदेशको भोजपुर उद्योगवाणिज्य संघ र गण्डकी प्रदेशको म्याग्दी उद्योगवाणिज्य संघ छनौट भएकोले २ हप्ताको लागि Rural Enterprise Service(RES) परियोजना मार्फत विद्यार्थीहरु सो उवासंघहरुमा गई सचिवालय व्यवस्थापन, व्यवसाय प्रवर्द्धन, लेखा, वस्तुको ब्रान्डिग,बजार र बजारीकरण बारेमा अभिमुखीकरण गर्ने कार्य सम्पन्न भएकोमा यस बर्ष पुनः रामेछाप, संखुवासभा र गोरखा उवासंघहरु छनौट भई विद्यार्थीहरु माथि उल्लेख गरिएको कार्य सम्पन्न गर्न फागुनको पहिलो हप्ता त्यस तर्फ जाने कार्यक्रम रहेको ।
- एक गाउं एक उत्पादन (OVOP) कार्यक्रमलाई पुनः स्थानीय निकाय मार्फत संचालन गर्ने उद्देश्यले साझेदारीमा (OVOP) कार्यक्रम संचालन अवधारणा र कार्यान्वयन निर्देशिका मस्यौदा तयार गरि उवासंघमा पठाउने कार्य सम्पन्न ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तराष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र(इसिमोड) को आयोजनमा एक दिने आंप सम्बन्धी विचार गोष्ठीमा कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतको सहभागिता ।
- नेपाल चीन फेन्डसिप फोरमले आयोजना गरेको Transforming Agriculture Session III छलफल कार्यक्रममा सभापति श्री डिबी बस्नेतको सहभागिता ।
- नेपाल उद्योगवाणिज्य महासंघका उपाध्यक्ष श्री सुरकृष्ण बैद्यको नेतृत्वमा मधेश प्रदेशको उवासंघहरुले जारि गरिएको Certificate of Origin को समस्या,चुनौती र समाधानका बारेमा स्थलगत रुपमा अध्ययन र अवलोकन गर्न बारा, पर्सा आदि जिल्लामा भ्रमणमा सभापति श्री डिबी बस्नेतको समेत सहभागिता ।
- कृषि उद्यम केन्द्रको सहयोगमा स्थानीय निकायसंग सहकार्यको लागि विगतमा उर्लावारी र खोटाङ्ग र हाल जुम्ला र संखुवासभा उद्योगवाणिज्य संघको लागि अवधारणा तयार गरिएको ।
- विभिन्न आयोजना, मन्त्रालय, विभागको स्टेरिङ्ग बैठकमा कृषि उद्यम केन्द्रको तर्फबाट सभापति, बोर्ड सदस्यहरु र सचिवालय कर्मचारीहरुले सहभागीता जनाई सुझावहरु प्रदान ।

**कृषि उद्यम केन्द्रको आयोजनामा सम्पन्न भएका कार्यक्रमहरुको तस्विरहरु :**

















# आ.व २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन

**S.R. PANDEY & CO.**
**Chartered Accountants**
**Member HLB International**

2nd Floor, House No. 2979/33,
Nabil Galli, Maharajgunj
P.O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983
Website: www.srp.com.np
E-mail: info@srp.com.np

# नेपाल उद्योग वाणिज्य महासंघका
# सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## कैफियत सहितको मन्तव्य

हामीले नेपाल उद्योग वाणिज्य महासंघ (यस पछि महासंघ भनिएको) को यसै साथै संलग्न २०८१ अषाढ ३१ ( ई.सं जूलाई १५, २०२४) को वासलात, सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको आय व्यय विवरण हिसाब र प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम् जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु तथा कैफियत सहितको मन्तव्यको लागि आधार अनुच्छेदको विषयवस्तुको प्रभावको वर्णन बाहेक माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा महासंघको मिति २०८१ अषाढ ३१ को वासलात, सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको आय व्यय विवरण हिसाब र प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरुले सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजाको यथार्थ चित्रण गरेको छ र सो वित्तिय विवरणहरु, लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीमा उल्लेख गरिएको लेखानीति बमोजिम तयार गरिएको छ ।

## कैफियत सहितको मन्तव्यको लागि आधार

महासंघ मार्फत सञ्चालित कृषि उद्दम केन्द्रको एकिकृत वासलात तथा आय व्यय विवरणहरु लेखापरिक्षण प्रतिवेदनमा कैफियत सहितको मन्तव्य उल्लेख गरिएको तथा महासंघको प्रदेश स्तरिय कार्यालयहरुको वित्तीय विवरण महासंघको वित्तीय विवरणमा समावेश नगरिएको र सो विषयको प्रभाव महासंघको एकिकृत वित्तीय विवरणहरुमा उल्लेखनीय भएको हुनाले महासंघको लेखापरिक्षणको रायमा परिमार्जन गरिएको छ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "लेखापरीक्षकको वित्तीय विवरणको लेखापरीक्षणमा उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द हयाण्ड बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी महासंघ सगँ स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## वित्तीय विवरण र उक्त विवरण उपर लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

अन्य जानकारी तयारीको लागी महासंघको कार्यसमिति जिम्मेवार रहेको छ । वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षण प्रतिवेदन बाहेक अन्य जानकारी अन्तर्गत महासंघको कार्यसमितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन समावेश गरिएको हुन्छ ।

वित्तीय विवरण उपर हाम्रो मन्तव्यमा अन्य जानकारी समावेश गरिएको छैन र उक्त जानकारी उपर हामी कुनै पनि आश्वस्त निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरण उपर हाम्रो लेखापरीक्षण सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी रहेको हुन्छ र त्यसो गर्दा हामीले उक्त जानकारीहरु वित्तीय विवरणसगँ वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग वा अन्यथा सारभूत रुपमा असंगत देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।

यदि, हामीले गरेको लेखापरीक्षणको आधारमा, उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत रहेको निर्ष्कष रहेमा हामीले उक्त तथ्यको जानकारी गराउनु पर्दछ । हामीसगँ यस सम्बन्धमा जानकारी गराउन पर्ने केहि नरहेको ।



S.R. Pandey & Co., Chartered Accountants is an independent member firm of HLB International.
HLB International is a global network of independent advisory and accounting firms.

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

प्रचलित वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी कार्यसमितिमा रहेको छ।

वित्तीय विवरण तयार गर्दा कार्यसमितिलाई महासंघ विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, महासंघ निरन्तर सञ्चालन हुने क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महासंघको कार्यसमितिमा रहेको छ।

महासंघको कार्यसमिति महासंघको वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको समेत लागी जिम्मेवार रहेको छ।

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रूटीरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधै पहिचान हुन्छ भन्ने आश्वस्त्ता रहँदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको कममा हामी व्यवसायीक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौ। कमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।

- महासंघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने महासंघको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मुल्याङ्कन गर्दछौं।

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसगँ सम्बन्धित सारभूत अनिश्चितताको कारणले महासंघको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्षमा लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापि भविष्यका घटना तथा अवस्थाहरुले महासंघ अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत महासंघको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराँउदछौं।



S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) महासंघले आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरित कार्य गरेको पाएनौ ।

(ख) महासंघको कृषि उद्दम केन्द्र मार्फत सञ्चालित परियोजनाहरुमा आयकर ऐन, २०५८ को परिच्छेद १७ को आशिंक मात्र पालना गरेको पायौं ।

निमित्त : एस्. आर. पाण्डे एण्ड को. ,
चार्टर्ड एकाउन्टेन्ट्स

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

सुदर्शन राज पाण्डे, एफ.सी.ए.
वरिष्ठ साझेदार

स्थान : काठमाडौं
मिति : २०८१।०८।२८
युडिन : 241217CA000313PNE9

## नेपाल उद्योग वाणिज्य महासंघ
### २०८१ आषाढ मसान्तको वासलात

| पूंजी तथा दायित्वः | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| कोष तथा बचत | | | |
| पूंजी कोष | १.१ | १७,०८३,५५१।८४ | १६,९५८,५५१।८४ |
| बचत हिसाब | १.२ | १०९,८१९,९४५।७५ | १४९,५८०,८०५।९९ |
| अन्य कोष | १.३ | ३०,६७७,६४२।१३ | २५,६१५,९१९।४६ |
| चालू दायित्व तथा व्यवस्था | २ | २३३,१७७,७६८।५४ | २२८,९७२,२५८।२७ |
| परियोजनाहरुको दायित्व | २.१ | १०१,०६२,१९९।०३ | ९८,९३९,३५५।२३ |
| | | **४९१,८२१,१०७।२९** | **५२०,०६६,८९०।७९** |
| **सम्पत्ति तथा जायजेथा:** | | | |
| अचल सम्पत्ति | ३ | ८९,६६३,५२५।९७ | ९४,१५५,२८५।७६ |
| अनुदानमा प्राप्त सम्पत्ति | ४ | ९,०४७,००५।६१ | ९,३१२,९१७।९४ |
| गोल्ड पिन | | १७७,८१२।५० | १७७,८१२।५० |
| लगानी | ५ | २१०,९००,०००।०० | २२७,५५८,५३२।१९ |
| लिन बांकी, पेश्की तथा धरौटी हिसाब | ६ | ६६,०१०,४२९।८३ | ६२,५५०,६३९।३० |
| बैंक तथा नगद मौज्दात | ७ | १४,९६०,१३४।४९ | २७,३७२,३४७।१० |
| परियोजनाहरुको सम्पत्ती | ८ | १०१,०६२,१९९।०३ | ९८,९३९,३५६।०० |
| | | **४९१,८२१,१०७।२९** | **५२०,०६६,८९०।७९** |

**नोटः अनुसूची १ देखी १० सम्म यस वित्तिय विवरणको अभिन्न अंग हो ।**

(का.स. सदस्य तर्फबाट)    (कोषाध्यक्ष)    (अध्यक्ष)

सि.ए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मुख्य वित्त अधिकृत    (महानिर्देशक)

## नेपाल उद्योग वाणिज्य महासंघ
## आर्थिक वर्ष २०८०/०८१ को आय/व्यय हिसाब

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| आम्दानी: | | | |
| सदस्यता शुल्क | ८.१ | ८,६९०,०००.०० | ८७,०५३,९९५.०० |
| ब्याज आम्दानी | ८.२ | १९,०८४,४६२.६९ | १६,७५९,६१४.२६ |
| उत्पत्तिको प्रमाण पत्र आय | ८.३ | २२,२७९,५०१.१२ | १८,६४१,८८८.६७ |
| अन्य आम्दानी | ८.४ | २,६३३,९९८.८६ | ३,२१२,६२८.३५ |
| कार्यक्रम आय | ८.५ | ४९,३९०,६९३.१० | ४०,०९३,६१२.५२ |
| बीमा प्राप्त | | २,५५४,२८२.०० | - |
| जम्मा | | १०४,६३२,९३७.७७ | १६५,७६१,७३८.८० |
| **खर्च:** | | | |
| संस्थापन खर्च | ९.१ | ६९,८१८,८८४.५७ | ७७,१४०,०७७.८८ |
| गैन्ह संस्थापन खर्च | ९.२ | ३,८७४,११५.५४ | ३,६२२,९८२.२८ |
| कार्यक्रम खर्च | ८.५ | ५१,००९,५९४.६६ | ४१,६८३,९६६.०३ |
| बिबिध खर्च | ९.३ | ५,२६८,५८९.७९ | ५,६७३,५७३.५६ |
| आयकर खर्च | ९.४ | - | ७,९२२,५०२.१६ |
| कर्मचारी बीमा प्रिमियम खर्च | | २,५५४,२८२.०० | - |
| प्रदेश उद्योग वाणिज्य संघ खर्च | | ११,८६८,३३१.४५ | ८,४००,०००.०० |
| जम्मा खर्च | | १४४,३९३,७९८.०१ | १४४,४४३,१०१.९१ |
| व्यय भन्दा बढी आय वासलातमा सारिएको | | (३९,७६०,८६०.२४) | २१,३१८,६३६.८९ |

| नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतका परियोजनाहरु | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी:** | | | |
| कृषि उद्यम केन्द्र र सा मार्फत सञ्चालित परियोजनाहरुको आय | | ३८,३१९,२८६.३८ | ३९,६७४,३९०.०० |
| | | ३८,३१९,२८६.३८ | ३९,६७४,३९०.०० |
| **खर्च:** | | | |
| कृषि उद्यम केन्द्र र सा मार्फत सञ्चालित परियोजनाहरुको खर्च | | ३१,२१८,७०५.७० | ३९,६७४,३९०.०० |
| | | ३१,२१८,७०५.७० | ३९,६७४,३९०.०० |
| परियोजनाहरुको खुद आय (व्यय) | | ७,१००,५८०.६८ | - |

**नोट: अनुसूची १ देखी १० सम्म यस वित्तिय विवरणको अभिन्न अंग हो ।**

(का.स. सदस्य तर्फबाट)

(कोषाध्यक्ष)

(अध्यक्ष)

(सि.ए. सुदर्शनराज पाण्डे)
वरिष्ठ साझेदार
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

मुख्य वित्त अधिकृत

(महानिर्देशक)

नेपाल उद्योग वाणिज्य महासंघ

२०८१ आषाढ मसान्तको वासलातसँग सम्बन्धित अनुसूचीहरु

अनुसूची - १.१

| पूंजी कोष | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गत वर्ष सम्मको कोष | १६,९५८,५५१.८४ | १६,९४८,५५१.८४ |
| नयां सदस्यता प्रवेश शुल्क | १२५,०००.०० | १०,०००.०० |
| | १७,०८३,५५१.८४ | १६,९५८,५५१.८४ |

अनुसूची - १.२

| बचत हिसाब | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गत वर्ष सम्मको बचत | १४९,५८०,८०५.९९ | १२८,२६२,१६९.१० |
| यस वर्षको आय(व्यय हिसाबबाट सारिएको बचत | (३९,७६०,८६०.२४) | २१,३१८,६३६.८९ |
| | १०९,८१९,९४५.७५ | १४९,५८०,८०५.९९ |

अनुसूची - १.३

| अन्य कोष | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अक्षय कोष (क) | १०,०००,०००.०० | १०,०००,०००.०० |
| पूंजीगत अनुदान (अनुसूची ४ संग सम्बन्धित) (ख) | ९,०४७,००५.६१ | ९,३१२,९१७.९४ |
| सस्थापन कोष | ११,६३०,६३७.३१ | ६,३०३,००१.५२ |
| | ३०,६७७,६४२.९२ | २५,६१५,९१९.४६ |

**सदस्यता, मेला तथा अन्य वापत अग्रिम प्राप्त रकमको बिबरण**

अनुसूची - २

| चालू दायित्व तथा व्यवस्था | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| प्राप्त धरौटीहरु | १२६,०६२,६३४.०१ | ११४,८९२,९३३.१३ |
| भुक्तानी दिनु पर्ने हिसाब (महासंघ सदस्यहरु) | ७,६५०,५७४.८३ | ८,२७५,३४६.९८ |
| भुक्तानी दिनु पर्ने हिसाब (अन्य एंव कार्यक्रम) | ४९,३७५,४८०.०३ | ५४,४४५,१२८.८१ |
| खर्च वापत भुक्तानी हुन बाँकि | ४,६७७,१०६.७५ | ५,०६१,०४७.९० |
| कर्मचारी उपदान कोष | ४५,४११,९७२.९२ | ४३,५४०,५३५.७४ |
| अग्रिम कर | - | (५,१६५,२३६.४५) |
| न्यून आयकर दायित्व | - | ७,९२२,५०२.१६ |
| | २३३,१७७,७६८.५४ | २२८,९७२,२५८.२७ |

**नेपाल उद्योग वाणिज्य महासंघ मार्फत संञ्चालित परियोजनाहरुको दायित्व**

अनुसूची - २.१

| परियोजनाहरुको दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द मार्फत सञ्चालित परियोजनाहरुका दातृ निकायका दायित्व, कृषि उद्यम केन्दको कोष तथा EOU र LMI यूनिटको दातृ निकायको दायित्व (२.१.१) | ७५,२३७,९९३.१२ | ६८,१३७,४१२.१४ |
| कृषि उद्यम केन्द मार्फत सञ्चालित परियोजनाहरुको बाह्य दायित्व | २५,८२४,२०५.९१ | ३०,८०१,९४३.०९ |
| | १०१,०६२,१९९.०३ | ९८,९३९,३५५.२३ |

अनुसूची - २.१.१

| परियोजनाहरुको दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द मार्फत संञ्चालित परियोजनाहरुको गत बर्षको दातृ निकायको दायित्व तथा कृषि उद्यम केन्दको कोष | ६८,१३७,४१२.१४ | ६८,१३७,४१२.१४ |
| यस वर्षको आय (व्यय) | ७,१००,५८०.६८ | - |
| **कृषि उद्यम कन्द मार्फत सञ्चालित परियोजनाहरुका यस बर्ष सम्मको दातृ निकायको दायित्व तथा कृषि उद्यम केन्दको कोष (क)** | **७५,२३७,९९२.८२** | **६८,१३७,४१२.१४** |
| अन्य कोष जम्मा (क) | ७५,२३७,९९२.८२ | ६८,१३७,४१२.१४ |

नेपाल उद्योग बाणिज्य महासघं
२०८१ साल आषाढ मसान्तको
अचल सम्पत्तिको बिवरण

अनुसुची: ३

| क्र.सं. | बिबरण | परल मोल | यस बर्ष थप | यस बर्ष अपलेखन | जम्मा परल मोल | ह्रास कट्टी बिबरण | | | | बांकी रकम २०८१/०३/३१ | गत बर्षको बांकी २०८०/०३/३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गत बर्ष सम्मको ह्रास व | यस बर्षको ह्रास कट्टी | यस बर्ष बिकि | जम्मा ह्रास कट्टी | | |
| १ | जग्गा | ५१,६५१,०९९.४३ | - | - | ५१,६५१,०९९.४३ | - | - | - | - | ५१,६५१,०९९.४३ | ५१,६५१,०९९.४३ |
| २ | ढल निकास | ५०,०००.०० | - | - | ५०,०००.०० | - | - | - | - | ५०,०००.०० | ५०,०००.०० |
| ३ | भवन | ५०,२७६,२६२.७६ | - | - | ५०,२७६,२६२.७६ | १७,१४०,६३०.३९ | १,७४३,९८०.६४ | - | १८,८८४,६११.०३ | ३१,३९१,६५१.७३ | ३३,१३५,६३२.३७ |
| ४ | अफिस उपकरण | ११,८८९,९०८.९० | २५६,८३०.०० | - | १२,१४६,७३८.९० | ९८९३०८२.०६ | ६८३,८५८.७५ | - | १०,५७६,९४०.८१ | १,५६९,७९८.०९ | १,९९६,८२६.८४ |
| ५ | बिद्युत उपकरण | ४,७५४,४७५.६३ | - | - | ४,७५४,४७५.६३ | ४,४३८,०३९.६४ | १०५,४७८.६९ | - | ४,५४३,५१८.३३ | २१०,९५७.३० | ३१६,४३५.९९ |
| ६ | फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग | १,३३०,५७३.८८ | - | - | १,३३०,५७३.८८ | १,१९८,९१८.७१ | ४३,८८५.०७ | - | १,२४२,८०३.७८ | ८७,७७०.१० | १३१,६५५.१७ |
| ७ | फर्निचर तथा अन्य समान | १७,४५७,३२२.०९ | - | - | १७,४५७,३२२.०९ | ११,४१८,२५१.९१ | २,०११,९४४.३५ | - | १३,४३०,१९६.२६ | ४,०२७,१२५.८३ | ६,०३९,०७०.१८ |
| ८ | पानी बोरिङ्ग | ५८,५३२.६० | - | - | ५८,५३२.६० | ५८,५३२.६० | - | - | ५८,५३२.६० | - | - |
| ९ | सवारी साधन | ७,२०६,०००.०० | - | - | ७,२०६,०००.०० | ७,०३९,६००.०० | ४१,६००.०० | - | ७,०८१,२००.०० | १२४,८००.०० | १६६,४००.०० |
| १० | ह्याङगर (मेला प्रयोजनार्थ) | ६,३९८,२७३.७५ | - | - | ६,३९८,२७३.७५ | ६,३९८,२७३.७५ | - | - | ६,३९८,२७३.७५ | - | - |
| ११ | लिफ्ट | ३,०८२,११२.७३ | - | - | ३,०८२,११२.७३ | २,४१३,९४६.९५ | ११७,८४२.२९ | - | २,५३१,७८९.२४ | ५५०,३२३.४९ | ६६८,१६५.७८ |
| | जम्मा: रू. | १५४,१५४,५६१.७७ | २५६,८३०.०० | - | १५४,४११,३९१.७७ | ५९,९९९,२७६.०१ | ४,७४८,५८९.७९ | - | ६४,७४७,८६५.८० | ८९,६६३,५२५.९७ | ९४,१५५,२८५.७६ |

नेपाल उद्योग बाणिज्य महासघं
२०८१ साल आषाढ मसान्तको
अनुदानमा प्राप्त सम्पत्तिहरुको बिवरण

अनुसुची: ४

| क्र.सं. | बिबरण | ह्रास दर % | जम्मा मोल | यस बर्ष थप | यस बर्ष सम्मको जम्मा | गत बर्ष सम्मको ह्रास कट्टी | यस बर्ष बिकि / अपलेखन | यस बर्षको ह्रास कट्टी | जम्मा ह्रास कट्टी | बांकी रकम २०८१/०३/३१ | गत बर्षको बांकी २०८०/०३/३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा (१६ कट्ठा, इनरुवा) | ० | ६,६५६,०००.०० | - | ६,६५६,०००.०० | - | - | - | - | ६,६५६,०००.०० | ६,६५६,०००.०० |
| २ | टोयोटा कार | १५ | ८००,०००.०० | - | ८००,०००.०० | ७९५,५८९.४२ | - | ६६१.५९ | ७९६,२५१.०१ | ३,७४८.९९ | ४,४१०.५८ |
| ३ | कम्प्यूटर/एयर कण्डिसन | १० | ३,०७३,२२४.८९ | - | ३,०७३,२२४.८९ | २,६२३,२५५.९० | - | ४४,९९६.९० | २,६६८,२५२.८० | ४०४,९७२.०९ | ४४९,९६८.९९ |
| ४ | ल्यापटप कम्प्यूटर | १० | १,३७५,५७६.०० | - | १,३७५,५७६.०० | ५४१,७१९.५९ | - | ८३,३८५.६४ | ६२५,१०५.२३ | ७५०,४७०.७७ | ८३३,८५६.४१ |
| ५ | कियोशेरा प्रिण्टर/फोटोकपि म | १० | १४९,३८६.०० | - | १४९,३८६.०० | ५१,३७३.८५ | - | ९,८०१.२२ | ६१,१७५.०७ | ८८,२१०.९३ | ९८,०१२.१५ |
| ६ | डिजिटल क्यामरा | १० | १५३,५००.०० | - | १५३,५००.०० | ४७,३९५.७० | - | १०,६१०.४३ | ५८,००६.१३ | ९५,४९३.८७ | १०६,१०४.३० |
| ७ | प्रोजेक्टर | १० | ३०६,३३०.०० | - | ३०६,३३०.०० | १४५,४३८.९४ | - | १६,०८९.११ | १६१,५२८.०५ | १४४,८०१.९५ | १६०,८९१.०६ |
| ८ | लेजर प्रिन्टर (एचपी २०१५) | १० | ३४८,२११.०० | - | ३४८,२११.०० | १५६,२२६.८६ | - | १९,१९८.४१ | १७५,४२५.२७ | १७२,७८५.७३ | १९१,९८४.१४ |
| ९ | फ्याक्स मसीन | १० | ७०,६६२.८२ | - | ७०,६६२.८२ | ७०,६६२.८२ | - | - | ७०,६६२.८२ | - | - |
| १० | स्टिल दराज | १० | २,८५८.७० | - | २,८५८.७० | २,८५८.७० | - | - | २,८५८.७० | - | - |
| ११ | स्टिल र्‍याक | १० | १,५००.०० | - | १,५००.०० | १,४५३.६४ | - | ४.६४ | १,४५८.२८ | ४१.७२ | ४६.३६ |
| १२ | टेपरेकर्डस् | १० | २,८५८.७० | - | २,८५८.७० | २,८५८.७० | - | - | २,८५८.७० | - | - |
| १३ | जिन्सी समान मौजात | १० | २३४,६४८.०१ | - | २३४,६४८.०१ | २३३,३६८.११ | - | १२७.९९ | २३३,४९६.१० | १,१५१.९१ | १,२७९.९० |
| १४ | प्रोजेक्टर/स्क्रिन | १० | ९१,८८५.०० | - | ९१,८८५.०० | ८६,५४१.९२ | - | ५३४.३१ | ८७,०७६.२३ | ४,८०८.७७ | ५,३४३.०८ |
| १५ | टि.भि. स्क्रिन | १० | २९,६१९.५६ | - | २९,६१९.५६ | २९,६१९.५६ | - | - | २९,६१९.५६ | - | - |
| १६ | भि.सि.आर. स्क्रिन | १० | २४,१५१.३३ | - | २४,१५१.३३ | २४,१५१.३३ | - | - | २४,१५१.३३ | - | - |
| १७ | रेफ्रिजरेटर | १० | २९,१६३.२५ | - | २९,१६३.२५ | २९,१६३.२५ | - | - | २९,१६३.२५ | - | - |
| १८ | अन्य | १० | ५५७,६९९.५६ | - | ५५७,६९९.५६ | ३३६,७५८.५२ | - | २२,०९४.१० | ३५८,८५२.६२ | १९८,८४६.९४ | २२०,९४१.०४ |
| १९ | फर्निचर | १० | ५६३,९४१.४८ | - | ५६३,९४१.४८ | ४५०,१८६.१४ | - | ११,३७५.५३ | ४६१,५६१.६७ | १०२,३७९.८१ | ११३,७५५.३४ |
| २० | सर्भर एंव कम्प्युटर नेटवर्क | १० | १,२१३,९९०.०० | - | १,२१३,९९०.०० | ७४३,६६५.४१ | - | ४७,०३२.४६ | ७९०,६९७.८७ | ४२३,२९२.१३ | ४७०,३२४.५९ |
| | | | १५,६८५,२०६.३० | - | १५,६८५,२०६.३० | ६,३७२,२८८.३६ | - | २६५,९१२.३३ | ६,६३८,२००.६९ | ९,०४७,००५.६१ | ९,३१२,९१७.९४ |

## नेपाल उद्योग वाणिज्य महासंघ

### २०८१ आषाढ मसान्त सम्मको लगानी विवरण

अनुसूचा - ५

| लगानी: | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **५.१ बैंक तथा वित्तिय संस्थामा रहेका निक्षेप** | | |
| क. ग्लोबल आईएमई बैंक लि. | १००,०००,०००.०० | ९५,१५८,५३२.१९ |
| ख. एनएमबि बैंक लि. | ३०,०००,०००.०० | ४०,०००,०००.०० |
| ग. सिटिजन्स बैंक लि. | ३०,०००,०००.०० | १०,०००,०००.०० |
| घ. सानिमा बैंक लि. | १०,०००,०००.०० | १०,०००,०००.०० |
| ङ. प्राइम कमर्शियल बैंक लि. | - | १,५००,०००.०० |
| च. सिद्दार्थ बैंक लि. | ३०,०००,०००.०० | २०,०००,०००.०० |
| छ. प्रभु बैंक लि. | १०,०००,०००.०० | ५०,०००,०००.०० |
| जम्मा | २१०,०००,०००.०० | २२६,६५८,५३२.१९ |

**५.२ अन्य लगानी**

| | | |
|---|---|---|
| क. काठमाण्डौ उपत्यका खानेपानी लि. (शेयर लगानी) | ९००,०००.०० | ९००,०००.०० |
| जम्मा लगानी: | २१०,९००,०००.०० | २२७,५५८,५३२.१९ |

**चालु सम्पत्ति तथा पेश्की विवरण**

अनुसूचा - ६

| लिन बांकी, पेश्की तथा धरौटी हिसाब | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| कर्मचारी पेश्की | ३,२९५,९५९.२८ | ४,१९८,८६३.०७ |
| महासंघका सदस्यहरुलाइ गएको पेश्की हिसाब | १,३६३,५५५.४२ | १,५६७,५६३.२७ |
| कार्यगत पेश्की | ८५४,८१६.६७ | ६२०,७२३.०० |
| अन्य पेश्की एंव लिन बांकी हिसाब | १९,२३६,४४९.८८ | १७,३७५,२७८.५६ |
| धरौटी | ४१४,३६१.६६ | ४१४,३६१.६६ |
| नागरीक लगानी कोष (कर्मचारी उपदान कोष) | ४०,८४५,२८६.९२ | ३८,३७३,८४९.७४ |
| जम्मा | ६६,०१०,४२९.८३ | ६२,५५०,६३९.३० |

**बैंक तथा नगद मौज्दात विवरण**

अनुसूची - ७

| बैंक तथा नगद मौज्दात | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| नेपाल बैंक लिमिटेड (चल्ती हिसाब) | ५३०,३८९.५२ | ३,१२०,९९२.५४ |
| नाबिल बैंक लि. (चल्ती हिसाब) | १,१९८,७८३.४४ | १,१९८,७८३.४४ |
| रा.वा.बैंक, टेकू शाखा | ८००,११६.०९ | २,७३७,६९१.९८ |
| ग्लोबल बैंक लि. (चल्ती/कल हिसाब) | २,८०५,२३६.१३ | १३,०७०,०३१.१२ |
| बैंक अफ काठमाण्डौ, (चल्ती हिसाब) | ४४२,७३४.६७ | २३१,७४१.६१ |
| नाबिल बैंक लि. (चल्ती हिसाब) | १,२२०,६८९.२६ | १,२२०,६८९.२६ |
| सानिमा बैंक लि.(चल्ती/कल हिसाब) | ९६१,७६०.०३ | ९४५,५०४.९६ |
| सानमा बक ल.-FNCCI-Amerian Corner A/c) | ५९४,३६४.०६ | १,४२१,७४६.६० |
| प्रभु बक ल (LED सामात, चल्ता/कल खाता) | ८९,९६४.३६ | ८९,५८३.०३ |
| सिटिजन बैंक इन्टरनेशनल लि., (चल्ती/कल हिसाब) | १,१७०,१९२.५६ | १,१६०,३१३.४५ |
| स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि. (चल्ची खाता, मेला) | - | १०४,३७८.३६ |
| एनएमबि बैंक लि. चल्ती/कल खाता | १९७,६५३.०० | - |
| कुमारी बैंक लि. (राहतकोष, चल्ती/कल खाता) | - | ७२७,९६५.८० |
| मुक्तीनाथ बिकास बैंक लि. (राहतकोष, कल खाता) | ७८०,८८५.१४ | ३७९,९१५.९१ |
| नगद (सानो नगदी कोष समेत) | १०७,८५४.०४ | ११८,२५४.०४ |
| ग्लाबल बक ल. (बचत खाता) | ३,७९३,००३.८९ | - |
| ELMS Global IME Bank Ltd. | २६६,५०८.३० | ८४४,७५५.०० |
| जम्मा | १४,९६०,१३४.४९ | २७,३७२,३४७.१० |

**नेपाल उद्योग वाणिज्य महासंघ मार्फत संञ्चालित परियोजनाहरुको सम्पत्ती**

अनुसूचा - ८

| परियोजनाहरुको सम्पत्ती | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द्र मार्फत सञ्चालित परियोजनाहरुको सम्पत्ती | १०१,०६२,१९९.०३ | ९८,९३९,३५६.०० |
| जम्मा | १०१,०६२,१९९.०३ | ९८,९३९,३५६.०० |

## नेपाल उद्योग वाणिज्य महासंघ
## आर्थिक वर्ष २०८०/०८१ को आय/व्यय हिसाब संग सम्बन्धीत अनुसूचीहरु

| अनुसूची - ८.१ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| सदस्यता शुल्क | | |
| वार्षिक सदस्यता शुल्क | ७,४६५,०००.०० | ६६,९२९,९९५.०० |
| प्रतिनिधि शुल्क | १,२२५,०००.०० | २०,१२४,०००.०० |
| | ८,६९०,०००.०० | ८७,०५३,९९५.०० |

अनुसूची - ८.२

| | | |
|---|---|---|
| ब्याज आम्दानी | | |
| लगानीबाट प्राप्त ब्याज (मुद्दति निक्षेप) | १८,३८३,३५७.२९ | १६,१८७,७६०.६७ |
| घर कर्जा ब्याज (कर्मचारी) | २२,०७०.१० | २०,७३३.२८ |
| अन्य ब्याज (बैंक बचत/कल खाता) | ६७९,०३५.३० | ५५१,१२०.३१ |
| | १९,०८४,४६२.६९ | १६,७५९,६१४.२६ |

अनुसूची - ८.३

| | | |
|---|---|---|
| उत्तपत्तिको प्रमाण पत्र आय: | | |
| प्रमाण पत्र जारी शुल्क (सस्थागतको समेत) | २१,३१०,८०१.१२ | १७,५५३,८७८.६७ |
| उत्पत्तिको प्रमाण पत्र फाराम बिक्री | ९६८,७००.०० | १,०८८,०१०.०० |
| | २२,२७९,५०१.१२ | १८,६४१,८८८.६७ |

अनुसूची - ८.४

| | | |
|---|---|---|
| अन्य आम्दानी | | |
| प्रकाशन (बिकि, बिज्ञापन) | १०५,०००.०० | - |
| मेला आम्दानी (ह्याङगर आय समेत) | ८२१,६२५.३४ | २००,०००.०० |
| विविध | १,७०७,३७३.५२ | ३,०१२,६२८.३५ |
| | २,६३३,९९८.८६ | ३,२१२,६२८.३५ |

अनुसूची - ८.५

| | | |
|---|---|---|
| कार्यक्रम आय: | | |
| कार्यक्रमको लागी दातृ सस्थाबाट प्राप्त सहयोग | १९,७२३,६१२.१६ | ३९,२८३,६१२.५२ |
| महासंघका समितिहरुको आय | २९,६६७,०८०.९४ | ८१०,०००.०० |
| | ४९,३९०,६९३.१० | ४०,०९३,६१२.५२ |
| दातृ सस्थाको कार्यक्रम सम्बन्धी खर्च | १३,२८८,१७८.९४ | ३८,५०५,३३४.८८ |
| महासघका समितिहरुको कार्यक्रम सम्बन्धी खर्च | ३७,७२१,४१५.७२ | ११,५७८,६३१.१५ |
| | ५१,००९,५९४.६६ | ५०,०८३,९६६.०३ |
| खुद बचत: | - | - |
| खुद खर्च: | १,६१८,९०१.५६ | ९,९९०,३५३.५१ |

## नेपाल उद्योग वाणिज्य महासंघ

### आर्थिक वर्ष २०८०/०८१ को आय/व्यय हिसाब संग सम्बन्धीत अनुसूचीहरु

| अनुसूची ९.१ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **सस्थापन खर्च:** | | |
| **तलब, भत्ता र कर्मचारी सम्बन्धी अन्य खर्च:** | | |
| तलब भत्ता र ज्याला | ३७,३७०,१९३.८९ | ४२,११८,१८२.६९ |
| औषधोपचार | १,२९६,८३७.०० | १,४००,४६४.९७ |
| उपदान व्यबस्था | ४,५००,०००.०० | ५,१००,०००.०० |
| कर्मचारी जीवन बीमा प्रिमियम | १,५०४,७३५.१२ | १,२७६,४०५.७१ |
| ओभर टाईम भत्ता | ७९२,४४१.९९ | ८४२,५२६.०० |
| खाजा खर्च | १,२०९,८००.०० | १,२४३,५९९.९८ |
| लुगा भत्ता | ११५,०००.०० | - |
| Employee VRS Scheme | १६०,४४०.०० | - |
| Leave Encashment | २,२१४,७५६.१९ | - |
| <u>भौतिक खर्च:</u> | | |
| भवन, मोटर बीमा प्रिमियम | ३०४,४४२.२३ | ३०५,९३९.२१ |
| बिजुली महशुल | ९८६,६५५.०० | ९४८,३९८.०० |
| पानी महशुल | १८८,७९०.०० | १९२,८५०.०० |
| संचार | ५१०,३२९.५३ | ४३७,४०३.५१ |
| मसलंद तथा छपाई | ५४०,९३२.०० | ४५४,१८५.५० |
| ममंत तथा सम्भार | १,९०४,९६२.८३ | ८४६,२७५.३६ |
| इन्धन खच | १,०४५,३९६.३३ | ८०४,४२४.९७ |
| <u>अन्य खर्च:</u> | | |
| प्रकाशन | ४८०,७९७.०० | १६०,८३१.७७ |
| शुरक्षा सेवा खर्च | १,७६३,०१५.९७ | १,७६२,८००.०० |
| बिशेषज्ञ सेवा | ३०३,०००.०० | ६७४,१८०.०० |
| <u>सभा/सम्मेलन खर्च:</u> | | |
| साधारण सभा/ उद्योग वाणिज्य दिवस | ७,८५१,१०२.१८ | १५,३२२,४८७.१३ |
| आन्तरीक लेखा परिक्षण | ११९,२१०.०० | २०४,९५०.०० |
| लेखा परिक्षण | १७०,२९१.०० | १७०,२९१.०० |
| अन्तर्राष्ट्रिय सदस्यता शुल्क | ३,०७३,४०७.४९ | १,५५०,२००.०० |
| उत्पत्तिको प्रमाण पत्र सम्बन्धी खच | १,४१२,३४८.८२ | १,३२३,६८२.०८ |
| | **६९,८१८,८८४.५७** | **७७,१४०,०७७.८८** |

| अनुसूची ९.२ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **गैन्ह सस्थापन खर्च** | | |
| पुस्तक पत्रपत्रिका | ३२,१००.०० | २७,९२०.०० |
| स्वागत समारोह खर्च | ७७२,६६५.३३ | ८३१,९३१.८१ |
| बैठक तथा जलपान | ६३६,०४४.४० | ५६८,७८९.१३ |
| भ्रमण | २५८,४३९.१३ | ५३९,२६१.०० |
| बिज्ञापन | १७३,२६५.०० | १५४,४०५.४० |
| जन सम्पर्क | २३४,४००.०० | ५२२,७२१.३९ |
| अध्यक्ष कोष् | १,१८९,५५४.९९ | ४७६,८४९.३१ |
| बिबिध | ५७७,६४६.६९ | ५०१,१०४.२४ |
| | **३,८७४,११५.५४** | **३,६२२,९८२.२८** |

अनुसूची ९.३

| **बिबिध खर्च:** | | |
|---|---|---|
| भैंपरि आउने खर्च | ५२०,०००.०० | ८६०,८५९.५२ |
| ह्रास कट्टि | ४,७४८,५८९.७९ | ४,७२१,०७१.०४ |
| सरसफाइ खर्च | - | ९१,६४३.०० |
| | **५,२६८,५८९.७९** | **५,६७३,५७३.५६** |

अनुसूची ९.४

| **आयकर खर्च:** | | |
|---|---|---|
| यस आ.व. को आयकर खर्च | - | ७,९२२,५०२.१६ |
| गत आ.व. को आयकर खर्च | - | - |
| | - | **७,९२२,५०२.१६** |

# नेपाल उद्योग वाणिज्य महासंघ

आर्थिक वर्ष २०८०/०८१ मा

दातृ संस्था तथा महासंघका परिषद, फोरम एंव समितिहरु अन्तरगत भएका आम्दानी/खर्चको बिवरण

**अनुसूची ८.५ संग सम्बन्धित**

| | | आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | बिवरण | महासंघ | दातृ संस्था | जम्मा आम्दानी रकम | महासंघ | दातृ संस्था | जम्मा खर्च रकम |
| १ | उद्योग वाणिज्य परिषद | - | - | - | ९५७,३३६.४१ | - | ९५७,३३६.४१ |
| २ | रोजगारदाता परिषद | - | - | - | ३४,५८१.२५ | - | ३४,५८१.२५ |
| ३ | बस्तुगत परिषद | - | - | - | १४०,०६७.९५ | - | १४०,०६७.९५ |
| ४ | उद्योग समिति | - | - | - | २१,०२९.३० | - | २१,०२९.३० |
| ५ | पर्यटन समिति | - | - | - | - | - | - |
| ६ | कर तथा राजश्व समिति | - | - | - | २९१,०२७.५८ | - | २९१,०२७.५८ |
| ७ | घरेलु तथा साना उद्योग समिति | - | - | - | ७,३७३.२५ | - | ७,३७३.२५ |
| ८ | मेला समिति (ह्यागंर संचालन समेत) | - | - | - | - | - | - |
| ९ | आठौं अन्तराष्ट्रिय ब्यापार मेला | - | - | - | - | - | - |
| १० | उर्जा समिति / बातावरण फोरम | - | - | - | - | - | - |
| ११ | शहरि बिकास समिति | - | - | - | ३,०७३.६० | - | ३,०७३.६० |
| १२ | महिला उद्यमी बिकास समिति | - | - | - | - | - | - |
| १३ | स्टाटअप एंव इनोभेशन समिति | - | - | - | - | - | - |
| १४ | अन्तराष्ट्रिय व्यापार प्रवर्धन समिति | - | - | - | १३,९५९.२० | - | १३,९५९.२० |
| १५ | बैंकिङ तथा बिमा समिति | - | - | - | ५,१६९.७५ | - | ५,१६९.७५ |
| १६ | स्थल यातायात तथा पारबहन समिति | - | - | - | - | - | - |
| १७ | स्थानिय आथिक बिकाश समिति | - | - | - | - | - | - |
| १८ | सुचना तथा प्रबिधि बिकाश समिति | - | - | - | ११,६८४.२० | - | ११,६८४.२० |
| १९ | स्वास्थ्य तथा शिप बिकाश समिति | - | - | - | २,९६६.२५ | - | २,९६६.२५ |
| २० | स्वास्थ्य तथा विपद् व्यवस्थापन समिति | - | - | | - | - | - |
| २१ | स्टाटअप एंव इनोभेशन समिति | - | - | - | ३१,४६५.९० | - | ३१,४६५.९० |
| २२ | फिल्म तथा मनोरंजन फोरम | - | - | - | ३,०८४.९० | - | ३,०८४.९० |
| २३ | पुंजी बजार फोरम | - | - | - | ४४,६१२.१० | - | ४४,६१२.१० |
| २४ | एनआरएन फोरम | - | - | - | - | - | - |
| २५ | नेपाल भारत आर्थिक बिकाश फोरम | - | - | - | - | - | - |
| २६ | सस्थागत बिकाश खर्च | - | - | - | २,३००,०००.०० | - | २,३००,०००.०० |
| २७ | निर्यात प्रवर्द्धन समिति | - | - | | ३,४८०.४० | - | ३,४८०.४० |
| २८ | प्रदेश उद्योग वाणिज्य संघ खर्च | - | - | - | - | - | - |
| २९ | सडक यातायात तथा पारवहन समिति | - | - | | ३३,०५१.०० | - | ३३,०५१.०० |
| ३० | अन्य बिविध कार्यक्रम | - | - | - | १५,११७.३० | - | १५,११७.३० |
| ३१ | Nepal-China Non Governmental Cooperation | - | - | - | - | - | - |
| ३२ | SAARC CCI Program Expenses | - | - | - | - | - | - |
| ३३ | Factory Inspection Program | ९४२,०००.०० | - | ९४२,०००.०० | - | - | - |
| ३४ | Commercial Mediation Centre | - | - | - | - | - | - |
| ३५ | FNCCIConstitution Amendment Program | - | - | - | - | - | - |
| ३६ | FNCCI-American Corner Activity Expenses | - | - | - | - | - | - |
| ३७ | FNCCI-GIZ Programme | - | ४,९१४,५३६.०० | ४,९१४,५३६.०० | - | ४,७४९,१६८.०० | ४,७४९,१६८.०० |
| ३८ | FNCCI-Ukaid TLMN Project | - | - | - | - | | - |
| ३९ | FNCCI-ILO Delhi | - | १,५६५,३६०.८८ | १,५६५,३६०.८८ | - | १,५६५,३६०.८८ | १,५६५,३६०.८८ |
| ४९ | ILO Project on Strengthen Employers' Capacity for Improved Productivity and Decent Work Fund Received - FNCCI | - | ६,२५२,६०६.१६ | ६,२५२,६०६.१६ | - | ६,२५२,६०६.१६ | ६,२५२,६०६.१६ |
| ५३ | NITF 2023 program Income | १०,३१७,४६५.४४ | - | १०,३१७,४६५.४४ | १०,५४२,४१६.६३ | - | १०,५४२,४१६.६३ |
| ५४ | ELMS Project Income | - | ३,६३२,१३९.१२ | ३,६३२,१३९.१२ | - | - | - |
| ५५ | Kunming Trade Fair China | ४,७७८,५००.०० | - | ४,७७८,५००.०० | ३४५,८९६.०० | - | ३४५,८९६.०० |
| ५६ | CACCI | ७,१६२,४४०.०० | - | ७,१६२,४४०.०० | ६,६५१,०९५.४० | - | ६,६५१,०९५.४० |
| ५७ | Investment summit 2023 | २,२५०,०००.०० | - | २,२५०,०००.०० | २,२४४,८०८.०० | - | २,२४४,८०८.०० |
| ५८ | Jajarkot Earthquake Suppport Program | ३०१,०००.०० | - | ३०१,०००.०० | २,०५०,९४८.८७ | - | २,०५०,९४८.८७ |
| ५९ | Nepal-Dubai Business summit | १,०००,०००.०० | - | १,०००,०००.०० | २,३४९,११८.९१ | - | २,३४९,११८.९१ |
| ६० | TEVT Project Income | - | २,५९९,९७०.०० | २,५९९,९७०.०० | ३,१६१,६६९.३३ | - | ३,१६१,६६९.३३ |
| ६१ | ILO Grant Strengthening of Employment Service Centre in Nepal Income - FNCCI | - | ७५९,०००.०० | ७५९,०००.०० | - | ७२१,०४३.९० | ७२१,०४३.९० |
| ६२ | Indus Food Fest-2024 | ८४९,९६०.०० | - | ८४९,९६०.०० | ८२३,५७१.२७ | - | ८२३,५७१.२७ |
| ६३ | I Hub program expenses | ४९१,२१०.५० | - | ४९१,२१०.५० | ९६२,५२७.९२ | - | ९६२,५२७.९२ |
| ६४ | Nepal China business summit | - | - | - | १,६४२,८६५.९५ | - | १,६४२,८६५.९५ |
| ६५ | National conference of Womens Entrepreneurship | १,१८७,५००.०० | - | १,१८७,५००.०० | १,३४८,६२१.२० | - | १,३४८,६२१.२० |
| ६६ | Executive Committee Meeting Expense | - | - | - | १,६७८,७१५.९० | - | १,६७८,७१५.९० |
| ६७ | Turkey Earthquake Support Income | ३८७,००५.०० | - | ३८७,००५.०० | - | - | - |
| | | २९,६६७,०८०.९४ | १९,७२३,६१२.१६ | ४९,३९०,६९३.१० | ३७,७२१,४१५.७२ | १३,२८८,१७८.९४ | ५१,००९,५९४.६६ |

**आय भन्दा बढी व्यय:** (१,६१८,९०१.५६)

**नेपाल उद्योग वाणिज्य महासंघ**
**टेकु, काठमाडौं**
**आर्थिक विवरण सम्बन्धी टिप्पणीहरु**
**(आर्थिक वर्ष २०८०।०८१)**

अनुसूचि १०

१. संस्थाको आर्थिक विवरण तयार गर्दा सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क, विज्ञापन आदि आम्दानी नगद प्राप्तीको आधारमा लेखाङ्कन गरिएको छ भने अन्य कारोबारको लेखांकन Accrual Basis of Accounting को आधारमा गरिएको छ ।

२. महासंघबाट अख्तियार प्राप्त २७ वटा उद्योग वणिज्य संघबाट प्राप्त यस आ.व.को उत्पत्ति प्रमाणपत्र शुल्क आम्दानीको लेखांकन गर्दा सदस्यहरुबाट प्राप्त जानकारीलाई आधार मानेर यस बर्ष उत्पत्तिको प्रमाणपत्र (उ.प्र.प) बाट खुद आम्दानी शुल्क रु.२१,३१०,८०१।१२ जनाइएको छ ।

३. स्थिर सम्पत्तीको लेखाङ्कन ऐतिहासिक लागत अवधारण (Historical Cost Concept) को आधारमा देखाइएको छ ।

४. महासंघले अनुदानमा प्राप्त स्थिर सम्पत्तिहरुको ह्रास कट्टी निम्न अनुसारको दर प्रयोग गरी घट्दो मुल्य विधि (Written down Value Method) अनुसार ह्रास कट्टी गरिएको छ ।

| | |
|---|---|
| क) जग्गा | ०% |
| ख) कार | १५% |
| ग) अन्य सम्पत्ति | १०% |

५. अनुदानमा प्राप्त सम्पत्तीहरुको ह्रास कट्टी सोही सम्पत्तीमा तथा पूंजीगत अनुदान शिर्षकमा घटाई लेखाङ्कन गरिएको छ ।

६. महासंघले खरिद गरेको स्थिर सम्पत्तीमा ह्रास कट्टी गर्दा सम्पति प्रयोगमा आएको दिन देखि आर्थिक वर्ष भरिमा प्रयोगमा आएको दिनलाइ आधार मानेर सिधा रेखा विधि (Straight Line Method) अनुसार ह्रास कट्टी गरिएको छ ।

७. गत वर्ष नागरीक लगानी कोष (कर्मचारी उपदान कोष) लाई बैंक तथा नगद मौज्दातको विवरणमा प्रस्तुत गरिएको थियो भने यस वर्ष वर्गिकरण (Reclassification) गरी लिन बांकी, पेश्की तथा धरौटी हिसाबमा प्रस्तुत गरिएको छ ।

८. कार्यकम तथा महासंघको समिति तथा फोरमहरु अन्तर्गतको आय/व्यय अनुसुचि ८.५ मा देखाई खुद आयलाई आय तर्फ र खुद ब्ययलाई व्यय तर्फ राखिएको छ ।

९. महासंघको बिधानमा व्यबस्था भए अनुसार आ.व. २०७४/०७५ मा ७ वटै प्रदेशहरुमा महासंघको च्याप्टरको रुपमा प्रदेश उद्योग वाणिज्य महासंघ गठन भैसकेका छन्, सबै प्रदेश उद्योग वाणिज्य महासंघहरुको आ.व. २०८०/८१ को बित्तिय विवरण प्राप्त भई सकेको एबं च्याप्टरहरुको हिसाब बिबरण छुट्टै लेखांकन गर्ने गरि प्रदेश उद्योग वाणिज्य महासंघको बित्तिय बिवरण प्रस्तुत महासंघको

बित्तिय बिबरणमा सामावेश गरिएको छैन । प्रदेश उद्योग वाणिज्य महासंघलाई अनुदानको रुपमा उपलब्ध रकम प्रदेश उद्योग वाणिज्य खर्च शिर्षकमा खर्च लेखाङकन गरिएको छ जसलाई आय/व्यय हिसाबमा छुट्टै प्रस्तुत गरिएको छ । महासंघको बिधानमा व्यबस्था भए अनुसार आ.व. २०८०/०८१ मा प्रदेश उद्योग वाणिज्य महासंघलाई पूंजीगत खर्च स्वरुप ३,४६८,३३१ उपलब्ध गराइएको छ । मिति २०८०।०९।०१ को पदाधिकारी समितिको बैठकको निणय अनुसार कोशी च्याप्टरलाई आर्थिक वर्ष २०८०।८१ मा १२ लाख र २०८१।८२ मा ८ लाख गरी जम्मा २० लाख रुपैया उपलब्ध गराउने निर्णय अनुरुप पुरा २० लाख रकमनै जग्गा किन्नका लागि उपलब्ध गराइएको छ भने १२ लाख रुपैया खर्चमा र ८ लाख रुपैया प्राप्त गर्नुपर्ने रकम भित्र कार्यगत पेश्कीमा समावेश गरिएको छ ।

१०. प्रदेश उद्योग वाणिज्य महासंघलाई अनुदानको रुपमा उपलब्ध रकमलाई गत वर्ष कार्यक्रम खर्च शिर्षकमा प्रस्तुत गरिएको थियो भने सो अनुदान रकमलाई यस वर्ष आय/व्यय हिसाबमा प्रदेश उद्योग वाणिज्य खर्च शिर्षकमा छुट्टै प्रस्तुत गरिएको छ ।

११. European Union को आर्थिक सहयोग ब्रिटिश काउन्सीलसंग भएको संझौत अनुसार महासंघ बाहेक ४ वटा संस्थाहरु (होटल एसोशिएसन नेपाल, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघ) संचालीत Employer Led Labor Market Secretariat (ELMS) परियोजनाको आम्दानी खर्चको हिसाब कितावको लेखापरीक्षण गरी महासघंको वित्तिय विवरणमा समावेश गरिएको भएपनी त्यी संस्थाहरुको आम्दानी खर्चको छुट्टै लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरिएको छैन । TVET-ELMS परियोजना अन्तर्गत ब्रिटिश काउन्सीलबाट अनुदान स्वोरुप २,५९९,९९० रुपैया प्राप्त गरेको छ भने जम्मा खर्च तर्फ ३,१६१,६६९ रुपैया खर्च भएको छ । अन्तराष्ट्रिय गैर सरकारी सन्स्था Deutsche Gesellschaft fur Internationale Zusammenarbeit र महासंघ वीच भएको सम्झौता अनुरुप संचालीत Revenue Administration Support Project RAS-III परियोजना सम्पन्न भई आम्दानी खर्चको हिसाब किताव महासघंको वित्तिय बिवरणमा समावेश गरिएको भएपनी त्यी परियोजनाको आम्दानी खर्च छुट्टै लेखापरीक्षण गरि लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरिएको छैन । अनुदानको रुपमा प्राप्त रकम कार्यकम आय शिर्षकमा र परियोजनाको खर्च कार्यकम खर्च शिर्षकमा लेखाङकन गरिएको छ जसलाई अनुसुचि ८.५ मा देखाइएको छ । Revenue Administration Support Project RAS-III परियोजना अन्तर्गत प्राप्त रकम मध्य ६५१,४५० रुपैया खर्च नभएको हुनाले फिर्ता पठाइएको छ।

१२. महासंघले मूद्दति निक्षेपमा राखेको रकम एवं कल खाताहरु बाट प्राप्त बैंक ब्याज, आयकर ऐनको व्यबस्था बमोजिम १५% अग्रिम कर कट्टी गरी बैंकहरुले प्रदान गर्ने तथा सो रकम कर छुट संस्थाको लागि दफा ९२ अनुसार अन्तिम करकट्टी हुने हुदा कर रकमलाई समवेश नगरी बैंकमा प्राप्त रकमलाई मात्र ब्याज आम्दानीमा गणना गरिएको छ । एबं कट्टी गरीएको कर रकमलाई अग्रिम कर रकममा गणना गरिएको छैन ।

१३. महासंघको यस आर्थिक बर्षको बित्तिय विवरणमा AEC परियोजनाका वित्तीय विवरणहरु तथा महासंग अन्तर्गत सञ्चालित Employer Led Labor Market Secretariat (ELMS) परियोजनाहरुको वित्तीय विवरणहरुलाई समेत एकीकृत गरी तयार गरिएको छ । यसका साथै गत आर्थिक बर्षको हिसावहरुलाई समेत एकीकृत (Consolidate) गरी प्रस्तूत गरिएको छ । कृषि उद्यम केन्द मार्फत संञ्चालित

परियोजनाहरुको सम्पत्तिलाई परियोजनाहरुको सम्पत्ति र दायित्वलाई परियोजनाहरुको दायित्वको रुपमा महासंघका वासलातमा प्रस्तुत गरिएको छ ।

१४. एकीकृत वित्तीय विवरण तयार गर्दा महासंघ र महासंघ मार्फत सञ्चालित परियोजनाहरुको एक आपसको हिसावहरुलाई समायोजन गरिएको छैन ।

१५. एकीकृत वित्तीय विवरण तयार गर्दा महासंघ मार्फत सञ्चालित परियोजनाहरुको सम्पत्तीहरुलाई दायित्व रकमले घटाउदा बाकीं रहने रकमलाई दातृ निकायको दायित्वमा प्रस्तुत गरिएको छ ।

१६. महासंघ मार्फत सञ्चालित परियोजनाहरुले सो परियोजना अन्तर्गत खरिद गरेको सम्पत्तीहरुलाई परियोजना खर्चमा लेखाकंन गरिएको छ ।

१७. महासंघले कर छुटको प्रमाणपत्र लिएको हुनाले कर लाग्ने आम्दानी र कर छुट आम्दानी गरी दुई भागमा विभाजन गरी कर गणना गरिएको छ ।

(का.स. सदस्य तर्फबाट) (कोषाध्यक्ष) (अध्यक्ष)

सि.ए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस.आर.पाण्डे एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

मुख्य वित्त अधिकृत (महानिर्देशक)

**S.R. PANDEY & CO.**
**Chartered Accountants**
**Member HLB International**
2nd Floor, House No. 2979/33,
Nabil Galli, Maharajgunj
P.O. Box No. 2343
Kathmandu, Nepal
Tel.: 977-1-4720983
Website: www.srp.com.np
E-mail: info@srp.com.np

# INDEPENDENT AUDITOR'S REPORT

## AGRO ENTERPRISE CENTRE (AEC) / FNCCI

### Report on the Audit of the Financial Statements

#### Qualified Opinion

We have audited the accompanying Financial Statements of the "**Agro Enterprises Centre/FNCCI (Consolidated),** which comprise the fund accountability statement for the year ended Ashad 31, 2081, (July 15, 2024), related schedules and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial statements").

In our opinion, except for the effects of the matter described in the Basis of Qualified opinion section of our report, the aforesaid financial statements presents fairly, in all material respects, the financial position of the AEC (Consolidated) as at Ashad 31, 2081 (July 15, 2024), and its financial performance for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with the relevant accounting practices and accounting policies disclosed in notes to account and other prevailing laws.

#### Basis for Qualified Opinion

Among the various project operated by AEC, the opinion on the fund accountability statement of AEC Core has been provided a modified opinion. The cumulative financial effect of the fund accountability statement of above projects into consolidated FAS of Agro Enterprises Centre could be material.

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of Agro Enterprises Centre/FNCCI (Consolidated) in accordance with the Handbook of The Code of Ethics for Professional Accountants issued by The Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

#### Information Other than the Financial Statements and Auditor's Report Thereon

The FNCCI/AEC's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report and other progress reports but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

#### Responsibility of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance the relevant accounting practices and accounting policies disclosed in



S.R. Pandey & Co. Chartered Accountants Kathmandu

S.R. Pandey & Co., Chartered Accountants is an independent member firm of HLB International.
HLB International is a global network of independent advisory and accounting firms.

notes to account and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the FNCCI/AEC's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the FNCCI/AEC's or to cease operations, or has no realistic alternative but to do so.

The members of Executive Committee are responsible for overseeing the FNCCI/AEC's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Agro Enterprises Centre/FNCCI (Consolidated)'s internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the FNCCI/AEC's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the FNCCI/AEC's to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

**Report on Other Legal and Regulatory Requirements**

Based on our examination, we would like to further report that:

i. We have not come across cases where AEC (Consolidated) awarded to Agro Enterprises Centre/FNCCI had carried any activities contrary to its objectives.

ii. We have come across some cases where AEC (Consolidated) awarded to Agro Enterprises Centre/FNCCI is in non-compliance of chapter 17 of Income Tax Act, 2002.

For, S. R. Pandey & Co.
Chartered Accountants

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

Arun Raut, FCA
Partner

Place: Kathmandu
Date: 2081/08/28
UDIN: 241217CA00485UhDQe

**AGRO ENTERPRISES CENTER / FNCCI**
**TEKU, KATHMANDU**
**CONSOLIDATED FUND ACCOUNTABILITY STATEMENT**
**FOR THE PERIOD ENDING 31st ASHAD 2081**

| PARTICULAR | SCH. | 2080/81 | 2079/80 |
|---|---|---|---|
| **SOURCE OF FUND** | | | |
| OPENING BALANCES | | | |
| CASH AND BANK | | 36,733,076.91 | 33,945,646.17 |
| ADVANCES RECEIVABLE AND DEPOSIT | | 62,206,278.62 | 61,808,825.97 |
| PAYABLES | | (30,801,943.09) | (27,617,059.70) |
| RESTRICTED FUND PAYABLE | | (53,777,757.33) | (53,777,757.33) |
| **INCOMES** | | | |
| GRANT RECEIVED | 1 | 27,832,842.00 | 33,909,543.57 |
| INTEREST INCOMES | 2 | 2,111,663.87 | 2,660,671.93 |
| OTHER INCOMES | 3 | 8,374,780.51 | 3,104,174.53 |
| **A. TOTAL SOURCE OF FUND** | | **52,678,941.49** | **54,034,045.14** |
| **APPLICATION OF FUND** | | | |
| PROGRAM EXPENSES | | | |
| PROJECT EXPENSE-CIMMYT | 4 | 9,662,165.00 | - |
| PROJECT EXPENSE-RERP | | 13,674,777.00 | 15,600,361.11 |
| ADMINISTRATION EXPENSES | 4 | 7,881,763.70 | 24,074,028.92 |
| **B. TOTAL APPLICATION OF FUND** | | **31,218,705.70** | **39,674,390.03** |
| **C. TRANSFER OF FUND TO AEC CORE** | | - | - |
| **D. TOTAL BALANCE OF FUND (A - B - C)** | | **21,460,235.79** | **14,359,655.11** |
| **E. FUND REPRESENTED BY:** | | | |
| CASH AND BANK | 5 | 38,497,876.91 | 36,733,076.91 |
| ADVANCES RECEIVABLES AND DEPOSITS | 6 | 62,564,322.12 | 62,206,278.62 |
| PAYABLES | 7 | (25,824,205.91) | (30,801,943.09) |
| RESTRICTED FUND PAYABLE | 8 | (53,777,757.33) | (53,777,757.33) |
| **TOTAL BALANCE OF FUND** | | **21,460,235.79** | **14,359,655.11** |

Significant Accounting Policies and Notes to Account 9

Schedule 1 to 9 are the integral part of this financial statement.

As per our report of even date
FOR: S.R. PANDEY & Co.
CHARTERED ACCOUNTANTS

Arun Raut, FCA
Partner

D. B. Basnet
Chairperson

Deependra Kumar Joshi
Acting Chief Executive Officer

Place: Kathmandu
Date:2081/08/28

Suroj Paudel
Admin & Finance Officer

**AGRO ENTERPRISE CENTRE / FNCCI**
**TEKU, KATHMANDU**
**For the year ended 31st Ashad 2081**

**GRANT RECEIVED** — **SCHEDULE - 1**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| INCOME FOR DT GLOBAL | - | 3,851,102.40 |
| PMAMP INCOME | 499,900.00 | - |
| REIMBURSABLE INCOME | 212,800.00 | - |
| GRANT RECEIVED FROM CIMMYT INT'L | 13,501,865.00 | - |
| PROJECT INCOME- RERP | 13,618,277.00 | 30,058,441.17 |
| **TOTAL** | **27,832,842.00** | **33,909,543.57** |

**INTEREST INCOME** — **SCHEDULE-2**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| INTEREST INCOME ON BANK BALANCE- CORE FUND | 2,111,663.87 | 2,660,671.93 |
| **TOTAL** | **2,111,663.87** | **2,660,671.93** |

**OTHER INCOMES** — **SCHEDULE - 3**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| OTHER INCOMES FROM AEC CORE | 8,374,780.51 | 3,104,174.53 |
| **TOTAL** | **8,374,780.51** | **3,104,174.53** |

**ADMINISTRATIVE AND PROGRAM EXPENSES** — **SCHEDULE - 4**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| ADMINISTRATIVE EXPENSES OF AEC CORE | 7,881,763.70 | 9,513,888.92 |
| PROJECT EXPENSE-RERP | 13,674,777.00 | 14,560,140.00 |
| PROJECT EXPENSE-CIMMYT | 9,662,165.00 | - |
| **TOTAL** | **31,218,705.70** | **24,074,028.92** |

As per our report of even date
FOR: S.R. PANDEY & Co.,
CHARTERED ACCOUNTANTS

Arun Raut, FCA
Partner

D. B. Basnet
Chairperson

Deependra Kumar Joshi
Acting Chief Executive Officer

Place: Kathmandu
Date:2081/08/28

Suraj Poudel
Admin & Finance Officer

**AGRO ENTERPRISE CENTRE / FNCCI**
**TEKU, KATHMANDU**
**For the year ended 31st Ashad 2081**

**CASH AND BANK** **SCHEDULE - 5**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| CASH BALANCE OF AEC CORE | - | - |
| BANK BALANCE OF AEC CORE | 33,561,928.08 | 36,492,158.08 |
| BANK BALANCE OF RERP | 145,818.83 | 240,918.83 |
| BANK BALANCE- SANIMA-CIMMYT PROJECT | 4,790,130.00 | - |
| **TOTAL** | **38,497,876.91** | **36,733,076.91** |

**ADVANCE, DEPOSIT & RECEIVABLES** **SCHEDULE - 6**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| ADVANCE BALANCE OF AEC CORE | 62,564,322.12 | 62,206,278.62 |
| **TOTAL** | **62,564,322.12** | **62,206,278.62** |

As per our report of even date
FOR: S.R. PANDEY & Co.,
CHARTERED ACCOUNTANTS

Arun Raut, FCA
Partner

D. B. Basnet
Chairperson

Deependra Kumar Joshi
Acting Chief Executive Officer

Place: Kathmandu
Date:2081/08/28

Suroj Paudel
Admin & Finance Officer

**AGRO ENTERPRISE CENTRE / FNCCI**
**TEKU, KATHMANDU**
**For the year ended 31st Ashad 2081**

**PAYABLES**

**SCHEDULE - 7**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| TOTAL PAYABLE BALANCE (AEC CORE) | 23,095,187.58 | 28,984,754.76 |
| TOTAL PAYABLE BALANCE (RERP) | 1,778,588.33 | 1,817,188.33 |
| TOTAL PAYABLE BALANCE (CIMMYT) | 950,430.00 | - |
| **TOTAL** | **25,824,205.91** | **30,801,943.09** |

**RESTRICTED FUND PAYABLE**

**SCHEDULE - 8**

| PARTICULAR | 2080/81 | 2079/80 |
|---|---|---|
| RESTRICTED FUND PAYABLE - HIMALI | 615,499.74 | 615,499.74 |
| RESTRICTED FUND PAYABLE - HVAP | 1,658,514.60 | 1,658,514.60 |
| RESTRICTED FUND PAYABLE- KUBK | (259,827.62) | (259,827.62) |
| RESTRICTED FUND PAYABLE- ODOP | 47,868,863.86 | 47,868,863.86 |
| RESTRICTED FUND PAYABLE- OVOP | 3,103,212.27 | 3,103,212.27 |
| RESTRICTED FUND PAYABLE- RISMFP | 775,388.59 | 775,388.59 |
| RESTRICTED FUND PAYABLE - NTIS | 16,105.89 | 16,105.89 |
| **TOTAL** | **53,777,757.33** | **53,777,757.33** |

As per our report of even date
FOR: S.R. PANDEY & Co.,
CHARTERED ACCOUNTANTS

Arun Raut, FCA
Partner

D.B. Basnet
Chairperson

Deependra Kumar Joshi
Acting Chief Executive Officer

Place: Kathmandu
Date:2081/08/28

Suroj Paudel
Admin & Finance Officer

**Project FAS**

| PARTICULAR | KUBK | OVOP | ODOP | RISMFP | RERP | CIMMYT | AEC Core | Consolidated FAS |
|---|---|---|---|---|---|---|---|---|
| **SOURCE OF FUND** | | | | | | | | |
| OPENING BALANCES | | | | | | | | - |
| CASH AND BANK | 17,424.15 | 1,338,890.54 | 1,113,375.79 | 13,339.19 | 240,918.83 | - | 36,492,158.08 | 36,733,076.91 |
| CHQUE IN HAND | - | - | - | - | - | - | | - |
| ADVANCES RECEIVABLES AND DEPOSITS | 139,222.58 | 1,979,021.73 | 47,107,458.09 | 1,650,485.85 | - | - | 62,206,278.62 | 62,206,278.62 |
| PAYABLES | 416,474.35 | 214,700.00 | 351,970.02 | 888,436.45 | 1,817,188.33 | - | 28,984,754.77 | 30,801,943.10 |
| RESTRICTED FUND PAYABLE | | | | | - | - | 53,777,757.33 | 53,777,757.33 |
| **INCOMES** | | | | | | | | |
| GRANT RECEIVED | - | | | | 13,618,277.00 | 13,501,865.00 | 712,700.00 | 27,832,842.00 |
| INTEREST INCOMES | - | | | | - | - | 2,111,663.87 | 2,111,663.87 |
| INCOME FROM PROJECTS | - | | | | - | | | - |
| OTHER INCOMES | - | | | | - | - | 8,374,780.51 | 8,374,780.51 |
| **A. TOTAL SOURCE OF FUND** | **(259,827.62)** | **3,103,212.27** | **47,868,863.86** | **775,388.59** | **12,042,007.50** | **13,501,865.00** | **27,135,068.98** | **52,678,941.48** |
| | | | | | | | | - |
| **APPLICATION OF FUND** | | | | | | - | - | - |
| **PROGRAM EXPENSES** | | | | | | | - | - |
| KUBK PROGRAM | | | | | | | - | - |
| OVOP PROGRAM | | | | | | | - | - |
| ODOP PROGRAM | | | | | | | - | - |
| HVAP PROGRAM | | | | | | | - | - |
| HIMALI PROGRAM | | | | | | | - | - |
| RISMFP PROGRAM | | | | | | | - | - |
| NTIS PROGRAM EXPENSES | | | | | | | - | - |
| UNNATI PROGRAM EXPENSE | | | | | | | - | - |
| FAO GINGER EXPENSE | | | | | | | - | - |
| RERP-SAMRIDDHI PROGRAM EXPENSES | - | | | | 13,674,777.00 | - | - | 13,674,777.00 |
| CIMMYT PROGRAM EXPENSES | | | | | | 9,662,165.00 | - | 9,662,165.00 |
| OTHER PROGRAM EXPENSE | - | | | | - | | - | - |
| ADMINISTRATION EXPENSES | - | | | | - | | 7,881,763.70 | 7,881,763.70 |
| **B. TOTAL APPLICATION OF FUND** | - | - | - | - | **13,674,777.00** | **9,662,165.00** | **7,881,763.70** | **31,218,705.70** |
| **D. TRANSFER OF FUND TO AEC CORE** | **(259,827.62)** | **3,103,212.27** | **47,868,863.86** | **775,388.59** | | | - | - |
| **C. TOTAL BALANCE OF FUND (A - B)** | - | - | - | - | **(1,632,769.50)** | **3,839,700.00** | **19,253,305.28** | **21,460,235.78** |
| **E. FUND REPRESENTED BY:** | | | | | | | | - |
| CASH AND BANK | | | | | 145,818.83 | 4,790,130.00 | 33,561,928.08 | 38,497,876.91 |
| CHQUE IN HAND | | | | | - | - | - | - |
| ADVANCES RECEIVABLES AND DEPOSITS | | | | | - | - | 62,564,322.12 | 62,564,322.12 |
| PAYABLES | | | | | 1,778,588.33 | 950,430.00 | 23,095,187.58 | 25,824,205.91 |
| RESTRICTED FUND PAYABLE | - | | | | - | | 53,777,757.33 | 53,777,757.33 |
| **TOTAL BALANCE OF FUND** | - | - | - | - | **(1,632,769.50)** | **3,839,700.00** | **19,253,305.29** | **21,460,235.79** |

**Agro Enterprise Centre (FNCCI)**
**Significant Accounting Policies & Notes to Accounts**
**2080/81**

**Schedule – 9**

**Significant Accounting Policies and Notes:**

**1) Basis of Accounting**

The Fund Accountability statements, expressed in the Nepalese Rupees (NPR), have been prepared under the historical cost convention using the accrual basis of accounting except for Grant Income.

**2) Revenue Recognition**

Grant Incomes has been recognized on a cash basis.

**3) Expense Recognition**

The expenses are charged on an accrual basis of accounting.

**4) Fixed Assets:**

Fixed assets are written off during the year of acquisition. However, memorandum fixed assets register has been maintained for control.

**5) Cash and Bank**

Cash and Bank represents the cash in hand and cash at bank remained at the year end. Cash equivalents consist of short-term, highly liquid investments that are readily convertible into known amount of cash without notice and which are subject to an insignificant risk of changes in value if any. No reconciliation has been made by the management for Cash and Bank balance of the projects consolidated as on Ashad end 2081. Suspense adjustment account has been opened for such unreconciled balance on individual projects.

**6) Interest Income:**

Interest Income consists of Interest income received from Bank and Financial Institution on deposit maintained therein.

**7) Other Income:**

Other Income represent the management fee received from the projects in providing the management services relating to the books of accounts. Liabilities that were recognized in the previous year as a result of an accounting error have been subsequently reversed and recognized as income in the current year.

**8) Suspense Adjustment:**

Suspense adjustment account has been created to reconcile the Bank balance of the financial statement with bank balance confirmation provided by concerned Bank of the projects. Suspense balances of the projects is yet to be reconciled.

**9) Advance, receivable and Deposit:**

Advance, receivable and deposit represents various amount to be recovered by the projects consolidated, from parties and projects. No external confirmation has been made by the management for such advances and receivables.

**10) Inter-project transactions:**

It has been noted that the inter-project receivables and payables shown by one project do not match with corresponding receivables/payables shown in the other project. Inter project receivables and payables has not been reconciled by AEC.

| Particular | Amount | Remarks |
|---|---|---|
| Payable to RERP | 6,805,967 | 1,722,838 shown as payable to AEC in RERP signed financials of FY 80.81. |

As per the report of our even date
For S.R. Pandey & Co.
Chartered Accountant

| Arun Raut, FCA | DB Basnet | Deependra Kumar Joshi |
|---|---|---|
| Partner | Chairperson | Acting Chief Executive Officer |

Place: Kathmandu
Date: 2081.08.28

Suroj Paudel
Admin & Finance Officer